# हितोपदेशको पुस्तकको टिप्पणी

# हितोपदेशको पुस्तकको भूमिका

*‘हितोपदेशको पुस्तकचाहिँ जीवन-चरितहरूको सङ्ग्रह होइन, नीतिवचनहरूको आचार-संहिता पनि होइन, तर यस पुस्तकमा हामीलाई जीवनको कुञ्जी खोल्ने चाबी दिइएको छ; किनभने यस पुस्तकमा जति व्यावहारिक उदाहरणहरू प्रस्तुत गरिएका छन्, ती सबै उदाहरणहरू एकै दृष्टिकोणले पेश गरिएका छन्; किनकि हाम्रो व्यवहार कि त बुद्धिमान्, कि त मूर्ख हुन्छ।’*

*श्री डेरेक किड्नर*

## क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

हितोपदेशको पुस्तकजत्तिकै आधुनिक किताब अरू कुनचाहिँ हो, मलाई भन्नुहोस्! किनभने यस पुस्तकले हाम्रो जीवनका सबै क्षेत्रहरू र हामीमाथि आइपर्ने सबै समस्या-हरूसित व्यवहार गर्छ। अनि पवित्र बाइबलमा कुनै पुस्तक हाम्रा जवान भाइबहिनीहरूको निम्ति लेखिएको हो भने, निश्चय नै हाम्रा युवाहरूको निम्ति हितोपदेशको पुस्तक लेखिएको हुनुपर्ला।

एकजना जवान भाइले श्री कार्लाइललाई यसो भनेछः ‘हितोपदेशको पुस्तकमा के पो छ र? यो बित्थाको छ।’ तब तिनले उसलाई यस प्रकारको जवाफ दिएः ‘तिमी आफैले केही नीतिवचन रच! त्यसपछि यस पुस्तकको विषयमा तिम्रो राय अर्कै हुन जानेछ।’ [1)]

हितोपदेशको पुस्तकचाहिँ खाँटी र चोखो व्यावाहरिक बुद्धिको विषयमा लेखिएको सर्वोच्च सङ्ग्रह हो, जुनचाहिँ यस संसारमा उपलब्ध भएको छ। यो पुस्तक हाम्रा जवान भाइबहिनीहरूको निम्ति यस उद्देश्यले लेखिएको हो कि ‘तिमीहरूले तिमीहरूको अघि अरूले गरेका दुःखलाग्दा गल्तीहरू दोहोर्स्याउनु नपरोस्।’

हितोपदेशको पुस्तक कुन उद्देश्यले लेखिएको हो, सो कुरा हितोपदेश १:१-७ पदको खण्डमा व्यक्त गरिएको छ। यसले जवान भाइबहिनीलाई बुद्धि र समझ दिन्छ; तब ऊ धन्यको, अँ, आशिषित हुनेछ; तब उसले आफ्नो जीवनमा साँचो सुख र आनन्द पाउँछ; तब नै ऊ पापको खाड़लमा खस्दैन, तर पापका पासाहरूबाट पूरा उम्कनेछ। यस पुस्तकको मूलपद हितोपदेश ९:१० पद हो, जहाँ यसो लेखिएको छः *‘परमप्रभुको भय बुद्धिको शुरु हो; अनि परमपवित्रको ज्ञानचाहिँ समझ हो।’*

श्री विलियम अर्नोटले ‘यस पृथ्वीमा हामीले जिउनुपर्ने जीवनको निम्ति स्वर्गका नियमहरू’ भनेर यस पुस्तकको नाम राखेका छन्।[2)] अनि यस शीर्षकले यस पुस्तकका विषयवस्तु के-के हुन्, सो छोटो, मीठो प्रकारले व्यक्त गरेको छ।

हितोपदेश भनेको के हो? यो एउटा अर्थगर्भित छोटो नीतिवचन हो, जसका शब्दहरू सजिलोसँग हाम्रो सम्भ्कना रहन सकून् भन्ने हेतुले निपुण तुकको रूपमा राखिएका छन्।

हितोपदेशहरू विभिन्न किसिमका छन्, जस्तैः

**अ)** एक प्रकारको हितोपदेशले कुनै यथार्थ कुरा व्यक्त गरिने एउटा साधारण भनाइको रूप लिन सक्छ, जस्तैः

हितोपदेश १६ः७ः *'जब मानिसका चालहरूले परमप्रभुलाई प्रसन्न तुल्याउँछन्, तब उहाँले उसका शत्रुहरूलाई पनि ऊसँग मिलाप गर्ने तुल्याउनुहुन्छ।'*

**आ)** अर्को हितोपदेशमा दुईवटा वाक्यहरू छन्, जुन वाक्यहरूमा एक कुरा अर्को कुरासँग तुलना गरिएको छ, जस्तैः

हितोपदेश २५ः२५ः *'तिर्खाएको मनको निम्ति चिसो पानी जस्तो हुन्छ, टाढ़ा देशबाट आएको शुभ समाचार त्यस्तै हुन्छ।'*

**इ)** तेस्रो किसिमको हितोपदेशमा दुईवटा वाक्यहरू राखिएका छन्, जसको बीचमा 'तर' भन्ने शब्द लाग्छ; किनभने यस हितोपदेशमा दुईवटा भिन्न कुराहरू पेश गरिएका छन्, जुनचाहिँ एक-अर्कोसित मिल्दैनन्। यस प्रकारका हितोपदेशहरू हितोपदेश १०-१५ अध्यायहरूमा बढ़ी उल्लेख गरिएका छन्।

हितोपदेश १०ः७ः *'न्यायप्रेमीको सम्भ्कना आशिषमय हुन्छ, तर दुष्टहरूको नाम सड़ेर जानेछ।'*

**ई)** अर्को हितोपदेशहरूमा दुईवटा वाक्यहरू छन्, जसले एउटै कुरा दुई प्रकारले पेश गरेका छन्, जस्तैः

हितोपदेश २३ः२७ः *'किनकि वेश्या एउटा गहिरो भड़्खालो हो, र पराई स्त्रीचाहिँ साँघुरो खाँद हो।'*

### ख) यस पुस्तकको लेखक को हुन्?

हितोपदेशको पुस्तकको अर्को नाम 'सुलेमानका नीतिवचनहरू' हो; किनभने यी हितोपदेशहरू प्रायः सबै राजा सुलेमानले रचे, जो अति बुद्धिमान् राजा थिए (हितोपदेश १ः१, १०ः१ र २५ः१)। अनि १ राजा ४ः३२ पदमा के लेखिएको छ भने, राजा सुलेमानले तीन हजार हितोपदेशहरू रचे। यसो हो भने, परमेश्‍वरको आत्माको प्रेरणाले रचिएका तिनका आठ सयजत्ति पवित्र धर्मशास्त्र बाइबलमा समावेश गरिए।

अनि हितोपदेश ३० अध्यायमा याकेको छोरा आगूरका वचनहरू छन् भने, हितोपदेश ३१ अध्यायमा राजा लमुएलका वचनहरू उल्लेख गरिएका छन् (हितोपदेश ३०ः१ र ३१ः१)। यी दुईजना को-को थिए, सो कुरा वर्तमान समयमा पत्ता पाइएको छैन। कतिजनाको विचारमा, यी नामहरू राजा सुलेमानको निम्ति प्रयोग गरिएका गुमनाम हुन् अरे।

### ग) यस पुस्तकको लेख्ने मिति के हो?

हितोपदेश २५ः१ पदमा लेखिएको छ कि राजा हिजेकियाहका कर्मचारीहरूले सुलेमानका उखानहरूमध्ये कतिवटा हितोपदेशको पुस्तकमा सारे। यसो हो भने, हितोपदेशको पुस्तकले आफ्नो अन्तिम रूप ख्रीष्टपूर्व ७०० सालतिर पाएको हुनुपर्ला, तर राजा सुलेमानले यी उखानहरू ख्रीष्टपूर्व ९०० सालतिर रचेका थिए। अनि आगूर र लमुएलका नामहरू सुलेमानका गुमनाम होइनन् भने, यी दुईजना कि त ख्रीष्टपूर्व ९०० सालको अगाड़ि, कि त ख्रीष्टपूर्व ७००

सालको पछाड़ि जिएको अनुमानले यस पुस्तकको संकलन गर्ने समय अझै बढ़ी भएको हुन सक्छ।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषय-वस्तुहरू के-के हुन् ?

हितोपदेशको पुस्तक रङरसले पूर्ण कविता हो, राजा सुलेमान र अन्य लेखकहरूद्वारा रचिएको संग्रह हो, जसको शिक्षादीक्षा दिने क्षेत्र विशाल छ; किनभने यस पुस्तकमा बालकलाई कसरी ताड़ना दिनुपर्छ, सो कुरादेखि लिएर राजाले कसरी राज्य गर्नुपर्छ, सो कुरासम्म थुप्रै-थुप्रै विषयहरूमा शिक्षा समेटिएको छ। अनि कुनचाहिँ विषय र तथ्य यहाँ प्रस्तुत गरिएको छैन, सो हामीलाई भन्न गाह्रो पर्छ; किनभने जीवनको हरेक क्षेत्र यहाँ छुइएको छ, यसको शिक्षाको बीउ यहाँ छ। यसमा लागू पदार्थको सेवनले ग्रस्त भएको कुलत, किस्ताबन्दी खरिदको व्यवस्था, किशोर अपराध र कामको नीति आदि विषय उठाइएको र चर्चा गरिएको छ। यस पुस्तकभित्र विभिन्न चरित्रहरू देख्न पाइन्छ, जस्तै झगड़ालु स्वास्नी, घमण्डले फुलिएको मूर्ख, आफ्नो गल्ती सुन्न नचाहने मानिस र आदर्श-पत्नी इत्यादि। अनि यस पुस्तकको सर्वोच्च कुरा के हो ? त्यो सर्वोच्च कुरा प्रभु येशू हुनुहुन्छ, जो बुद्धिको स्वरूप लिएर हामीसँग बोल्नुहुन्छ।

> यस पुस्तकमा सर्वोच्च आदर्श र सुचरित्र-हरूले उहाँका सद्‌गुणहरू वर्णन गर्छन् भने, मानिसहरूको चरित्रमा भएका घटीकमीहरूले उहाँको सहायताको माग गर्छन्।
>
> स्क्रिप्चर यूनियनको दैनिक पाठबाट उद्धृत

हितोपदेशको पुस्तकको रूपरेखा दिनु गाह्रो छ; किनभने यसमा प्रस्तुत गरिएका विचार-हरूले चालचित्रजस्तै लहराहरूको रूप लिँदैनन्, तर एउटा विचारले एउटा चित्र र अर्को विचारले अर्को चित्र धारण गरेको छ, छुट्टा-छुट्टै रङ्गीन तस्बिरहरूजस्तै।

हितोपदेशको पुस्तकको अध्ययनमा अघि बढ्दाखेरि नयाँ नियमको याकूबको पुस्तक-सित यसको समानताहरू धेरै छन् भन्ने पत्ता लाग्छ। अनि के हामी तपाईंलाई अझै अर्को रोचक अध्ययन गर्ने तरिका बताऔं ? एक-एक हितोपदेश लिएर यसको निम्ति उदाहरणहरू खोज्नुहोस्, कि त

क) पवित्र बाइबलमा
ख) इतिहासमा
ग) कसैको जीवनीमा
घ) साहित्यमा
ङ) प्रकृतिमा
च) समाचारपत्रिका र अन्य पत्रिकाहरूमा
छ) रेडियो र टि.भि.मा
ज) आफ्नो जीवनको अनुभवमा

अनि अर्को कुरा याद गर्न उपयोगी हुन्छः कति हितोपदेशमा भनिएको कुरा निरपेक्ष सत्यता हो भने, अरू कति हितोपदेशहरू पनि छन्, जसमा भनिएको कुरा सामान्य हिसाबले सत्य त हुन्छ, जसको विषयमा बेला-बेलामा अपवादहरू पनि छन्। हितोपदेश १८:१० पदमा 'परमप्रभुको नाम एउटा बलियो धरहरा हो' भन्ने कुरा सधैं सत्य हुन्छ, यसमा कहिल्यै कुनै हेरफेर हुँदैन। तर हितोपदेश १७:१७ पदमा 'साथीले सधैं प्रेम गर्छ' भनिएको कुरामा सीमा हुन्छ र सधैं सत्य नठहरिएला।

अनि 'विश्वासीहरूको निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी' नामक पुस्तकको सहायता लिएर अध्ययन गर्नेले यस टिप्पणीमा पेश गरिएका सन्दर्भ-पदहरू पहिले पढ्नुपर्छ; किनभने यसो नगरेमा धेरैपल्ट दिइएका स्पष्टीकरणहरू अर्थहीन हुन जान्छन्। यसैले पहिले सम्बन्धित हितोपदेश पढ्नैपर्छ।

**ङ) हितोपदेशको पुस्तकमा पेश गरिएका केही विषयवस्तुहरूको विभाजन यस प्रकारको छः**

*१) परमप्रभुः*

**क)** परमप्रभुको आशिषः हितोपदेश १०:२२

**ख)** परमप्रभुमाथि राखिएको भरोसाः हितोपदेश ३:२५-२६

**ग)** परमप्रभु सृष्टिकर्ता हुनुहुन्छः हितोपदेश ३:१९-२०, १६:४, २०:१२, २२:२[ख] र २९:१३[ख]

**घ)** परमप्रभुको ताड़नाः हितोपदेश ३:११-१२

**ङ)** परमप्रभुको भयः हितोपदेश १:७ र २९, २:५, ८:१३, ९:१०, १०:२७, १४:२६-२७, १५:१६ र ३३, १६:६, १९:२३, २२:४, २३:१७, २४:२१ र २८:१४

**च)** परमप्रभुको अगुवाइः हितोपदेश ३:५-६, १६:३ र ९

**छ)** परमप्रभुको जाँच र सठीक न्यायः १५:२५[क], १७:३, २१:२ र २९:२६

**ज)** परमप्रभु सर्वव्यापी हुनुहुन्छः हितोपदेश १५:३

**झ)** परमप्रभु सर्वज्ञ हुनुहुन्छः हितोपदेश १५:११ र १६:२

**ञ)** परमप्रभु प्रार्थना सुन्नुहुन्छः हितोपदेश १५:८ र २९

**ट)** परमप्रभु सुरक्षा दिनुहुन्छः हितोपदेश १५:२५[ख] र १८:१०

**ठ)** परमप्रभु बुद्धिको स्रोत हुनुहुन्छः हितोपदेश २:६-८

**ड़)** परमप्रभुको सर्वाधिकार र शक्तिः हितोपदेश १६:१, ७, ९ र ३३, १९:२१, २०:२४, २१:३०-३१ र २२:१२

**ढ़)** परमप्रभु पूरा भरपर्दो हुनुहुन्छः हितोपदेश २९:२५[ख]

*२) धनी र गरिबः*

हितोपदेश १०:१५, १३:७-८, १४:२०, २१ र ३१, १५:१६, १७:१ र ५, १८:२३, १९:१, ४ र १७, २१:१३, २२:२, ७, १६, २२-२३, २८:३, ६, ११ र २७, २९:७ र १३

*३) परिवारका जिम्मेवारीहरूः*

**क)** बाल-प्रशिक्षणः हितोपदेश १३:२४, १९:१८, २२:६, २२:१५, २३:१३-१४, २९:१५ र १७

**ख)** बुबाआमाप्रतिको आज्ञापालनः हितोपदेश १:८-९, ६:२० र २२, १३:१, १३:१९-२५, २०:२०, २३:२२ र ३०:१७

**ग)** बुबाआमाको सल्लाहः हितोपदेश १:८-१९, २:१-२२, ३:१-३५, ४:१-२७, ५:१-२३, ६:१-३५, ७:१-२७, २३:१९-३५, २४:४-२२ र ३१:१-९

*४) बोलीवचनः*

**क)** ठीकसँग बोलिएको वचनः हितोपदेश १५:२३ र २५:११

**ख)** चुक्ली लाउने जिब्रोः हितोपदेश २५:२३

**ग)** तुच्छ ठान्नेको बोलीः हितोपदेश ११:१२[क]

**घ)** अशान्ति ल्याउने बोलीवचनः हितोपदेश २७ः१४

**ङ)** खराब बोलीः हितोपदेश १२ः१३[क] र १५ः२८[ख]

**च)** बेसी बोलेकोः हितोपदेश १०ः१९[क] र १३ः३[ख]

**छ)** कुराबोकुवाः हितोपदेश २०ः१९, २६ः२८[ख], २८ः२३ र २९ः५

**ज)** मूर्ख बोलीः हितोपदेश १२ः२३[ख], १४ः३[क] र ७, १५ः२[ख] र १८ः६-७

**झ)** कोमल बोलीः हितोपदेश १५ः१[क] र ४[क]

**ञ)** असल बोलीवचनः हितोपदेश १०ः२०[क] र २१[क], १६ः२१, २३ र २४ र २३ः१६

**ट)** हानिकारक बोलीः हितोपदेश ११ः९ र ११, १२ः१८[क], १५ः४[ख], १६ः२७, १८ः२१ र २६ः१८-१९

**ठ)** रूखो वचनः हितोपदेश १५ः१[ख]

**ड़)** बोल्नमा हतारः हितोपदेश १८ः१३ र २९ः२०

**ढ़)** स्वास्थ बोलीः हितोपदेश १२ः१८[ख], १५ः४[क], १६ः२४ र १८ः२१

**ण)** इमानदार बोलीवचनः हितोपदेश १२ः१९[क] र १३ः५

**त)** अनुचित बोलीः हितोपदेश १७ः७

**थ)** झूट बोल्ने छली वचनः हितोपदेश ६ः१७, १०ः१८[क], १२ः१९[ख], १२ः२२[क], १४ः२५[ख], १७ः४, २६ः१८-१९, २६ः२३-२६ र २८[क]

**द)** टेढ़ा वचनः हितोपदेश ४ः२४, १०ः३१[ख] र १०ः३२[ख], १५ः४[ख] र १७ः२०[ख]

**ध)** लगाम लगाइएको बोलीः हितोपदेश १०ः१९[ख], ११ः१२[ख], ११ः१३[ख], १२ः२३[क], १३ः३[क], १७ः२७[क], १७ः२८ र २१ः२३

**न)** तृप्त पार्ने वचनः हितोपदेश १२ः१४ र १८ः२०

**प)** निन्दाको वचनः हितोपदेश १०ः१८[ख] र ३०ः१०

**फ)** कानेखुसीको वचनः हितोपदेश ११ः१३[क], १६ः२८, १७ः९[ख], १८ः८, २०ः१९, २२ः११[क], २६ः१०, २६ः२२-२६ र २८

**ब)** होशियारसाथ बोलेको वचनः हितोपदेश १५ः२८[क]

**भ)** साँचो र झूटो साक्षीः हितोपदेश ६ः१९, १२ः१७, १४ः५ र २५, १९ः५, ९ र २८, २१ः२८ र २५ः१८

**म)** बुद्धिले पूर्ण वचनः हितोपदेश १०ः३१[क], १४ः३[ख], १५ः२[क] र १८ः४

**य)** निकम्मा वचनः हितोपदेश १४ः२३[ख]

**अरू अन्य विषयहरूः**

*५) घृणित कुराहरूः*

**क)** परमप्रभुको निम्ति घृणित कुराहरूः हितोपदेश ३ः३२, ६ः१६, ८ः७, ११ः१ र २०, १२ः२२, १५ः८-९, १५ः२६, १६ः५, १७ः१५, २०ः१० र २३, २१ः२७ र २८ः९

**ख)** अन्य व्यक्तिहरूको निम्ति घृणित कुराहरूः हितोपदेश १३ः१९, १६ः१२, २४ः९, २६ः२५ र २९ः२७

*६) पुराना सिमाना-ढुङ्गाहरूः* हितोपदेश २२ः२८, २३ः१०-११

*७) लेनदेनः* हितोपदेश २२ः७[ख]

*८) परिश्रमीः* हितोपदेश २१:५, २२:२९, २७:१८, २७:२३-२७ र २८:१९[क]

*९) परिश्रमी र अल्छी मानिसको तुलनाः* हितोपदेश १०:४-५, १२:२४ र २७, १३:४

*१०) शत्रुः* हितोपदेश १६:७, २४:१७-१८, २५:२१ र २७:६

*११) डाहाः* हितोपदेश ३:३१, १४:३०, २३:१७, २४:१ र १९, २७:४

*१२) छलको तराजु र ढकः* हितोपदेश ११:१, १६:११, २०:१० र २३

*१३) इस्टमित्र, छिमेकी र मित्रताः* हितोपदेश ३:२७-२९, ६:१-५, ११:१२, १२:२६, १४:२१, १६:२८, १७:९ र १७, १८:१७ र २४, २१:१०, २२:२४-२५, २४:१७ र १९, २५:८-९, २५:१७, २०, २१ र २२, २६:१८-१९, २७:६, ९, १०, १४ र १७, २८:२३, २९:५

*१४) महः* हितोपदेश १६:२४, २४:१३, २५:१६ र २७ अनि २७:७

*१५) उद्योगीः* हितोपदेश १२:९ र ११, १४:४ र २३[क]

*१६) शारीरिक, मानसिक र आत्मिक स्वास्थ्यको बीचको सम्बन्धः* हितोपदेश ३:१, २, ७-८ र १६, ४:१० र २२, ९:११, १३:१२, १४:३०, १५:१३ र ३०, १६:२४, १७:२२, १८:१४ र २७:९

*१७) न्याय र अन्यायः* हितोपदेश १३:२३, १७:१५ र २६, १८:५, २१:१५, २२:८ र १६, २४:२३-२४

*१८) राजा र शासकः* हितोपदेश १४:२८ र ३५, १६:१०, १६:१२-१५, १९:१२, २०:२, ८, २६ र २८, २१:१, २२:११ र २९, २३:१, २४:२१-२२, २५:२-७ र १५, २८:१५-१६, २९:२, ४, १२, १४ र २६, ३०:३१ र ३१:४-५

*१९) चिट्ठाः* हितोपदेश १६:३३ र १८:१८

*२०) वृद्ध अवस्थाः* हितोपदेश १६:३१, १७:६ र २०:२९

*२१) पक्षपातः* हितोपदेश १८:५, २४:२३[ख]-२५ र २८:२१

*२२) घमण्ड र नम्रताः* हितोपदेश ३:३४[ख], ८:१३, ११:२, १५:३३, १६:५, १८-१९, १८:१२, २२:४, २९:२३

*२३) सुनाम र बदनामः* हितोपदेश १०:७ र २२:१

*२४) धर्मी र दुष्ट मानिसको तुलनाः* हितोपदेश ३:३२-३३, १०:३, ६, ७, ९, ११, १६, २४-२५, २८, २९-३२, ११:३-११, ११:१७-२१, ११:२३, २७ र ३१, १२:२, ३, ५-८, १२-१४, १२:२०, २१, २६ र २८, १३:२, ५, ६, ९, २१ र २५, १४:२, ९, ११, १४, २२ र ३२, १५:८, ९ र २६, २४:१५-१६, २८:१ र १२

*२५) निन्दा र गिल्ला गर्ने मानिसः* हितोपदेश ३:३४[क], ९:७, ८ र १२, १३:१, १४:६, १५:१२, १९:२५, २१:११ र २४, २२:१०, २४:९ र २९:८[क]

**२६)** *अल्छे:* हितोपदेश ६:६-११, १०:२६, १५:१९, १८:९, १९:१५ र २४, २०:४ र १३, २१:२५, २२:१३, २४:३०-३४ र २६:१३-१६

**२७)** *आत्मा जित्ने सीप:* हितोपदेश ११:३० र २४:११-१२

**२८)** *झगड़ा र बाझाबाझ:* हितोपदेश १०:१२, १२:१८, १३:१०, १५:१-४ र १८, १६:२७-२८, १८:६-८, २१:९ र १९ अनि २८:२५

**२९)** *जमानी-बसाइ:* हितोपदेश ६:१-५, ११:१५, १७:१८, २०:१६, २२:२६-२७ र २७:१३

**३०)** *सिकाउनु योग्य:* हितोपदेश १:५, ९:७-९, १०:१७, १२:१ र १५, १३:१, १० र १८, १५:५, १०, १० र १२, १५:३१-३२, १७:१०, १९:२० र २५, २१:११, २५:१२, २७:५-६, २८:२३ र २९:१

**३१)** *रिस र धीरज:* हितोपदेश १४:१७ र २९, १५:१८, १६:३२ र १९:११

**३२)** *संयम:* हितोपदेश २३:१-३ र २५:२८

**३३)** *दाखमद्य:* हितोपदेश २०:१, २१:१७, २३:२०-२१, २३:२९-३५ र ३१:४-७

**३४)** *सल्लाह लिने र सल्लाह दिने बुद्धि:* हितोपदेश ११:१४, १२:१५, १५:२२, २०:१८ र २४:६

**३५)** *बुद्धिको अवतार:* हितोपदेश १:२०-३३, ८:१-३६, ९:१-६, १४:१[क], १६:१६ र २२ र १९:२३

**३६)** *बुद्धिमान् र मूर्ख मानिसको तुलना:* हितोपदेश ३:३५, १०:८, १३-१४ र २३, १२:१५, १६ र २३, १३:१६, १४:३, ८, १५-१६, १८-१९, २४ र ३३, १५:७, १४, २०-२१, १७:११-१२, १६, २१, २४, २५ र २८, १८:२, ६-८, २९:८-९ र ११

**३७)** *परमेश्वरको वचन र वचनप्रतिको आज्ञाकारिता:* हितोपदेश १३:१३-१४, १६:२०, १९:१६, २८:४, ७ र ९, २९:१८ र ३०:५-६

**३८)** *धनसम्पत्ति:*

**क)** धनसम्पत्तिसित आउने समस्या: हितोपदेश १५:६ र १६-१७, १६:८ र १७:१

**ख)** धनसम्पत्तिले साथी बनाउँछ: हितोपदेश १९:४ र ६

**ग)** बलजफातले धनसम्पत्ति कमाएको: हितोपदेश ११:१६

**घ)** नीच कमाइले प्राप्त गरिएको धन: हितोपदेश १०:२, १३:२२[ख], १५:६[ख], २०:१७, २१:६, २२:१६ र २८:८

**ङ)** हतारसँग कमाएको धन: हितोपदेश १३:११, २०:२१, २८:२०[ख] र २२

**च)** इमानदारी साथ कमाएको धन: हितोपदेश १०:१६

**छ)** अधिकारको भागको रूपमा पाइएको धनसम्पत्ति: हितोपदेश १९:१४

**ज)** सौगात र घूसको रूपमा बेप्रयोग गरेको सम्पत्तिः हितोपदेश १५ः२७, १७ः८ र २३, १८ः१६, १९ः६, २१ः१४, २५ः१४ र २९ः४

**झ)** धनसम्पत्तिबाट भएको सीमित लाभः हितोपदेश ११ः४

**ञ)** धनसम्पत्तिको महत्त्व र मूल्य बुद्धिभन्दा कमः हितोपदेश १६ः१६

**ट)** धनसम्पत्ति भरपर्दो छैनः हितोपदेश ११ः२८

**ठ)** धनसम्पत्ति सम्पन्न भएको बहानाः हितोपदेश १३ः७

**ड़)** धनसम्पत्तिमा हुने सुरक्षाः हितोपदेश १०ः१५[क], १३ः८ र १८ः११

**ढ़)** धनसम्पत्तिसित आउने उत्तरदायत्व र उदारताः हितोपदेश ३ः९-१०, ३ः२७-२८, ११ः२४-२६, १९ः६, २१ः२६[ख], २२ः९ र २८ः२७

**ण)** धनसम्पत्ति कति क्षणिक होः हितोपदेश २३ः४-५ र २७ः२४

**३९)** *वेश्या वा दुष्ट स्त्रीः* हितोपदेश २ः१६-१९, ५ः३-२३, ६ः२४-३५, ७ः५-२७, ९ः१३-१८, २२ः१४, २३ः२७-२८ र ३०ः२०

**४०)** *अन्य स्त्रीहरूः*

**क)** सुन्दर स्त्री, जसको विवेक छैनः हितोपदेश ११ः२२

**ख)** झगड़ालु स्वास्नीः हितोपदेश १९ः१३, २१ः९ र १९, २५ः२४ र २७ः१५-१६

**ग)** गुणवती पत्नीः हितोपदेश १२ः४, १८ः२२ र ३१ः१-३१

**घ)** दयालु स्त्रीः हितोपदेश ११ः१६

**ङ)** बुद्धिमती पत्नीः हितोपदेश १९ः१४

**च)** हेला गरिएको स्त्रीः हितोपदेश ३०ः२३

**छ)** जवानीकी पत्नीः हितोपदेश ५ः१८-१९

## रूपरेखाः

**खण्ड १) हितोपदेश १:१-७: हितोपदेशको पुस्तकको परिचय**

**खण्ड २) हितोपदेश १:८-९:१८: बुद्धि र मूर्खताको सम्बन्धमा बोलिएका राजा सुलेमानका उखानहरू**

**क) हितोपदेश १:८-३३:** बुद्धिले आह्वान गरेको

**ख) हितोपदेश २:** बुद्धिका मार्गहरू

**ग) हितोपदेश ३:१-१०:** बुद्धिका इनामहरू

**घ) हितोपदेश ३:११-२०:** बुद्धिको प्राप्तिबाट हुने लाभ

**ङ) हितोपदेश ३:२१-३५:** बुद्धिको व्यवहार

**च) हितोपदेश ४:१-९:** बुद्धि परिवारको धन हुनुपर्छ

**छ) हितोपदेश ४:१०-२७:** बुद्धि र दुईवटा बाटोहरू

**ज) हितोपदेश ५:** व्यभिचारमा हुने मूर्खता

**झ) हितोपदेश ६:१-१९:** जमानी बस्नुमा भएको मूर्खता, साथै अल्छीपन र छल

**ञ) हितोपदेश ६:२०-७:२७:** परस्त्रीगमन र वेश्यावृत्तिमा हुने मूर्खता

**ट) हितोपदेश ८:** बुद्धिको अवतार

**ठ) हितोपदेश ९:१-१८:** बुद्धिले दिएको निम्तो र मूर्खताले दिएको निम्तो

**खण्ड ३) हितोपदेश १०:१-२२:१६: व्यावहारिक बुद्धिको सम्बन्धमा बोलिएका राजा सुलेमानका उखानहरू**

**क) हितोपदेश १०:१-१५:३३:** धर्मी मानिस र दुष्ट मानिसका जीवनशैलीहरू आपसमा तुलना गरिएका

**ख) हितोपदेश १६:१-२२:१६:** धर्मी जनको जीवनशैलीले प्राप्त गरेको सहराना

**खण्ड ४) हितोपदेश २२:१७-२४:३४: अरू बुद्धिमान् मानिसहरूले बोलेका उखानहरू**

**क) हितोपदेश २२:१७-२४:२२:** बुद्धिमान् मानिसले रचेका नीतिवचनहरू

**ख) हितोपदेश २४:२३-३४:** बुद्धिमान् मानिसले कहेका थप नीतिवचनहरू

**खण्ड ५) हितोपदेश २५:१-२९:२७: राजा हिजेकियाहका कर्मचारीहरूले संकलन गरेका अन्य सुलेमानका हितोपदेशहरू**

**खण्ड ६) हितोपदेश ३०: याकेका छोरा आगूरका वचनहरू**

**खण्ड ७) हितोपदेश ३१:१-९: राजा लमुएलकी आमाले तिनलाई सिकाएका वचनहरू**

**खण्ड ८) हितोपदेश ३१:१०-३१: आदर्श पत्नी र आमा**

# हितोपदेशको पुस्तकको टिप्पणी

## खण्ड १

## हितोपदेश १:१-७:

### हितोपदेशको पुस्तकको परिचय

**हितोपदेश १:१:** इस्राएलका राजाहरूमध्ये दाऊदका पुत्र सुलेमानचाहिँ सबैभन्दा बुद्धिमान्, सबैभन्दा धनवान् र सबैभन्दा बढ़ी सम्मान प्राप्त राजा थिए (१ राजा ३:१२-१३ र ४:३०-३१)। तिनले तीन हजार उखानहरू रचे, तर तीमध्ये केही अंश मात्र यस हितोपदेशको पुस्तकमा समावेश गरिएका छन्। राजा सुलेमानले कहेका उखानहरू हितोपदेश १:१-२९:२७ पदसम्म उल्लेख गरिएका छन्।

**हितोपदेश १:२-३:** राजा सुलेमानले यी उखानहरू किन रचे? यसको कारण हितोपदेश १:४-६ पदको खण्डमा बताइएको छ। छोटकरीमा भन्नु हो भने, यी उखानहरूमा हाम्रो जीवनको रहनसहन र संचालनको निम्ति उपयोगी व्यावहारिक बुद्धि छ।

यी नीतिवचनहरूबाट हामीलाई समझ-दारी हुन सिक्नु छ र व्यावहारिक ज्ञानको सम्बन्धमा शिक्षादीक्षा पाउनु छ; किनभने यहाँ समझका वचनहरू छन्। यी वचनहरू हामीले लिन र अपनाउन सक्नुपर्छ, तब हामीले असल र खराबको बीचमा, काम लाग्ने र काम नलाग्ने कुराहरूको बीचमा, हितकारी र हानिकारक कुराहरूको बीचमा खुट्ट्याउन सक्छौं। तपाईंले सिक्न चाहनुभयो भने, यहाँ बुद्धिमान् के हो, धर्मी के हो, न्यायसङ्गत के हो र आदरयोग्य के हो, सो सिकिन्छ।

**हितोपदेश १:४:** यी नीतिवचनहरूमाथि ध्यान दिएर सीधासादा मानिस विवेकशील हुन जान्छ र सामान्य सहजबुद्धि प्राप्त गर्छ। विशेष गरी हाम्रा जवान भाइबहिनीहरूले यी नीतिवचनहरूद्वारा बाहिरी ज्ञान मात्र होइन, तर खाँटी, चोखो व्यावहारिक बुद्धि प्राप्त गर्छन्।

**हितोपदेश १:५:** बुद्धिमान् मानिसले यी हितोपदेशहरूमाथि ध्यान दिएर आफ्नो बुद्धि बढ़ाउँछ र समझदार मानिसले आफ्नो लागि मार्गदर्शन र अरूको लागि सल्लाह पाउँछ। 'बुद्धिमान् मानिसले सुन्नेछ' भन्ने वाक्यले शुरुमै उद्घोषणा गरेर 'अरे, यो पुस्तक जुवा-जुवतीहरूको निम्ति मात्र लेखिएको छ' भन्ने धारणा काटिहाल्छ; किनभने हितोपदेशको पुस्तकमा बुद्धिमान् मानिसको खास अर्थ नीतिवचनहरू ध्यानसित सुन्ने मानिस हो। यस्तो व्यक्ति शिक्षणीय हुन्छ; ऊ चुप लागेर सुन्न चाहन्छ। ऊ सबै कुराहरू अघिबाट जानिसकेको मानिस होइन। तब हाम्रो निम्ति बोल्नुभन्दा सुन्नु निको छ।

**हितोपदेश १:६:** यस पुस्तकले हामीलाई हितोपदेशको मतलब बुझ्ने र दृष्टान्तको अर्थ खोल्ने सीप दिइन्छ। किनभने हामीले सिक्नुपर्ने पाठ पढ़िएका शब्दहरूको सतहमा भेट्टिँदैन, तर यिनको गहिराइमा पो छ। तब बुद्धिले पूर्ण वचन र पहेलीहरू हामी किन नबुझौं, जब यिनको अर्थ खोल्ने चाबी यहाँ छ ? हामीलाई शब्दहरूको गहिराइमा लुकेका तथ्यहरू भेट्टाउनु छ।

**हितोपदेश १:७:** अब हामी यस पुस्तकको कुञ्जी खोल्ने मुख्य पदमा आइपुग्यौं: *'परमप्रभुको भय नै ज्ञानको शुरु हो।'* (हितोपदेश ९:१० पद पनि पढ्नुहोस्)। ज्ञानको शुरुको अर्थ ज्ञानको मुख्य खण्ड पनि हुन सक्छ। के तपाईं बुद्धिमान् हुन चाहनुहुन्छ? तब तपाईंले परमेश्वरको श्रद्धाभक्ति गर्नुबाट शुरु गर्नुपर्छ। तपाईंले उहाँमाथि भरोसा गर्न र उहाँको आज्ञापालन गर्न सिक्नुपर्छ। अनि सृष्टि गरिएको प्राणीले आफ्ना सृष्टिकर्तामाथि भर पर्नुभन्दा समझदार कुरा अरू के हुन सक्छ र ? तर परमेश्वरको वचन सरासर इन्कार गरेर आफ्नै विचार, आफ्नै कल्पना र आफ्नै इच्छाअनुसार जिउनुभन्दा मूर्ख कुरा अरू के हुन सक्छ? तब आउनुहोस्, हामी शुरुमै एउटा बुद्धिमान् काम गरौं: हामीले आफ्ना पापहरूको विषयमा पश्चात्ताप गरौं र आफ्नो सारा हृदयले येशू ख्रीष्टमाथि विश्वास गरेर उहाँलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरौं! त्यसपछि हामी दिलोजानले र भक्तिको साथ उहाँको निम्ति आफ्नो जीवन जिऔं!

*'मूर्खहरूले बुद्धि र शिक्षालाई तुच्छ ठान्छन्।'* यस पुस्तकअनुसार बुद्धिमान् मानिस सिक्न चाहने उत्सुक मानिस हो भने, ठीक त्यस्तै मूर्ख मानिसलाई चाहिँ केही पनि भन्नुहुँदैन। त्यो अनुशासनभित्र कहाँ रहन्छ र ? त्यो धोकैधोकामा परेको छ। अनि त्यसले केही सिक्छ भने, त्यसले त्यो दुःखकष्टबाट मात्र सिक्छ। तर के त्यसले केही सिक्छ र ? यसमा शङ्का छ।

# खण्ड २

# हितोपदेश १:८-९:१८:

## बुद्धि र मूर्खताको सम्बन्धमा बोलिएका राजा सुलेमानका उखानहरू

### क) हितोपदेश १:८-३३: बुद्धिले आह्वान गरेको

**हितोपदेश १:८:** *'हे मेरा छोरा!'* भनेर हितोपदेशको पुस्तकको एक अध्यायदेखि सात अध्यायसम्म पन्ध्र पल्ट छोरालाई सम्बोधन गरिएको छ। यी अध्यायहरूमा अभिभावक बुबाआमाको मुटुको धड़कन छाम्न सकिन्छ र आफ्नो छोराको निम्ति उनीहरूको फिक्रीचिन्ता स्पष्ट बुझिन्छ; किनभने उनीहरूले आफ्नो छोराछोरीको निम्ति 'उसले सबैभन्दा उत्तम जीवन पाओस्' भन्ने शुभचिन्ता राखेका छन्। बुबाआमाको असल सल्लाह स्वीकार गरेर जवान छोरा, जवान छोरी जीवनका अल्झा, पासो र फन्दाहरूमा पर्नेछैन; तर दैनिक जीवनका कामकुराहरू र व्यवहारको सम्बन्धमा सिपालो भएर पूरा निपुण हुँदै जानेछ।

भक्त बुबाआमाबाट हाम्रो जीवनमाथि परेको असल प्रभावको निम्ति हामी कति ऋणी छौं! हो, हाम्रा भक्त आमाहरूको निम्ति प्रभुलाई मुरी-मुरी धन्यवाद! प्रभाव पार्ने

आमाहरूको विषयमा श्री हेन्री बोशले हामीलाई सम्झना दिलाएर यसो भनेका छन्ः

> 'इतिहास साक्षी छः महान् पुरुषहरू आफ्ना आमाको काखमा बसेर धेरै मूल्यवान् कुराहरू सिके; तिनीहरू धेरै आशिषित भए। मोशा, शमूएल र तिमोथीलाई विचार गर्नुहोस् ! यी आत्मिक अगुवाहरूले आ-आफ्नी भक्त आमाको प्रेम र वास्ता पाए, र यसबाट तिनीहरू प्रभावित भए, र यस कुराले तिनीहरूको जीवनमा धेरै फल फलायो। सन्त अगुस्टीन, योह्न न्यूटन र बेस्लीका जोशिला भाइहरूको ख्याल गर्नुहोस् ! भक्त आमाहरूले तिनीहरूलाई नहुर्काएका भए तिनीहरू इतिहासको मञ्चमा उठेको कुरा हामीले कहिल्यै पढ्न पाउनेथिएनौं। तर परमेश्वरलाई धन्यवाद होस्; तिनीहरूले यस्ता परिवारहरूमा हुर्कन पाए, जुन परिवारहरू प्रेमको नियमअनुसार चलेका थिए, र जहाँ एउटा उत्तम ख्रीष्टीय साक्षीले तिनीहरूलाई दिनदिनै मार्गदर्शन र प्रेरणा दिइरहन्थ्यो।' 3)

**हितोपदेश १ः९ः** जब कसैले बुबाआमाको सल्लाह पालन गर्छ, तब त्यो कुरा उसको शिरको श्रीपेच र उसको गलामा हार बन्दछ। यो काव्य भाषा हो, जसको अर्थ यस प्रकारको छः बुद्धिमान् छोराको यस आज्ञाकारिताले उसलाई आदर-सम्मान दिन्छ र उसको जीवनमा नैतिक सुन्दरता ल्याउँछ।

**हितोपदेश १ः१०ः** कुनै जवानले आफ्नो जीवन बरबाद गरेको छ भने, प्रायः यसको मुख्य कारण त्यसको कुसङ्गत हुँदो रहेछ, जसमा त्यो लागिपरेको थियो। कुसङ्गतमा पर्ने कदमहरू हितोपदेश १ः१०-१९ पदमा पेश गरिएका छन्; यसमा काल्पनिक केही पनि छैन, तर जीवन बिग्रिनु हो भने, तब कुरा यहाँ बताइएजस्तै हुन्छ।

तर शुरुमा हामीले पहिले एउटा चेताउनीको वचन सुन्नुपर्छः *'हे मेरा छोरा, पापी मानिसहरूले तिमीलाई फुस्ल्याए भने तिनीहरूको कुरा मान्न राजी नहोऊ !'* जिन्दगी खराब प्रलोभनहरूले पूर्ण हुन्छ। यसकारण हामीमा नाइँ भन्ने हिम्मत र नकार्ने साहस हुनुपर्छ, हप्तामा हजार पल्टसम्म।

**हितोपदेश १ः११ः** *'हामीसँग आऊ !'* भनेर यहाँ छरछिमेकमा गठ बाँधिएको गुन्डाले कुनै जवान भाइलाई निम्तो दिएको रहेछ। केको लागि उसलाई यो निम्तो दिइएको छ? लुटपिट गरेर डाँका मार्ने कामको निम्ति। अनि खाँचो परेको खण्डमा तिनीहरू यसको निम्ति हत्या गर्नेसम्म तयार थिए। अनि त्यो जवानको विषयमा? आहा, यस गुटमा यत्रो न्यानो स्वागत पाएकोमा त्यो कति फुलिन्छ। तत्कालै त्यो ती बहादुरहरूको खुसामदको शिकार भइहाल्छ। योजस्तै हिम्मतदार अरू के हुन सक्थ्यो र? यस उत्सुक विचारले त्यसको खून उम्लिन्छ।

**हितोपदेश १ः१२-१४ः** किनकि आफ्नो शान्ति-सुरक्षाको जीवनदेखि त्यसलाई कति बोरिङ्ग, कति अल्छी लागेको छ। त्यसले जसरी भए पनि केही न केही रोमहर्षक कुरा गरेर छोड्नुपर्छ। अनि नभन्दै त्यो रगत उमाल्ने कुरा त्यसको सामु पेश गरिएको छः एउटा अनिन्द्य अपराध, दोष साबित गर्न सक्ने एउटै पनि प्रमाण नहुने गरी एकै प्रहारमा तात्कालिक मृत्यु हुने। अनि तिनीहरू सबैजना एकै रातमा धनी हुने प्रलोभन छँदैथियो। यो कत्रो ठूलो प्रोत्साहन!! लुटका मालले तिनीहरूका घरहरू टन्न भरिनेछन्। 'हामीसँग एक होऊ, र तिमी धेरै धन कमाउनेछौ; हामी सबैजनाको हिस्सा बराबर हुनेछ; तिम्रो बेफाइदा केही पनि हुनेछैन।' यो तिनीहरूको आश्वासन थियो।

**हितोपदेश १ः१५-१६ः** तर अब त्यसकहाँ यो बुद्धिको वाणी आयोः 'हे मेरा छोरा, तिनीहरूसँग नलाग ! तिनीहरूबाट सकेसम्म टाढ़ा बस ! तिनीहरूका तत्कालमा धनी हुने

योजनाहरूबाट पूरा अलग बस ! नत्र तिम्रो हार र पतन सुनिश्चित हुनेछ। बुझः यी केटाहरू अपराध-अपराधले पूर्ण जीवनले ग्रसित छन्; तिनीहरूको गोली मारेर खाने बानी छ। हेर, एक हत्यादेखि अर्को हत्या गरेको तिनीहरूको सूरमा कुनै विराम र टुङ्गो छैन।'

**हितोपदेश १:१७-१८:** देखिने जाल वा देख्न सकिने पासोबाट उम्कन एउटा चरामा होश छ। तर यी केटाहरूचाहिँ ? तिनीहरूले आफ्नो प्राणको निम्ति पासो थपेका छन्; नभन्दै तिनीहरू त्यसमा पर्न जान्छन्।

**हितोपदेश १:१९:** उक्त कथाबाट सिक्नुपर्ने पाठ छः जुन-जुन मानिसहरूले तत्कालमा धनी हुन खोज्छन्, ती मानिसहरूले आफ्नो लोभको बदलीमा आफ्नो प्राण दिनुपर्छ। *'लाभको लालच गर्ने हरेक मानिसका चालहरू यस्तै हुन्छन्; त्यस लोभलालचले आफ्नो मालिकको ज्यान लिन्छ-लिन्छ।'*

बलजफत गरेर र लुटपिट गरेर धनी हुन खोज्ने कुप्रयास यस खण्डको सन्दर्भ हो। तर यस शिक्षाको सीमा यसमा सीमित राख्नुहुँदैन, तर तुरुन्तै धनी हुने जुनसुकै पद्धति र उपाय यसमा समावेश गर्नुपर्छ, चाहे त्यो जुवा खेल्नु हो, चाहे घोड़दौड़को जुवा हो, चाहे लाटरी हो, चाहे शेयर बाजारको सट्टेबाजी हो।

अबचाहिँ हामी दुईवटा वाणीहरू सुन्न लागिरहेका छौं, जुन वाणीद्वारा त्यहाँबाट भएर जानेहरूलाई आह्वान गरिन्छ। एउटा वाणी बुद्धिको वाणी हो भने, अर्को वाणीचाहिँ पराई स्त्रीको वाणी हो। अनि यहाँ बुद्धिले एउटी स्त्रीको रूप लिए ता पनि बुद्धिले प्रभु येशू ख्रीष्टलाई सङ्केत गर्छ।[4] अनि त्यो पराई स्त्रीचाहिँ ? त्यस पराई स्त्रीले पापको परीक्षा र दुष्ट संसारलाई सङ्केत गर्छ।

हितोपदेश १:२२-३३ पदको खण्डमा बुद्धिले ती मानिसहरूसँग आग्रह गर्छ, जसले 'अहँ, बुद्धि हामीलाई चाहिँदैन' भन्ने मूर्ख विचार गर्छन्।

**हितोपदेश १:२०:** याद गर्नुहोस्ः बुद्धि चोकहरूमा उभिएको छ र आफ्नो सोर सुनाउँछ, जहाँ हरेक मानिसले उसको सन्देश सफासँग सुन्न सक्छ। *'उसले सड़कहरूहुँदो आफ्नो आवाज उचाल्छ।'*

**हितोपदेश १:२१:** अनि अब ऊ भीड़ लाग्ने ठाउँहरूमा, अँ, शहरका मूलढोकाहरूको मुखमा ठूलो सोरले कराउँछ। अनि ठीक यो हाम्रा प्रभु येशूसित सत्य ठहरिएको छः उहाँले मानव-जातिका सबै मानिसहरूलाई बोलाउँदै हुनुहुन्छ, जसको जीवन छिटो-छिटो बितिरहेको छ।

> भीड़ लाग्ने दोबाटोहरू जहाँ भेटिन्छन्,
> किसिम-किसिमका मानिसहरू व्यस्त रहेको आवाज जहाँ सुनिन्छ,
> स्वार्थमय मानिसहरूका हल्लाले पूर्ण सबै प्रयासहरू नाघ्ने त्यो वाणी,
> अँ, मानिसका पुत्रको त्यो वाणी हाम्रा कानहरूले सुन्दैछन्।
>
> श्री फ्रान्क मेसन नोर्थ

**हितोपदेश १:२२:** बुद्धिले सीधासादाहरूलाई, गिल्ला गर्नेहरूलाई र मूर्ख मानिसहरूलाई सम्बोधन गर्छ। सीधासादाहरू तिनीहरू हुन्, जो साह्रै सोझो हुन्छन्, जसलाई सजिलोसँग जुनै पनि प्रभावले प्रभावित पार्न सकिन्छ, चाहे त्यो प्रभाव असल, चाहे त्यो प्रभाव खराब किन नहोस्। अनि यहाँ तिनीहरूमा भएको त्यस अस्थिरता र चञ्चलताले तिनीहरूलाई झुकाएर तिनीहरूलाई कुबाटोमा डोहोर्‍याएको जस्तै देखिन्छ। गिल्ला गर्नेहरू तिनीहरू हुन्, जसले कुनै पनि असल सल्लाह तुच्छ ठानेका र घृणा गरेका छन्। तिनीहरूका आँखामा पवित्र मान्नुपर्ने वा डर मान्नुपर्ने कुरा केही पनि छैन। अनि मूर्खहरू ? तिनीहरू यी हुन्, जसले बेहोशी भई शिक्षा र अर्ती सरासर इन्कार गर्छन्। तिनीहरू धोकामा परेका, आफ्नो अज्ञानतामा सन्तुष्ट हुने मतलबी हुन्।

**हितोपदेश १:२३:** यो पद दुई किसिमले बुझिन्छ। यस पदको पहिलो अर्थ यस प्रकारको छः 'ठिक्कै छ, तिमीहरूले मेरो निम्तो स्वीकार गरेनौ, यसैले तिमीहरूले मतिर फेर्केर मेरो हप्की सुन्नुपर्छ। म आफ्नो आत्मा खन्याएर न्यायका वचनहरू बोल्नेछु र तिमीहरूलाई तिमीहरूको भाग्य के हो, सो सुनाउनेछु।' यस व्याख्याअनुसार हितोपदेश १:२४-२७ पदको खण्डमा लेखिएका शब्द-हरूले यी मानिसहरूको अन्त व्यक्त गरेका छन्।

तर यस पदको दोस्रो व्याख्या पनि छ, जसको अर्थ यस प्रकारको छः 'मेरो हप्की सुनेर फर्क र पश्चात्ताप गर! यसो गरेको खण्डमा म आफ्नो आत्मा तिमीहरूमाथि खन्याएर तिमीहरूलाई आशिष दिनेछु र तिमीहरूलाई मेरा बुद्धिका वचनहरूको अर्थ खोलिदिनेछु।'

यहाँ 'आत्मा' भन्ने शब्दको अर्थले विचार वा मनको माने लिन सक्छ। ख्रीष्ट येशूले पवित्र आत्मा तिनीहरूमाथि खन्याउनुहुन्छ, जसले उहाँको आह्वान सुनेर स्वीकार गर्छन्; यो कुरा सत्य हो। तर यो सत्यता पुरानो नियममा प्रकट भएको थिएन, तर नयाँ नियममा मात्र प्रकट भएको हो।

**हितोपदेश १:२४:** मानिसको जीवनमा सबैभन्दा दुःखद घटनाहरूमध्ये एक तब घट्छ, जब उसले मूर्ख प्रकारले बुद्धिका अनुग्रहले पूर्ण आग्रहहरू इन्कार गर्छ। यस कुराले *'मैले इच्छा गरें, तर तिमीहरूले इच्छा गरेनौ'* भन्ने विलापको वचनको सम्झना दिलाउँछ, जुन वचन प्रभु येशूले जैतुन-डाँड़ामा बोल्नुभयो, जब उहाँले यरूशलेम-वासीहरूको निम्ति बिलौना गर्नुभयो, जसले आफ्नो शुभ अवसर गुमाएका थिए (मत्ती २३:३७)।

**हितोपदेश १:२५:** बुद्धिले ती मानिस-हरूको निम्ति शोक गर्छ, जसले उसको एउटा पनि सल्लाह लिन मानेनन्, तर पूरा पन्साए। तिनीहरूले आफ्नो विषयमा कुनै समुचित आलोचना, कुनै उपयोगी समीक्षा, कुनै सकारात्मक विवेचना सुन्न चाहँदैनन्।

बेसमझको कुरा के हो भने, जुन आज्ञाहरू र जुन चेताउनीहरू मानिसले मूर्ख भएर सरासर इन्कार गर्छ, ती परमेश्वरका आज्ञाहरू र चेताउनीहरू मानिसको भलाइको निम्ति दिइएका छन्; यसबाट उहाँलाई कुनै फाइदा हुँदैन। एउटा कथा छ, जसले यो कुरा स्पष्ट पार्छ, जुन कथा श्री डी. जे. बार्नहाउसले बताएका छन्। यो वाशिङ्टनको चिड़िया-खानामा घटेको दुःखद घटना हो। एउटी सानी केटीले छिरेर त्यो छेकबार पार गरी, जुन छेकबारले दर्शकहरूलाई सिंहको खोरबाट अलग राख्थ्यो। त्यस केटीको बाजेले उसलाई 'तुरुन्तै फर्केर आऊ' भन्ने आदेश दिए; तर त्यस केटीले यो आदेश ठट्टा सम्झी र तिनीबाट अझै केही कदम पछि हटी। तब एउटा सिंह आयो, उसलाई पक्र्यो र खोरभित्र तानेर उसलाई दर्शकहरूका आँखाको सामु च्यातचुत गरेर मारिदियो। अनि श्री बार्नहाउसले हामीलाई सिक्नुपर्ने पाठ पनि प्रस्तुत गरेर यसो भनेका छन्:

> 'परमेश्वरले हामीलाई हाम्रो हितको निम्ति आज्ञाहरू र शिक्षाहरू दिनुभएको छ; किनभने उहाँले दिनुभएका आज्ञाहरूमा एउटै पनि छैन, जुनचाहिँ उहाँको मतलब र मनपरीको फल हो; अहँ, उहाँले हामीलाई मज्जा गरेको देख्न नसकेर कुनै आज्ञा दिनुभएको छैन। जब परमेश्वर भन्नुहुन्छः "तिमीले मेरो सामु अरू कुनै देवीदेवता राख्नुहुँदैन", तब उहाँले आफ्नो इज्जत र आफ्नो अधिकारको निम्ति डाहा गरेर यसो भन्नुभएन। तर उहाँलाई थाहै छ, कि हामीले केही कुरा उहाँभन्दा अघि वा पहिले राख्छौं भने, त्यस कुराले हामीलाई हानि गर्छ। के हामीले यस प्रकारको व्यवहारमा उहाँको बुद्धि देख्न सक्छौं? तब परमेश्वरले हामीलाई

ताड़ना दिनुभएकोमा पनि उहाँको सुबुद्धि र सुव्यवहार देख्न सक्छौं। किनभने "जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ, उसलाई उहाँले ताड़ना गर्नुहुन्छ" (हिब्रू १२:६)। उहाँ हामीलाई केही कदम पछि सरेर सिंहको पन्जामा परेको देख्न चाहनुहुन्न; किनभने त्यहाँ एउटा सिंह छँदैछ, त्यो शैतान, जसले हामीलाई निल्न खोज्दैछ।' 5)

**हितोपदेश १:२६:** यदि कसैले अट्टेरी भएर लगातार उहाँको कुरा सुन्न इन्कार गर्‍यो भने, यस प्रकारको अस्वीकार र अट्टेरीपनले विपत्ति र विनाश निम्त्याउँछ। त्यस मानिसको विनाश आइपर्दा खिसी गरेर हाँस्नको निम्ति बुद्धिको पालो आउँछ। *'यसकारण म पनि तिमीहरूको विपत्तिमा हाँस्नेछु; तिमीहरूमाथि डर आइपर्दा म खिसी गरेर हाँस्नेछु।'*

तर भक्तिहीन मानिसहरूमाथि विपत्ति आइपर्दा के परमप्रभु साँच्चै हाँस्नुहुन्छ त, जसरी यो पद र भजन २:४ पदले सुझाउ दिन्छन्? यस प्रकारको हँसाइमा हामी क्रूरता, दुर्भावना, कुविचार वा प्रतिशोधको केही लेश पाउन खोज्यौं, तब उक्त प्रश्नको जवाफ 'अहँ, उहाँ यस प्रकारले हाँस्नुहुन्न' हो। तब उहाँको यस हँसाइ कुन दृष्टिकोणले हेर्नु ठीक होला त? हामीले यसको अर्थ सङ्केतात्मक रूपले लिनुपर्ला। किनभने मुहावरा अर्थात् वाग्धारीय भाषामा 'सर्वशक्तिमान् सर्वाधिकारी परमेश्वरको विरोध गर्नुभन्दा सारहीन र हाँसउठ्दो कुरा केही पनि छैन' भनेर भनेको हो। के मच्छरको निम्ति दन्किरहेको आगोको भट्टीलाई चुनौती दिन सुहाउँछ र? अनि यस सम्बन्धमा यो विचार पनि स्वीकार गर्न लायक छः जुन मानिसले बुद्धिका आज्ञाहरूको खिल्ली उड़ाउँला र जसको निम्ति यी आज्ञाहरू केवल काल्पनिक होलान्, त्यस मानिसले आफ्नो मूर्खताको कटनी गर्दा यी ईश्वरीय आदेशहरू अझै स्थिर भई खड़ा रहेका छन्। तब त्यो गिल्ला गर्ने कहाँ गयो? के अन्तिम आएर न्यायले त्यसलाई फेला पारेन र? तब अन्तिम हँसाइ कसको हुने भयो, सो आफै भन्नुहोस्!

**हितोपदेश १:२७:** आफ्नो जीवनको लेखा दिनुपर्ने दिन आउँछ-आउँछ, निश्चित आउँछ। जुन न्यायबाट मानिसहरूलाई डर लागेको थियो, त्यो न्याय ती मानिसहरू-माथि आँधीबेह्रीजस्तै आइपर्नेछ। तिनीहरूको विपत्तिले तुफानले झैं तिनीहरूलाई उदाएर लैजानेछ। के सङ्कष्ट, के क्लेश, के आघात, के प्रहार, के निराशको भुमारी, यी सबका सबले तिनीहरूलाई पक्रनेछन्।

**हितोपदेश १:२८:** त्यस घड़ीमा ती मानिसहरूले बुद्धिलाई पुकार गर्नेछन्, तर यो तिनीहरूको व्यर्थको प्रयास ठहरिनेछ। तिनीहरूले उसलाई भेट्टाउन सकभर कोशिश त गर्नेछन्, तर तिनीहरूले उसलाई फेला पार्दै-पार्दैनन्, पत्ता लगाउन सक्दैनन्। बल्ल तिनीहरूले जान्दछन्, कि दिव्य प्रकाश इन्कार गर्ने मानिसबाट नयाँ प्रकाश रोकिन्छ। तिनीहरूले देख्न चाहेनन्; यसकारण तिनी-हरूले देख्न छोड़े। परमेश्वरको आत्माले मानिससँग सधैं विवाद र वार्तालाप गर्नुहुन्न (उत्पत्ति ६:३)। यसो हो भने, सकेसम्म सबै मानिसहरूलाई सुसमाचारको निम्तो दिनु एकदम जरुरी हो।

> समय छँदै उहाँकहाँ आऊ, समय छँदै उहाँकहाँ आऊ!
> जबसम्म प्रभु येशूले तिमीलाई बोलाउँदै हुनुहुन्छ, तबसम्म छिट्टै उहाँकहाँ फर्केर आऊ!
> अझै पापमा जिएर ढिलो नगर!
> किनभने स्वर्गको ढोका एक दिन बन्द हुनेछ,
> तब तिम्रो पुकार व्यर्थ, अँ, बिलकुल व्यर्थ ठहरिनेछ।
> यसकारण समय छँदै येशूकहाँ फर्केर आऊ!
>
> उन्नाइसौं शताब्दीको अज्ञात रचना

**हितोपदेश १:२९:** ती गिल्ला गर्नेहरूको आरोप के थियो त? तिनीहरूले बुद्धिका

अर्तीहरू घृणा गरे र हठी भएर परमप्रभुको भय मान्न इन्कार गरे। हुन सक्छ, तिनीहरूले सुसमाचारको सन्देशको खिल्ली उड़ाए होलान्। त्यो त तिनीहरूको निम्ति कहाँ हो र? त्यो त केवल औरत र नानीहरूको निम्ति हुने कुरा हो अरे। *'बुद्धिमान् छौं भन्ने दाबी गर्दै तिनीहरू मूर्ख बने'* (रोमी १:२२)। यूहन्ना ३:१९-२१ पदको खण्डमा पनि बुद्धिलाई हेला गर्नेहरूको चर्चा गरिएको छ।

**हितोपदेश १:३०:** तिनीहरूको जीवनमा परमेश्वरको सल्लाहको निम्ति कुनै ठावैं भएन, जब तिनीहरूको निम्ति परमेश्वरको वचनमा उत्तमभन्दा उत्तम सल्लाह र परामर्श कति थिए, कति! जब-जब पवित्र धर्मशास्त्र बाइबलले तिनीहरूको भक्तिहीन जीवन, तिनीहरूका भक्तिहीन शब्दहरू र भक्तिहीन कामहरूमाथि दोष लगाउँथ्यो, तब-तब तिनीहरूले खिसी गर्थे। परमेश्वरको हप्की-देखि तिनीहरूलाई अलिकति पनि डर लाग्दैनथियो।

**हितोपदेश १:३१:** अब तिनीहरूले यसको निम्ति ठूलो रकम चुकाउनुपरेको छ; तिनीहरूले आफ्नो हठीपनको निम्ति रिँगटा लाग्ने दाम चुकाउनुपरेको छ, अनि आफ्ना युक्तिहरूको खराब फल अघाएसम्म खानुपरेको छ। बुद्धिमा के दोष, यो बिलकुल तिनीहरूको गल्ती थियो; किनकि तिनीहरूले सुन्न चाहँदैनथिए।

**हितोपदेश १:३२:** मोफ्फतको भाव-अनुवादअनुसार यस पदको बोल यस प्रकारको छः 'बेहोशी मानिसहरू आफ्नो हठीपनले गर्दा लड्छन् भने, विवेकहीन हुनेहरू आफ्नो बेवास्ताले गर्दा नाश हुनेछन्।' यसर्थ हरेक मानिस आफ्नो जीवनको निम्ति आफ्ना निर्णयहरू गर्न स्वतन्त्र हुन्छ, तर आफ्ना निर्णयहरूले कमाएका नतिजाहरूको विषयमा उसलाई छान्न केही पनि दिइँदैन। किनभने परमेश्वरले यस संसारका मानिस-हरूको निम्ति केही नैतिक नियमहरू स्थापित गर्नुभयो, अनि यी नियमहरूले हरेक मानिसले लिएको निर्णयको उचित प्रतिफल निर्धारित गर्छन्। यस सम्बन्धमा कुरा यस्तो छः जुन कुराहरू परमेश्वरले जोड्नुभएको छ, ती कुराहरू कसैले पनि अलग-अलग पार्न पाउनेछैन।

**हितोपदेश १:३३:** यस कुराको सकारात्मक पक्ष पनि छः जुन मानिसले बुद्धिमाथि ध्यान दिन्छ, त्यो मानिस सुरक्षित रहन्छ; उसलाई केको डर? यसकारण ईश्वरीय बुद्धिको चेलाचेली हुनुहोस्! तब सुखी जीवन तपाईंको हुनेछ; तब तपाईं ती दुःखहरू, शोकचिन्ताहरू र शर्मबाट मुक्त रहनुहुनेछ, जुन दुःख, शोकचिन्ता र शर्मले हठधर्मी र दुष्ट मानिसलाई कदम-कदममा पछ्याउँछन्।

### ख) हितोपदेश २: बुद्धिका मार्गहरू

यस अध्यायमा राजा सुलेमानले आफ्नो छोरालाई बुद्धिका मार्गहरूमा हिँड्ने आग्रह गर्छन्। अनि हितोपदेश २:१-४ पदको खण्डमा परमेश्वरको ज्ञान भेट्टाउने सर्तहरू के-के हुन्, सो कुरा प्रस्तुत गरिएको छ। उहाँको ज्ञानको खोजीमा मानिस फिक्का हुनुहुँदैन, तर गम्भीर र इमानदार हुनुपर्छ; उसले सम्पूर्ण हृदयले यसको खोजी गर्नुपर्छ।

त्यसपछि यस अध्यायको बाँकी भागमा सुनिश्चित प्रतिज्ञा दिइएको छः इमानदारीसाथ खोज्नेलाई बुद्धि र समझ दिइन्छ। हितोपदेश २ अध्यायका बाइस पदहरू छन् भने हिब्रू भाषाको वर्गमालामा पनि बाइस अक्षरहरू छन्।

**हितोपदेश २:१:** अब छोराको कर्तव्य आयोः छोराले पहिले आफ्ना बुबाको शिक्षा हृदयमा ग्रहण गर्नुपर्छ र तिनका आज्ञाहरू आफ्नो धन सम्झेर जोहो गर्नुपर्छ। हितोपदेशहरू हामीलाई हामीसित राख्न

दिइएका छन्, यसर्थ हामी यी नीतिवचनहरू कण्ठस्थ गर्नुपरेको रहेछ ।

**हितोपदेश २ः२ः** शिक्षा ग्रहण गर्न हाम्रो कान खुला, हाम्रो हृदय खुला, हाम्रो मन खुला हुनुपर्छ । यसर्थ छोरा हौं, छोरी हौं भने, हामीले ध्यानसित सुन्नुपर्छ । यसो हो भने, हामी बेसी किन बोल्ने ? होइन, हामी मौन रहेर उहाँको कुरा सुनौं ! आधुनिक परामर्श-अनुसार मानिसले आफ्ना समस्याको विषयमा कुरा गरिरहनुपर्छ । तर यस प्रकारको आज्ञा हामीलाई यहाँ दिइएको छैन । होइन, हामीले बरु अरूबाट बुद्धिमान् सल्लाह पाउनैपर्छ । यसकारण हामीले ध्यानसित सुन्न सिक्नुपर्छ ।

**हितोपदेश २ः३-४ः** यस सम्बन्धमा इमानदार हुनुहोस्, गम्भीर हुनुहोस्, सुदृढ़ रहनुहोस् ! कसरी ? समझ पाउनको निम्ति आफ्नो सोर उचाल्नुहोस्, पुकार्नुहोस् ! 'जान्न पाऊँ, बुझ्न पाऊँ' भनेर आफ्नो अनुरोध एउटा प्रार्थना तुल्याउनुहोस् ! यस कुरामा तपाईंको अभिप्राय र गम्भीरता प्रमुख छ, महत्त्वपूर्ण छ; किनभने जुन कुरा हामी खोजी गर्छौं, त्यो कुरा हामी भेट्टाउनेछौं । जीवनको सम्बन्धमा यो एउटा सामान्य नियम हो ।

सुनचाँदी आदि खनिज पदार्थको खोजीमा जमिनमा सुरुङ खनेर खानीको काम गर्नेहरूले जति मेहनत गर्छन्, अथवा गाड़धनको खोजमा जति परिश्रम गर्नुपर्छ, ठीक त्यस्तै हामीले ईश्वरीय ज्ञान र समझको खोजीमा मेहनत र परिश्रम देखाउनुपर्छ । तर दुःखलाग्दो कुरा के हो भने, मानिसहरूले प्रायः आत्मिक धन प्राप्त गर्नुभन्दा भौतिक धन हासिल गर्न बढ़ी जोश देखाउँदा रहेछन् ।

**हितोपदेश २ः५ः** तर खोज्नेले भेट्टाउनेछ; यसमा कुनै शङ्का छैन । यसकारण प्रभुसित घनिष्ठ सम्बन्धमा आउने कोशिश गर्नुहोस्, र परमेश्वरलाई राम्ररी चिन्न सकभर प्रयास गर्नुहोस् ! किनभने यस्ताहरू कहिल्यै, अँ, कहिल्यै विफल हुनेछैनन्, निराशमा पर्नेछैनन् । यसकारण होला, शुरुको मण्डलीको अगुवाजनले यसो भनेः 'जसले परमेश्वरको खोजी गर्छ, उसैले उहाँलाई अवश्य भेट्टाउनेछ, उसको भेट्टाउने प्रयास भेट्टाएको जत्तिकै छ ।' हे भाइबहिनीहो, ख्रीष्ट येशूमाथि विश्वास गर्नुहोस्, र उहाँले तपाईंलाई पिता चिन्नाइदिनुहुन्छ । ख्रीष्ट येशूलाई चिन्ने प्रयास गर्नुहोस् ! किनभने जसले ख्रीष्ट येशूलाई चिनेको छ, उसैले परमेश्वरलाई चिनेको छ ।

**हितोपदेश २ः६ः** ख्रीष्ट येशूमाथि विश्वास गरेर हामीले मुक्ति पाएका छौं । त्यसपछि हामी परमप्रभुबाट दिव्य बुद्धि सिक्ने ठीक स्थितिमा छौं । उहाँले हामीलाई सही प्रकारले विचार गर्न सिकाउनुहुन्छ । उहाँले हामीलाई मूल्यवान् र साधारणको बीचमा, सत्य र झूटको बीचमा खुट्ट्याउने सीप दिनुहुन्छ । तब हाम्रो आत्मिक अन्तर्दृष्टि र समझ विकसित हुँदै जान्छ ।

**हितोपदेश २ः७ः** उहाँसँग खाँटी बुद्धिको ठूलो भण्डार छ, सीधा चाल चल्नेहरूलाई दिनको निम्ति; अनि विशेष सत्यनिष्ठ हुनेहरूको निम्ति उहाँ सुरक्षाको ढाल हुनुहुन्छ ।

**हितोपदेश २ः८ः** नैतिकताले पूर्ण एउटा शुद्ध जीवन जिउनुहोस् ! तब उहाँले तपाईंका बाटोहरू रक्षा गर्नुहुन्छ । उहाँको पवित्र जन हुनुहोस्, तब पापको मार्गमा पाइरहने दुःख-कष्ट र तीतोपनबाट तपाईं मुक्त हुनुहुनेछ । श्री नोक्सले यसो भनेका छन्ः 'परमेश्वरका चुनिएका मित्रहरूले सकुशलतासाथ आउ-जाउ गर्छन् ।'

**हितोपदेश २ः९ः** यस पदको जोड़ी हितोपदेश २ः५ पद हो; किनभने यी दुवै पदहरू 'तब' भन्ने शब्दबाट शुरु गर्छन् र इमानदारपूर्वक परमेश्वरको ज्ञानको खोजी गर्ने मानिसले के-के आशिषहरू प्राप्त गर्छ, सो कुराको सूचि पेश गर्छन् ।

जुन मानिसले उत्सुकतासाथ परमेश्वरको इच्छा जान्न र पालन गर्न चाहन्छ, त्यस मानिसले सठीक व्यवहार गर्न सिक्छ, निष्पक्ष हुन र न्यायी हुन सिक्छ, सच्चा हुन सिक्छ, अँ, अन्तमा हरेक असल मार्गमा हिँड्न जान्दछ। उसले सठीक बाटो छानेको र भेट्टाएको छ।

**हितोपदेश २:१०:** यसको खास कारण के हो? उसको हृदय र मन ईश्वरीय बुद्धिको नियन्त्रणमा रहेको छ। सही के हो, सो कुराको ज्ञानले उसलाई आनन्द दिन्छ, यसमा उसको निम्ति नमीठो केही पनि छैन। ख्रीष्ट-विश्वासीको निम्ति परमेश्वरका आज्ञाहरूमा झिजो मान्नुपर्ने केही पनि छैन। ख्रीष्ट येशूको जुवा सजिलो र उहाँको भारी हलुका छ।

**हितोपदेश २:११:** विवेकले बुद्धिमान् निर्णयहरू गर्न मद्दत गर्छ। एउटा असल विवेक कायम राख्दा त्यसले हामीलाई धेरै हानिकारक कुराहरू र व्यर्थ घुमफिरहरूबाट जोगाउँछ। अनि खाँटी समझचाहिँ? त्यसले हामीलाई दुष्ट मानिसहरूको कुसङ्गतबाट बचाउँछ। आत्मिक, नैतिक र शारीरिक खतराहरू अनेक छन्, अनि हामी दिनदिनै यसका हजारौं खतराहरूबाट सुरक्षित रहेका छौं, यसको साध्य छैन। ख्रीष्ट-विश्वासीको जीवन परमेश्वरको सुरक्षाको घेराभित्र छ; किनभने हामी संसारमा किसिम-किसिमको खराब अभिलाषाद्वारा पैदा भएको भ्रष्टताबाट उम्केका छौं।

**हितोपदेश २:१२:** दुष्ट मानिसहरूको सँगत र सहभागिताबाट हामी बाँचेका छौं (हितोपदेश २:१२-१५); अँ, व्यभिचारी आइमाईको अङ्गालोबाट हामी उम्केका छौं (हितोपदेश २:१६-१९)।

पहिले हामी सत्यता टेढ़ामेढ़ा पार्ने र सबै कुरामा सधैं गलत अर्थ लगाउने भक्तिहीन मानिसहरूको दुनियाँबाट बाँचेका छौं। दुष्ट मानिसहरूको बोलीवचन भरपर्दो हुँदैन।

**हितोपदेश २:१३-१५:** ती मानिसहरूले सोझो हिँड्न सक्ने उज्यालो सड़क छोड़ेका छन्; किनभने तिनीहरूले अँध्यारा गल्ली-हरूमा हिँड्न मन पराएका छन्, जहाँ तिनी-हरूलाई, तिनीहरूको टेढ़ा चाल र तिनीहरूले गरेका अपराधहरू देखिँदैनन्।

तिनीहरूलाई खराबी गर्न क्या मज्जा लाग्छ, विवेकहीन पशुले जस्तै। तिनीहरूको पापले सबै कुरा उल्टापल्टा पारिदिन्छ, र पनि तिनीहरूलाई आनन्दैआनन्द लागेको छ। तिनीहरूले बाङ्गाटेढ़ा बाटोहरू अपनाउँछन्; किनभने तिनीहरूको व्यवहार धूर्त र कुटिल छ।

**हितोपदेश २:१६:** बुद्धिले हामीलाई उक्त दुष्ट, भक्तिहीन मानिसहरूको कुसङ्गतबाट बचाउँछ; यति मात्र होइन, तर यस बुद्धिले हामीलाई व्यभिचारी आइमाईको पन्जाबाट पनि बचाउँछ। यस पराई स्त्रीको अर्थ हामी अक्षरशः लिएर त्यसलाई व्यभिचारिणीको रूपमा हेर्न सक्छौं, कि त त्यसलाई हामीलाई सङ्केतात्मक रूपमा लिएर झूटो धर्म वा भक्तिहीन संसार सम्झन सक्छौं।

त्यसको दुष्ट युक्ति चिप्लो घस्नु हो। 'भाइ, तिमी आफ्नो घरपरिवारमा अवहेलित छौ, र तिमीले पाउनुपर्ने मान र इज्जत पाएका छैनौ। तिमी कति सुन्दर, कति रूपवान् छौ! तिमी कति सिपालु, कति ज्ञानी छौ! तर के गर्ने? मानिसहरूले तिमीलाई चिन्न सकेका छैनन्। तिमीलाई प्रेमको खाँचो छ, तर कसैले तिम्रो कुरा सुन्दैन, बुझ्दैन। म तिमीलाई प्रेम दिन्छु।'

**हितोपदेश २:१७:** त्यो परस्त्री आफ्नो जवानीको साथी अर्थात् आफ्नो लोग्नेप्रति अविश्वासी भएकी छे। त्यसले परमेश्वरको सामु बाँधेको आफ्नो विवाहको करार भुलेकी छे। हुन सक्छ, 'आफ्ना परमेश्वरको करार'को सन्दर्भ दस आज्ञाहरू पनि हुन्, विशेष गरी व्यवस्थाको सातौं आज्ञा सङ्केत गरिएको हुन

सक्छ, जहाँ यसो लेखिएको छः *'तिमीले व्यभिचार नगर्नू !'*

**हितोपदेश २ः१८ः** यस पदको पहिलो भाग यस प्रकारले अनुवाद गर्न सकिन्छः 'किनकि त्यसको घर तल मृत्युतिर ढल्किरहेको हुन्छ' अथवा आर.वी.ले गरेको अनुवादको दोस्रो सुझाउअनुसार 'त्यो मृत्युमा डुब्छे, जुनचाहिँ त्यसको खास घर हो।' तर यस पदको दोस्रो वाक्य विचार गर्दा, के.जे.वी. र एन.के.जे.वी.को अनुवाद सठीक भएको देखिन्छ, जहाँ यसो लेखिएको छः *'... र त्यसका बाटोहरू मृतकहरूकहाँ पुऱ्याउँछन् ।'* तब यी दुईवटा वाक्य जोड्दाखेरि निम्न अर्थ निस्कन्छः जति मानिसहरू व्यभिचारी आइमाईको घरमा पस्छन्, तिनीहरू चिहानतिर ओरालै-ओरालो गइरहेका छन्। त्यसका बाटोहरू मरेकाहरूकहाँ पुऱ्याउँछन्; यसर्थ त्यसको पछि लागेकाहरू चाँडै 'शेओल' नामक मरेका आत्माहरूको स्थान पुगिहाल्छन्। तर यस सम्बन्धमा यो विचार गर्नु पनि उचित देखिन्छः सबै मानिसहरू एक दिन मर्नुपर्छ; यसकारण यहाँ मृत्युको अर्थ केवल मर्नु मात्र हुनै सक्दैन; किनकि सबै मरणशील मानिसहरूको अन्त यही नै हो। तब यहाँ, यस ठाउँमा मृत्युको अर्थ नैतिक मृत्यु भएको हुनुपर्ला, जसको अन्त अनन्त मृत्यु हो।

**हितोपदेश २ः१९ः** त्यसको जालमा परेको मानिस उम्कन सक्दैन, यो असम्भव छ। यस पदको भाषा सुस्पष्ट छः *'त्यो कहिल्यै फर्केर आउँदैन ।'* यसकारण त्यस मानिसको निम्ति फर्केर आउने आशा छैन। तर पवित्र बाइबलका कतिपय कथनहरूको सम्बन्धमा यस्तो छः यी कथनहरूले कुनै सर्वमान्य नियम पेश गर्छन्, जसका थोरै अपवादहरू छन्। अनि यहाँ भन्न चाहेको तात्पर्य यो होः त्यसका गोपनीय भेदहरू जान्न थाल्ने मानिसको निम्ति फेरि सठीक बाटो पक्रन एकदम गाह्रो हो।

**हितोपदेश २ः२०ः** यस पदको जोड़ी हितोपदेश २ः११ पद हो। किनभने बुद्धिले हामीलाई दुष्ट मानिसहरू र व्यभिचारी आइमाईबाट मात्र जोगाउँदैन, तर यसको सकारात्मक प्रभाव यस्तो छः यसले हामीलाई यिनीहरूको सुसङ्गतमा ल्याउँछ, जसले असल र सठीक काम गर्छन्। यसबाट सुसङ्गत खोज्ने आश्वासन लिनुहोस् !

**हितोपदेश २ः२१-२२ः** मोशाको व्यवस्था-अन्तर्गत सीधा चालमा हिँड्ने, निर्दोष मानिसहरूको निम्ति कनान देशमा कुनै भूमि सुनिश्चित थियो; यो तिनीहरूको इनाम हुन्थ्यो। अनि नयाँ नियममा आएर यी भौतिक आशिषहरूले आत्मिक आशिषहरूको निम्ति आफ्नो ठाउँ छोड्नुपऱ्यो, जुन आत्मिक आशिषहरू पृथ्वीमा होइन, तर स्वर्गीय स्थानहरूमा छन्। तर यो तथ्य स्थिर रहेको छः धार्मिक चाल र शिष्टताले पूर्ण जीवनले यस युगमा इनामहरू पाउनेछ र आउने युगमा पनि इनामहरू प्राप्त गर्नेछ।

अनि दुष्ट मानिसहरूको विषयमा कुरा पनि सत्य ठहरिएको छः तिनीहरू आशिषको देशबाट नष्ट हुनेछन्; किनभने कपटी, विश्वासघाती मानिसहरूको निम्ति परमेश्वरको आशिषमा कुनै अधिकारको भाग हुनेछैन नै।

### ग) हितोपदेश ३ः१-१०ः बुद्धिका इनामहरू

**हितोपदेश ३ः१ः** असल बुबाआमाहरूले आफ्ना छोराछोरीहरूको भलाइ खोजे भने, बुद्धिले आफ्ना छोराछोरीहरूको निम्ति सबैभन्दा असल भाग्यको चाह गर्छ। अनि यो सुभाग्य प्राप्त गर्ने मार्ग आज्ञाकारिता हो। मानिसले बुद्धिका आदेशहरू पालन गर्नैपर्छ। यस भनाइको अर्थ पवित्र धर्मशास्त्र बाइबलप्रति आज्ञाकारी हुनु हो। यसकारण बुद्धिले

आफ्नो छोरासित आग्रह गरेको छः 'मेरो अर्ती मनमा राख र आफ्नो हृदयले मेरा आज्ञाहरू मान्दै जाऊ !'

**हितोपदेश ३ः२ः** यसको सिलसिलामा सामान्य नियम यस्तो छः जो आफ्ना बुबाआमाको अधीनतामा रहन्छ, उसको आयु लामो र उसको जीवन सुखी हुन्छ। जसले बुबाआमाको अनुशासनतिर आफ्नो लात हान्छन्, तिनीहरूले रोगबिमार, दुर्घटना, शोकले पूर्ण दुःखद घटनाहरू र अकालको मृत्यु निम्त्याउँछन्। यसकारण यस पदको जोड़ी प्रस्थान २०ः१२ पद हो, जहाँ पाँचौं आज्ञा यसरी उल्लेख गरिएको छः *'आफ्ना बुबा र आफ्नी आमाको आदर गर, र जुन देश परमप्रभु तिम्रा परमेश्‍वरले तिमीलाई दिनु-हुन्छ, त्यस देशमा तिम्रो आयु लामो होस् !'* यस प्रतिज्ञाअनुसार बुबाआमालाई आदर गर्ने मानिसको आयु लामो हुने रहेछ। यस विषयमा श्री जेय एडम्सले यसो लेखेका छन्ः

> 'पवित्र बाइबलको शिक्षा सुस्पष्ट छः मनको शान्ति लामो सुखी जीवनको निम्ति अनिवार्य हो, अनि यो मनको शान्ति परमेश्‍वरका आज्ञाहरू पालन गरेको फल हुँदो रहेछ। एउटा हामीलाई सधैं दोष्याउने विवेकचाहिँ हामीले बोक्‍न नसक्ने गह्रौं भारी हुन्छ, जसले हामीलाई बिमारी पार्छ। तर लामो आयु र शरीरको स्वाथ्र्यको निम्ति एउटा असल विवेक महत्त्व-पूर्ण हुन्छ। अनि केही हदसम्म भन्न सकिन्छः शरीरको स्वास्थ्य आत्माको स्वास्थ्यको फल हो। परमेश्‍वरप्रतिको व्यवहार र त्यस मानिसको शरीरको स्वास्थ्यको बीचमा मनोदैहिक सम्बन्ध रहेको छ भन्ने कुरा भौतिकीय विज्ञानको सुस्थापित नियम हो।' 6)

**हितोपदेश ३ः३-४ः** कृपा र सत्यताचाहिँ हाम्रो व्यवहारबाट देख्न सक्नुपर्छ; किनभने हामीले कृपा र सत्यता आफ्नो गलामा बाँध्नुपर्छ। तर कृपा र सत्यता हाम्रो मनको सिद्धान्त पनि हुनुपर्छ; किनकि कृपा र सत्यता हामीले आफ्नो हृदयको पाटीमाथि लेख्नुपर्छ।

परमेश्‍वर र मानिसहरूको दृष्टिमा निगाह र मान-मर्यादा प्राप्त गर्ने तरिका यही हो। यहाँ, यी पदहरूमा भन्न खोजेको तात्पर्य के हो भने, परमेश्‍वरको इच्छा केन्द्रित जिउनुहोस् ! तब निस्सन्देह सन्तुष्टिले पूर्ण जीवन तपाईंको हुनेछ; यसमा शङ्का छैन। तर आफ्नो जीवनको सम्बन्धमा परमेश्‍वरको इच्छा कसरी जानिन्छ ? यसको उत्तर हामी निम्न दुईवटा आदर्श-पदहरू पाउँछौं।

**हितोपदेश ३ः५ः** पहिले हामीले आफूलाई हाम्रो आत्मा, प्राण र शरीर प्रभुकहाँ समर्पण गर्नुपर्छ। हामीले उहाँमाथि विश्‍वास र भरोसा गर्नुपर्छ, मुक्ति पाउनलाई। अनि आफ्नो जीवनमा उहाँको मार्गदर्शन र अगुवाइ पाउन हामीले उहाँमाथि भरोसा गर्नुपर्छ। अनि हाम्रो यो समर्पण पूर्ण हुनुपर्छ; हामीले यो समर्पण फिर्ता लिन पाउँदैनौं।

दोस्रो कुराः हामीले आफूमाथि भरोसा गर्नुहुँदैन; किनभने आफ्नो जीवनको निम्ति कुन कुरा सर्वोत्तम हो, सो हामी जाँदैनौं। यसकारण हामी आफ्नो जीवनको चालक हुनुहुँदैन। हामी यसको निम्ति सक्षम छैनौं। यर्मियाले यो कुरा यसरी व्यक्त गरेः *'हे परमप्रभु, म जान्दछु, कि मानिसको चाल त्यसको हातमा छैन; हिँड़िरहेको मानिसले आफ्ना पाइलाहरू सुव्यावस्थित गर्न त्यसको हुँदै होइन'* (यर्मिया १०ः२३)।

**हितोपदेश ३ः६ः** अन्तमा, हामीले आफ्नो जीवनमाथि ख्रीष्ट येशूको प्रभुत्व स्वीकार गर्नुपर्छ; हामीले आफ्ना सबै मार्गहरूमा उहाँलाई मान्नुपर्छ। हाम्रो जीवनको हरेक क्षेत्र उहाँको नियन्त्रणमा रहनुपर्छ। हाम्रो इच्छा होइन, तर उहाँको इच्छा पूरा हुनुपर्छ। यसकारण परमेश्‍वरको इच्छा जान्नु र उहाँको इच्छा पूरा गर्नु हाम्रो एकमात्र चाहना हुनु छ।

यी तीनवटा सर्त पूरा भए भने परमेश्वरको प्रतिज्ञा हाम्रो हुनेछः उहाँ हामीले हिँड्नुपर्ने बाटोहरूको सम्बन्धमा हाम्रो मार्गदर्शन गर्नुहुन्छ। उहाँले पवित्र बाइबलको कुनै वचन प्रयोग गरेर र आफ्ना भक्त जनहरूको सल्लाह लिएर यसो गर्नुहुन्छ, कि त उहाँले परिस्थिति-हरूको अद्‌भुत मिलनद्वारा यसो गर्नुहुन्छ, अथवा आत्माको शान्तिद्वारा हामीलाई अगुवाइ गर्नुहुन्छ। अनि कहिलेकाहीं उहाँले हाम्रो मार्गदर्शनको निम्ति यीमध्ये कति तरिका संयुक्त रूपले प्रयोग गर्नुहुन्छ। तर हामीले परमेश्वरको अगुवाइ पाउन पर्खन सक्नुपर्छ; तब उहाँको मार्गदर्शन सुस्पष्ट हुन जान्छ। यस प्रकारको प्रत्यक्ष अगुवाइ इन्कार गरे यो हाम्रो अनाज्ञाकारिता ठहरिनेछ; यो निश्चित छ।

**हितोपदेश ३ः७-८ः** हाम्रो घमण्ड र मिथ्याभिमानले परमेश्वरबाट मार्गदर्शन पाउने कुरामा पूर्णविराम लगाइदिन्छ। हामीले परमप्रभुको भय मान्नुपर्छ र खराबीबाट अलग बस्नुपर्छ; तब हाम्रो बाटो सुगम र हाम्रो काम सफल हुनेछ। हाम्रो शरीरको स्वास्थ्यको मन्त्र यही हो; हाम्रा हड्डीहरू पुष्टि पाई क्या बलिया हुनेछन्! यहाँ फेरि एकपल्ट यो कुरा प्रत्यक्ष छ, कि हाम्रो आत्मिक र नैतिक अवस्थामा हाम्रो शरीरको स्वास्थ्य निर्भर गर्दो रहेछ।

यो एउटा अनुमान गरिएको कुरा होः साठी प्रतिशत अर्थात् दस भागको छ भाग रोगहरू डर, शोक, डाहा, रिसराग, घृणा, दोष र अन्य मानसिक तनाउहरूको फल रहेछन्। यस सूचिमा मद्यपान थपिन्छ भने, अनि धूम्रपान अझै जोड़िन्छ भने, र व्यभिचार समावेश गरिन्छ भने हालत केकसो होला? मद्यपानले कलेजो सिरोसिस नामक क्यान्सर पैदा गर्छ भने, धूम्रपान वातका रोगहरू, क्यान्सर र मुटुका रोगहरूको मूलकारण मानिन्छ भने, व्यभिचार र अनैतिक यौन-सम्बन्धबाट मैथुन सम्बन्धी रोगहरू र एड्सजस्तै घातक रोग आउँछन्। तब हामी महसुस गर्छौंः 'ओहो, उहाँले हाम्रा पथहरू के राम्रोसँग मिलाउनु-भएको छ; किनभने उहाँले हाम्रा बाटोहरू कति सम्मा, कति सुगम र कति सीधा तुल्याउनुहुँदो रहेछ।' उहाँले मार्गदर्शन गर्ने प्रतिज्ञा यस प्रकारको पो छ। राजा सुलेमानले आत्माको प्रेरणा पाएर चिकित्सा विज्ञानको कुरा गरेछन् यहाँ, जुन कुरा बल्ल हाम्रो जमानामा पत्ता पाइयो।

**हितोपदेश ३ः९ः** हामीले ख्रीष्ट येशूलाई आफ्नो जीवनमाथि प्रभुत्व दिएको कुरा हामी कसरी प्रकट गरौं? यसको निम्ति एउटा तरिकाचाहिँ हाम्रो धनसम्पत्तिद्वारा नै हो। के हामी उहाँका असल भण्डारी हौं? किनभने हामीसँग भएको सबै धनसम्पत्ति उहाँकै हो। हामी उहाँका भण्डारी हौं। हाम्रो जिम्मामा लगाइएको सम्पत्तिको लेखा हामीले उहाँलाई एक दिन दिनुपर्छ। यसकारण आफ्नो जीवनको स्तर छान्न पाउनु आफ्नो सौभाग्य सम्झनुहोस्! तब एउटा साधारण जीवन-स्तर छान्नहोस्, र बाँकी सबै रकमहरू परमेश्वरको काममा लगाउनुहोस्! उहाँलाई तपाईंको भविष्यको निम्ति फिक्री गर्न दिनुहोस्! आउनुहोस्, हामी श्री डेविड लिविङस्टन-जस्तै हौं, जसले आफूसँग भएको हरेक कुरा परमेश्वरको राज्यको दृष्टिकोणले हेर्ने गर्थे।

**हितोपदेश ३ः१०ः** पुरानो नियमको समयमा उदारचित्तले दान दिने यहूदीका ढुकुटीहरू टन्न भरिने र त्यसका कोलहरू दाखरसले भरिएर पोखिने प्रतिज्ञा दिइएको थियो। तर हाम्रो निम्ति प्रभुका आशिषहरू आत्मिक हुन्छन्। यसो भए पनि नित्य रहने तथ्य यो होः हामीले दिने कुरामा हाम्रा प्रभुलाई कहिल्यै उछिनेर जित्न सक्दैनौं। उहाँजस्तो उदारचित्त अरू को होला र?

### घ) हितोपदेश ३ः११-२०ः बुद्धिको प्राप्ति-बाट हुने लाभ

**हितोपदेश ३ः११-१२ः** उहाँको अनु-शासनको अधीनमा बसेर नै परमेश्वरको

प्रभुत्व स्वीकार गर्ने दोस्रो तरिका हो । उहाँको अनुशासनमा हामी प्रायः ताड़ना र सजाय मात्र देख्न खोजेका छौं, तर यो गलत हो। किनभने उहाँको अनुशासनअन्तर्गत शिक्षा, चेताउनी, प्रोत्साहन, सल्लाह, अर्ती, ताड़ना र हप्की आदि कुरा छन् । अनुशासनमा नानीलाई हुर्काउने तालिममा जेजति चाहिएको सबै कुराहरू समावेश हुन्छन्। यसकारण बुझ्नुहोस्ः परमेश्वरले हाम्रो जीवनमा जे आइपर्न दिनुहुन्छ, यी सबै कुराहरूमा अर्थ र उहाँको उद्देश्य छ । यसकारण हामीले यसको तुच्छ ठान्ने र हेला गर्ने काम नगरौं । हामीले उहाँको अनुशासनबाट हरेस खानुहुँदैन, हताश हुनुहुँदैन। तर हाम्रो एकमात्र चिन्ता यो हुनुपर्छः यस अनुशासनद्वारा परमेश्वरको उद्देश्य पूरा भएको होस्! यसैबाट हाम्रो सर्वोच्च लाभ हुनेछ। परमेश्वरले हाम्रो जीवनमा अपनाउनुभएका अनुशासन गर्ने तरिकाहरूको विषयमा उहाँको उद्देश्यको निशानचाहिँ हाम्रो पवित्रता हो; हामी उहाँको पवित्रतामा सहभागी हुनुपर्छ ।

उहाँको अनुशासनचाहिँ उहाँ हामीसित रिसाउनुभएको चिन्ह होइन, तर उहाँको प्रेमको चिन्ह, उहाँको प्रेमको प्रमाण हो। उहाँबाट पाएको ताड़नाचाहिँ हामीले उहाँको छोराछोरी भएको प्रमाण ठान्नुपर्छ (हिब्रू १२ः६-८)। किनकि किसानले दाखको बोट छाँटकाँट गर्छ, काँड़ाको झ्याङ होइन ।

**हितोपदेश ३ः१३ः** बुद्धि भेट्टाउने मानिस धन्यको हो ! अनि यो बुद्धि प्रभु येशू आफै हुनुहुन्छ भन्ने कुरा याद गर्दा उहाँलाई भेट्टाउने मानिस परमधन्य हुन्छ; किनभने हितोपदेशको पुस्तकमा बुद्धिचाहिँ उहाँको घुम्टो हालिएको प्रदर्शन हो। यसकारण आउँदा पदहरूमा बुद्धिको सट्टामा ख्रीष्ट येशू पढौं र हेरौं, यसको नतिजा के निस्कन्छ ?

**हितोपदेश ३ः१४ः** सुन र चाँदी पाएर हामीलाई जति लाभ हुन्छ, त्योभन्दा बढ़ता, अधिक र अपार लाभ प्रभु येशूलाई चिन्नुमा छ। जुन आशिष उहाँले हामीलाई दिनुहुन्छ, त्यो आशिष पैसाले किन्न सकिँदैन ।

म त येशूलाई चाहन्छु, सुन-चाँदी चाहन्नँ,
म त उनको हुन्छ, धन-अगाध चाहन्नँ,
म त येशूलाई चाहन्छु, धन-जमिन चाहन्नँ,
येशूको डोऱ्याइमा खुशी छु जिउन ।

विशाल राज्यको राजा हुनुभन्दा,
पापको बन्धनमा जिउनुभन्दा,
म त येशूलाई चाहन्छु, चाहन्नँ अरू केही,
त्याग्छु जगतका सबै ।

श्री चर्च बेबेर्ली शे

**हितोपदेश ३ः१५ः** उहाँ लालमणिहरूभन्दा मूल्यवान् हुनुहुन्छ, अँ, उहाँ जुनै हिरा-मोतीभन्दा पनि बहुमूल्य हुनुहुन्छ। पृथ्वीमा भएको बहुमूल्य थोकहरूमध्ये कुनचाहिँ चीज होला, जसको चाहना उहाँको भन्दा बढ़ी गर्न सकिन्छ ? यस्तो कुनै थोकै छैन ।

**हितोपदेश ३ः१६ः** उहाँले हामीलाई लामो आयु मात्र कहाँ दिनहुन्छ र? एक हातले उहाँले हामीलाई अनन्त जीवन दिनुहुन्छ, अनि अर्को हातले आत्मिक धनसम्पत्ति र सम्मान दिनुहुन्छ ।

**हितोपदेश ३ः१७ः** उहाँका सबै मार्गहरू मनोहर हुन्छन् र उहाँका सबै पथहरू शान्ति हुन्छन्। श्री नोक्सको भाव-अनुवाद यस प्रकारको छः 'जहाँ उहाँ डोऱ्याउनुहुन्छ, त्यहाँ हाम्रो यात्रा सुखद हुन्छ; जहाँ उहाँको अगुवाइले बाटो देखाउँछ, त्यहाँ शान्ति, केवल शान्ति हुन्छ।'

**हितोपदेश ३ः१८ः** जस-जसले उहाँलाई पक्रिराख्छन्, तिनीहरूको निम्ति उहाँ जीवनको रूख बन्नुहुन्छ, जसको फल जिउन लायकको छ। जस-जसले उहाँसित नजिकको सम्बन्ध राख्छन् र उहाँको नियन्त्रण रहन्छन्, तिनीहरू धन्यका हुन्छन् ।

**हितोपदेश ३ः१९-२०ः** यी दुईवटा पद-हरूले सृष्टिको उत्पत्ति हुँदा, न्याय गर्दा र

प्रबन्ध गर्दा प्रयोगमा लगाइएको परमेश्वरको बुद्धि वर्णन गर्छन्। सृष्टिको उत्पत्ति हुँदा उहाँले पृथ्वीको जग बसाल्नुभयो र आकाश स्थापित गर्नुभयो। जलप्रलयको समयमा उहाँले गहिरा सागरका मुहान्हरू खोल्नुभयो र यस कुरामा समझशक्ति देखाउनुभयो। अनि आफ्नो प्रबन्धअनुसार उहाँले समुद्रको पानीबाट बाफ उठाउनुहुन्छ र यस बाफबाट बादलहरू बन्छन्, जुन बादलहरूबाट पृथ्वीमाथि पानी पर्छ।

अनि यी सबै कुराहरू गर्दा त्रिएक परमेश्वरको कुनचाहिँ व्यक्ति कार्यरत हुनुहुन्छ? यो ख्रीष्ट येशू हुनुहुन्छ, जो परमेश्वरको बुद्धि स्वयम् हुनुहुन्छ (यूहन्ना १:३, कलस्सी १:१६ र हिब्रू १:२)।

### ङ) हितोपदेश ३:२१-३५: बुद्धिको व्यवहार

**हितोपदेश ३:२१:** जुन बुद्धिले सृष्टिको रचना गर्नुभयो र ब्रह्माण्ड सम्हालिराख्नुभयो, त्यही बुद्धिचाहिँ हाम्रा शिक्षकको रूपमा पाउनु हाम्रो ठूलो सौभाग्य हो। यसकारण खाँटी बुद्धि र विवेकमाथि हामीले सदैव मध्यनजर राख्नुपर्छ।

**हितोपदेश ३:२२-२४:** यी दुवै कुराहरू हामीभित्र हाम्रो जीवन-शक्ति र बाहिर देखिने हाम्रो सुन्दरताको स्रोत हुन्छन्। 'तिम्रो प्राणको निम्ति जीवन र तिम्रो गलाको निम्ति शोभा' भन्ने वाक्यको अर्थ यही हो।

खाँटी बुद्धि र विवेकले हामीलाई सुरक्षासाथ हिँड्ने तुल्याउँछन्। तब ठेस खाएर हामी लोट्नुपर्दैन र छिप्लेर लड्नुपर्दैन।

यी दुईवटा कुराहरूले हामीलाई मीठो निद्रा दिन्छन्; किनकि हामी दोष्याउने विवेक र मनको शोकचिन्ता र डरदेखि मुक्त हुन्छौं।

**हितोपदेश ३:२५:** खाँटी बुद्धि र विवेकले हामीलाई अचानक दुष्ट मानिसहरूमाथि परिआउने भयदेखि बचाइराख्छन्। भक्तिहीन मानिसहरूको समृद्धि डाहा नगर्नुहोस्! किनभने भक्तिहीन जीवन खतरा छ; निम्न जोखिमहरू त्यसको अन्तरङ्ग भाग हुन्, जस्तै लुटपिट, अत्याचार, चोरी, प्रतिशोध, घूस, मानहानि, अपहरण र हत्या आदि।

**हितोपदेश ३:२६:** परमप्रभुले उहाँका मार्गहरूमा हिँड्नेहरूलाई रक्षा गर्नुहुन्छ। उहाँले हाम्रो पाइलो पासोमा टेक्न दिनुहुन्न। हामीले आफ्नो जीवनमा परिस्थितिहरूमाथि परमेश्वरको अचम्मको हस्तक्षेप र अद्भुत छुटकारा घरिघरि महसुस गर्छौं; तर वास्तवमा हाम्रो जानकारीमा आएका हाम्रो पक्षमा काममा लगाइएका यी दिव्य कार्यवाहीहरू त हिमशैलको सानो टुप्पा मात्र हुन्। हामी कति धेरै कुराहरूबाट जोगियौं र किन जोगियौं, त्यो सबै एक दिन पूरा प्रकट हुनेछ।

**हितोपदेश ३:२७:** यस खण्डमा प्रयोग गरिएका निषेधाज्ञाहरू याद गर्नुहोस्! (हितोपदेश ३:२७-३१), जस्तैः *'भलाइ गर्नदेखि पछि नहट … नभन … नरच … झगड़ा नगर … डाहा नगर … नचुन !'*

**क)** *भलाइ गर्नदेखि पछि नहट !* जसको भलाइ गर्नु छ, तिनीहरूको भलाइ गर्नदेखि हामी पछि हट्नुहुँदैन, जब यसो गर्ने शक्ति हाम्रो हातमा छ भने। यस निषेधाज्ञाको सन्दर्भ कामदारलाई दिनुपर्ने ज्याला, तिर्नुपर्ने ऋण वा हामीले पैंचो गरेका सरसामान हुन सक्छ, जुन सरसामान हामीले फिर्ता दिनुपर्छ।

तर यस आज्ञाको अर्थ हामी यतिमा सीमित नराखौं। हामी कसैबाट, जसलाई यसको हक छ, कहिल्यै कुनै भलाइ वा कल्याण-सेवा रोकिराख्नुहुँदैन। यो आदेश किन यहाँ दिइएको छ? किनभने परमेश्वरको सठीक सम्बन्ध कायम राख्नुचाहिँ अधिक हाम्रो ध्यानको केन्द्र बन्न सक्छ, यहाँसम्म कि हामी अरू मानिसहरूप्रति हाम्रो जिम्मेवारी बेवास्ता गरेका हुन्छौं (याकूब ४:१७)।

**हितोपदेश ३:२८:** भाइबहिनीहो, आफ्नो छिमेकीको खाँचो आज पूरा गर्नुहोस्, भोलिसम्म कुरा नटार्नुहोस्! मेरो छिमेकी को होला? मेरो सहायताको खाँचो परेको जो पनि मेरो छिमेकी ठहरिएको छ। अनि मेरो छिमेकीको प्रमुख खाँचो के हो? उसले मुक्तिको सुसमाचार सुन्नुपर्छ। पवित्र आत्माले मलाई बोझ दिनेबित्तिकै मैले त्यस व्यक्तिलाई साक्षी सुनाउनैपर्छ। भोलि ढिलो हुन सक्छ। हामीले कहिल्यै आत्माको प्रेरणाको विरोध गर्नुहुँदैन, तर तुरुन्तै मान्नुपर्छ।

**हितोपदेश ३:२९:** आफ्नो छिमेकीलाई प्रेम गर्नेले उसको विरोधमा कुनै खराबी रच्दैन; किनभने ऊ ढुक्कै हामीसँग बसिरहेको छ र हामीप्रति कुनै शङ्का गर्दैन। तब हामी ऊसित तुच्छ व्यवहार कसरी गरौं? ऊसित रूखो कसरी बोलौं? निन्दा गरौं कसरी? हामी ऊसित झगड़ा नगरौं, ईर्ष्या र इबी पनि नगरौं! उसप्रति कठोर नबनौं र बदला लिने कुरा छोड़ौं!

**हितोपदेश ३:३०:** 'बिनसित्ति कसैसित झगड़ा नगर! त्यसले तिमीलाई कुनै गल्ती गरेकै छैन।' यो हाम्रो निम्ति परमेश्वरको चेताउनी हो। संसारमा रगड़ाझगड़ा प्रशस्त भइसके; यसमा एउटा पनि थप्नुपर्दैन। के हामी अझै झगड़ा मच्चाउने? यसको निम्ति कुनै आवश्यकता छैन।

**हितोपदेश ३:३१-३२:** अत्याचारीको सफलता तुरुन्तै भएको जस्तै देखिन्छ। तर हामीले त्यसलाई त्यसको प्रगतिको खातिर डाहा गर्नुहुँदैन, झन् त्यसको कुनै चाल अपनाउनुहुँदैन। किनकि परमप्रभुले टेढ़ा मानिसलाई घृणा गर्नुहुन्छ, तुच्छ ठान्नुहुन्छ र चीं‍चीं-दूरदूर गर्नुहुन्छ। तर जो इमानदार र सच्चा छन्, तिनीहरू उहाँका प्रिय हुन् र तिनीहरूसँग उहाँले घनिष्ठ सम्बन्ध राख्नुहुन्छ (यूहन्ना १४:२३)।

**हितोपदेश ३:३३:** परमेश्वरको तिरस्कारको पात्र हुनु वा उहाँसितको घनिष्ठ सम्बन्ध उपभोग गर्नु, उहाँको श्राप वा उहाँको आशिष पाउनु – हाम्रो सामु चुनोट यस प्रकारको छ। दुष्टको घरमाथि कालो बादल बिसाउँछ भने, धर्मी जनको घरमाथि परमेश्वरको निगाहरूपी घाम लाग्दैछ।

**हितोपदेश ३:३४:** यस पदमा पनि हाम्रो सामु यो चुनोट राखिएको छः परमेश्वरको गिल्ला खानुपर्ने हो कि उहाँको निगाह उपभोग गर्नु। किनभने *'उहाँले गिल्ला गर्नेहरूलाई गिल्ला गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह दिनुहुन्छ।'* यो चुनाउ कति महत्त्वपूर्ण हो! यो कुरा नयाँ नियममा दुईपल्ट यो पद उद्धृत गरेकोबाट थाहा लाग्छ (याकूब ४:६; १ पत्रुस ५:५)।

**हितोपदेश ३:३५:** अन्तमा हामीले आदर र शर्मको बीचमा छान्नुपर्छ। किनभने बुद्धिमान् मानिसहरू आदरका हकदार हुनेछन्, तर मूर्ख मानिसहरू शर्मको पात्रको रूपमा सुपरिचित हुनेछन्।

### च) हितोपदेश ४:१-९: बुद्धि परिवारको धन हुनुपर्छ

**हितोपदेश ४:१:** राजा सुलेमानले हितोपदेश ४:१-९ पदको खण्डमा त्यो खाँटी शिक्षा दोहोऱ्याउँछन्, जुन शिक्षा तिनी आफैले आफ्ना बुबाबाट पाएका थिए। तिनले आफ्ना छोराछोरीहरूलाई साँचो बुद्धि, साँचो समझ, साँचो अन्तर्दृष्टि पाउने सकभर चेष्टा गर भन्ने आग्रह गर्छन्। हितोपदेशको पुस्तकभरि जवान भाइबहिनीहरूलाई प्रशस्त अर्तीहरू हालिएका छन्: 'हे छोराहरू, हे छोरीहरूहो, तिमीहरूले बुद्धिमान् बुबाको शिक्षा ध्यानसित सुन, र सुनेर ग्रहण गर।'

**हितोपदेश ४:२:** वृद्ध भक्त जनहरूसँग सङ्गत कायम राखेकोबाट हामीलाई ठूलो फाइदा छ। हामीले तिनीहरूबाट धेरै कुराहरू

सिक्न सक्छौं; किनभने धेरै वर्षभित्र प्राप्त गरिएको तिनीहरूको लाभदायक अनुभव छ। यसकारण तिनीहरूको असल शिक्षा हामीले ग्रहण गर्नुपर्छ र कुनै हालतमा पनि बेवास्ता गर्नुहुँदैन।

**हितोपदेश ४:३:** राजा सुलेमानले आफ्नो जीवनको त्यही समयमा फर्केर कुरा गर्छन्, जब तिनी आफ्ना बुबाको छोरा र आफ्नी आमाको एकमात्र प्रिय पुत्र थिए। तिनी आफ्नी आमाको एकमात्र छोरा थिएनन्, तर तिनी आफ्नी आमाको एकमात्र *प्रिय* पुत्र पो थिए; किनभने अक्षरशः 'मेरी आमाको दृष्टिमा एकमात्र छोरा' भन्ने वाक्यको अर्थ यही हुनुपर्ला, जसरी श्री नोक्सले भाव-अनुवाद गरेका छन्ः 'मेरी आमाको लालित प्रेम-पात्र।'

**हितोपदेश ४:४:** राजा दाऊद सुलेमानको पिता थिए, जसले तिनलाई 'मेरा वचनहरू पालन गरेर बाँच' भन्ने असल सल्लाह दिएका थिए। तिनले एउटा जिउन लायकको जीवन व्यतीत गर्नुपरेको थियो। दाऊदले तिनलाई दिएको शिक्षाको सार हितोपदेश ४:४[ख]-९ पदको खण्डमा संक्षिप्त रूपले दिइएको छ।

**हितोपदेश ४:५-६:** सुलेमानले बुद्धि र समझ पाऊन् – उनको एकमात्र चिन्ता थियो; किनकि तिनले परमप्रभुको निम्ति जिउनुपरेको थियो। सुलेमानले अरू जेजस्तो गरे पनि तिनले यो कुरा बिर्सनुहुँदैनथियो। किनभने परमेश्वरको निम्ति जिएको जीवन मात्र योग्य जीवन गनिन्छ।

**हितोपदेश ४:७:** बुद्धि प्राप्त गर्ने पहिलो कदम यस प्रकारको छः हामीले बुद्धि पाउने संकल्प गर्नुपर्छ। यो हाम्रो एकमात्र लक्ष्य हुनुपर्छ। हामी जुन कुराको खोजमा छौं, त्यो पाउँदछौं। हामीले सकेसम्म, भ्याएसम्म, जस्तो भए पनि बुद्धि पाउनैपर्छ; अनि यही सिलसिलामा हामी समझ र विवेक पाउँदै जानेछौं। यसको मतलब यही हो, कि हामीले असल र खराबको बीचमा, अँ, असल र सर्वोत्तमको बीचमा खुट्ट्याउन सिक्नुपर्छ। हामीले मानस र आत्माको बीचमा, मानसिक र आत्मिक कुरा, लौकिक र अनन्त कुराको बीचमा छुट्ट्याउन सक्नुपर्छ।

**हितोपदेश ४:८:** बुद्धिलाई प्रथम स्थान दिनुहोस्, र यसले तपाईंको पदोन्नति गर्छ-गर्छ। बुद्धिलाई प्रेम गरेर आफ्नो अँगालोमा हाल्नुहोस्, र यसले तपाईंलाई आदरको स्थानमा पुर्‍याउँछ।

**हितोपदेश ४:९:** मोफ्फतले यो पद यसरी भाव-अनुवाद गरेका छन्ः 'यसले तिमीलाई मोहित पार्ने सौम्यदर्शन तुल्याउनेछ र तिमीलाई महिमाको मुकुट लगाइदिनेछ।' बुद्धिले आफ्ना छोराछोरीहरूलाई नैतिक सुन्दरता प्रदान गर्छ। अनि ठीक यसको विपरीत लम्पटता र व्यभिचारले ग्रस्त जीवन-जस्तै अमन लाग्ने घृणित कुरा केही छैन।

### छ) हितोपदेश ४:१०-२७: बुद्धि र दुईवटा बाटोहरू

**हितोपदेश ४:१०:** सुलेमानले यहाँसम्म आफ्ना बुबाको सल्लाह व्यक्त गरे। अब तिनी आफ्नो छोरासित कुरा गर्न र उसलाई आग्रह गर्न अघि बढ्दै जान्छन्। यस सम्बन्धमा सामान्य नियम यस्तो छः निर्दोष र शुद्ध मानिसको आयु लामो हुन्छ; तर यसमा अपवादहरू छँदैछन्। धूम्रपान, मद्यपान र लागू पदार्थहरू, साथै व्यभिचारका पापहरूचाहिँ सोझै रोगहरू र मृत्युसित संबद्ध हुन्छन्।

**हितोपदेश ४:११-१२:** जुन बुबाले आफ्नो छोरालाई बुद्धिको मार्ग सिकाए र जो उसको निम्ति असल नमुना बने, ती बुबा आनन्दित र कृतज्ञ हुन सक्छन्। तर शिक्षाको अभिन्न जोड़ी एउटा असल नमुना हो; किनभने बुबाका वचनहरूको भन्दा तिनका कामहरूको प्रभाव बढ़ी हुन्छ।

सठीक बाटोहरूमा हिँड्ने छोरा दगुर्दा ठेस खाँदैन; किनभने उसको सुगम बाटोमा विघ्नबाधा छैन ।

अरामी भाषाको अनुवादमा यो पद यसरी पढ़िन्छः 'एक कदमपछि अर्को कदम चाल्दा म तिम्रो सामु बाटो खोल्दै खुला राख्नेछु ।' यस पदले दुईवटा महत्त्वपूर्ण नियम पेश गरेको छः पहिले, परमेश्‍वरले हामीलाई एक-एक कदममा अगुवाइ गर्नुहुन्छ। उहाँले हामीलाई एकै पल्टमा हाम्रो जीवनको विषयमा आफ्नो सारा योजना देखाउनुहुन्न । दोस्रो नियम यस प्रकारको छः जब हामी परमेश्‍वरको निम्ति कुनै कदम चाल्छौं, तब पो उहाँले हामीलाई अगुवाइ गर्नुहुन्छ। पानी-जहाजले बन्दरगाह छोड़ेको बेलामा त्यसको चालकले त्यो जहाज यता-उता घुमाउन सक्छ । मोटरबाइकको कुरा पनि यस्तै हुन्छः चलिरहेको मोटरबाइक घुमाउन सजिलो पर्छ । अनि हाम्रो विषयमा चाहिँ? हो, हाम्रो विषयमा कुरा पनि उस्तै हुन्छः हामी परमेश्‍वरको निम्ति अघि बढ़दाखेरि उहाँले हामीलाई अगुवाइ गर्नुहुन्छ ।

**हितोपदेश ४ः१३ः** असल शिक्षा हामीले बलियो गरी पक्रिराख्नुपर्छ; हामीले यसलाई कुनै हालतमा गुम्न दिनुहुँदैन। हामीले बुद्धिलाई रक्षा गर्नुपर्छ, आफ्नो जीवनको रक्षा गर्नेजत्तिकै । किनभने बुद्धि हाम्रो जीवन हो । प्रभु येशूमा यो बुद्धि देहधारी भएको कुरा सम्झेर यो कुरा झन् बढ़ी सत्य ठहरिन्छ ।

**हितोपदेश ४ः१४ः** अबको खण्डमा कुसङ्गतबाट जोगिने चेताउनी दिइएको छ (४ः१४-१९) । किनभने ज्योतिको मार्ग छ भने अन्धकारको बाटो पनि छ ।

'दुष्ट मानिसहरूसित सङ्गत नगर' भन्ने अर्तीले हामीलाई तिनीहरूलाई सुसमाचार सुनाउन मनाही गरेको छैन, तर तिनीहरूसित तिनीहरूका योजनहरूमा साझा साझेदार हुन दिँदैन ।

**हितोपदेश ४ः१५ः** यी छोटा-छोटा आज्ञाहरूमा हामीलाई अत्यावश्क चेताउनी दिइएको छ। पापमा जिउनुहुँदैन, तर यस प्रकारको जीवनदेखि हामी पर बस्नुपर्छ। त्यसको स्वाद अलिकति पनि लिनुहुँदैन । तब त्यो बाटो भएर किन जाने? त्यसबाट भएर नजानुहोस्! त्यसप्रति आफ्नो पिठ्यूँ देखाइदिनुहोस्! त्यसलाई आफ्नो पछाड़ि टाढ़ा छोड़ेर जानुहोस्! त्यसले त्यसमा चासो लिनेको प्राण लिन्छ। यसकारण त्यसमा रोमाञ्च र पुलक जेजस्तै होस्, तर पापबाट आकर्षित नहुनुहोस्! यो प्राणघातक कुरा हो ।

**हितोपदेश ४ः१६-१७ः** पापका नोकरहरू कहिल्यै सुत्दैनन्; तिनीहरूले कुनै न कुनै खराबी गरिछोड्नैपर्छ। तिनीहरूले कसै-कसैलाई फसाउनैपर्छ, तिनीहरूले कसै-कसैलाई बिगार्नुपर्छ, नत्र ता तिनीहरूलाई निद्रा लाग्दैन ।

तिनीहरूको आहार रोटी र दाखमद्य हो – छलको रोटी र अत्याचारको मद्य। तिनीहरूको भोजन गर्ने वस्तु र सेवन गर्ने थोक दुष्टता नै हो ।

यी पदहरूले मानिसको पापी स्वभावको पिरोल्ने नक्सा गाढ़ा रङ्गले कोरेका छन्। मानिसको स्वभाव पापले पूर्ण हुन्छ; यसकारण त्यसको निम्ति पाप गर्न खानु र पिउनुजत्तिकै हो। यस खण्डको सन्दर्भ अपराधीहरू मात्र होइनन् है; यर्मिया १७ः९ पदअन्तर्गत दिइएको टिप्पणी पढ़्नुहोस्!

**हितोपदेश ४ः१८-१९ः** धर्मी जनको जीवन कति भिन्न, धेरै फरक छ। त्यो त चम्किरहेको ज्योतिजस्तै छ, जुन ज्योति बढ़्दै जान्छ र मध्यदिनको उज्यालै-उज्यालोरूपी चरमसीमामा पुग्छ। अर्को शब्दमा भन्नु हो भने, धर्मी जनको बाटो उज्यालो छ, झन् उज्यालो हुँदै जान्छ र अन्तमा उज्यालै-उज्यालो हुनेछ ।

तर दुष्ट मानिसहरूचाहिँ? तिनीहरू घोर अन्धकारमा लड़खड़ाइरहेका छन्; तिनीहरू ठेस खान्छन्-खान्छन्, तर केमा ठेस खान्छन्, सो जान्दैनन्।

**हितोपदेश ४:२०:** सुलेमानले आफ्नो छोरालाई आग्रह गर्न छोड्दैनन्। तिनको छोराले जसरी भए पनि तिनका वचनहरूमाथि ध्यान राख्नैपर्छ; किनकि यी नीतिवचनहरूमा बुद्धि छ। के तपाईंले यस पदमा प्रभु येशूको सोर सुन्दै हुनुहुन्छ? उहाँ तपाईंसित बोल्दै हुनुहुन्छ।

**हितोपदेश ४:२१:** बुद्धिले हामीलाई दिएका शिक्षाहरू हाम्रो भलाइ गर्छन्; यसकारण यी शिक्षाहरू हाम्रो नजरदेखि हट्नुहुँदैनन्; बरु यी शिक्षाहरू हाम्रो हृदयको धन सम्झनु सठीक छ।

**हितोपदेश ४:२२:** बुद्धिका सृजनात्मक वचनहरूमा जीवन छ। प्रभु येशूले भन्नुभयो: *'जुन वचनहरू म तिमीहरूलाई भन्छु, ती वचनहरू आत्मा हुन् र जीवन हुन्'* (यूहन्ना ६:६३)।

अनि यी वचनहरूमा हाम्रो सारा शरीरको निम्ति स्वास्थ्य छ; किनभने यी वचनहरूले हामीलाई पापहरूबाट जोगाउँछन् र हामीलाई बिमारी पार्ने तनाउहरूदेखि बचाउँछन्।

**हितोपदेश ४:२३:** हितोपदेश ४:२३-२७ पदको खण्डको मिल्ने जोड़ी रोमी १२:१ पद हो। यी पदहरूले हामीलाई हाम्रो सम्पूर्ण जीवन परमेश्वरकहाँ अर्पण गर्न आग्रह गर्छन्। हाम्रो हृदय, हाम्रो मुख र ओठहरू, हाम्रा आँखाहरू र हाम्रा पाउहरू हामीले उहाँलाई समर्पण गर्नुपर्छ। परमेश्वर भित्र हाम्रो हृदयबाट काम गर्न थाल्नुहुन्छ र हाम्रो बाहिर देखिने व्यवहारमा काम गर्दै अघि बढ्नुहुन्छ।

यस कुरामा हाम्रो हृदयचाहिँ प्रथम कुरा हो। हृदय भन्नाले हाम्रो अन्तरात्मा बुझिन्छ, अँ, हाम्रो मन, हाम्रो सोचविचार, हाम्रो अभिप्राय र इच्छा बुझ्नुपर्छ। हाम्रो मन त्यो मुहान हो, जहाँबाट हाम्रा कामहरू निस्कि-आउँछन्। अनि जुन मुहान शुद्ध छ, त्यस मुहानबाट बगेर आउने धारा पनि शुद्ध हुन्छ। मानिसको सोच जस्तै छ, ऊ त्यस्तै हुन्छ। यसकारण आफ्नो सोचविचार शुद्ध राख्ने प्रयास हाम्रो जीवनमा महत्त्व पाउनुपर्छ। यस पदको जोड़ यसैमा छ।

**हितोपदेश ४:२४-२५:** अब छली मुखको कुरा आयो। टेढ़ामेढ़ा झेलझालको बोलीलाई छली मुख भनिन्छ। अनि चालबाजी बोल्ने ओठहरूचाहिँ? हाम्रो बातचित इमानदार, दूधको दूध हुनुपर्छ, त्यसमा कुनै कपट हुनुहुँदैन।

हाम्रा आँखाहरू र हाम्रा पलकहरूले सीधा आफ्नो सामु हेर्नुपर्छ। हाम्रो अभिप्राय निर्मल र बिलकुल सच्चा हुनुपर्छ। हामीले आफ्नो सामु कुनै पाप राख्नुहुँदैन; हामी कुनै पापमा भड्किनुहुँदैन। हामी कुनै अयोग्य थोकमाथि आफ्ना आँखा गाड्नुहुँदैन। तब सोशल मीडियाको विषयमा कसो हो? त्यसको अटुट प्रचारप्रसारले हामीलाई बम र गोला हानेकै-हानेकै गर्छ र निरन्तर हामीमा नीच पाशविक अभिलाषाहरू उठाउन खोजिरहेको छ। यसकारण हामीले प्रभु येशूमाथि आफ्ना आँखाहरू लगाउन र लगाइराख्न सिक्नुपर्छ (हिब्रू १२:२)।

**हितोपदेश ४:२६-२७:** हामी होशियार हुनुपर्छ र पवित्रताको बाटोमाथि केन्द्रित विचार गर्नुपर्छ; तब हाम्रा सबै मार्गहरू सुव्यवास्थित र सुरक्षित हुनेछन्।

राजमार्गमा अघि बढ्दा दाहिने हातमा र देब्रे हातमा अरू बाटो र गोरेटोहरू निस्केका हुन्छन्, जुन बाटो र गोरेटोहरूले हामीलाई पापमा पुर्‍याउँछन्। यसको विषयमा यो नारा सुन्नुहोस्: 'संसारबाट हजार कुराले हामीलाई बोलाए ता पनि हामी प्रभु येशूप्रति विश्वासी रहिरहौं!'

शङ्कापूर्ण ठाउँमा जान र पापको परीक्षामा परेको बेलामा हामीले आफूलाई यो प्रश्न सोध्नुपर्छः 'प्रभु येशू फर्केर आउनुभएको बेलामा उहाँले मलाई यस ठाउँ र अवस्थामा भेट्टाउँदा कसो हुन्छ, तिमीलाई कस्तो लाग्छ ?' यसकारण आउनुहोस्, हामी आफ्नो पाउ खराबीबाट हटाऔं !

### ज) हितोपदेश ५ः व्यभिचारमा हुने मूर्खता

**हितोपदेश ५ः१-२ः** राजा सुलेमानलाई आफ्ना छोरालाई विशेष गरी जवान मानिसलाई जेल्ने र मोहमा पार्ने पापको विषयमा उचित चेताउनी दिन साह्रै आतुरी लागेको थियो। किनभने जस-जसले असल सल्लाहमाथि ध्यान दिन्छन्, तिनीहरूले अरू मानिसहरूका अनुभवबाट सिक्छन् र तिनीहरू विवेकशील बन्छन्। तिनीहरूका ओठहरूले ज्ञानको रक्षा गरेका हुनाले अर्थात् तिनीहरूको बोली शुद्ध र सच्चा भएको हुनाले तिनीहरू समस्यामा पर्नुबाट जोगिन्छन्। यसकारण बुझ्नुहोस्ः हाम्रो युगमा जहींतहीं किसिम-किसिमका प्रलोभन जारी रहेका र मोहजाल फिजिएको बेलामा हामी कसरी उम्कौं ? यसको एकमात्र उपाय परमेश्वरको वचन हो। परमेश्वरको वचनले हामीलाई रक्षा गर्छ। यसकारण प्रेरित पावलले तिमोथीलाई अर्ती दिएर यसो भनेका छन्ः *'तर तिमीचाहिँ यी कुराहरू कसबाट सिकेका हौ, सो जानेर आफूले सिकेका र निश्चय भएका कुराहरूमा लागिबस ! अनि तिमीले बालककालदेखि नै पवित्र शासत्रहरू जानेका छौ, जसले तिमीलाई ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति बुद्धिमान् तुल्याउन सक्छन्। सबै पवित्र शास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षा दिनको निम्ति भूलदोष देखाउनको निम्ति, सुधार गर्नको निम्ति, धार्मिकताको विषयमा तालिम दिनको निम्ति लाभदायक हुन्छ; जसद्वारा परमेश्वरको जन हरेक असल कामको निम्ति सम्पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको हुन्छ'* (२ तिमोथी ३ः१४-१७)।

**हितोपदेश ५ः३ः** यस अध्यायको बाँकी भागको सन्दर्भ वेश्यावृत्ति हो, त्यो संसारको सबैभन्दा पुरानो कामधन्दा। त्यो पराई स्त्री एउटी वेश्या हो, जसले नीच कमाइको निम्ति आफ्नो शरीर बेच्छे। त्यस दुष्ट स्त्रीको सङ्केतात्मक अर्थ पाप हुन सक्छ, दुष्ट संसार हुन सक्छ, अथवा झूटो धर्म, मूर्तिपूजा वा हामी मानिसहरूलाई प्रलोभन गर्ने जुनसुकै परीक्षा हुन सक्छ। त्यसका ओठहरूले मह चुहाउँछन्ः ती गुलिया, चिप्ला र खूब आकर्षक हुन्छन्। त्यसले खुसामद र चापलुसी गर्न जान्दछे; बोल्नमा त्यो खूब बाठी छे, छट्टू हुन्छे।

**हितोपदेश ५ः४ः** आमै, शुरुमा त्यो कति मनोहर र खाइलाग्दो हुन्छे ! तर अन्तमा त्यो तीतेपातीजत्तिकै तीतो हुन्छे। घरिघरि यस्तो भएको छः आहा, पापको पहिलो आकर्षण पछिबाट त्यो कति घिनलाग्दो भएछ, कति !

एउटी वेश्यासँग सुत्नु – यसको दाम ज्यादा छः एउटा दोष्याउने विवेक, पछुतोको अफसोस, समाजमा काण्ड, मैथुनसम्बन्धी रोगहरू, विवाहको सम्बन्ध-विच्छेद, भताभुङ्ग भएको परिवार, मानसिक असन्तुलन र यस्ता अरू धेरै खराबीहरू।

**हितोपदेश ५ः५-६ः** वेश्याले आफ्नो शिकार एकतर्फको बाटोमा ओरालो मृत्यु र अधोलोकमा पुऱ्याउँछे। असल जीवनमा त्यस त्यागिएकी स्त्रीलाई के वास्ता, के पर्बाह ! किनकि त्यो चञ्चल छे, अँ, पूरा धूर्त छे। यो त्यसको स्वभाव हो। तर त्यो कति पतित भएकी छे, सो आफूले जान्दिन। यस सम्बन्धमा श्री मोफ्फतको भाव-अनुवाद सुनौं, जहाँ यसो लेखिएको छः 'जीवनको राजमार्ग त्यसको निम्ति होइन रहेछ; किनकि त्यसका चञ्चल पाइलाहरू चिप्लोमा टेकेछन्।'

**हितोपदेश ५ः७ः** राजा सुलेमानले यसको हारजीतको सबै मूल्याङ्कन गरे; यसकारण तिनले आफ्ना छोराहरूको दिमागभित्र त्यो गम्भीर चेताउनी हाल्न चाहन्छन्, जब तिनले यसो भन्छन्ः 'मेरो कुरा सुन ! मेरो मुखका वचनहरूदेखि हटेर नजाओ !'

**हितोपदेश ५ः८ः** यस परीक्षाबाट जतिसक्दो पर बस्नुमा हाम्रो ठूलो सुरक्षा छ। पापसित खेल्ने मानिसको निम्ति, जबसम्म त्यसले पापको वस्तु र पाप गर्ने जग्गा छोड्दैन, तबसम्म परमेश्वरलाई 'मलाई छुटकारा दिनुहोस्' भन्ने विन्ती चढ़ाउन बेकार र मतलबहीन हो ।

कति परिस्थितिहरूमा भाग्नु एकमात्र उपाय देखिन्छ। यूसुफ भाग्नुपरेको थियो; उनले आफ्नो कोट छोड़िराखेर गुमाउनुपर्‍यो, तर आफ्नो पवित्रता कायम राखे। तर उनले महिमाको मुकुट कमाए।

हामीले हितोपदेश ५ः८ पद पालन गर्नको निम्ति हुन सक्छ, हामीले नयाँ जागिर खोज्नुपर्ला, हामीले बसाइ सार्नुपर्ला, वा हामीले निर्णयात्मक अरू कुनै कदम चाल्नुपर्ला, यो सम्भव छ।

**हितोपदेश ५ः९-१०ः** गणिकागृह अर्थात् वेश्याको घरमा जानेहरूले आफ्नो पुरुषार्थ र मर्दाङ्गी गुमाउँछन्। तिनीहरूले आफ्नो जीवनका सर्वोत्तम वर्षहरू निष्ठुर प्रलोभिकाको पन्जामा बिताउनुपर्छ।

यस विषयमा यो पनि छः आदरयोग्य नागरिकहरू छन्, जसले गुप्तमा अनैतिक सम्पर्कहरू कायम राख्दा रहेछन्, चाहे शारीरिक रूपले होस्, चाहे अश्लील कामोद्दीपक चित्रहरू, वयस्कको निम्ति निर्धारित फिल्म र भिडियोहरू किन नहोऊन्, यी नागरिकहरू तिनीहरूको शिकार बन्नेछन्, जसले भयत्रास देखाएर यस्ताहरूबाट फाइदा उठाउँछन्। यिनीहरूले चुप रहने रकम तिर्दैनन् भने तिनीहरूले यिनीहरूलाई थानामा पोल लगाइदिन्छन्।

**हितोपदेश ५ः११ः** यस प्रकारको व्यभिचारी मानिसको जीवन लगातार ऐया, आत्था र सुस्केराले छेड़ैछेड़ पारिएको हुनेछ, अनि त्यस व्यक्तिको शरीर सूजाक, सिफिलिस, अन्धोपन, गतिभङ्ग, एड्स, मनोविकारको असन्तुलन आदि कुराले पीड़ित हुनेछ।

**हितोपदेश ५ः१२-१३ः** यसबाहेक त्यस मानिसलाई पूरा अफसोस र पछुतो लागेको हुन्छ; त्यसको मनको पीड़ा ठूलो हुन्छ। आफ्नो जीवन यस प्रकारले बरबाद गरेको अभागी मानिसले आफूलाई सराप्छ। त्यसले आफ्ना बुबाआमाको आज्ञापालन किन नगरेको ? त्यसले सन्डे-स्कूलको शिक्षक-शिक्षिकाको अर्ती आत्मसाथ किन नगरेको ? त्यसले आफ्ना इसाई साथीहरूको कुरा किन नसुनेको ? त्यसलाई हाय ! त्यसले सुनेको भए त्यो दुःखकष्टको सागरमा डुब्नुपर्नेथिएन। तर के गर्ने ? त्यस मूर्ख मानिसले अरूको चेताउनी कहाँ स्वीकार गर्थ्यो र ? सबै कुरा जान्ने उही हो, होइन र ?

**हितोपदेश ५ः१४ः** अनि त्यो मानिस खुल्लमखुल्ला निन्दाको पात्र हुन बढ़ी सम्भव छ। यस पदको सन्दर्भ यही होला। अथवा के त्यसले आफ्नो कुव्यवहारको निम्ति सजाय भोगेको यस पदको अर्थ हो ? यो पनि सम्भव देखिन्छ।

**हितोपदेश ५ः१५-१६ः** भावात्मक शब्दहरू लिएर राजा सुलेमानले आफ्नो छोरालाई के सल्लाह दिन्छन् भने, उसले आफ्नो यौनको चाहना आफ्नी पत्नीको सम्भोगले तृप्त पार्नुपर्छ। उसको वैवाहिक जीवनमा उसले शुद्ध प्रेम उपभोग गर्न पाउँदछ।

अनि हामीले के.जे.वी.-अनुवादअनुसार यस पदको अर्थ लगाउनु हो भने,

विश्वासयोग्य विवाहको सम्बन्धका आशिष-हरूको असल प्रभाव आफ्नो परिवार लगायत आफ्ना इष्टमित्रहरूकहाँ पनि पुग्छ ।

अनि एन.के.जे.वी.-बाइबलले यो पद यसो अनुवाद गरेको छः 'के तिम्रा धाराहरू यता-उता छताछुल्ल पोखिजाऊन्, र पानीका खोलाहरू सड़कहरूमा बगून् ?' वेश्याकहाँ गएर त्यसले केवल आफ्नो प्रजननको शक्ति पूरा बरबाद गरेको रहेछ । सजीव भाषाले कोरेको नक्सा यो हो ।

श्री नोक्सले यो पद यस प्रकारले भाव-अनुवाद गरेका छन्ः 'त्यस मुहानबाट निस्केर आएका तिम्रा सन्तान प्रशस्त होऊन्, ती त्यो पानीजस्तै होऊन्, जुन पानीचाहिँ आफ्नो मुहानबाट निस्केर सार्वजनिक सड़कहरूहुँदो बगिरहेको हुन्छ ।' यसो हो भने, यहाँ त्यस मानिसकी पत्नीले मुहानको रूप लिएकी छे; अनि यस मुहानबाट निस्केको पानीले चाहिँ छोराछोरीहरूको अर्थ लिएको छ, जुनचाहिँ घरबाट निस्केर सड़कहरूहुँदा खुशीसाथ खेलिरहेका छन् ।

**हितोपदेश ५ः१७ः** विवाहको सम्बन्ध साँचो हुनु हो भने, त्यसले अरूलाई बाहेक गर्छ । अनि यस विवाहको बन्धनमा जन्मेका छोराछोरीहरूले यस परिवेशमा आफू पूरा सुरक्षित भएको महसुस गर्छन् । यस पदले अवैध सन्तानहरूबाट आउने महाविपद्को विरोधमा चेताउनी दिन्छ, साथै स्वच्छन्द-संभोगबाट जन्मेका नानीहरूको बुबा कुनचाहिँ हो, सो कुरा निश्चित नजान्ने व्यभिचारको विरोधमा बोल्छ ।

**हितोपदेश ५ः१८ः** *'तिम्रो धारा आशिषित होस् !'* यस धारा वा मुहानले फेरि पनि त्यस मानिसकी पत्नीलाई सङ्केत गर्छ । उसले आफ्नो जवानीकी पत्नीसँगको सङ्गतमा पूरा आनन्द उपभोग गरोस् । यस विषयमा श्री माइकल ग्रिफ्फित्सले आफ्नो विचर यसरी व्यक्त गरेका छन्ः

> 'उसले अरू सबै स्त्रीहरूलाई वर्जित गरेर आफ्नी एकमात्र जीवनसाथिसित पत्नीव्रत सम्बन्ध कायम राख्छ; यस अरू सबैलाई बाहेक गर्ने विवाहको सम्बन्धबाट बगेर आउने आशिषको भरपूरीको अन्त हुनेछैन । अनि उसको घरबाट अरू मानिसहरूलाई स्वागत गर्ने न्यानोपनले अरू मानिसहरूलाई अङ्गाल्छ र आशिष दिन्छ ।' 7)

**हितोपदेश ५ः१९-२०ः** मानिसले आफ्ना सबै प्रेमक्रीड़ाहरू विवाहको बन्धनभित्र आफ्नी पत्नीको निम्ति राखिछोड़ोस् । उसकी पत्नी कति मायालु र मनोहर स्त्री हुन्छे । 'उसको स्तनहरूले तिमीलाई सदैव सन्तुष्ट पारिदिऊन्; उसको प्रेममा तिमी सधैंभरि मग्न होऊ !'

किनभने किन ऊ एउटी पराई स्त्रीसँग मोहित हुने ? त्यसको मोहकता झूटो हो । तब किन प्रलोभक परस्त्रीलाई अँगाल्ने ?

**हितोपदेश ५ः२१-२२ः** कुनै मानिसको आँखाले त्यस व्यभिचारीलाई वेश्या-गृहमा गएको नदेख्ला, अनि होटेलको कोठामा भइरहेको त्यो गुप्त मिलन अरू कसैबाट पत्ता पाइँदैन होला, तर परमेश्वरले सबै देख्नुभएको छ । यस पृथ्वीमा गरिएको गुप्त पाप स्वर्गमा खुला काण्ड हुन्छ ।

मानिस पाप गरेर उम्किदैन, छोड़िँदैन । पापका अन्तरङ्ग प्रतिफलहरू हुन्छन्, जसबाट कोही पनि उम्कन सक्दैन । यस सम्बन्धमा हामी श्री जेय एडम्सको सल्लाह सुनौं, जसले यसो भनेका छन्ः

> 'पाप गर्ने बानीहरू काट्न गाह्रो पर्छ; तर जुन पापको आदत छोड़िँदैन, त्यस आदतले पाप गर्ने व्यक्तिलाई पूरा जेलिदिन्छ र बेसरी कसिदिन्छ । त्यो मानिस आफ्नै अधर्महरूका डोरीहरूले बाँधिएको हुन्छ । पापको भुमारीले त्यसलाई फन्को मार्दै त्यो तल, झन् तल पुग्छ । पापले त्यसलाई बन्दी बनाएको छ । पापले आफ्ना डोरीहरूद्वारा त्यसलाई बाँधेको छ । त्यो विचारो पापको दास भएछ ।' 8)

**हितोपदेश ५ः२३ः** श्री चार्लस एलिकोटले यस पदको नाम 'उड़न्ता पुत्रको जीवनको अन्तिम दृश्य हो' भनेर राखेका छन्। त्यस मानिसले आफ्नो अभिलाषामा लगाम लगाउन चाहेन र आत्मसंयमी हुन मानेन। अनि अब-चाहिँ त्यो यसको प्रतिफल-स्वरूप मर्छ। मोफ्फतले भाव-अनुवाद गरेभैं 'समभ्फको अभावले त्यो मर्दैछ; त्यसको ठूलो मूर्खताले त्यसलाई नाश गरेको छ।'

श्री पेर्सी बी. शेली नाम गरेका एकजना ब्रिटिश कवि थिए, जसलाई यस खण्डको खराब उदाहरणको रूपमा लिइएको छ; किनभने तिनले आफ्नो घमण्डमा एउटी पत्नीको विवाह सठीक हुन्छ भन्ने धारणा अस्वीकार गरे। तिनको मिथ्याविचारअनुसार एउटी स्त्रीलाई विवाह गर्दा हजारौंलाई निराश पारिन्छ अरे। श्री ग्रिफ्फित्सका शब्दअनुसार यस प्रकारको अनैतिक जीवनले कतिजनाको परित्याग, कतिजनाको आत्महत्या, कति अवैध सन्तानहरू र कतिजनामा डाहा पैदा गरेको, यसको साध्य छैन। अनि श्री जी. साम्पसनको मनमा यो प्रश्न उठेको छः

> 'मलाई लाग्छ, तिनीजस्तै कुनै कवि नै छैन, जसको जीवनमाथि एक आपद्‌देखि अर्को आपद् लगातार ओइरियो। तिनी एक सुन्दर देवदूत त थिए, तर निकम्मा थिए; किनकि तिनले असल भन्ने केही पनि आफ्नो पछाड़ि अरूको निम्ति छोड़ेनन्।'

### भ्फ) हितोपदेश ६ः१-१९ः जमानी बस्नुमा भएको मूर्खता, साथै अल्छीपन र छल

**हितोपदेश ६ः१ः** यस अध्यायका पहिला पाँचवटा पदहरूमा जमानी बस्नुको विरोधमा चेताउनी दिइएको छ। अरू कसैको ऋणको निम्ति उत्तरदायी हुनुहुँदैन; त्यसको ऋण तिरेको-नतिरेको जिम्मा त्यसको थाप्लोमा रहोस्। उदाहरणको निम्ति तपाईंको साथीले किस्ता गर्ने गरी एउटा कार किन्न चाहन्छ, तर ऊ जिन्सी ऋणको योग्य छैन। यसकारण कार बेच्ने कम्पनीले अरू कसैको हस्ताक्षर पाउने माग गर्छ, ऋण लिने व्यक्ति किस्ता चुकाउन असक्षम भयो भने। तब त्यो साथी तपाईंकहाँ आउँछ, र तपाईंलाई यस अनुबन्धमा सह हस्ताक्षर लगाउने विन्ती गर्छ। यसर्थ त्यसले कुनै कारणवश किस्ता तिर्दैन भने, तपाईंले तिर्नुपर्छ। अनि ठीक यही कुरा नगर्नुहोस्! किनभने वचनले नगर्नू भन्छ।

यस पदमा त्यो साथी तपाईंको छिमेकी हो। अनि त्यो परदेशीचाहिँ त्यो ऋण दिने कम्पनी होला, जसले तपाईंमा जमानी बस्ने मानिसलाई खोजेको छ, उक्त उदाहरण-अनुसार।

**हितोपदेश ६ः२ः** *'तिमी आफ्नै मुखका शब्दहरूले फसेका छौ; तिमी आफ्नै मुखका शब्दहरूद्वारा पक्राउ परेका छौ।'* अर्को शब्दमा भन्नु हो भने, तपाईंले सोचविचार नगरीकन एउटा प्रण गर्नुभयो; तपाईं फन्दामा फस्नु-भयो। तपाईंले एउटा ठूलो भूल गर्नुभयो।

**हितोपदेश ६ः३ः** यस अवस्थामा सबैभन्दा असल काम यही होः यस अनुबन्धबाट सकेसम्म छिटो मुक्त हुनुहोस्! आफ्नो साथीलाई मनाउनुहोस्! जुन अनुबन्धमा तपाईंको सही छ, त्यो सही जुनै हालतमा पनि हटाउनैपर्छ; किनकि एउटा ठूलो भूल भएछ, तपाईं फस्नुभएछ।

**हितोपदेश ६ः४-५ः** यस विषयमा आफ्नो जिम्माको महत्त्व कति ठूलो छ, सो बुभ्नुहोस्! तपाईं यस जमानीबाट छुट्नुपर्छ, यस कुरामा ढिलो-सुस्त गर्नुहुँदैन। मृगी शिकारीको पन्जाबाट भ्फटपटाएर फुट्ट उम्केभैं र पक्राउ परेको चराचाहिँ फटफटाएर चरा मार्नेको जालबाट उम्केभैं आफूलाई छुटाउनुहोस्!

पवित्र बाइबलमा जमानी बस्नुको विरोधमा यस प्रकारको कड़ा चेताउनी किन दिइएको छ? जमानी बसेर के हामीले आफ्नो साथीको

वा आफ्नो छिमेकीको भलाइ गरेका होइनौं र ? तर जुन कुरा हाम्रो आँखामा भलाइजस्तै देखिन्छ, त्यो भलाइ नै होइन। किनभने तपाईंको साथीको निम्ति जुन कुरा किन्न परमेश्‍वरको इच्छा होइन, तपाईंले उसलाई यस कुरामा साथ दिनुभएको बढ़ी सम्भव छ। हुन सक्छ, तपाईंले उसलाई पैसा उड़ाउन वा जुवाड़ी बन्न मद्दत गर्नुभएको हो कि ?

अनि उसले ऋण चुकाउन सकेन भने तपाईंले उसको ऋण तिर्नुपर्छ अर्थात् एउटा चीजको लागि पैसा तिर्नुपर्छ, जुन चीजचाहिँ तपाईंको हुनेछैन। तब तपाईंको साथीसँगको यो मित्रता तीतो हुन जान्छ र यत्तिमै टुङ्गिन्छ। उसको खाँचो साँचो आवश्यकता भएदेखि तपाईंले उसलाई बरु कुनै अनुदान दिनु बेस हुनेछ। जस्तो भए पनि तपाईं कसैको निम्ति जमानी बस्नुहुँदैन।

**हितोपदेश ६ः६-७ः** यस अध्यायको यस खण्डले अल्छीपनको विरुद्ध आफ्नो सोर उठाएको छ (हितोपदेश ६ः६-११)। अनि एउटा वस्तुनिष्ठ पाठ सिक्नको निम्ति कमिलाचाहिँ यसको उदाहरण हो; किनकि कमिला छिटो-छिटो आउ-जाउ गर्छ, सधैं चलिबस्छ र प्रायः बोक्न नसकिने भारी बोक्छ। त्यसले खुरुखुरु काम गर्छ; त्यसलाई मालिक चाहिँदैन, कुनै नाइके चाहिँदैन, कुनै निरीक्षक चाहिँदैन। के तपाईंले कमिलाको हूललाई ध्यान दिनुभएको छ ? यसो हेर्दाखेरि यी कमिलाहरू झटपट लागेझैं चारैतिर हिँड़िरहेको देखिन्छन्, तर तिनीहरू बिनसित्ति हिँड्दैनन्, काम गर्दैनन्, तर त्यसमा उद्देश्य छ, यसमा निर्देशन छ। तर तिनीहरूलाई अह्राउपराउ गर्ने कोही देखिँदैन।

**हितोपदेश ६ः८ः** त्यस सानो कीराले ग्रीष्म ऋतुभरि परिश्रम गर्छ। त्यो कति उद्योगी हो! कटनीको समयमा त्यसले खानेकुरा बटुलिरहन्छ। यस पदको जोड़ भविष्यको निम्ति प्रबन्ध गरेकोमा होइन, तर समयमै कठोर परिश्रम गरेकोमा पो छ।

ख्रीष्ट-विश्‍वासीले भावी समस्याको निम्ति जोहो गर्नुपर्छ भन्ने शिक्षा सिकाउन यो खण्ड लिनुहुँदैन। यो यसको बेप्रयोग मानिन्छ। किनभने मत्ती ६ः१९ पदमा हामीलाई पृथ्वीमा सम्पत्ति नथुपार्ने आज्ञा दिइएको छ। हो, कमिलाहरूले आफ्नो भविष्यको निम्ति प्रबन्ध नगरेको होइन। हो, ख्रीष्ट-विश्‍वासीहरूले आफ्नो परिवारका-हरूको निम्ति बन्दोबस्त गर्नैपर्छ। तर भिन्नता यसैमा छः कमिलाको भविष्य यस पृथ्वीमा छ भने, ख्रीष्ट-विश्‍वासीहरूको भविष्य स्वर्गमा हुनेछ। यसकारण बुद्धिमान् इसाई-हरूले स्वर्गमा सम्पत्ति थुपार्छन्, यस पृथ्वीमाथि होइन।

**हितोपदेश ६ः९ः** अचम्म, अल्छी मानिसको निद्राको टुङ्गा कहिल्यै हुँदैन रहेछ। त्यसको सिद्धान्त यस प्रकारको छः 'बिहान उठ्न ठिक्कै छ, तर उठ्नुभन्दा सुतिरहन अझ राम्रो छ।' अलार्म घड़ीको आवाज त्यसले सुन्न चाहँदैन, त्यसलाई यसको एलर्जी लागेको जस्तै छ।

**हितोपदेश ६ः१०-११ः** तर अन्तमा त्यो मानिस निद्राबाट उठ्छ, तर त्यसले यसो भन्छः 'आँखा झिमिक्क चिम्लन पाऊँ, अलिकति निद्रा, एकक्षिणको झप्की गर्न पाऊँ! पन्ध्र मिनट स्वास्थ्यको विश्राम लिन पाऊँ!'

ठिक्कै छ, परिवारकाहरूले त्यस्तो मानिसलाई सहलान्, तर गरिबीले त्यसलाई छोड्दैन। *'तब तिम्रो गरिबी बाटोको लुटेरा-जस्तै र तिम्रो घटीकमी हातहतियार भिरेको मान्छेजस्तै तिमीमाथि आइलाग्नेछन्।'*

**हितोपदेश ६ः१२ः** अबको खण्डमा ठगको ठेट परिभाषा दिइएको छ (हितोपदेश ६ः१२-१५)। त्यो त एउटा दुष्ट ठगाहा हो। त्यसको हँसिलो अनुहार त्यसको

विश्वासघाती हृदयको मखुन्डो हो। त्यो मान्छे टेढ़ामेढ़ा कुरा गर्दै चारैतिर हिँड्छ।

**हितोपदेश ६:१३-१४:** त्यसले प्रयोगमा ल्याएका सूचक इसाराहरू किसिम-किसिमका हुन्छन्। त्यसले यी इसाराहरू र हाउभाउद्वारा कि त आफ्नो सह-अपराधीलाई सङ्केत गर्छ, कि त हानि गर्न लागेका मानिसहरूलाई छल गर्छ र तिनीहरूलाई बेहोशियारी तुल्याउँछ। त्यसले आफ्नो आँखा चिमचिम गर्छ; त्यसले आफ्ना पाउहरूले भुइँ जोत्छ; त्यसले आफ्ना औंलाहरूद्वारा गुप्त सन्देश दिन्छ।

त्यसको हृदय दुष्टता र कुटिलताले भरिएको छ; किनभने त्यसले निरन्तर दुष्ट युक्तिहरू रचिरहेको छ र अमेलको बीउ छरिरहेको छ।

**हितोपदेश ६:१५:** श्री नोक्सले यस पदको भाव-अनुवाद यस प्रकारले गरेका छन्: 'यस्ता मानिसहरूमाथि एक्कासि तिनीहरूको विनाश आइपर्नेछ; कुनै आशा, कुनै उपाय नपाई तिनीहरू चकनाचूर हुनेछन्।' तपाईंले यसको निम्ति कुनै उदाहरण चाहनुभयो भने, सायद आजको खबर-कागजमा यस्ताहरूको विनाशको विषयमा पढ्न पाउनुहुन्छ होला।

**हितोपदेश ६:१६:** हितोपदेश ६:१२-१५ पदमा वर्णन गरिएको यस दुष्ट मानिसको चरित्रका अवगुणहरू परमेश्वरले घृणा गर्नुहुन्छ (हितोपदेश ६:१६-१९); विशेष गरी अमेलको बीउ छर्ने कुराबाट उहाँलाई पूरा अमन हुन्छ (हितोपदेश ६:१४ र १९)।

'यी छवटा, अँ, यी सातवटा कुराहरू' भन्ने सूत्रले सम्पूर्ण सूचि दिन खोजेको होइन, तर केही कुराहरू मात्र अङ्कित गर्न चाहेको हो। हुन सक्छ, यसले 'सातौं कुराचाहिँ सबैभन्दा घृणित कुरा हो' भनेर बताएको अर्थ पनि सम्भव छ। 9)

**हितोपदेश ६:१७: क)** *घमण्डी आँखा:* घमण्डको परिभाषा यस प्रकारको छ: 'धूलोले आफूलाई पूजिरहेको छ।' सम्राटको सेवकले यसो भनेको सुन्नमा आएको छ:

> 'मेरा मालिक साह्रै गुमानी थिए; हो, त्यो कुरा म काट्नै सक्दिनँ; किनभने तिनले हर परिस्थितिमा केन्द्र हुन चाहन्थे। कुनै बाल-बप्तिस्मा भइरहेको बेलामा तिनले त्यो नवबालक हुन चाहे। कसैको विवाह हुँदा तिनले दुलही हुन चाहे। अनि कसैको दफन हुँदा तिनले त्यो मुर्दा हुन चाहे।' 10)

**ख)** *झूट बोल्ने जिब्रो:* हाम्रो जिब्रो किन सृष्टि गरियो? त्यससित प्रभुको महिमा गर्नलाई नै हो। अनि जसले झूट बोल्छ, त्यसले एउटा नीच कामको निम्ति जिब्रोको दुरुपयोग गर्छ। के ख्रीष्ट-विश्वासी कहीं, कतै झूट बोल्नु हुन्छ? परमेश्वर झूट बोल्नै सक्नुहुन्न; तब हामी उहाँका छोराछोरीहरूले कसरी झूट बोल्न सक्छौं, त्यो आफै भन्नुहोस्!

**ग)** *निर्दोषीको रगत बगाउने हातहरू:* परमेश्वरको दृष्टिमा हरेक मानिसको जीवनको मूल्य असीमित छ। उहाँले गलगथामा हाम्रो आत्माको छुटकाराको निम्ति अत्यन्त ठूलो दाम तिर्नुभयो। बुझ्नुहोस्: मानिसको मूल्य उहाँका आँखामा यति धेरै हो। अनि कसैले हत्या गर्दा कुनै मानिसको प्राण लिएको विषयमा परमेश्वरले कस्तो दृष्टिकोण लिनुहुन्छ? उहाँले हत्याराको निम्ति मृत्युदण्ड दिने नियम पारित गर्नुभयो (उत्पत्ति ९:६)।

**हितोपदेश ६:१८: घ)** *दुष्ट युक्तिहरू रच्ने मन:* मानिसको हृदय हामीले पापको केन्द्र मान्नुपर्छ। त्यहाँ निरन्तर खराब विचार-हरू रचिएका हुन्छन्। प्रभु येशूले मर्कूस ७:२१-२२ पदहरूमा यी दुष्ट युक्तिहरूको केही व्यक्त गर्नुभयो, जब उहाँले भन्नुभयो: *'किनभने भित्रबाट अर्थात् मानिसको हृदयबाट नै खराब विचार, परस्त्रीगमन, व्यभिचार, हत्या, चोरी, लोभ, दुष्टता, छल, कामुकता, कुदृष्टि, निन्दा, घमण्ड र मूर्खता*

*निस्कन्छन् । यी सबै खराबीहरू भित्रबाट निस्कन्छन् र मानिसलाई अशुद्ध तुल्याउँछन् ।'*

**ङ)** *हतारसँग खराबीतिर दगुर्ने पाउहरूः* परमेश्वरले दुष्ट युक्ति रच्ने मनलाई घृणा गर्नुहुन्छ; त्यत्ति मात्र होइन, उहाँले ती दुष्ट युक्ति पूरा गर्ने खुट्टाहरू पनि घृणा गर्नुहुन्छ ।

**हितोपदेश ६ः१९ः च)** *झूटो बोल्ने झूटो साक्षीः* यसको पृष्ठभूमि कचहरी हो, जहाँ गवाहीहरूले कुनै मामिलाको सम्बन्धमा साक्षी दिनुपर्छ । अनि हितोपदेश ६ः१७[ख] पदको सन्दर्भचाहिँ हाम्रो दैनिक बातचित र कुरा-कानी हो ।

**छ)** *भाइ-भाइको बीचमा अमेलको बीउ छर्ने मान्छेः* यस विषयमा घतलाग्दो कुरा के हो भने, परमेश्वरले हत्यारा, झूट बोल्ने र झूटो साक्षी दिनेलाई जति घृणा गर्नुहुन्छ, उहाँले दाजुभाइहरूको बीचमा अमेल सृजना गर्नेलाई उत्तिकै घृणा गर्नुहुन्छ ।

अब तपाईंको पालो आयोः यी सातवटा पापहरूमध्ये कुन-कुनचाहिँ हाम्रा प्रभु येशूको न्यायजाँच र उहाँको क्रूसीकरणसित सम्बन्ध राखे, सो निकालेर पत्ता लगाउनुहोस् !

### ञ) हितोपदेश ६ः२०-७ः२७ः परस्त्रीगमन र वेश्यावृत्तिमा हुने मूर्खता

**हितोपदेश ६ः२०ः** व्यभिचार वा पर-स्त्रीगमनको पाप फेरि यस खण्डको सन्दर्भ भएको छ । घरिघरि यस पापको विषयमा पढ्न पाउन उद्देश्यहीन होइन । यस पदका शब्दहरू आदर्श-सूत्र हुन्, जुन सूत्रले 'हेर, अब एउटा महत्त्वपूर्ण शिक्षा आउँदैछ' भन्ने होश गराउन खोज्छ ।

**हितोपदेश ६ः२१ः** प्रभु येशूको जमानामा यस्ता यहूदीहरू हुन्थे, जसले यस पदको अर्थ साह्रै अक्षरशः लिए र हात र निधारमा व्यवस्था-पेटिकाहरू लगाएकोमा यो आज्ञा पालन गरेको भान गर्थे । व्यवस्था-पेटिकाहरू छालाका ससाना जन्तरहरू थिए; यी जन्तर-हरूभित्र पवित्र धर्मशास्त्रका केही लिखित खण्डहरू हालिए । प्रार्थना गर्दा ती यहूदीहरूले एउटा जन्तर देब्रे पाखुरामा, मुटुको छेउमा, र अर्को जन्तर टाउकोमा, गलाको छेउमा, लाउने गर्थे । अनि वर्तमान समयमा अझ कति यहूदीहरू छन्, जसले यसो गर्ने गर्छन् ।

तर वास्तवमा यस पदले भन्न खोजेको यही होः हामीले परमेश्वरको वचन हाम्रो जीवनमा यति आत्मसात् गर्नुपर्छ, कि त्यसले हामीलाई सधैं साथ दिन्छ अनि हामीलाई हामी हिँड्नुपर्ने हरेक मार्गमा मार्गदर्शन दिन्छ र हामीले गर्नुपर्ने हरेक कामकुरामा अगुवाइ गर्छ । हामीले पवित्र धर्मशास्त्र बाइबललाई सम्मान दिनुचाहिँ बाहिरी कुरा होइन, ओठे सेवा होइन, तर हामीले परमेश्वरको वचन हृदयले मान्न र दिलोजानले पालन गर्नुपर्छ ।

**हितोपदेश ६ः२२ः** परमेश्वरको वचन पालन गरेका प्रतिफलहरू यस प्रकारका छन्ः

- **क)** अगुवाइः *'तिमी हिँड्दा यसले तिमीलाई अगुवाइ गर्नेछ ।'*
- **ख)** सुरक्षाः *'तिमी सुत्दा यसले तिम्रो रक्षा गर्नेछ ।'*
- **ग)** शिक्षाः *'तिमी जागा हुँदा यसले तिमीसँग कुरा गर्नेछ ।'*

**हितोपदेश ६ः२३ः** यस पदले अघिको पदको अर्थ बढ़ाइदिन्छः

- **क)** आज्ञाचाहिँ एउटा बत्ती हो, अगुवाइ दिनको निम्ति ।
- **ख)** व्यवस्था एउटा ज्योति हो, हाम्रो रक्षाको निम्ति ।
- **ग)** शिक्षारूपी हप्कीहरू जीवनको बाटो हुन्, शिक्षा दिनको निम्ति ।

**हितोपदेश ६ः२४-२५ः** परमेश्वरको वचनको विशेष सेवकाइचाहिँ मानिसहरूलाई त्यस दुष्ट स्त्रीबाट बचाउनु हो, जुन परस्त्रीले हामीलाई चिप्लो घस्ने जिब्रोले फसाउन खोज्छे । कोही पनि त्यसको सुन्दरताले मोहित हुनुहुँदैन, अँ, त्यसका पलकहरूको नचाइले

दिएको 'यता आइज' भन्ने निम्तोमा फस्नु-हुँदैन ।

**हितोपदेश ६ः२६ः** यस पदको व्याख्या बाइबल-अनुवादमा भर पर्छ; किनभने विभिन्न बाइबलहरूले यस पदको अनुवाद फरक-फरक गरेका छन्, जस्तैः

एन.के.जे.वी. र एन.ए.एस.बी.अनुसार वेश्यागमनको खातिर मानिस गरिब हुन्छ र व्यभिचारी स्त्रीले गर्दा उसले आफ्नो प्राण गुमाउँछ। दुवै वेश्याको फकाउरी र व्यभिचारिणीको फुस्लाइमा फसेको मानिसले यसको निम्ति ठूलो मोल चुकाउनुपर्छ ।

अनि आर.एस.वी.ले के भन्छ ? 'वेश्याको दाम रोटीको टुक्रा हुन्छ होला, तर व्यभिचारिणी मानिसको प्राणको निम्ति ढुकेर बस्छे।' यस अनुवादमा वेश्या र व्यभिचारिणीको बीचमा निम्न भिन्नता निकालिएको छः वेश्याको सेवा पैसाले किन्न सकिन्छ, तर व्यभिचारिणीचाहिँ कसैको जीवन पूरा नियन्त्रण नगरेसम्म सन्तोष हुँदैन ।

**हितोपदेश ६ः२७-२८ः** अर्को मानिसकी पत्नीसँग अवैध सम्बन्ध राख्नु र आफ्नो छातीमा आगो हाल्नु एउटै कुरा हो । मानिस डढ़िन्छ-डढ़िन्छ; यो त राता-राता जरिला कोइलाहरूमाथि खुट्टा टेकेर हिँड़ेको जत्तिकै हो । कसैले पाउहरू नपोलेर यसो गर्न सक्दै-सक्दैन। यस विषयमा श्री माइकल ग्रिफ्फित्सले निम्न चेताउनी दिएका छन्ः

> 'परस्त्रीगमन जुनसुकै मानिसको निम्ति पूर्णतया मूर्खता ठहरिन्छ; किनभने यो आत्मनाश हो, जसको प्रतिफल चोटैचोट, बेइज्जत, शर्म भोग्नु हो, साथै जसको विरुद्ध यो अपराध गरियो, उसको तर्फबाट रिसको झोकको नमीठा फल खानु पनि हो ।' 11)

**हितोपदेश ६ः२९ः** आफ्नो छिमेकीकी पत्नीकहाँ जाने मानिस पक्राउ पर्छ-पर्छ र दण्ड नदिईकन कुनै हालतमा पनि छोड़िदैन। नैतिकता-जगत्मा नियम यस्तो छः पाप लुक्दैन, तर एक दिन प्रकाशमा आउँछ-आउँछ । हुन सक्छ, संयोगवश कसैको पाप यस धरतीमा प्रकट भएन भने, यो सुनिश्चित छ, कि परलोकमा यस पापको दोष पक्का पनि प्रकट गरिनेछ ।

**हितोपदेश ६ः३०-३१ः** यी दुईवटा पद-हरू दुई प्रकारले बुझ्न सकिन्छ। के.जे.वी. र एन.के.जे.वी.-बाइबलहरूको अनुवाद-अनुसार निम्न अर्थ निस्किन्छः खाना नपाएर चोरी गरेको मानिससित मानिसहरू केही हदसम्म टिठाउँछन्। यसो भए पनि चोर पक्राउ परेमा त्यसले चोरी गरेको मालको भर्ना गर्नुपर्छ । हुन सक्छ, भर्ना तिर्दा त्यसले आफ्नो सारा सम्पत्ति दिनुपर्ला ।

हामी आर.एस.वी.को कुरा पनि सुनौं, जसले हितोपदेश ६ः३० पदको अनुवाद यसो गरेको छः 'भोक लागेको चोरले आफ्नो भोक मेटाउन चोरी गरेको खण्डमा के मानिसहरूले त्यसलाई तुच्छ ठान्दैनन् र? अनि के, के त्यसले भर्ना तिर्नुपर्दैन र?'

दुवै अनुवादहरूको निष्कर्ष एउटै होः चोरले आफ्नो अपराधको निम्ति भर्ना तिर्न सक्छ, तर परस्त्रीगामीले यसो गर्न सक्दैन। जुन हानि त्यसले आफूमाथि ल्याएको छ, त्यो मानहानि कहिल्यै पूरा मेट्दैन ।

**हितोपदेश ६ः३२ः** *'जसले कुनै स्त्रीसँग परस्त्रीगमन गर्छ, त्यससँग समझ हुँदैन।'* किनकि त्यसले आफ्नो जीवन बरबाद गरेको छ, समाजमा; त्यसले आफूलाई नष्ट गरेको छ, आत्मिक र नैतिक हिसाबले। अनि हुन सक्छ, त्यसले आफ्नो शरीर पनि नाश गरेको हुन सक्ला (व्यवस्था २२ः२२) ।

**हितोपदेश ६ः३३ः** एकक्षणको आनन्दको निम्ति त्यसले घाउहरू र अपमान कमायो, हुन सक्छ, क्रोधित पतिको तर्फबाट। अनि निन्दा र शर्म त्यसको बाँकी जीवनबाट कहिल्यै हट्दैन। परमेश्वरलाई धन्यवाद होस्! प्रभु येशूको नाममा पापको क्षमा छ। यसकारण

पश्चात्ताप गर्नुहोस्! आफ्नो पाप मानिलिनुहोस् र छोड्नुहोस्!

**हितोपदेश ६:३४:** यहाँ झोकमा आगो भएको पतिको जलन देखिन्छ; किनभने घरमा आउँदा उसले आफ्नी पत्नीलाई अर्को पुरुषको अँगालोमा भएकी भेट्टायो। तब उसले बदला लिन थाल्छ र दोषी व्यक्तिलाई छोड्दैन। बहाना गर्ने के काम? त्यसको विन्ती चढ़ाउने प्रयास व्यर्थ छ।

**हितोपदेश ६:३५:** अपराधीले तिर्न सक्ने जुनसुकै मोलले रिसाएको पतिलाई शान्त पार्न सक्दैन। त्यसले उसको विवाहको बन्धन तोड़ेकोमा के दिन सक्छ? यो त घूस दिएर क्षतिको पूर्ति हुन सक्ने कुरा नै होइन।

**हितोपदेश ७:१:** सात अध्यायचाहिँ यही विषय लिएर अघि बढ्दै जान्छ। यसकारण हे मेरा प्रिय जवान भाइबहिनीहरूहो, यसको चेताउनीको वचन सुन्नुहोस्, र व्यभिचारमा फसेर आफ्नो जीवन बरबाद नपार्नुहोस्! परमेश्वरका आज्ञाहरू आफ्नो धन सम्झनुहोस्! यस पृथ्वीमा भएका भौतिक धनसम्पत्तिभन्दा परमेश्वरका आज्ञाहरूको मूल्य ज्यादा ठूलो छ।

**हितोपदेश ७:२:** परमेश्वरको वचनको आज्ञापालन गर्नु नै भरपूर जीवनमा पुऱ्याउने मार्ग हो। यसकारण आफ्नो आँखाको नानीलाई जस्तो गरी हामीले परमेश्वरको वचन जोगाइराख्नुपर्छ। यस वाक्यले भन्न खोजेको कुरा बुझ्न हामी International Standard Bible Encyclopaedia को सहारा लिन्छौं, जहाँ यसो लेखिएको छः

> 'नेत्रगोलक अर्थात् त्यो गोला, जसको आँखाको नानी यसको केन्द्र हुन्छ, त्यो गोला यसको रूपले गर्दा अङ्ग्रजीमा "स्याउ" भनिन्छ। आँखाहरूको ठूलो महत्त्वले गर्दा तिनलाई विशेष सुरक्षाको खाँचो छ, जुन सुरक्षा पलकहरूले तिनलाई दिन्छन्; किनभने यी ढकनीहरू आफैआफ झिम्म गर्दा रहेछन्, जब कतैबाट कुनै खतरा आउने सम्भावना हुन्छ। यसैकारण आँखाको नानीचाहिँ सबैभन्दा बहुमूल्य चीजको प्रतीक भयो, जसको सुरक्षा एकदम होशियारीसाथ गर्नुपर्छ।' **12)**

**हितोपदेश ७:३:** काव्य भाषा लिएर यस पदले के भन्छ भने, आफ्ना हातहरूले हामी जे गर्छौं, त्यो सबै परमेश्वरको वचनको नियन्त्रणमा रहनुपर्छ। परमेश्वरको वचनले जे भन्छ, वादविवाद नगरीकन त्यसको आज्ञापालन गर्नैपर्छ। 'वचन आफ्ना औंलाहरूमा बाँधिराख' भन्ने वाक्यले हाम्रा हातको काम देखाउँछ भने, 'वचन आफ्नो हृदयको पाटीमा लेख' भन्ने वाक्यले हाम्रो दिलोजानसाथ गरेको आज्ञापालन सङ्केत गर्छ।

**हितोपदेश ७:४:** बुद्धिलाई हामीले आदर-सम्मान गर्नुपर्छ, आफ्नी दिदीलाई गरेझैं। अनि समझचाहिँ हाम्रो नजिकको नातेदार सम्झनु सठीक हो। यस खण्डमा बुद्धिचाहिँ त्यस दुष्ट परस्त्रीको विपरीतमा राखिएको छ, जुन परस्त्रीबाट हामी होशियार भई जोगिनुपर्छ र पर बस्नुपर्छ।

**हितोपदेश ७:५:** जतिजना बुद्धिको पछि लाग्छन् र बुद्धिले दिएका शिक्षा र अर्तीहरू पालन गर्दै रहन्छन्, तिनीहरू सबैजना व्यभिचारी स्त्रीबाट जोगिन्छन्। तिनीहरू चिप्लो घस्ने परस्त्रीबाट बाँच्छन्। यस दुष्ट आइमाईको चरित्र बयान गर्दा यहाँ दुईवटा शब्द प्रयोग गरिएका छन्। पराई स्त्रीको शाब्दिक अर्थ अन्य परिवारकी, जो छाड़ा, अशिष्ट छे, र जो विवाहको बन्धनभित्र रहिन अर्थात् जो एउटी व्यभिचारिणी छे। अनि मूलभाषामा परस्त्री शब्दको अर्थचाहिँ नौलो, परको र दुःसाहसी हो।

**हितोपदेश ७:६:** हितोपदेश ७:६-२३ पदहरूको खण्डमा वेश्याको यौवन बेच्ने धन्दाको सजीव विवरण उल्लेख गरिएको छ, साथै एउटा जवान भाइ कसरी त्यसको चालमा फसेछ, सो कुरा पनि स्पष्टसँग

बताइएको छ। लेखकले यो दुःखद घटना कसरी शुरु गरेको र अघि बढ़ेको आफ्नै आँखाले देखेछन्, जब तिनले आफ्नो झ्यालको जालीदार पर्दाबाट भएर चियाए।

**हितोपदेश ७:७:** हाम्रो सामु एउटा जवान केटा प्रस्तुत गरिएको छ, जो बोधो छ, र जो लक्ष्यहीन पाराले बजारमा निस्केछ, आनन्द लिन भनी। हुन सक्छ, त्यो केटा असल परिवारको छोरा होला। तर अब त्यो घरमा बस्दैन, तर मज्जा गर्न निस्क्यो। हुन सक्छ, त्यो जवान भूतपूर्व सैनिक थियो होला, जसले आफ्ना सेखी गर्ने साथीहरूभन्दा केही कम हुन चाहँदैनथियो। त्यस केटाको हृदय पापले गर्दा कठोर भएको थिएन। होइन, त्यो बस्तीको अनुभवहीन सोझो केटा थियो।

**हितोपदेश ७:८:** तर नभन्दै त्यो देह व्यापारको क्षेत्रमा पुगेछ, र त्यस वेश्याको घरको कुनानिरको सड़कमा गइरहेको छ। त्यो अल्छी पाराले डुल्दै-टहल्दैथियो। यो नै त्यसको खास गल्टी र समस्या थियो। त्यो कुनै असल, योग्य धन्दामा व्यस्त रहनु-पर्नेथियो; तब त्यो यहाँ आइपुग्नेथिएन। त्यसका पाउहरू शान्तिको सुसमाचारका जुत्ता लगाइएका भए, त्यसले आफ्नो समय बरबाद गर्नेथिएन। परमेश्वरको निम्ति पूरा समर्पित भएका भाइबहिनीहरू पापबाट सुरक्षित भई बस्छन्; यो बिलकुल साँचो र सत्य हो। नभए यस्तो हुन्छ, जसरी श्री आइसक वाट्सले भनेका छन्: 'निस्सन्देह अल्छी मानिसका हातहरू व्यस्त बनाउन शैतानले कुनै न कुनै दुष्ट युक्ति र उपाय निकालिहाल्छ।'

**हितोपदेश ७:९:** अभाग्यवश त्यो केटा साँझभरि मध्यरातसम्म यता-उता डुल्दैथियो, घाम अस्ताएको समयदेखि अँध्यारो भएको बेलासम्म, अनि त्यस बेलादेखि कालो रातसम्म त्यो डुल्दैथियो। श्री अल्बर्ट बार्नसले यसको विषयमा यसो लेखेका छन्:

> 'यस प्रकारको बयानमा सङ्केतात्मक अर्थ हुन्छ, किनभने यसरी नै अन्धकार बढ़िरहेको नक्सा कोरिएको छ। किनकि अब बढ्दै गरेको अन्धकारले यस जवान केटाको जीवन छोप्दैछ।'

त्यो केटा यो पुतलीजस्तै छ, जुनचाहिँ आगोको ज्वालातिर उड्छ। जब पापको परीक्षाको साथसाथै पाप गर्ने मौका पनि मिलेको छ, तब यो अशुभ मिलन परम खतरनाक क्षण मान्नुपर्छ। हामीले अटुटसँग प्रार्थना गर्नुपर्छ; 'हे प्रभु, पापको परीक्षा र पाप गर्ने मौका – यी दुईवटा कुराहरूको मिलन मेरो जीवनमा कहिल्यै नभएको होस्!'

**हितोपदेश ७:१०:** अब यो वेश्या बॉलीवुडको आधुनिक फैशनमा, मेक-अपको सिँगारमा, पाउडर र सुगन्ध लगाइएको अवस्थामा देखा पर्छे। त्यसको बाहिरी आकर्षण यस्तै छ। तर त्यसको हृदय भने कामुक, गोपनशील, धूर्त छ।

**हितोपदेश ७:११-१२:** त्यो वेश्या एउटी शिष्ट, नम्र चरित्रवान् स्त्री कहाँ हो र! होइन, होइन! त्यो त धृष्ट, ढीठी, बकबके र रूखो छे। अहँ, गृहस्थ हुन त्यसले मान्दै-मान्दिन। सड़कहरूहुँदो त्योचाहिँ सेवालाभी शिकार-हरूको निम्ति ढुकेर बस्नैपर्छ।

*'कहिले त्यो बाहिर हुन्छे, कहिले सड़कहरूहुँदो; अनि हरेक कुनामा त्यो ढुकिबस्छे।'* अचम्म, एकै समयमा त्यो स्त्री सबै ठाउँमा कसरी हुन्छे? भाइबहिनीहरूहो, पाप यस्तै हुन्छ है। पाप जहाँ पनि फेला पारिन्छ। मुक्तिको सुसामाचार सबैले यति सजिलोसँग भेट्टाउनुपर्नेथियो; होइन र? तर हाय! हामीले त्यो शुभ सन्देश चारैतिर उपलब्ध गर्दैनौं!

**हितोपदेश ७:१३:** यस जवान केटालाई झट्को दिनुचाहिँ त्यसको फसाउने तरिकाको प्रथम कदम हो। त्यो यस केटाकहाँ दगुर्छे, त्यसलाई आफ्नो अँगालोमा हाल्छे र त्यसलाई

म्वाइँ खान्छे । अहो ! यत्रो प्रेमको प्रदर्शनको सामु यस केटाका खुट्टाहरू भुइँमा रहेनन्; किनभने त्यसले प्रेम र कामवासनाको बीचको भिन्नता जान्दैन, छुट्ट्याउन सक्दैन ।

**हितोपदेश ७ः१४ः** अबचाहिँ यस वेश्याले एउटा धार्मिक भेष धारण गर्छे । यसले यसो भन्छेः 'मसँग मेलबलिहरू छन्; आज मैले आफ्ना भाकलहरू पूरा गरेकी छु ।' तब यस केटाले आफ्नी आमालाई सम्झन्छ, पैठक-कोठामा राखिएको बाइबल यसको स्मरणमा आउँछ, त्यसपछि यसले मनमनमै भन्छः 'त्यो स्त्री ठिक्कै हुनुपर्ला; त्यो धर्मनिष्ठ रहिछे । मेलबलिहरू भएको व्यक्तिसित गल्ती के हुन सक्छ र ? त्यसले त आफ्ना भाकलहरू पो पूरा गरेकी छे ।' यस केटाको वरिपरिको फन्दा कसिरहेकै छ ।

मेलबलिहरूमा अर्को लोभ्याउने कुरा के थियो भने, यी बलिपशुहरूको मासु आज र भोलि मात्र खान सकिन्थ्यो (लेवी ७ः१५ पददेखिको खण्डअनुसार) । यसकारण त्यस वेश्याले यस केटाको निम्ति प्रशस्त खानेकुरा तयार गरी । किनकि त्यसलाई थाहै छ, कि यस केटाको मन जित्नु हो भने, त्यसले पहिले यसको पेट सन्तुष्ट पार्नुपर्छ ।

**हितोपदेश ७ः१५ः** अब त्यस वेश्याले गरेको बहाना सुन्नुहोस् ! त्यसले यस केटाको बाटो कहाँ हेरिरहेकी थिई ? त्यो त सरासर एउटा झूट हो । किनकि त्यसले यो बाटो भएर आउने पहिलो पुरुषलाई जसरी भए पनि लिनेथिई । तर यो सुनेर यो केटा फुरुक्क फुरिन्छ । 'अहो, यति महत्त्वपूर्ण म, कसरी ? अन्तमा मेरो प्रशंसा गर्ने कोही रहेछ ! मेरो वास्ता गर्ने हुँदो रहेछ ।'

**हितोपदेश ७ः१६-१७ः** 'मैले आफ्नो पलङमाथि बुट्टा हानेको कपड़ा बिछ्याएकी छु; मिस्र देशको रङ्गबिरङ्गी चद्दरले ढाकेकी छु; मैले आफ्नो पलङमाथि गन्धरस, अगरु र दालचिनीको सुगन्धित तेल छरेकी छु' भनेर त्यसले आफ्नो सुझाउ पेश गर्छे । त्यसले आफ्नो पलङको बयान किन गरेकी, सो तत्कालै बुझिन्छ, यसको निम्ति अरू बढ़्ता कुनै सङ्केत चाहिँदैन । यहाँ बताइएको जेजति कुराहरू छन्, यी कुराहरूले यस केटाको आकर्षण तानेर यसलाई कामुक तुल्याउने काम गर्छन् । हो, यी मनमोहक सुगन्धहरूले यस केटालाई त्यसको बन्दी बनाउन मद्दत गर्नुपरेको थियो ।

**हितोपदेश ७ः१८ः** अब त्यसको मखुन्डो निकाल्ने बेला आएको छ । अब त्यसले खुला रूपले 'आऊ, मसँग सुत' भन्ने निम्तो यसलाई दिन्छे । त्यसले होशियारीसाथ आफ्ना शब्द-हरू छानेकी छे; किनभने यस क्रीड़ामा कुनै पापको गन्ध लाग्नुहुँदैन, तर सबको सब सुखले पूर्ण अनुभवजस्तै सुन्नुपरेको छ ।

**हितोपदेश ७ः१९-२०ः** त्यसले निम्न शब्दहरूले यस केटालाई निरुत्तर पारेकी छेः 'घरको मालिक घरमा छैनन्; तिनी लामो यात्रा गर्न निस्केका छन्; तिनले थैलीभरि पैसा लगेका छन् । पूर्णिमाको दिनमा मात्र तिनी फर्केर घरमा आउनेछन् ।' याद रहोस्ः हितोपदेश ७ः९ पदमा बयान गरेको अन्धकारले पूर्णिमाको दिन आउन निक्कै समय बाँकी छ भन्ने सङ्केत दिएको छ ।

**हितोपदेश ७ः२१ः** त्यसले जति बढ़ी बोल्दै गरेकी छे, त्यति नै यस केटामा त्यसको सामना गर्ने शक्ति कम हुँदै गएको छ । अझै अलिक खुसामद र चिप्लो घसाइ काममा लगाएपछि त्यसले यस जवानलाई आफ्नो वशमा पारेकी छे ।

**हितोपदेश ७ः२२ः** विचार नगरी यस केटाले त्यस स्त्रीको घरमा जाने निर्णय गरिपठायो । यो केटा त्यसको पछि लाग्दैछ, कसाईखानामा लगिएको गोरुझैं; कति मायालाग्दो दृश्य ! !

यस पदको दोस्रो खण्डको अर्थ अस्पष्ट छ; किनभने हिब्रू मूललिपिमा लेख त्यस्तै

छ। यसकारण निम्न अनुवादहरू सम्भव भएका देखिन्छन्, जस्तैः

के.जे.वी. र एन.के.जे.वी.-बाइबलः

'वा ठिङ्गुरामा सजाय भोग्न गइरहेको मूर्खझैं।'

ए.एस.वी.-बाइबलः

'वा मूर्ख मानिसले भोग्नुपर्ने सजाय पाउन ठिङ्गुरामा हालिएको व्यक्तिजस्तै।'

आर.एस.वी.-बाइबलः

'अथवा अचानक पक्राउ परेको हरिण-जस्तै'

मोफ्फतको भाव-अनुवादः

'वा फकाइएको कुकुरजस्तै, जसको थुतुना मोहोलोरूपी पेरुङ्गोमा हाल्नुपर्छ।'

नोक्सको भाव-अनुवादः

'वा उफ्रिरहेको भेड़ाको पाठोजस्तै।'

बेक्लींको भाव-अनुवादः

'ठिङ्गुरामा सजाय भोग्न गइरहेको मूर्खजस्तै।'

तर यस वाक्यको सामान्य अर्थ स्पष्ट छः त्यो जवान केटा कि त ठिङ्गुरामा हालिनको निम्ति, कि त सजाय पाउने स्थानतिर गइ-रहेको अपराधीजस्तै छ।

**हितोपदेश ७ः२३ः** 'यसको कलेजो काँड़ले नछेडुन्जेल' भन्ने वाक्यको अर्थ यस प्रकारको छः **क)** कि त त्यस वाक्यले गोरुलाई मार्ने हातहतियार सङ्केत गर्छ, जुन हातहतियार अर्थात् जुन छुरीद्वारा काटमार गरिने गोरुका भित्री इन्द्रियहरू छेड़िन्छन्। अघिको पदको सन्दर्भ काटमार गर्न लागेको गोरु थियो।

**ख)** कि त यसको अर्थ यस जवान मानिसको मनमा जलिउठेको कामवासना हो, जुनचाहिँ पूरा तेजिलो पारिएको थियो।

**ग)** कि त यस जवान केटाको शरीरमा यसको व्यभिचारले कमाएका नराम्रा असरहरू हुन्। *'यो केटा त्यो चराजस्तो हो, जो बेग हानेर जालभित्र पर्छ, र "त्यसले मेरो प्राण लिन्छ" भन्ने कुरा यसलाई के थाहा?'* वेश्याकहाँ जाने मानिसले ठूलो मूल्य चुकाउनुपर्छ; उदाहरणको लागि मैथुनसम्बन्धी रोगहरू र एड्स।

**हितोपदेश ७ः२४-२५ः** यसकारण यो अचम्मको कुरा होइन, कि हितोपदेशको पुस्तकको लेखकले गम्भीरतापूर्वक आफ्ना छोराहरूलाई आग्रह गर्छन्ः 'आफ्नो हृदयमा लगाम लगाऊ! यस प्रकारको चरित्रहीन स्त्रीसँग सम्पर्क राख्ने जुनसुकै चाहना तत्कालै निभाऊ!' तिनीहरू आफ्ना पाउका कदम-हरूको विषयमा त्यसका बाटोहरूमध्ये कुनै एउटैमा कतै टेकिपठाएका हुन् कि भनेर आफ्नो विषयमा एकदम होशियार हुनुपर्छ।

**हितोपदेश ७ः२६-२७ः** त्यस वेश्याले घाइते पारेका वा मारेकाहरूको सूचि लामो छ। त्यसले धेरैजनाको जीवन बरबाद पारेकी छे; त्यसले ठूलो फौजलाई मारेकी छे।

प्रिय भाइहरूहो, त्यस वेश्याको घरमा नपस्नुहोस्, नत्र ता तपाईं नरकको बाटोमा लागिसक्नुभएको छ, तल मृत्युका अँध्यारा-अँध्यारा कोठाहरूतिर गइरहनुभएको छ।

### ट) हितोपदेश ८ः बुद्धिको अवतार

**हितोपदेश ८ः१ः** हितोपदेश आठ अध्याय यस पुस्तकको सात अध्यायभन्दा धेरै फरक छ। सात अध्यायमा व्यभिचारी स्त्रीले मानिसका सन्तानहरूलाई बोलाउँदैथिई। तर यहाँ, यस आठौं अध्यायमा बुद्धिले मानिस-हरूलाई यसो भन्दै आह्वान गर्छः 'मेरो पछि लाग!' त्यसपछि बुद्धिको पछि लाग्ने बलिया-बलिया तर्कहरू पेश गरिन्छन्। यस अध्यायसित मिल्ने योजस्तै पदचाहिँ यूहन्ना ७ः३७ पद हो, जहाँ प्रभु येशूले हामीलाई उहाँकहाँ आएर जीवनको पानी पिउने निम्तो दिनुहुन्छ।

**हितोपदेश ८ः२-३ः** यी दुईवटा पदहरूले त्यो बुद्धि कहाँ फेला पारिन्छ, सो कुरा

बताउँछन्। बुद्धि फेला पर्ने ठाउँहरूको सूचि निक्कै लामो छ; यसबाट के बुझिन्छ भने, मानव जातिको निम्ति बुद्धि उपलब्ध छ र मानिसहरूका दैनिक आउजाउ गर्ने जग्गाहरूमा सजिलोसँग भेट्टाइन्छ।

**हितोपदेश ८:४-५:** के पुरुष, के स्त्री, के बोधो, के सोझो, के मूर्ख – बुद्धिले ठूला-साना, सबै किसिमका मानिसहरूलाई आह्वान गर्छ। यस बुद्धिको विषयमा श्री डेरेक किड्नरले यसो भनेका छन्: 'बुद्धि हरेक मानिसको मार्गदर्शक हुन चाहन्छ।'

**हितोपदेश ८:६-९:** अब बुद्धिको शिक्षाका क्षेत्रहरू पेश गरिन्छन्: त्यसले उत्तम कुराहरू बोल्छ। त्यसले सठीक कुराहरू बताउँछ। त्यसले सत्य, र केवल सत्य बोल्छ। त्यसका वचनहरू धार्मिकतामा आधारित हुन्छन्। त्यसका ओठहरूबाट खराब, टेढ़ामेढ़ा वा कुटिल कुरा केही पनि सुनिँदैन। तपाईं समझदारी र विवेकशील मानिस हुनुहुन्छ भने, तपाईंको निम्ति त्यसका शब्दहरू सीधा, सरल र स्पष्ट, सम्पूर्ण रूपले सठीक हुन्छन्।

**हितोपदेश ८:१०-११:** बुद्धिको शिक्षाको मूल्य अद्वितीय, अतुलनीय छ। के चाँदी, के उत्तम सुन, के लालमणि, मूल्यवान् सम्झेको जेजस्तो होस् – यी सबै थोकहरू बुद्धिको तुलनामा केही पनि होइनन्।

**हितोपदेश ८:१२-१३:** बुद्धि र निपुणता सँगै एकै ठाउँमा बस्दा रहेछन्। यी दुईवटा कुराहरू छुट्ट्याउन सकिँदैन। यसकारण जससँग बुद्धि छ, उससँग निपुणता पनि छ। बुद्धिले जीवनका कामकुराहरूको सञ्चालन गर्ने सम्बन्धमा ज्ञान र विवेक प्रदान गर्छ।

तर यस्ता कुराहरू पनि छन्, जुन कुराहरू बुद्धिले आफूसँग सहनै सक्दैन। त्यसले न घमण्ड, न हठीपना, न दुष्ट्याइँ, न टेढ़ामेढ़ा वा झूट बोल्नेलाई सहन्छ। त्यसले जुनसुकै खराबी तुच्छ ठान्छ, किनकि दुष्टता त्यसको नैतिक गुणदेखि बाहिर, त्योभन्दा एकदम विपरीत छ।

**हितोपदेश ८:१४-२१:** बुद्धि प्राप्त गरेमा निम्न आशिषहरू हाम्रै हुनेछन्, जस्तैः

**क)** हितोपदेश ८:१४[क]: सल्लाह।

**ख)** हितोपदेश ८:१४[ख]: खाँटी बुद्धि।

**ग)** हितोपदेश ८:१४[ग]: समझ।

**घ)** हितोपदेश ८:१४[घ]: नैतिक शक्ति, जुन शक्तिद्वारा हामीले असल गर्न र खराब इन्कार गर्न सक्छौं।

**ङ)** हितोपदेश ८:१५[क] र १६[क]: अगुवाइ वा शासन गर्ने क्षमता।

**च)** हितोपदेश ८:१५[ख] र १६[ख]: सठीक न्याय गर्ने क्षमता।

**छ)** हितोपदेश ८:१७[क]: प्रेम र मित्रता (यूहन्ना १४:२१)।

**ज)** हितोपदेश ८:१७[ख]: यत्नशील मानिसहरूकहाँ पहुँच र सजिलो परिचय पाउनु।

**झ)** हितोपदेश ८:१८: रहिरहने सम्पत्तिको साथमा सम्मान र धार्मिकता।

**ञ)** हितोपदेश ८:१९: निखुर सुन र उत्तम चाँदीभन्दा उत्तम चरित्र।

**ट)** हितोपदेश ८:२०-२१: धार्मिकता र न्यायको सम्बन्धमा मार्गदर्शन, साथै प्रशस्त धनसम्पत्ति।

हामीले अघि भनिसक्यौं कि यी बुद्धिसित सम्बन्धित खण्डहरू प्रभु येशूमा लागू गर्न उचित देखिन्छ; किनभने नयाँ नियममा उहाँलाई परमेश्वरको बुद्धि भनिएको छ, जस्तैः मत्ती ११:१९, लूका ११:४९, १ कोरिन्थी १:२४ र ३० अनि कलस्सी २:३। यस प्रकारको सुन्दर र सुस्पष्ट व्याख्या निम्न पदहरूमा सबैभन्दा राम्रोसँग देखिन्छ। अनि ख्रीष्टको मण्डलीले जहिले पनि प्रभु येशू ख्रीष्ट यस अनुच्छेदको सन्दर्भ हुनुहुन्छ

भन्ने धारणा अघि अपनाएको थियो र अहिले पनि अपनाएको छ ।

यसकारण आउनुहोस्, हामी यस पवित्र शब्दहरूले पूर्ण उच्च रचनाको खण्डबाट ख्रीष्ट येशूको विषयमा सिक्दै जाऔं !

**हितोपदेश ८ः२२ः *क)*** *उहाँको अनन्त अस्तित्वः* 'परमप्रभुको मार्गको शुरुमै म उहाँको सम्पत्ति थिएँ ।' हामीले यसको अर्थ उल्टो बुझ्नुहुँदैन । ख्रीष्ट येशूको शुरु थिएन; किनभने परमेश्वरसँग बुद्धि नभएको कुनै बेलै थिएन । यसर्थ पिता आफ्नो पुत्रबिहीन कहिल्यै, कुनै समयमा पनि हुनुहुन्नथियो । अनि यही कुरा यूहन्ना १ः१ पदले भन्दछः *'शुरुमा वचन परमेश्वरसँग हुनुहुन्थ्यो ।'*

**हितोपदेश ८ः२३ः *ख)*** *अनन्तकालदेखि उहाँको खटनः* 'म ठहराइएको थिएँ' भन्ने अर्थ 'म खटाइएको थिएँ' पनि हुन सक्छ । सृष्टिको उत्पत्ति हुनु धेरै पहिले उहाँको नियुक्ति निर्धारित गरिएको थियो, कि उहाँ इस्राएली जातिको मसीह र संसारको मुक्तिदाता हुनुपर्छ ।

**हितोपदेश ८ः२४-२६ः *ग)*** *उहाँ प्रागैतिहासिक हुनुहुन्छ ।* 'म उत्पन्न हुँदा' भन्ने वाक्यांशमा उहाँको सृष्टि भएको र उहाँको शुरु भएको अर्थ लगाउनुहुँदैन । यहाँ प्रयोग गरिएको भाषा काव्य भाषा हो । यी शब्द-हरूले उहाँको अनन्तकालदेखिको अस्तित्व वर्णन गरेका छन् । उहाँ परमेश्वरको अनन्त पुत्र हुनुहुन्छ । अनि पुत्रको रूपमा उहाँलाई पिता परमेश्वरबाट अलग भएको व्यक्तित्व दिइएको छ ।

यहाँ आरम्भिक पृथ्वी भन्नाले संसारको शुरु बुझिन्छ ।

**हितोपदेश ८ः२७-२९ः *घ)*** *सृष्टिको उत्पत्तिमा उहाँ उपस्थित हुनुहुन्थ्यो ।* जब जमिन र समुद्रमाथि आकाश टाँगियो, तब उहाँ उपस्थित हुनुहुन्थ्यो । अनि जब बादलहरू सृजिए अनि मूलहरू फुटेर आए र मुहानहरूबाट पानी बग्न थाल्यो, तब उहाँ त्यहाँ उपस्थित हुनुहुन्थ्यो । समुद्रहरूका सिमानाहरू निर्धारित गर्दाखेरि र पानीलाई 'यो सीमा नाघेर नआइज' भनेर आज्ञा गर्दा उहाँ उपस्थित हुनुहुन्थ्यो । पृथ्वीका जगहरू बसाल्दा उहाँ त्यहाँ हुनुहुन्थ्यो, यी जगहरू बसाल्ने काममा पृथ्वीको माथिल्लो तहलाई टेवा दिने आन्तरिक संरचना पनि समावेश हुन्छ ।

**हितोपदेश ८ः३०[क]ः *ङ)*** *उहाँ सृष्टिको उत्पत्तिमा कार्यरत हुनुहुन्थ्यो ।* यस पदबाट हामीले के सिक्छौं भने, प्रभु येशूले चाहिँ सृष्टिको उत्पत्तिमा निपुण कारिगरको भूमिका निभाउनुभयो । *'तब म एक निपुण कारिगरको रूपमा उहाँको छेउमा थिएँ ।'* यो यस पदको पहिलो वाक्यको सठीक अनुवाद हो । अनि यूहन्ना १ः३, कलस्सी १ः१६ र हिब्रू १ः२ पदहरू यस कुरासित सहमत हुन्छन् ।

**हितोपदेश ८ः३०[ख]ः *च)*** *उहाँ परमेश्वरलाई सदैव प्रसन्न तुल्याउनुहुने उहाँको प्रेमपात्र हुनुहुन्थ्यो । 'अनि हरेक दिन म उहाँको प्रसन्नताको कारण थिएँ ।'* पिताले अनन्त र असीमित प्रेमले आफ्नो पुत्रलाई प्रेम गर्नुहुन्छ । तब पिताले आफ्नो पुत्रलाई यस संसारमा पठाउनुभएको कुरा हामीले झन् अद्भुत कुरा मान्नुपर्छ; किनभने उहाँ हामीजस्तै पापी मानिसहरूको निम्ति मर्नु-पर्‍यो । परमेश्वरको प्रेम यति महान् छ ।

**हितोपदेश ८ः३०[ग]ः *छ)*** *परमेश्वरको उपस्थितिमा उहाँको नित्य आनन्द हुन्थ्यो । 'उहाँको सामु म सधैं आनन्दित रहन्थें ।'* यस कुराले हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह झन् महिमित तुल्याउँछ । उहाँले यस प्रकारको विशुद्ध वातावरण र सिद्ध आनन्द किन छोड्नुभएको ? शर्म, शोकचिन्ता र दुःख-कष्टले ग्रसित धरतीमा उहाँ किन आउनुपर्ने, यो मलाई भन्नुहोस् !

**हितोपदेश ८ः३१ः ज)** *उहाँले पृथ्वीमा मानिसहरूले बसोबास गरेका जग्गाहरूमा आनन्द लिनुभयो ।* उहाँले विशाल विश्व-भरिमा यी ठाउँहरू किन मन पराउनुभयो ? पृथ्वीजस्तै सूक्ष्म ग्रहमा उहाँको चासो किन भएको, अचम्म ! !

***झ)*** *विशेष गरी उहाँ मानिसहरूका सन्तानहरूसँग प्रसन्न हुनुहुन्थ्यो ।* परम आश्चर्य यसैमा छः उहाँले विद्रोही मानिस जातिलाई साँचो प्रेमले प्रेम गर्नुहुन्छ ।

श्री विलियम काउपरले हितोपदेश ८ः२२-३१ पदको खण्डबाट निम्न सुन्दर भजन रचेका छन्, जसको बोल यस्तो छः

परमेश्वरले पहाड़हरूको सृष्टि गर्नुभन्दा अघि,
उहाँले फलाइला डाँड़ाहरू उठाउनुभन्दा अघि;
उहाँले पानीका धाराहरू बगाउनुभन्दा अघि,
खोलानालाहरूमा पानी बग्नुभन्दा अघि;
तपाईंमा अनन्त पिताले असीमित आनन्द लिनुहुन्थ्यो;
अँ, तपाईंबाट, जसको गुमनाम बुद्धि हो ।

जब उहाँले तम्बू टाँगेझैं आकाश चारैतिर फैलाउनुभयो,
र धरतीलाई समुद्रको विशाल पानीले लपेट्नुभयो,
तब तपाईं उहाँसँग हुनुहुन्थ्यो; तपाईं पिताको आनन्द हुनुहुन्थ्यो,
अनि तपाईंको आनन्दचाहिँ मानिसहरूका सन्तानहरू हुन्थे ।

अनि के तपाईं साँच्चै हामीजस्तै प्राणीहरूमा आनन्द लिनुहुन्छ र,
जब हामीले तपाईंलाई देखेपछि तपाईंको अपमान गरेर तपाईंलाई क्रूसमा टाँग्यौं ?
नाप्न र जोख्न नसकिने अपरिमेय आश्चर्य हो यो, सर्वश्रेष्ठ रहस्य यो हो ! !
जसको आवाज मेघको गर्जनजस्तै छ, उहाँले हामीलाई भन्दै हुनुहुन्छः 'हे पापी मानिस, म तिम्रो हुँ ।'

**हितोपदेश ८ः३२-३६ः** यस अध्यायको अन्तिम अनुच्छेदमा बुद्धिको आह्वानप्रति मानिसको प्रतिक्रिया यसको सन्दर्भ भएको छ, जसको प्रतिक्रियामा हाम्रो अनन्त भाग्य निर्धारित गर्ने सवालहरू छन्। किनभने बुद्धिको शिक्षा ग्रहण गर्नेहरू आशिषित हुनेछन्; किनकि तिनीहरू उहाँका मार्गहरूमा लागिरहन्छन्। दिन प्रतिदिन उहाँका मूल-ढोकाहरूमा उहाँको प्रतीक्षा गर्नेहरू सुखी हुन्छन्; किनभने यी विश्वासीहरू उहाँका ढोकाहरूमा जागा बस्छन् । जस-जसले बुद्धि भेट्टाउँछन्, यिनीहरूको निम्ति यो जीवन हो र यिनीहरू परमेश्वरको कृपादृष्टि पाउँछन् । तर हाय, तिनीहरूलाई, जसले बुद्धि फेला पार्दैनन् ! तपाईंको अनन्त हानि ठूलो हुनेछ; मृत्यु तिनीहरूको निम्ति ठहरिएको भाग हुनेछ ।

यी अन्तिम दुईवटा पदहरूको अर्थ ख्रीष्ट येशूमाथि लागू गर्नु हो भने, निम्न अर्थ निस्कन्छः जसले प्रभु येशूलाई भेट्टाएको छ, उसैले अनन्त जीवन पाएको छ र ऊ परमेश्वरको कृपा-पात्र बनेको छ (यूहन्ना ८ः५१ र १७ः३; एफेसी १ः६; १ यूहन्ना ५ः१२)। तर जस-जसले उहाँलाई ग्रहण गर्दैनन्, उहाँलाई ग्रहण गर्न ढिलो गर्छन्, तिनीहरूले आफ्नै हानि गर्छन्; किनभने जस-जसले प्रभु येशूलाई घृणा गर्छन्, तिनीहरू सबैले मृत्युलाई प्रेम गर्छन् (यूहन्ना ३ः३६) ।

### ठ) हितोपदेश ९ः१-१८ः बुद्धिले दिएको निम्तो र मूर्खताले दिएको निम्तो

**हितोपदेश ९ः१ः** यहाँ बुद्धिले आफ्नो घर बनाएको दृश्य छ । उसले ठूलो भोज लगाउन लागेको छ, र यसको तयारीमा व्यस्त भइरहेको छ । यो भोज तिनीहरूको निम्ति हो, जसले उसको निम्तो स्वीकार गर्छन् । यस भोजले चाहिँ त्यस आनन्द, त्यस सङ्गति र

त्यस सन्तुष्टिको चित्रण गर्छ, जुनचाहिँ उसले आफ्ना पाहुनाहरूलाई उपलब्ध गर्छ ।

सातवटा खाँबाहरूको विषयमा विभिन्न व्याख्याहरू पाइन्छन् । कति टिप्पणीकारहरू छन्, जसले यशैया ११ः२ पद यसको सन्दर्भ-पद देख्छन्, जहाँ पवित्र आत्माका सात वरदानहरू पेश गरिएका छन्, जुन वरदानहरू मसीहमाथि प्रदान गरिन्छन् । तर वास्तवमा त्यस पदमा छवटा वरदानहरू मात्र उल्लेख गरिएका छन् । अर्को व्याख्या हामीले याकूब ३ः१७ पदमा पाउँछौं, जहाँ माथिबाटको बुद्धिका सद्‌गुणहरू वर्णन गरिएका छन्, जस्तैः क) शुद्ध, ख) मिलनसार, ग) कोमल, घ) मनाउँदा मानिहाल्ने, ङ) दया र असल-असल फलले भरिएको, च) पक्षपातरहित र छ) कपटरहित ।

**हितोपदेश ९ः२-३ः** मासुभात प्रशस्त पस्किन्छ, र दाखमद्य प्रशस्त उपलब्ध छ । टेबलमाथि धेरै खाद्य वस्तुहरू सजाइएका छन् । यस भोजको शाही मुख्य एउटी महिला छिन्, जसले आफ्ना काम गर्ने केटीहरू पाहुनाहरूलाई भोजमा बोलाउन बाहिर पठाउँछिन् । यी काम गर्ने केटीहरूको कार्यभारले हामीलाई प्रभु येशूको सम्झना दिलाउँछ, जो परमेश्‍वरको बुद्धि हुनुहुन्छ । हामीले उहाँलाई अरू मानिसहरूसित बाँड्चुँड् गर्नुपर्छ र तिनीहरूलाई उहाँकहाँ आउने निम्तो दिनुपर्छ । तिनीहरूले पनि उहाँलाई भेट्टाउनुपर्छ र उहाँबाट आनन्द लिन सक्नुपर्छ ।

**हितोपदेश ९ः४-६ः** 'जो बोधो छ, त्यो फर्केर मकहाँ आओस् !' भनेर निम्तो गर्नको निम्ति प्रयोग गरेका शब्दहरू दुरुस्त उल्लेख गरिएका छन् । यो निम्तो बोधाहरूको निम्ति रहेछ । सीधासोझाहरूलाई प्रभावित पार्न सजिलो छ । तिनीहरू भड्किएर जान बढ़ी सम्भव छ । यसकारण तिनीहरूलाई सहायता र मार्गदर्शन धेरै आवश्यक छ । बुद्धिमान् हुनेहरूलाई निम्तो किन नदिइएको त ? किनभने यिनीहरू अघिबाट यस राजमहलभित्र आइसके ।

यी भोजनवस्तुहरूमा स्वादिष्ठ-स्वादिष्ठ खानेकुराहरू र सर्वोत्तम दाखमद्य भएका रहेछन् । सर्वोत्तम दाखमद्य मसला मिसाइएको दाखमद्य हुँदो रहेछ, जसमा बुद्धिरूपी मसला हालिएको हुन्छ ।

निम्तो स्वीकार गर्नेहरूले मूर्खता आफ्नो पछि छोड्नुपर्छ । तिनीहरूको जीवनमा नैतिक परिवर्तन आउनु अनिवार्य हो । तिनीहरूले यो देखाउन सक्नुपर्छ ।

**हितोपदेश ९ः७-९ः** यस खण्डमा अघिबाट आएको विषयसित सम्बन्ध टुटेको देखिन्छ । तर हुन सक्छ, यी पदहरूको व्याख्या यसो गरे ठीक होलाः यी पदहरूले कि त यो निम्तो गिल्ला गर्नेहरूलाई नदिइएको कारण बताउँछन्, कि त बुद्धिका पाहुनाहरूले यस्ताहरूलाई किन छोड्नुपर्छ, सो व्यक्त गर्छन् ।

किनभने जसले गिल्ला गर्नेलाई सम्झाएर सच्याउन खोज्छ, उसैले यसको निम्ति गाली खानुपर्छ । जसले एउटा दुष्ट मानिसलाई हप्काउँछ, उसमाथि त्यो दुष्ट आइलाग्छ र उसलाई हमला गर्छ ।

हप्की खानुपर्दा मानिसले जुन प्रतिक्रिया देखाउँछ, यस प्रतिक्रियाले त्यस मानिसको स्वभाव के हो, सो प्रकट गर्छ । गिल्ला गर्नेले हप्काउनेलाई घृणा गर्छ भने, बुद्धिमान् मानिसले हप्काउनेलाई हप्कीको निम्ति धन्यवाद भन्छ । बुबाआमा, शिक्षक, कामको मालिक वा साथीबाट हप्की खाँदा हामीलाई कस्तो लाग्छ ? हाम्रो प्रतिक्रिया कस्तो होला ?

बुद्धिमान् मानिस आफ्नो आलोचना गरिएकोमा रिसाउँदैन, तर हप्कीमाथि मन लगाउँछ, हृदयले ग्रहण गर्छ र अझ बढ़ी बुद्धिमान् बन्नेछ । अनि इमानदार मानिसले शिक्षाबाट लाभ उठाउँछ र आफ्नो विद्याको भण्डार भरिदिन्छ ।

**हितोपदेश ९ः१०ः** *'परमप्रभुको भय बुद्धिको शुरु हो।'* असल बुद्धि जेजति छ, यसको शुरुआत यहाँबाट हो। दोस्रो पल्ट हामीलाई यस सर्वश्रेष्ठ सिद्धान्तको याद दिलाइएको छ।

'... अनि परमपवित्रको ज्ञानचाहिँ समझ हो;' अथवा श्री मोफ्फतले भाव-अनुवाद गरेअनुसार 'परमेश्वरलाई जान्नु नै खास ज्ञान हो।' ख्रीष्ट-विश्वासीले पवित्र परमेश्वरलाई चिनेको हुनाले उसले आफ्ना घुँडा टेक्दा आफ्नो ज्ञान बढ़ाउँछ र अरू मानिसहरूले लम्केर र पूरा बल लगाएर आफ्ना पाउका पन्जामा चलेर जे देख्न सक्छन्, त्योभन्दा बढ़ी देख्छ।

यहाँ पवित्र भन्ने शब्द बहुवचनमा छ; यसो हो भने, यसको अर्थ परमेश्वरको महिमा, सर्वश्रेष्ठता र व्यापकताको निम्ति प्रयोग गरिने बहुवचन मानिन्छ; किनभने एलोहिम भन्ने शब्दचाहिँ परमेश्वरको निम्ति प्रयोग गरिएको सामान्य शब्द हो, अनि त्यो शब्द पनि सधैं बहुवचनमा छ। अनि एलोहिम नलेखे पनि यस शब्दको अर्थ यही हो, सो स्पष्ट बुझिन्छ।

**हितोपदेश ९ः११ः** बुद्धिप्राप्त मानिसको आयु बढ्छ र उसको जीवनमा वर्षहरू थपिनेछन्। उसको जीवन लामो मात्र कहाँ हो र? उसको जीवन सुखी पनि हुन्छ, उसको जीवन उद्योगी र फलदायक हुन्छ र अन्तमा, उसको जीवनको अन्त कहिल्यै हुनेछैन।

**हितोपदेश ९ः१२ः** यसकारण हामी बुद्धिमान् भएकोमा कसलाई फाइदा भएको छ? के यो कुरा हाम्रै फाइदाको निम्ति होइन र? हो, यो अरूको निम्ति भन्दा हाम्रै निम्ति लाभदायक छ। तर जसले गिल्ला गर्छ, त्यसले यसको निम्ति सजाय भोग्नेछ। यो त्यसको रोजीको फल हो। हुन पनि हो, गिल्ला गर्नेले अरूलाई पनि नराम्रो असर गर्छ; यो साँचो हो। तर अन्तमा, मानिसले सफलता वा विफलता प्राप्त गर्दा त्यो सिर्फ त्यस मानिस विशेष र त्यसको निर्णयमा निर्भर गर्छ।

**हितोपदेश ९ः१३ः** बुद्धिले तयार गरेको यस भोजमा आउन अस्वीकार गर्नेहरूले मूर्खताको व्रतमा भाग लिनैपर्छ। यो व्रत तिनीहरूकै निम्ति हो। हितोपदेश ९ः१-६ पदको खण्डमा बुद्धिको सर्वोत्तम प्रस्ताव र हितोपदेश ९ः१३-१८ पदको खण्डमा मूर्खताले सुक्खा, निस्तो भातरूपी प्रस्ताव विचार गर्नुहोस्!

मूर्ख स्त्री हल्ला गर्छे, बुद्धू हुन्छे र शर्मलाज पचेकी हुन्छे।

**हितोपदेश ९ः१४-१६ः** त्यो कि त आफ्नो घरको ढोका-बाहिर बस्छे, कि त शहरका उच्चा स्थानहरूमा बस्छे। त्यो सुशील महिला होइन, तर निर्लज्ज वेश्या पो हो।

मानिसहरूलाई बहकाउन त्यो त्यहाँ बसेकी छे। अनि त्यसका शिकार तिनीहरू हुन्, जो बोधा छन्, जसको समझ छैन। तिनीहरूलाई सजिलोसँग भड्काउन सकिन्छ।

**हितोपदेश ९ः१७ः** त्यसको नारा सुन्नुहोस्! *'चोरेको पानी मीठो हुन्छ, र गुप्तमा खाएको रोटी स्वादिलो हुन्छ।'* त्यसले भन्न खोजेको तात्पर्य यस प्रकारको छः अवैध सम्भोगमा कति मजा छ! किन? किनभने यस प्रकारको कुरा मनाही गरिएको छ र त्यो पाप गुप्तमा गरिन्छ। खास उत्सुकता यसैमा छ रे।

पतित मानिसको पापी स्वभाव कस्तो छ? जुन कुरा निषेध गरिएको छ, मानिसलाई त्यही कुरा गर्न मन लाग्छ। निषेधाज्ञाले मानिसमा त्यही मनाही गरेको कुरा गर्ने उत्तेजना र प्रेरणा उठाउँछ (रोमी ७ः७-८)। यसकारण त्यस वेश्याले मानिसको भ्रष्ट प्रवृत्ति आकर्षण गर्न खोज्छे। त्यसले सीधासादा र साह्रै सोझा भएकाहरूलाई आफूकहाँ बोलाउँछे।

**हितोपदेश ९:१८:** त्यसले तिनीहरूलाई पूरा कहानी सुनाउँदैन; किनभने त्यसले भनेको कुरामा विपक्ष पनि छ। मज्जा लिएको र कामवासना तृप्त पारेको क्षणले मानिसको निम्ति जीवनभरिको अफसोस कमाउँछ, साथै अनन्तसम्म नरकको गहिराइमा बिताउनुपर्ने ज्याला दिन्छ। यस संसारका मानिसहरूले पनि कहिलेकाहीं यस पदमा प्रस्तुत गरिएको सत्यता स्वीकार गर्छन्। फ्रेन्च भाषामा एउटा लोकप्रिय प्रेमको गीत छ, जसको रचना एक सय वर्ष अघि भएको होला, जसको अर्थपूर्ण बोल यस प्रकारको छः

> प्रेमको मज्जा र आनन्द एकै रातमा सकिन्छ,
> तर प्रेमको सन्ताप र निराशा जीवनभरि रहिरहन्छ। [13)]

# खण्ड ३

# हितोपदेश १०:१-२२:१६:

## व्यावहारिक बुद्धिको सम्बन्धमा बोलिएका राजा सुलेमानका उखानहरू

यहाँसम्म हितोपदेशको पुस्तकमा पद-पदको बीचमा सुस्पष्ट विचारधाराको निरन्तरता र सम्बन्ध भएको देखिन्थ्यो। अनि एक-एक अनुच्छेदले विभिन्न विषयहरूसित सम्बन्ध राख्थ्यो। तर हितोपदेश १०:१-२२:१६ पदको खण्डमा तीन सय पचत्तरवटा पदहरू छन्, जुनचाहिँ एक-अर्काबाट अलग छन्। प्रायः यी सबै नीतिवचनहरूमा दुई कुराहरूको बीचमा भएको अन्तर पेश गर्ने वक्तव्यहरू छन्; अनि बीचमा आएर 'तर' भन्ने शब्दले यी दुईवटा कुराहरूको बीचमा छुट्टाउने काम गर्छ। सुलेमान भन्ने नामको संख्यात्मक मूल्य तीन सय पचहत्तर हो; यो कुनै संयोगको फल होइन। किनभने यहाँ सुलेमानका हितोपदेशहरू नामक शीर्षकअन्तरगत तिनले रचेका तीन सय पचहत्तर नीतिवचनहरू समावेश गरिएका छन्।

### क) हितोपदेश १०:१-१५:३३: धर्मी जन र दुष्ट मानिसका जीवनशैलीहरू आपसमा तुलना गरिएका

**हितोपदेश १०:१:** छोराको व्यवहारले बुबाआमाको मानसिक स्वास्थ्य असर गर्छ-गर्छ। हरेक छोरा प्रेरित पावलजस्तै बुद्धिमान् अथवा यहूदा इस्करयोतीजस्तै मूर्ख बन्न सक्छ, आनन्द वा शोकचिन्ताको कारण बन्न सक्छ।

**हितोपदेश १०:२:** कालो धन लामो समय टिक्दैन, तर उड़िजान्छ। अनि मृत्युको घड़ीमा त्यसले हाम्रो जीवन एक क्षण पनि बढ़ाउन सक्दैन। तर धार्मिकताले मृत्युबाट बचाउँछ। त्यसले यो कुरा दुई प्रकारले गर्छ। एक, धार्मिकताले मानिसलाई पापमय जीवन र त्यसबाट आउने खतराहरूबाट बचाउँछ। अनि दुई, एउटा धार्मिक जीवनले नयाँ जन्म भएको प्रमाण दिन्छ; त्यसले धर्मी जनसँग अनन्त जीवन छ भन्ने कुरा देखाउँछ।

**हितोपदेश १०:३:** सामान्य नियम यस प्रकारको छः परमेश्वरले धर्मी जनलाई भोको राख्नुहुन्न। राजा दाऊदले यसो भनेः *'म जवान थिएँ, र अहिले म बूढ़ो भएको छु; तर मैले धर्मी जनलाई त्यागिएको वा उसका सन्तानहरूलाई रोटीको भीख माग्दै गरेको देखेको छैनँ'* (भजन ३७:२५)। तर यो कुरा पनि उस्तै सत्य होः 'तर दुष्टहरूको तीव्र अभिलाषा विफल तुल्याउनुहुन्छ' (आर.-एस.वी.अनुसार)। तिनीहरूले आफ्नो

सन्तुष्टि र लक्ष्य प्राप्त गर्न लागेको बेलामा त्यो तिनीहरूको हातबाट फुट्ट निस्कन्छ ।

**हितोपदेश १०:४:** लोसो, सुस्ती प्रकारले काम गर्ने र लापरवाही गर्ने अल्छे मानिस गरिब हुन्छ-हुन्छ । तर जसले परिश्रम गर्छ र जो क्रियाशील हुन्छ, उसले सफलता प्राप्त गर्छ ।

**हितोपदेश १०:५:** ग्रीष्म ऋतु कटनी गर्ने समय हो । हलो जोतेको, बीउ छरेको र अन्य उमार्ने काम गरेकोमा के मतलब छ, जब यति गरेपछि मानिस फसल काट्ने समयमा सुत्छ ? यो अर्थहीन हुन जान्छ । प्रभु येशूले आफ्ना चेलाहरूलाई यसो भन्नुभयोः *'हेर, म तिमी-हरूलाई भन्दछु, आफ्ना आँखाहरू उठाओ, र खेतबारीहरूतिर हेर ! किनकि ती कटनीको निम्ति पहेलै भइसकेका छन्'* (यूहन्ना ४:३५) ।

**हितोपदेश १०:६:** छरेको कुराको कटनी गर्ने नियम जारी छँदैछ । यसकारण हामी इमानदार जीवनको बीउ छर्छौं भने हामी परमेश्वरबाट आशिषहरू पाउनेछौं र आफ्ना सङ्गी-नागरिकहरूबाट स्याबासी पाउनेछौं । तर हामी पापरूपी झारको बीउ छर्छौं भने अत्याचारले हाम्रो मुख छोपिदिन्छ । हामानलाई यस्तो भएको थियो । त्यसको मुख चुप गराइएको थियो र त्यसको मृत्यु फाँसी थियो; यो त्यस अपराधीको निम्ति सुयोग्य मृत्यु थियो (एस्तर ७:८-१०) ।

**हितोपदेश १०:७:** पवित्र जीवन जिउने व्यक्तिको सम्झना धेरै समयसम्म रहिरहन्छ । तर दुष्ट मानिसको नामले दुर्गन्ध फैलाउँछ, त्यसमा मीठो सुबास्ना केही पनि छैन । उदाहरणको निम्ति पावल नाम गरेका छोराहरू अनेक छन्; तर कसको छोराको नाम यहूदा होला त ?

**हितोपदेश १०:८:** *'बुद्धिमान् हृदय भएको मानिसले आज्ञाहरू ग्रहण गर्छ ।'* ऊ असल प्रकारको सल्लाह सुन्न र मान्न तयार छ । तर बकबके मूर्ख तल खिचिन्छ र नाश हुन्छ; किनकि त्यसले सुन्न, सिक्न र आज्ञाकारी हुन मानेन ।

**हितोपदेश १०:९:** सीधा चालमा चल्ने मानिसको जीवन सुरक्षित छ, तर छलमाथि स्थापित भएको जीवनचाहिँ लुक्न सक्दैन, तर खुल्लमखुल्ला त्यसको दोष प्रकट गरिन्छ ।

**हितोपदेश १०:१०:** आर.एस.वी.-अनुवादअनुसार यस पदको अर्थ सुस्पष्ट हुन जान्छ, जुन बाइबल-अनुवादमा यसो लेखिएको छः 'जसले आँखाले इसारा गर्छ, त्यसले कष्ट दिन्छ; तर जसले साहसपूर्वक दोष देखाइदिन्छ, उसले मेलमिलाप गराउँछ ।' आँखाले इसारा गर्नु भनेको गुप्त अभिप्राय अपनाएको बुझिन्छ; यसमा धूर्तता लुकेको छ । तर जब यस प्रकारको छलको दोष खुला रूपले देखाइन्छ, तब शोकचिन्ता होइन, तर शान्ति यसको शुभ फल हो ।

**हितोपदेश १०:११:** *'धर्मी जनको मुख जीवनको धारा हो'*; किनभने त्यसबाट आत्मिक उन्नति गराउने, सान्त्वना दिने र परामर्श गर्ने उपयोगी वचनहरू निस्कन्छन् । तर दुष्टको मुख चुप गराइन्छ, त्यसको अत्याचार र दुष्टताले यसको निम्ति समस्या निम्त्याउँछ ।

**हितोपदेश १०:१२:** घृणा गर्ने मनले क्षमा गरेर बिर्सन सक्दैन । त्यसले पुराना मतभेद र झगड़ाहरू फेरि र फेरि मच्चाउन खोज्छ । तर प्रेमले भरिएको हृदय भएको मानिसले अरूका गल्ती र दोषहरूमाथि गोपनीयतारूपी पर्दा लगाइदिन्छ । हुन त, यी गल्तीहरू, यी दोषहरू मानिलिएको र छोड़ेको हुनुपर्छ । तर प्रेमले बकवाद गर्दैन, अँ, त्यसको बारेमा कुराचर्चा गरिरहँदैन ।

**हितोपदेश १०:१३:** समझ भएको मानिसको बातचितबाट अरूलाई मद्दत मिल्छ । तर मूर्ख मानिसबाट कसैलाई केही

लाभ हुँदैन। त्यसले आफूमाथि पिटाइरूपी दण्ड ल्याउँछ।

**हितोपदेश १०:१४:** बुद्धिमान् मानिसहरूले ज्ञानको महत्त्व जान्दछन् र धन सम्झेर संग्रह गर्छन्, उपयोगी समयको निम्ति जोहो गर्छन्। यसको सिलसिलामा श्री अल्बर्ट बार्नसले यसो लेखेका छन्: 'उसले कस-कसलाई के-के भन्नुपर्छ, यस कुराको निम्ति सुयोग्य समय पर्खान्छ र उचित ठाउँ खोज्छ।' तर मूर्ख मानिसको बकबके मुखले अब के भन्छ, सो कसैले जान्न सक्दैन। तर यति भन्न सकिन्छः त्यसले सधैं अरूमाथि र आफूमाथि समस्या ल्याउँछ।

**हितोपदेश १०:१५:** धनी मानिसहरूको धन बढ्छ र गरिब मानिसहरूको गरिबी पनि बढ्दै जान्छ। जससँग पैसा छ, तिनीहरूले पैसैपैसा कमाउँछन्। तर गरिब मानिसले केले र कहाँबाट पैसा कमाउन शुरु गर्ने, जब त्यससँग केही पनि छैन? यसकारण त्यसको गरिबी त्यसको आर्थिक पतन हो। धनी मानिसहरूले उच्च स्तरीय मालहरू किन्न सक्छन्, जुनचाहिँ लामो समयसम्म टिक्छन्। तर गरिब मानिसहरूले नयाँ कुराभन्दा अरूले चलाइसकेका पुराना चीजहरू किन्छन्; अनि यी पुराना चीजबीचहरू मर्मत गरिबस्नुपर्छ। अन्तमा त्यसो गर्न बढ़ी खर्चिलो हुन्छ। संसारमा कुरा यस्तो छ; तर खास गरी यसो हुनुहुँदैन।

**हितोपदेश १०:१६:** उचित तरिकाले धन कमाउनमा आशिष छ। नीच कमाइको मुनाफा पापको निम्ति प्रयोग गरिन्छ। तुलना गर्नुहोस्: इसाई सिकर्मी र अइसाई मधुशालामा काम गर्ने कामदार। सिकर्मीको कमाइ इमानदार उत्पादनकारी परिश्रमको फल हो, र त्यो कमाइ उड़ाइँदैन, तर लाभदायक कामकुराहरूको निम्ति खर्च गरिन्छ। अनि मधुशालामा काम गर्ने मानिसको काम नाशक हो। यसकारण त्यसले जति बढ़ी काम गर्छ, त्यति नै बढ़ी पाप बढ़ाइदिन्छ; किनभने त्यसले मानिसहरूको बीचमा पाप बढ़ाएर पैसा कमाउँछ।

**हितोपदेश १०:१७:** जीवनको राजमार्गमा रहनको निम्ति हामीले भक्ति बढ़ाउने शिक्षा सुन्न र पालन गर्नुपर्छ। तर हाय त्यस मानिसलाई, जसले उत्तम सल्लाहप्रति आफ्नो पिठ्यूँ फर्काउँछ; त्यो भड्किन्छ-भड्किन्छ, र त्यसले अरूलाई पनि भड्काउँछ।

**हितोपदेश १०:१८:** यस पदमा दुईजना मानिसहरूको बीचमा भएको भिन्नता स्पष्ट पारिएको छ। किनकि पहिलो मानिस छलका शब्दहरूद्वारा आफ्नो घृणा लुकाउँछ। तर दोस्रो मानिसले आफ्नो छिमेकीको बदनाम गरेर उसप्रति आफ्नो घृणा प्रकट गर्छ। पहिलो व्यक्ति कपटी हो भने, दोस्रो व्यक्ति मूर्ख हो। अनि कपटी हुनु कि मूर्ख हुनुको बीचमा कुनचाहिँ छानिन्छ र? होइन, हामी ख्रीष्ट-विश्वासीको निम्ति अर्को उपाय छः हामीले कसैलाई घृणा गर्नुहुँदैन भन्ने कुरा हामीले व्यवहारमा उतार्न सक्नुपर्छ। आजदेखि हामी यसो गर्ने प्रयास गरौं!

**हितोपदेश १०:१९:** हामी जति बढ़ी कुरा गर्छौं, त्यति नै हामी बोल्दा कुनै गल्ती गरिपठाउने सम्भावना पनि बढ्छ। गफ चुट्ने गफाड़ीलाई होशियार! धेरै गफसफ गर्ने इच्छाले मानिसलाई बढ़ाइचढ़ाइ गर्न, गोपनीय कुराहरू खुलस्त पार्न र यस प्रकारका पापहरू गर्न लाउँछ। कसैले गरेको दिल्लगी जित्न खोज्ने मानिस मजाक छोड्ने होइन, तर अभद्र र अश्लील कुरा बोल्न पो पुग्छ।

जुन मानिसले आफ्नो जिब्रोमा लगाम लगाउँछ, त्यो मानिस बुद्धिमान् हो। आत्म-संयमी मानिसले आफूलाई शर्म, लाज, क्षमायाचना, दोष-स्वीकारबाट, अँ, पापधरि गर्नबाट जोगाउँछ।

**हितोपदेश १०:२०:** असल व्यक्तिले बातचित गर्दा जे बोल्छ, त्यस कुराले उसको

चरित्र केकस्तो छ, सो प्रकट गर्छ। उसको चरित्र चाँदीको हो भने, उसको बोली पनि चाँदी ठहरिन्छ। तर दुष्ट मानिसको मन र हृदय निकम्मा छ; यसकारण त्यसको बोली पनि व्यर्थ हो; किनकि त्यो बोली त्यसको व्यर्थ मनदेखि बगेर आउँछ।

**हितोपदेश १०:२१:** कसैले यस नीति-वचन यस प्रकारले भाव-अनुवाद गरेका छन्: 'गुणवान् मानिसले आफूलाई र अरूलाई पालन-पोषण गर्छ, तर दुष्टले आफूलाई जीवितै राख्न सक्दैन।' मूर्ख भनेको हठधर्मी, दुष्कर मानिस हो।

**हितोपदेश १०:२२:** वास्तवमा केवल परमप्रभुको आशिषले हाम्रो जीवन सुसम्पन्न तुल्याउँछ। तर के उहाँले आफ्नो आशिषको साथ कुनै शोकचिन्ता थप्नुहुन्न त? तब भक्त जनहरू शोकको सागरबाट भएर जाने विषयमा कसो हो?

यसकारण यस पदको दोस्रो खण्डको निम्ति कुनै स्पष्टीकरण दिनु खाँचो देखिन्छ, जस्तैः

**क)** परमेश्वरले मानिसहरूकहाँ शोक पठाउनुहुन्न। संसारका सबै शोकचिन्ता, रोगबिमारीहरू र दुःखकष्टहरू शैतानबाटका हुन्। परमेश्वरले कतिपल्ट यी नकारात्मक कुराहरू आफ्ना छोराछोरीहरूको जीवनमा रहन र सहन दिनुहुन्छ; तर उहाँ यी खराबी-हरूको कारण वा स्रोत हुनुहुन्न।

**ख)** शोकचिन्ता परमेश्वरको आशिषको अङ्ग होइन; त्यो छुट्टै, परमेश्वरबाट अलग भएको कुरा हो।

**ग)** अनि यस वाक्यको अनुवाद यस प्रकारको हुन पनि सम्भव छः 'अनि हाम्रो परिश्रमले उहाँको आशिषमा केही थप्न सक्दैन।' आर.वी. र आर.एस.वी.बाइबल-हरूले यस प्रकारको अर्थ दोस्रो अनुवाद गर्ने तरिकाको रूपमा पेश गरेका छन्। हाम्रो परिश्रम परमेश्वरको इच्छाअनुसार हुनुपर्छ, नत्र त हाम्रो मेहनतले केही थप आशिष ल्याउँदैन। परिश्रमचाहिँ असल कुरा हो, तर परमेश्वरको निर्देशन नपाई त्यो व्यर्थ हुन जान्छ (भजन १२७:१-२)।

**हितोपदेश १०:२३:** मूर्ख मानिसले आफ्नो निम्ति समस्या सृजना गर्दा मज्जा लिन्छ। यो त्यसको सोख हो। तर समझदार मानिसले आफ्नो आनन्द आफ्नो बुद्धिमान् चालबाट पाउँछ।

**हितोपदेश १०:२४:** दुष्ट मानिसलाई जुन कुराको डर हुन्छ, त्यही कुरा त्यसमाथि आइपर्छ। तर 'परमेश्वरको इच्छा मेरो जीवनमा पूरा भएको होस्' भन्ने चाहना धर्मी जनको चाहना हो। यसकारण उसको चाहना पूरा गरिनेछ। यस जीवनमा उहाँको इच्छा पूरा भएको र अर्को जीवनमा उहाँको उपस्थितिमा जिएर आनन्द लिन पाउने चाहना धर्मी जनमा पूरा हुनेछ। यस सिलसिलामा श्री सी. एस. लूविसले आफ्नो विचार पोख्दै यसो भनेका छन्:

> 'अन्तमा हामी हरेकले परमेश्वरको चेहरा हेर्नेछौं। जुन चेहराको दृष्टिमा सारा सृष्टि उदाङ्गो र खुला हुन्छ, त्यही चेहराले हामीमा कि त आनन्द, कि त डरत्रास पैदा गर्नेछ। परमेश्वरको अनुहारबाट हामीलाई कि त बयान गर्न नसकिने महिमा, कि कहिल्यै लुकाउन नहुने असाध्य शर्म मिल्नेछ।' 14)

**हितोपदेश १०:२५:** परमेश्वरको न्याय-रूपी भुमरी पार भएर गएपछि दुष्ट मानिस फेला पर्न सकिँदैन। तर धर्मी जनको जीवनचाहिँ सनातन चट्टानमाथि बसालिएको छ; यसकारण कुनै कुराले उसलाई हल्लाउन सक्दैन।

**हितोपदेश १०:२६:** सिर्का साह्रै अमिलो कुरा हो; यसैले जसरी त्यसले दाँतहरू सिरिङ्ङ दुःखाउँछ, अनि जसरी धूवाँले आँखाहरू पोल्छ, ठीक त्यस्तै अल्छे सन्देश-वाहक हो। त्यसले बाटोमा आलस-तालस

गर्छ र अन्तमा, त्यो मानिस त्यसलाई पठाउनेहरूको निम्ति रिस उठ्ने, निराश पार्ने र पिरोल्ने कारण बन्दछ ।

**हितोपदेश १०ः२७ः** भक्तिपूर्ण जीवनले मानिसको आयु बढ़ाउँछ। अनि दुष्ट मानिसहरूको अकालिक मृत्यु हुन्छ, जस्तैः गुन्डागिरी-जगत्मा तिनीहरूको हत्या, प्रतिशोधको हत्या हुनेछ; अथवा मद्यपान, लागू पदार्थको सेवन वा घिचासले तिनीहरू चाँड़ै मर्नेछन् ।

**हितोपदेश १०ः२८ः** जुन कुराहरू धर्मी मानिसले पाउने आशा गर्छ, ती कुराहरूले उसलाई आनन्द दिलाउनेछन्। तर दुष्ट मानिसको आशा यस्तो हुँदैन। तिनीहरूको आशा निराशा हुनेछ। श्री जी. एस. बोवसले यसको निम्ति निम्न उदाहरण पेश गरेका छन्:

> 'महान् अलेक्सान्डर देश-देशको कब्जा गरेकोमा सन्तोष थिएनन्। तिनी रुँदैथिए; किनभने यस पृथ्वीमा तिनले अझ कब्जा गर्ने जग्गाहरू बाँकी रहेनन् । अनि तिनी जवान हुँदो अतिभोगको अवस्थामा तिनको मृत्यु भयो । अनि हान्निबाल ती सेनापतिचाहिँ ? उनले तीनवटा ठूला घ्याम्पाहरू सुनका औंठीहरूले भरे, जुन औंठीहरू उनले मारेका फौजीहरूबाट झिकेका थिए। उनी विष खाएर मरे। धेरै मानिसहरूले उनको मृत्यु चालै पाएनन् । कसैले थाहा नपाउने गरी उनले यस धरतीलाई छोड़े । कसैले पनि उनको निम्ति विलाप गरेन । अब सम्राट जुलियुस सेसरको कुरा आयोः तिनले आफ्ना दस लाख शत्रुहरूको रगतले आफ्नो पोसाक रङ्ग्याए भन्ने आहान छ । तिनले आठ सयवटा शहरहरू कब्जा गरे अरे । तर के गर्ने ? यस महान् विजयस्थलमै तिनको साथीले तिनलाई छुरी हानेर मार्‍यो । अनि नपोलेयोन-चाहिँ कस्ता भयत्रास फैलाउने विजेता थिए। उनी जो यूरोपको महाकष्ट थिए, उनी आफ्नो जीवनका अन्तिम छ वर्षहरू सेन्त हेलेना नामक टापुमा, निर्वासनमा बिताए ।' [15)]

निस्सन्देह दुष्टहरूको आशा नष्टभ्रष्ट हुने नै छ ।

**हितोपदेश १०ः२९ः** परमप्रभु आफ्नो इच्छाधीन व्यवहारमा सीधा चाल चल्नेहरूको निम्ति बलियो धरहरा हुनुहुन्छ, तर दुष्ट मानिसहरूको निम्ति उहाँ विनाश हुनुहुन्छ ।

**हितोपदेश १०ः३०ः** परमेश्वरले धर्मी जनको निम्ति वासस्थान निर्धारित गर्नुभएको छ; तर दुष्टहरू निर्वासित डुलन्ते-फिरन्ते हुनेछन् । इस्राएली जाति कैद गरेर लगिएको घटना यसको साक्षी हो ।

**हितोपदेश १०ः३१ः** असल मानिसको मुख जीवनको रूखजस्तै छ, जसले बुद्धिरूपी फल फलाउँदैछ। तर बाङ्गोटेढ़ा र कुटिल कुरा बोल्ने जिब्रो काटिनेछ ।

**हितोपदेश १०ः३२ः** असल मानिसले बोलेको कुरामा भर पर्न सकिन्छ। उसले बोलेको ग्रहणयोग्य हुन्छ। तर दुष्ट मानिसले कथन बिगारेर पेश गर्छ; किनभने त्यसले टेढ़ामेढ़ा कुराहरू मात्र बोल्न जान्दछ ।

**हितोपदेश ११ः१ः** उहिले व्यापारहरूमध्ये कोही-कोही छट्टू हुन्थे; किनभने तिनीहरूले माल किन्न एक प्रकारका ढकहरू चलाउँथे भने, बेच्नको निम्ति अर्का ढकहरू प्रयोग गर्थे। किन्दाखेरि ढकहरू चाहिँएको भन्दा गह्रौं हुन्थे; यसरी तिनीहरूले निर्धारित दाम तिरेर बढ़ी माल पाउने गर्थे । अनि मालसामान बेच्दा तिनीहरूका ढकहरू निर्धारित ओजन-भन्दा हल्का हुन्थे; यसो हो भने, गाहकीले तिरेको दामको निम्ति कम्ती माल पाउँथ्यो ।

वर्तमान समयमा व्यापर-वाणिज्यमा अरू छल गर्ने तरिकाहरू अपनाइन्छन्, जुन तरिकाहरू पनि हामीले 'छलको तराजु' भन्ने नाम दिनुपर्छ, जुनचाहिँ मनाही गरिएका छन् । स्कूलमा, समाजमा, परिवारमा र मण्डलीमा छलको अलिकति गन्ध हुनुहुँदैन ।

**हितोपदेश ११ः२ः** पहिले घमण्ड आउँछ, त्यसपछि पतन । अनि त्यसपछि ? त्यसपछि

पतनको साथ शर्म पनि आउँछ। तर नम्र हुनेहरू र वास्तविक हुनेहरूमा ठेस खाएर लड्ने सम्भावना कम हुनेछ।

**हितोपदेश ११ः३ः** इमानदारीपनचाहिँ हामीले अपनाउन सक्ने सबैभन्दा उत्तम नीति हो। सीधा चाल चल्नेहरूको इमानदारीपनले उनीहरूलाई ठीक बाटोमा अगुवाइ गर्छ। यूसुफचाहिँ यसको असल नमुना हुन्। तर विश्वासयोग्य नहुनेहरूको टेढ़ापनचाहिँ तिनी-हरूको पतन र विनाशको कारण हुनेछ। बालामचाहिँ यसको उदाहरण हो।

**हितोपदेश ११ः४ः** धनले परमेश्वरको क्रोध हटाउन सक्दैन, न यस युगमा, न ता आउने अनन्तकालमा। तर वर्तमान समयमा धार्मिकताचाहिँ अकालिक मृत्युबाट रक्षा गर्छ; अनि केवल परमेश्वरको धार्मिकताको पोसाक पहिरिएकाहरू दोस्रो मृत्युबाट बाँच्नेछन्।

**हितोपदेश ११ः५ः** परिपक्व भएको निर्दोष मानिस धार्मिकताबाट अगुवाइ पाउँछ; किनकि धार्मिकताचाहिँ सर्वोत्तम अगुवा हो। दुष्ट मानिसको पतन हुनेछ; त्यसको दुष्टता त्यसको पतनको मूलकारण हुनेछ।

**हितोपदेश ११ः६ः** धार्मिकताले असल मानिसहरूलाई अगुवाइ गर्छ; यति मात्र होइन, तर धार्मिकताले उनीहरूलाई छुटाउँछ पनि, किनभने उनीहरूको निम्ति खतराहरू अनेक छन्, देखिने र नदेखिने। अपराधीहरू आफ्नै दुष्टतामा फस्नेछन्। यहूदा इस्करयोती यसको उदाहण हो, जो आफ्नै अभिलाषा र आफ्नै पैसाको लोभको जालमा फस्यो।

**हितोपदेश ११ः७ः** यस्तो टुक्का सुनिएको छः 'मूर्ख मानिसका सबै उद्देश्यहरू चिहानमा टुङ्गिन्छन्।' यसर्थ दफन-सन्दुकको ढकनी लगाइएपछि त्यसका सबै आशा-आकङ्क्षा-हरू सँगै गाड़िएका हुन्छन्। किनकि जुन कुराहरूको निम्ति त्यसले मरिमेटेर काम गर्थ्यो, जुन कुराहरूको निम्ति त्यसले जिउने गर्थे, ती थोकहरू अब छैनन्, ती थोकहरू त्यसको हातबाट फुट्ट निस्के। अनि उन्नति गर्छु भन्ने त्यसको अपेक्षा सधैंको निम्ति गइगयो।

**हितोपदेश ११ः८ः** परमेश्वरले धर्मी जनलाई सङ्कष्टबाट बचाउनुहुन्छ, र त्यो सङ्कष्ट दुष्ट मानिसकहाँ पठाउनुहुन्छ। यसकारण तीनजना हिब्रू मानिसहरू आगोको भट्टिमा बचे, तर तिनीहरूलाई मृत्युदण्ड दिने जल्लादहरू आगोमा नष्ट भए (दानियल ३ः२२-२६)।

**हितोपदेश ११ः९ः** धर्म-त्यागी वा कपटी, पाखण्डी मानिसले नकारात्मक विचार र शङ्काको बीउ छरेर आफ्नो छिमेकीको विश्वास हल्लाउन वा कमजोर पार्न खोज्छ। तर सत्यको ज्ञानले धर्मी जनहरूलाई जाली के हो, नकली के हो, सो छुट्ट्याउन सक्षम तुल्याउँछ। यसरी नै उसले त्यसको कुरा काटेर आफूलाई र अरूलाई यस प्रकारको खण्डनबाट बचाउन सक्छ।

**हितोपदेश ११ः१०ः** शहरमा आनन्दको उत्सव मनाउने कारण दुईवटा रहेछन्। एक, जब धर्मी जनहरूको उन्नति हुन्छ र दुई, जब दुष्टहरू नाश हुन्छन्।

**हितोपदेश ११ः११ः** सीधा चाल चल्ने-हरूको आशिष भन्नाले हामीले यहाँ के भनेको बुझ्नुपर्ला त? यो उनीहरूले त्यस शहरको निम्ति गरेका अन्तर्विन्ती-प्रार्थनाहरू हुन् (१ तिमोथी २ः१-२)। अनि दोस्रो, त्यो आशिष उनीहरूको त्यस शहरमा भएको उपस्थिति र अरूमाथि परेको उनीहरूको भक्तिपूर्ण प्रभाव पनि हो। मत्ती ५ः१३ पदमा प्रभु येशूले आफ्ना चेलाहरूलाई *'तिमीहरू पृथ्वीको नुन हौ'* भन्नुभयो। संसारमा उनीहरू यो भूमिका निभाउँछन्।

तर दुष्ट मानिसहरूले आफ्नो छल, भङ्ग गरेका प्रतिज्ञाहरू र धोखेबाज अनि तिनी-हरूले उच्चरण गरेका निन्दा-ईश्वरनिन्दाका

वचनहरूद्वारा स्थानीय शासन-प्रशासनको पतन गराउन सक्छन् ।

**हितोपदेश ११:१२:** *'जससँग समझ छैन, त्यसले आफ्नो छिमेकीलाई तुच्छ ठान्छ; तर समझदार मानिस चुप रहन्छ।'* अरू मानिसहरूलाई हेला गर्नुचाहिँ परमेश्वरको अपमान गर्नु हो। जसले अरू कसैलाई हेला गर्छ, त्यसले उसलाई चोट पार्छ र झगड़ा सृजना गर्छ, अनि यसबाट कसैलाई कुनै लाभ हुँदैन। समझदार मानिसले व्यक्ति विशेषको विषयमा कुनै सराहना गर्ने कुरा भन्न सक्दैन, अँ, त्यसलाई उन्नतिशील, लाभदायक केही भन्न सक्दैन भने ऊ बरु चुप रहन्छ।

**हितोपदेश ११:१३:** कुराबोकुवाले अरूको बदनाम गर्नुमा, अरूको विषयमा चर्चा गर्नुमा र गोपनीय कुरहरू बताउनुमा अपकारी, दुष्ट आनन्द लिन्छ। त्यसले केही बाँकी राख्दैन, तर सबै कुरा प्याच्च भनिहाल्छ।

तर विश्वासयोग्य साथी गोपनीय कुरा गुप्त राख्न जान्दछ; उसले भन्न नहुने कुरा बोल्दैन, उसले सोचविचारैविना कुरा गर्दैन।

**हितोपदेश ११:१४:** उचित अगुवापन र राजनीतिविना मानिसहरू पतित हुने कुनै बेर लाग्दैन, तिनीहरूको पतन अनिवार्य हो। तर सुरक्षा धेरै उत्तम सल्लाहकारहरूले दिएको रायमा छ।

**हितोपदेश ११:१५:** जो परदेशीको निम्ति जमानी बस्छ, उसैले त्यसको ऋणको निम्ति वा प्रतिज्ञा-पत्रको निम्ति जिम्मा लिन्छ, ग्यारेन्टी लिन्छ, र ऊ पूरा जवाफदेही हुन्छ। जसले यसो गर्छ, उसैले हानि उठाउनुपर्छ; किनकि उसले मर्मभेदी जरिवाना तिर्नुपर्छ। तर जुन मानिसले जमानी बस्ने कुरा घृणा गर्छ, त्यो मानिस टाउको दुःखाउने धेरै समस्याहरूबाट बाँच्छ। तपाईंले यस विषयमा हितोपदेश ६:१-५ पदको खण्डमा दिइएको टिप्पणी हेर्नुहोला।

**हितोपदेश ११:१६:** दयालु स्त्रीले आफ्नो इज्जत र सम्मान कायम राख्छे। यो कुरा हामी १ शमूएल २५ अध्यायमा अबिगेलको जीवनमा देख्न सक्छौं। हो, निर्दयी मानिसहरूले धनसम्पत्ति जोगाएर राख्न सक्लान्, तर तिनीहरूले सुनाम कहिल्यै कमाउन सक्दैनन्।

**हितोपदेश ११:१७:** मानिसको मनमुद्राले त्यसको स्वास्थ्य असर गर्छ। दयालु मानिस अपच, मिरगी-रोग, पेट-आन्द्रमा हुने अल्सर र मुटुका समस्याहरूबाट बाँच्छ। उसले आफ्नो प्राणको भलाइ गर्छ। तर निर्दयी मानिसले यी रोग र बिमारीहरू आफूकहाँ निम्त्याउँछ।

ब्रिटिश मेडिकल पत्रिकामा यसो लेखिएको थियोः 'मानिसको शरीरमा कुनै तन्तु वा ऊतक नै छैन, जसको सम्बन्ध उसको प्राण-आत्मासित जोड़िएको छैन।' यसकारण निर्दयी मनमुद्राले मानिसको शरीरलाई नराम्रो असर गर्छ-गर्छ। साँच्चै निर्दयी मानिसले आफ्नो शरीरलाई कष्ट दिन्छ।

**हितोपदेश ११:१८:** दुष्ट मानिसले छली काम गर्छ, तर धार्मिकताको बीउ छर्ने मानिसको इनाम सुनिश्चित हुन्छ। अचम्म, दुष्ट मानिसहरू के छिटो धनी हुन जाँदा रहेछन्!? यो कुरा हामीले मान्नुपर्छ। तर तिनीहरूको धनमा आशिष छैन, त्यसले सन्तुष्टि दिन सक्दैन, त्यो स्थायी हुँदैन। अनि जब तिनीहरूलाई सबैभन्दा बढ़ी सहायताको खाँचो पर्छ, परमेश्वरको सामु जीवनको लेखा दिँदाखेरि, तब धनबाट तिनीहरूलाई कुनै लाभ र कुनै प्रकारको मद्दत हुनेछैन नै। तर धर्मी मानिसको जीवनमा इनामहरू स्थायी र वास्तविक हुन्छन्।

**हितोपदेश ११:१९:** सबै आचारहरूको विषयमा नियम यस्तो छः कसैको आचरण उसलाई जीवनमा, कसैको आचरण उसलाई मृत्युमा पुऱ्याउँछ। हाम्रो चालचलनको विषयमा कि त जीवन, कि त मृत्यु

सुनिश्चित हुन्छ। यस नीतिवचनको अर्थ हामी ठीक प्रकारले बुझौं ! यहाँ, यस ठाउँमा मुक्ति असल कामहरूको फल हो भन्ने कुरा सिकाउने ठाउँ छैन। तर यो पनि सुनिश्चित छ, कि जुन व्यक्तिको सम्बन्ध परमेश्वरसित ठीक हुँदैन, त्यस व्यक्तिले धार्मिकता कायम राख्न सक्दैन, यसमा सुदृढ़ रहनै सक्दैन। होइन, धार्मिकता देखाउन मानिसको नयाँ जन्म अघि भएको हुनुपर्छ। अनि जो खराबीको पछि लाग्छ, त्यसले आफ्नो मुक्ति कहिल्यै नभएको प्रमाण दिन्छ।

**हितोपदेश ११:२०:** परमप्रभुको दृष्टिमा एउटा टेढ़ा हृदय उहाँलाई अमन लाग्ने घृणित कुरा हो। उहाँ कपटरहित मानिसलाई मन पराउनुहुन्छ। परमेश्वरको विषयमा हाम्रो धारणा अपूरा हुन्छ, जब हामीले उहाँमा प्रेम गर्नुको साथसाथै उहाँमा घृणा गर्ने क्षमता पनि हुन्छ भन्ने कुरा देख्न सक्दैनौं। निर्दोष व्यक्तिको हृदयबाट उहाँलाई आनन्द लाग्छ।

**हितोपदेश ११:२१:** यस चञ्चल संसारमा दुईवटा कुरा सुनिश्चित छन्: दुष्ट मानिसले पाउने सजाय र धर्मी जनहरूको वंशले पाउने छुटकारा। 'एक हातदेखि अर्को हातसम्म' भन्ने अक्षरशः वाक्यले सबै पुस्ताहरूसम्म सत्य र सुनिश्चित भएको कुरा पेश गर्न खोज्यो कि कसो हो ?

**हितोपदेश ११:२२:** सुङ्गुरको थुतुनुमा सुनको बुलाकी सुहाउँदैन। सुङ्गुरको थुतुनु सुन्दर छैन, तर सुनको बुलाकीमा सुन्दरता छ। एउटी सुन्दर स्त्रीमा विवेक छैन भने, त्यस स्त्रीको शरीरमा भएको शोभा के काम ? त्यसको सुन्दरता र त्यसको नैतिकतामा भएको कमी आपसमा मेल खाँदैनन्।

**हितोपदेश ११:२३:** धर्मी जनहरूको चाहना असलै मात्र हुन्छ। अनि तिनीहरूले चाहना गरेका कुराहरू प्राप्त गर्ने नै छन्। तर दुष्ट मानिसहरूले क्रोध, न्याय र सजायबाहेक अरू के पो पाउने आशा गर्न सक्छन् र ?

जुन कुराको पछि लागेर हामी खोजी गर्छौं, त्यो कुरा हामी अन्तमा पाउनेछौं। यसकारण हाम्रो जीवनमा पछ्याइराख्ने सुयोग्य लक्ष्यहरू हुनुपर्छ; यो महत्त्वपूर्ण हो। अनि यो यस हितोपदेशको जोड़ हो। यही कारणले एलेक्ट्रिक कम्पनीको मालिक श्री एमेर्सोनले यसो भनेका छन्:

> 'भाइ, आफ्नो गाड़ी एउटा तारासँग बाँध्नुहोस् !'

अनि ब्रिटिश मन्त्रीले आफ्ना कर्मचारीहरूलाई यसो भनेका छन्:

> 'जेजस्तो भए पनि ठूला-ठूला मानचित्र भएको भूचित्रावली चलाउनुहोस् !'

**हितोपदेश ११:२४:** यहाँ, यस पदमा विरोधाभासको अद्भुत कुरा व्यक्त गरिएको छ। आफूलाई धनी तुल्याउन हामीले उदारचित्तले दिनुपर्छ। अनि जसले यस पृथ्वीमा धन थुपार्छ, त्यसले आफूलाई गरिब तुल्याउँछ। जुन कुरा हामी बचाइराख्छौं, त्यो कुरा गुमाउनेछौं, र जुन थोक हामीले दान दिन्छौं, वास्तवमा त्यो थोक मात्र हाम्रै हुनेछ।

श्री जिम एल्लियोटले यसो भनेका छन्:

> 'जुन मानिसले कहिल्यै गुमाउन नसक्ने कुरा प्राप्त गर्न एक दिन यहाँ छोड़िजाने कुरा दिइहाल्छ, त्यो मानिस मूर्ख होइन।'

अनि डाक्टर बार्नहाउसको कुरा पनि सुनौं, जसले यसो भनेका छन्:

> 'कि त प्रभुलाई दशांश दिइन्छ, कि त त्यो रकम डाक्टर, दातको डाक्टर वा कारको मेकनिकलाई दिनुपर्छ; तर दशांश हामीले कसैलाई दिनैपर्छ।'

**हितोपदेश ११:२५:** उदारचित्त भएको मानिसको लाभांश हुन्छ-हुन्छ; यसको विषयमा कन्जुस मानिसले कहिल्यै केही पनि जाँदैन।

जब सण्डेस्कूलकी शिक्षिकाले आफ्नो पाठ होशियार र मेहनतसाथ तयार गर्छिन् र आफ्नो कक्षाका नानीहरूलाई सिकाउँछिन्,

तब कसको लाभ बढ़ी हुनेछ ? ती शिक्षिकाको कक्षामा बस्ने नानीहरूको कि तिनको ? तपाईं अनुमान लगाएर मलाई भन्नुहोस् !

**हितोपदेश ११ः२६ः** यहाँ एउटा स्वार्थी मानिस छ, जसले खड़ेरीको समयको निम्ति आफ्नो अन्न आफूसँग राख्छ; किनभने अन्नको दाम बढ़ेमा त्यसको नाफा पनि धेरै हुनेथियो । त्यो मानिस नीच कमाइको लोभी रहेछ । त्यस नाफाखोरले अरूलाई भोकै राखेर तिनी-हरूबाट अनुचित नाफा खाएर धनी हुन खोज्दैछ । तब मानिसहरूले त्यसलाई सराप्नु स्वाभाविक कुरा हो । किनकि तिनीहरूको आवश्यकता डरलाग्दो छ । यसैले तत्कालै तिनीहरूलाई सहायताको खाँचो परेको छ ।

संसारका मानिसहरू जीवनको रोटीको अभावमा नाश हुन लागेका छन् । यो जीवनको रोटी सित्तैंमा उपलब्ध छ, त्यसको निम्ति कसैले कहिल्यै कुनै मोल दिनुपरेको थिएन र कसैले कहिल्यै कुनै मोल दिनुपर्दैन । हे भाइ-बहिनीहो, के तपाईंले जीवनको रोटी पाउनु-भयो, तब अरूसँग त्यो रोटी बाँड़चुँड़ गर्नुहोस् ! तपाईं किन ढिलो गर्नुभएको, केको निम्ति पर्खनुभएको ? जसले अन्न बेच्छ, आशिष उसकै हो । तब तपाईंले मुक्तिको सुसमाचार किन प्रचार नगर्नुभएको ? चारै-तिरको प्रचारप्रसारको काममा इनाम छ ।

**हितोपदेश ११ः२७ः** मानिसको अभिप्राय शुद्ध र निस्वार्थी हुनुपर्छ; तब उसले अरू मानिसहरूबाट आदर पाउँछ । तर जुन मानिसले अरूलाई कष्ट र समस्या दिन खोज्छ, त्यस मानिसले आफूमाथि कष्ट र समस्या ल्याउँछ ।

**हितोपदेश ११ः२८ः** यस उखानको जोड़ी १ तिमोथी ६ः१७-१९ पदको खण्ड हो । अनिश्चित धनसम्पत्ति भरोसा गर्ने लायकको हुँदैन । हाम्रो भरोसा सधैंभरि जीवित परमेश्वरमाथि राखेको हुनुपर्छ; किनभने उहाँले हामीलाई सबै थोकहरू प्रशस्त हुने गरी दिनुहुन्छ ।

हामी श्री सामुएल जोह्नसोनको कुरा सुनौं, जसले यसो भनेका छन्ः 'सुनको लालच, त्यो दयामाया र हमदर्दरहित नीच चाहनाचाहिँ हामीले पतित मानिसको भ्रष्ट स्वभावको चरमसीमा मान्नुपर्‍यो ।'

धर्मी जनहरूचाहिँ प्रभुमाथि भरोसा गर्नेहरू हुन्; यसकारण उनीहरूमा जीवन-शक्ति रूखपातजस्तै मौलाउनेछ ।

**हितोपदेश ११ः२९ः** आफ्नो घरलाई दुःख दिने मानिसहरू किसिम-किसिमका हुन्छन्, जस्तैः मतवाला, झगड़िया र व्यभिचारी । तर सन्दर्भअनुसार यहाँ घरलाई दुःख दिने व्यक्तिचाहिँ नीच कमाइको लोभी हुनुपर्ला (हितोपदेश १५ः२७) । यस प्रकारको व्यक्तिले जीवनको महत्त्व कुन-कुन कुरामा छ, सो भुलेर पागलसरह केवल धनको पछि लाग्छ । यस्तो मानिसले हावा कमाउनेछ; यो नै त्यसको भाग हुनेछ । आफ्नो लालच तृप्त पार्ने त्यससँग ठोस कुरा केही पनि रहँदैन रहेछ । त्यो मूर्ख ठहरिन्छ, र त्यसले आफू-भन्दा बुद्धिमान् मानिसको कमारा भएर आफ्नो मूर्खताको निम्ति सजाय भोग्नेछ ।

**हितोपदेश ११ः३०ः** धर्मी जनको जीवन एउटा फलदायक रूखजस्तै छ; किनभने उसको जीवनबाट अरू मानिसहरू पोषण पाएर ताजा हुनेछन् । बुद्धिमान् मानिसले अरू मानिसहरूलाई एउटा बुद्धि र धार्मिकताले पूर्ण जीवन जिउनको निम्ति जित्न सक्छ ।

आत्मा जित्नेहरूले पवित्र बाइबलको यस पदबाट ठूलो प्रेरणा र हौसला पाउँछन् । यस पदले हामीलाई प्रभु येशूको प्रतिज्ञाको सम्झना दिलाउँछ, जसले पत्रुसलाई यसो भन्नुभयोः *'अबदेखि उसो तिमीले मानिस-हरूलाई पक्रनेछौ'* (लूका ५ः१०) । परमेश्वरको हातमा एउटा ग्रहणयोग्य हातहतियार हुनु हाम्रो निम्ति एउटा अकथनीय

सौभाग्य हो। के उहाँले हामीजस्तै कमजोर पात्र चलाएर अरू मानिसहरूको जीवनमा काम गर्नुहुन्छ, जुन कामको आशिष अनन्तसम्म रहिरहनेछ? भाइबहिनीहो, यो हाम्रो महान्भन्दा महान् सौभाग्य हो! हरेक व्यक्ति जसलाई हामी प्रभुको निम्ति जित्छौं, त्यस व्यक्तिले अनन्त-अनन्तसम्म परमेश्वरको थुमाको उपासना गर्नेछ।

**हितोपदेश ११:३१:** धर्मी जनले धरि यस जीवनमा प्रतिफल पाउँछ, कुकर्मको निम्ति पनि। मोशा प्रतिज्ञा गरिएको देशदेखि वञ्चित भए; अनि राजा दाऊदले चार गुणा बढ़ी फिर्ता दिनुपरेको थियो। धर्मी जनहरूले जे छर्छन्, त्यसको कटनी गर्नेछन्। भक्तिहीन मानिसहरूले झन् बढ़ता गरी आफ्ना दुष्कर्महरूको प्रतिफल पाउनेछन्। अथवा प्रेरित पत्रुसले प्रयोग गरेको शब्दमा भन्नु हो भने, *'धर्मी जन मुस्किलले उम्किन्छ भने, भक्तिहीन र पापीको के ठेगाना?'* (१ पत्रुस ४:१८)।

**हितोपदेश १२:१:** जुन मानिस शिक्षा र अनुशासन स्वीकार गर्न तयार छ, त्यस मानिसले साँच्ची नै सिक्न चाहन्छ। तर जुन व्यक्तिलाई कसैले केही पनि भन्नुहुँदैन, र जसले हप्की स्वीकार गर्दैन, त्यो व्यक्ति हुस्सू, होस्ल्याङ रहेछ।

**हितोपदेश १२:२:** चरित्रवान्, सुजन व्यक्ति प्रभुबाट कृपादृष्टि पाउनमा सुनिश्चित हुन सक्छ। तर जसको अभिप्राय दुष्ट र जसका युक्तिहरू खराब छन्, त्यो मानिस उहाँको सामु बिलकुल दोषी भएको कुरामा सुनिश्चित हुन सक्छ। श्री फोरम्यानले यसो लेखेका छन्ः

> 'याद गर्नुहोस्! जुन खराबी कुनै दुष्ट मानिसले गर्छ, त्यो खराबी त्यसले विश्वको सर्वोच्च मालिक परमेश्वरको विरोधमा गर्छ, जुन सर्वोच्च परमेश्वरको सुदृढ़ संकल्पअनुसार त्यस मानिसले फेल खानैपर्छ, र त्यो असफल हुन्छ-हुन्छ। सर्वोच्च परमेश्वर चुप बस्नुहुन्छ र त्यस मानिसलाई तिरस्कार गरेर एकलै छोड्नुहुन्छ।'

**हितोपदेश १२:३:** दुष्टतामाथि बसालिएको जीवनमा दृढ़ता हुँदैन। यस्ताहरू त्यो बीउजस्तै छन्, जो ढुङ्गेनी जमिनमा पऱ्यो। माटोको गहिराइ नभएको हुनाले तिनीहरूले जरा हाल्न सकेनन्; यसकारण ती छिट्टै सुकिगए (मत्ती १३:५-६)।

धर्मी जनले आफ्नो जरा गहिरो हुने गरी परमेश्वरमा हालेको हुन्छ। यसकारण जीवनमाथि आइलाग्ने हुरीबतास र आँधी-बेह्रीहरूमा ऊ सुदृढ़ रहन सक्छ। धर्मी जनको बयान भजन १:३ पदमा यसो गरिएको छः *'तब ऊ पानीका नदीहरूको किनारमा रोपिएको रूखजस्तै हुनेछ, जुन रूखले आफ्नो ऋतुमा आफ्नो फल फलाउँछ र जसको पात पनि ओइलिनेछैन; अनि उसले जे गर्छ, त्यो सफल हुनेछ।'*

**हितोपदेश १२:४:** गुणवती पत्नीले आफ्नो पतिको जीवनमा आनन्द र सुख ल्याउँछिन्। तर जुन स्वास्नी आफ्नो लोग्नेको निम्ति कलङ्क र निन्दाको कारण हुन्छे, त्यस स्वास्नीले चाहिँ उसलाई धेरै निराश र हताश पार्छे; यो त उसका हड्डीहरू सड़ेजत्तिकै हुन्छ।

**हितोपदेश १२:५:** धर्मी जनहरूका योजना र लक्ष्यहरू सह्रनी गर्न योग्य हुन्छन्; तर दुष्ट मानिसहरूका योजनाहरू छली हुन्छन्; यो पनि उत्तिकै सत्य हो। तब यसो भन्न सकिन्छः मानिसका लक्ष्यहरूले उसको चरित्र केकस्तो छ, सो ऐनामा देखेजस्तै प्रकट गर्छन्।

**हितोपदेश १२:६:** पापी मानिसहरूको बोलीमा घातक पासाहरू थपिएका हुन्छन्, जसमा सीधा हुनेहरू र बेहोशीहरू पर्छन्-पर्छन्। तर आफूलाई र अरूलाई बचाउन हामी इमानदार हुनुपर्छ र हामीले सत्य बोल्नुपर्छ।

**हितोपदेश १२:७:** दुष्टहरूको दिन आउँछ, जब तिनीहरू न्यायको पक्राउमा पर्छन्, अनि यो तिनीहरूको अन्त हुनेछ। तर

भक्त जनहरूको जग बलियो र सुदृढ़ हुन्छ। उनीहरू विपत्तिमा उड़ाएर लगिँदैनन्, नष्ट हुँदैनन्।

**हितोपदेश १२ः८ः** जसको अन्तर्दृष्टि छ र जसले सुबुद्धिको काम गर्छ, उसैलाई मानिसहरूले प्रशंसा गर्छन्। तर जुन मानिसमा कुनै नीति र सदाचार छैन, त्यस मानिसको निम्ति मानिसहरूको बीचमा अपमान र निन्दा मात्र छ।

**हितोपदेश १२ः९ः** *'आफूसँग खानको निम्ति केही पनि नभएको कुनै मानिस छ, जसले आफ्नो बढ़िबढ़ाइ गर्छ। तर त्योभन्दा यो हेला गरिएको मानिस उत्तम हो, जसको नोकर छ।'* यसर्थ उच्च स्तरको स्वाङ देखाएर भोकमरीमा पर्नुभन्दा निम्न स्तरको मानिस उत्तम हो, जसको टेबलमाथि खानेकुरा हुन्छ।

**हितोपदेश १२ः१०ः** धर्मी जनको दयामाया कहाँसम्म पुग्छ, सो हेर्नुहोस्! उसका पशुहरूसितको व्यवहारमा यो देखिन्छ। तर दुष्ट मानिस निष्ठुर हुन्छ। त्यो त आफ्नो विचारमा मात्र दयावान् ठहरिन्छ, तर वास्तवमा त्यो अति क्रूर हुन्छ।

परमेश्वर सर्वश्रेष्ठ र उत्कृष्ट हुनुहुन्छ, र पनि उहाँ जनावरहरूको वास्ता गर्नुहुन्छ। उहाँले पशुहरूको विषयमा नियमहरू पेश गर्नुभएको छ, जस्तै प्रस्थान २०ः१०, २३ः४-५। अनि उहाँले चराको गुँड़को विषयमा आदेश दिनुभएको छ (व्यवस्था २२ः६)।

**हितोपदेश १२ः११ः** जुन मानिसले खनजोतजस्तै कुनै उपयोगी, स्वीकारयोग्य उद्योगी कामधन्दा अपनाउँछ, त्यो मानिस खाँचोमा पर्दैन, तर यस कामधन्दैबाट उसका आवश्यकताहरू पूरा गरिनेछन्। तर जसले नचाहिँदो, बेकार कामकुराहरूमा आफ्नो समय बरबाद गर्छ, त्यसको धनसार मात्र खाली रहने होइन, तर त्यसको दिमाग पनि रित्तो हुनुपर्छ।

**हितोपदेश १२ः१२ः** 'खराब मानिसहरूको जाल' सङ्केतात्मक भाषा हो, जसको अर्थ दुष्ट युक्तिले हातमा परेको माल हो। खराब जाल भन्नाले अरू मानिसहरूबाट अन्यायसाथ गरेको धुताइ बुझिन्छ। दुष्ट मानिसले अरूको सम्पत्तिको चाहना गर्छ।

तर धर्मी जनहरूचाहिँ आफ्नो खाँचोको निम्ति खुरुखुरु काम गरेर आफैले प्रबन्ध गर्छन्; उनीहरू यसैमा सन्तुष्ट हुन्छन्।

**हितोपदेश १२ः१३ः** भक्तिहीन मानिसहरू प्रायः आफ्ना शब्दद्वारा पासोमा पर्छन्; किनभने तिनीहरूले कहिले यो भन्छन्, कहिले त्यो भन्छन्; तिनीहरूले भनेको कुरामा भर पर्न सकिँदैन। यही कारण तिनीहरू आफ्नै कुरामा फस्छन्। झूट बोल्ने मानिसको सम्झने शक्ति त्यति राम्रो छैन; नत्र त्यसले अघि-पछि भनेको कुरा एकसाथ मिल्ने-थियो। तर एउटा झूट ढाकछोप गर्न त्यसले अर्को झूट बोल्नैपर्छ।

धर्मी जन सङ्कष्टबाट उम्कनेछ। परमेश्वरले हामीलाई सङ्कष्टरहित जीवन प्रतिज्ञा गर्नुभएको छैन। यसकारण ख्रीष्ट-विश्वासी भाइबहिनीहो, यो बुझ्नुहोस्ः हामी सङ्कष्टबाट भएर जानुपर्छ। हामी यसरी नै उम्कनेछौं।

**हितोपदेश १२ः१४ः** असल बोलीवचन र असल व्यवहारमा इनाम छ। बुद्धि र दयाले पूर्ण शुद्ध बोलीले प्रेम, कृपा, अनुमोदन र आदर पाउँछ। अनि मानिसले पाएको आशिष उसका असल कामहरूको प्रतिफल हो।

**हितोपदेश १२ः१५ः** मूर्ख मानिसलाई केही पनि भन्न सकिँदैन; किनकि त्यसले सबै कुराहरू जान्दछ र कसैको कुरा सुन्दैन। तर बुद्धिमान् मानिसले सरसल्लाह स्वागत गर्छ; किनभने कुनै उठिरहेको समस्या विशेषको विषयमा कसले सबै कुराहरू जानेको छ र? यसकारण ऊ आफैले सबै कुराहरू जानेको भान गर्दैन।

**हितोपदेश १२ः१६ः** मूर्ख मानिसले आफ्नो क्रोध रोकिराख्दैन । सानोतिनो खिजखिज भए त्यो झङ्क्क रिसाउँछ । तर समझदार मानिसले अपमानको शब्द नसुन्न जान्दछ; ऊ संयमी हुन्छ ।

**हितोपदेश १२ः१७ः** कचहरीमा गवाहीले सत्य बोल्नुपर्छ । अनि जसले सत्य बोल्छ, उसैले भएको कुरा साबित गर्न मद्दत गर्छ । उसको साक्षी वास्तविक प्रमाण हो । तर झूटो साक्षी झूट बोलिहाल्छ ।

**हितोपदेश १२ः१८ः** कति मानिसहरूले आफ्नो जिब्रो तरवारको रूपमा प्रयोग गर्छन् । तिनीहरूले अरूलाई हिर्काउँछन्, चोट पार्छन्, पीड़ा दिन्छन् । तर बुद्धिमान् मानिसले बोलेका शब्दहरूमा स्वास्थ्य छ, चङ्गाइ छ, अर्थात् उसका बोलीले बकबकद्वारा पारिएका चोटहरू निको पार्छ ।

**हितोपदेश १२ः१९ः** सत्यमेव जयते ! सत्य अमर हुन्छ । किन ? किनभने परमेश्वरले कुनै विषयमा भन्नुभएको कुरा सत्य र अनन्तसम्म सत्य ठहरिन्छ । त्यसको हेरफेर कहिल्यै हुँदैन ।

तर झूट बोल्ने जिब्रोबाट हुने फाइदा क्षणिक हुन्छ, एक झिमिकमा खतम हुन्छ ।

**हितोपदेश १२ः२०ः** दुष्ट युक्ति निकाल्ने-हरूको हृदयभरि छलकपट हुन्छ । तर मेलमिलाप र शान्तिको पछि लाग्नेहरूको हृदय आनन्दले भरिन्छ ।

**हितोपदेश १२ः२१ः** सामान्य अर्थमा यो सत्य ठहरिएको छः धर्मी जनमाथि कुनै ठूलो खराबी आइपर्दैन । तर यस नियमका अपवादहरू पनि छन् । तर दुष्ट मानिसले आफ्नो व्यवहारबाट उठाउनुपर्ने प्रतिफलहरू-बाट न्यायप्रेमी पूरा जोगिन्छ – यो कुरा बिलकुल सत्य हो; यसमा कुनै पनि अपवाद छैन । यस प्रकारका प्रशस्त समस्याहरूले दुष्ट मानिस घेरिन्छ-घेरिन्छ ।

**हितोपदेश १२ः२२ः** परमेश्वरले झूट बोल्नेहरूलाई घृणा गर्नुहुन्छ । हामी सत्यता ओझेल पार्नदेखि होशियार बस्नुपर्छ । निर्दोष झूट हुँदैन । बढ़ाइचढ़ाइ गर्नुहुँदैन । आंशिक सत्यता हुँदैन । परमेश्वरको हृदय आनन्दित तुल्याउनु हो भने, हामी पूरा इमानदार र विश्वासयोग्य हुनुपर्छ । अरू उपाय छैन ।

**हितोपदेश १२ः२३ः** समझदार मानिसले आफ्नो ज्ञानको प्रदर्शन गर्नुपर्दैन । शालीन भएर उसले आफ्नो अधिगम र पढ़ाइ लुकाउँछ । तर मूर्ख मानिसको उपस्थितिमा कुनै बेर बस्नुपर्दैन, र त्यसले आफ्नो मूर्खता प्रकट गरिहाल्छ ।

**हितोपदेश १२ः२४ः** उम्लिएको दूधको सतहमा तर तैरिएकोजस्तै परिश्रमी, समर्पित व्यक्ति नेतृत्वको स्थानमा पुग्छ-पुग्छ । संसारको नियम यस प्रकारको छ । अल्छीपनले गरिबी ल्याउँछ, र गरिबीले मानिसलाई बेगारीमा पुर्‍याउँछ ।

यस विषयमा श्री ओस्वल्ड च्याम्बर्सले यसो भनेका छन्ः 'साफ-सुग्घर नभएको मानिसले पवित्र आत्माको अपमान गर्छ ।' अनि अल्छी मानिसको विषयमा पनि त्यही भन्न सकिन्छ ।

**हितोपदेश १२ः२५ः** शोक-चिन्ताले मनमा खिन्नता पैदा गर्छ । तर सुवचनले खिन्न भएको व्यक्तिको जीवनमा अद्‌भुत काम गर्छ । यसकारण यस्तालाई प्रोत्साहन दिनुहोस् ! उसप्रति संवेदना र हमदर्द देखाउनुहोस् !

**हितोपदेश १२ः२६ः** निस्सन्देह धर्मी जन आफ्नो अधर्मी छिमेकीभन्दा उत्तम हो, हाम्रो देख्नुमा जेजस्तो होस्; अनि पापी मानिसको सफलता जेसुकै होस् । चोरी गरेको फल मीठो हुन्छ भन्ने कुरा विश्वास नगर्नुहोस् ! होइन, होइन ! आफ्ना साथीसङ्गीहरूको विषयमा एकदम होशियार हुनुहोस् ! दुष्ट मानिसहरूले हामीलाई अवश्य भड्काउँछन् ।

**हितोपदेश १२ः२७ः** त्यस अल्छेलाई, त्यस कामचोरलाई हेर्नुहोस्! त्यसले कि त शिकार गर्दैन, कि त शिकार गरेको मासु पोल्दैन। काम थाल्ने त्यसको प्रेरणा छैन। थालेको काम टुङ्ग्याउने त्यसको संकल्प छैन।

*'तर परिश्रमी मानिसको सम्पत्ति बहुमूल्य हुन्छ।'* यस उखानको दोस्रो खण्ड हिब्रू भाषामा पनि त्यति स्पष्ट छैन। तर यसको अर्थ सुनिश्चित यो हुनुपर्लाः परिश्रमी मानिसले आफ्नो कामद्वारा प्राप्त गरेको प्रतिफलको महत्त्व जान्दछ र आफ्नो कमाइको सदुपयोग गर्छ। रूथ यसको निम्ति असल नमुना छिन्। किनकि तिनले साँझसम्म शिला-बाला टिपिरहिन् र त्यसपछि आफूले टिपेका बाला झाँटिन् (रूथ २ः१७)। हाम्रो बाइबल अध्ययनमा हामीले प्रगति गर्नुपर्छ। हामीले सिकेका कुराहरूमा विकास गर्नुपर्छ। पढ़ेको वचन मनन गर्नुहोस्, प्रार्थना गर्नुहोस् र आज्ञाकारी भई वचनमा भनिएको कुरा व्यवहारमा उतार्नुहोस्!

> हो, यस प्रकारले तपाईंको पवित्र वचन हाम्रो आहार भएकै छ, कि हामी यसबाट बाँच्छौं, यसबाट बढ्छौं र उन्नति गर्छौं।
> हामी यसैबाट प्रभुलाई चिन्नमा अघि बढ्दै जान्छौं, र हामीले जानेको-बुझेको जति पालन गर्दै जान्छौं।

**हितोपदेश १२ः२८ः** धार्मिकताको बाटो साँघुरो छ, तर यसमा जीवन छ। यसमा यात्रा गर्दा जीवन छ, यसको अन्तमा जीवन छ। यस बाटोमा मृत्यु हुँदैन। तर त्यो मार्ग फराकिलो छ, जुन मार्गचाहिँ विनाशमा पुर्‍याउँछ। यस पदमा जीवनले मृत्यु पारको भविष्य सङ्केत गरेको छ; यस शब्दले अनन्त जीवनको अर्थ लिएको छ। यसकारण एन.आइ.वी.-बाइबलले यस प्रकारले अनुवाद गरेको होलाः 'धार्मिकताको बाटोमा जीवन छ; यस बाटोमा अमरता छ।'

**हितोपदेश १३ः१ः** शरीरिक र आत्मिक वृद्धिको सम्बन्धमा सामान्य विकासको क्रम हुन्छ। यसको निम्ति हामी यहाँ एउटा बालकको उदाहरण दिन्छौं। बालक हिँड्नु र बोल्नुभन्दा अघि बामे सर्नुपर्छ। अनि आत्मिक क्षेत्रमा? मानिसले बढ्नुभन्दा पहिले नयाँ जन्म पाएको हुनुपर्छ, अनि प्रभुको सेवामा उत्रनुभन्दा हामीले पहिले उहाँको कुरा सुन्न र उहाँबाट सिक्नुपर्छ। यसकारण बुद्धिमान् छोरा र बुद्धिमती छोरीले आफूलाई शिक्षा सुन्ने तालिममा सुम्पन्छ। तर गिल्ला गर्नेले के सिक्छ र? त्यसको विचारमा, त्यससँग सबै समस्याहरूको उत्तर छँदैछ; त्यसले कुनै सुधार स्वीकार गर्दैन, ग्रहण गर्दैन।

**हितोपदेश १३ः२ः** यहाँ एकजना मानिस छ, जसको बोलीले अरूको उत्थान गर्छ, अरूलाई प्रोत्साहन दिन्छ, अँ, शान्ति-ढाढ़स दिन्छ। आफ्नो बोलीले अरूको जीवनमा ल्याएका असल नतिजाहरू देखेर ऊ खुशी हुन्छ; यो उसको इनाम हो। तर विश्‍वासघाती मानिसले अरूको निम्ति कुभलो र अत्याचार चिताउँछ। अरूको विरोधमा चिताएको त्यसको कुभलो र अत्याचारको सट्टामा त्यसले कुभलो र अत्याचार पाउँछ।

**हितोपदेश १३ः३ः** जुन मानिसले आफ्नो बोलीवचनमा लगाम लगाउँछ, त्यस मानिसले आफ्नो सारा जीवन नियन्त्रण गर्न सक्छ (याकूब ३ः२)। तर जो आफ्नो बोलीमा आत्मसंयमी छैन, त्यसले आफूमाथि समस्या निम्त्याउँछ। यस नीतिवचनबाट हामीले सिक्नुपर्ने पाठ यस प्रकारको छः हामी आफूले बोलेको वचनको विषयमा एकदम होशियार हुनुपर्छ, किनकि यो हाम्रो विरोधमा प्रयोग गर्न सकिन्छ।

**हितोपदेश १३ः४ः** 'गरिबका चाहनाहरू घोड़ाहरू भएका भए त्यो घोड़चढ़ी हुनेथियो'; किनकि अल्छीसँग ठूला-ठूला चाहनाहरू त

छन्, तर केवल इच्छा गर्नु पर्याप्त हुँदैन। किनभने इच्छाको साथमा हाम्रो प्रयास पनि हुनुपर्छ, नत्र त्यो इच्छा व्यर्थ हो। परिश्रमी मानिसलाई हेर्नुहोस्, उसले मन लगाएर आफ्नो काममा मेहनत गर्छ, र वेतन पाउँछ। भौतिक कुराको विषयमा मात्र होइन, तर आत्मिक कुराको सम्बन्धमा कुरा पनि उस्तै छ। श्री हेन्री बोशले यसको उदाहरण दिएर यसो लेखेका छन्ः

'श्री एडम क्लार्कको विषयमा सर्वविदित छ कि तिनलाई पवित्र बाइबलको टिप्पणी लेख्न चालीस वर्ष लाग्यो। अनि श्री नोअ वेब्स्टरलाई आफ्नो शब्दकोश तयार गर्न छत्तीस वर्ष लाग्यो। दुई पल्ट उनले अटलान्टिक महासागर पार गरे, किनभने उनले आफ्नो शब्दकोशमा हालिएका सामग्रीहरूको विषयमा एकदम निश्चित हुन चाहन्थे। अब श्री जोह्न मिल्टनको कुरा आयोः तिनी बिहान चार बजे उठ्थे; किनभने आफ्नो कविता लेख्न र सुधार गरेर लेख्न तिनलाई यथेष्ट समय चाहिन्थ्यो। अनि यसरी नै तिनी संसारको सर्वश्रेष्ठ साहित्य लेख्न सक्षम भए। श्री एडवार्ड गिब्बोनलाई 'The decline and fall of the Roman Empire' नामक किताब लेख्न छबीस वर्ष लाग्यो। तर त्योजस्तै होशियारपूर्वक गरिएको अनुसन्धान, अनि यस काममा लगाइएको तिनको अथक परिश्रम र समर्पण सर्वश्रेष्ठ मान्नुपर्छ। श्री विलियम सी. ब्रीयन्तले आफ्नो कविताका सर्वोत्तम रचनाहरू प्रकाशन गर्नुभन्दा अघि सय पल्ट सुधारे; किनकि उनले सर्वोच्च उक्ति प्रस्तुत गर्न चाहे, जसको भाषामा सुन्दरता र सिद्धता हुन्थे। यी मानिसहरूले आफ्नो कामबाट आनन्द लिन्थे, अनि तिनीहरूमध्ये हरेकले भ्याएसम्म आफ्नो सम्पूर्ण शक्ति-बल आफ्नो उद्यममा लगाइदिए, कामको कठिनाइले तिनीहरूलाई कुनै किसिमले रोक्न सकेन।

यसकारण बुझ्नुहोस्ः सबैभन्दा सुखी, सबैभन्दा उद्योगी मानिसहरू ती हुन्, जसले मानिसहरूको भलाइ र परमेश्वरको महिमाको निम्ति आफ्नो कामधन्दामा परिश्रम गर्छन्।' 16)

**हितोपदेश १३ः५ः** धर्मी जनले कुनै किसिमको झूट, छल र कपट सहन सक्दैन, तर पूरा घृणा गर्छ। तर दुष्ट मानिसचाहिँ शर्मलाग्दो र लज्जाजनक काम गर्छ (आर.एस.वी.को अनुवादअनुसार)। श्री जे. एल्लन ब्लयरले अमेरिकाका महापुरुषको जीवन यसको उदाहरणको रूपमा पेश गरेका छन्, जब उनले यसो लेखेका छन्ः

'श्रीमान् अब्राहाम लिण्कल्नको विषयमा यस प्रकारको कुरा सुन्नमा आएको छः तिनले वकीलको काम गर्दा कसैको मुद्दा लड्दैनथिए, जसको पक्ष कानुनले लिँदैनथियो। एकदिन एकजना मानिस तिनको सेवा लिन आए। श्रीमान् लिण्कल्नले कोठाको छतमा डिठ लाएर हेर्दैथिए र त्यस मानिसले आफ्नो मुद्दामा पेश गरेका सबै बेलीबिस्तारहरूमाथि ध्यान लगाए। अचानक तिनले आफ्नो कुर्सी त्यस मानिसतिर पारे र त्यसलाई भनेः "यसो हेर्दा, तपाईंले नियम-कानुनको हिसाबले आफ्नो मुद्दा जित्न सक्नुहुन्छ होला, तर तपाईंले न्यायनीति र सत्यरक्षाको हिसाबले आफ्नो मुद्दा हारिसक्नुभयो। यसकारण कृपया तपाईंले आफ्नो मुद्दा लड्ने अर्को वकील खोज्नुहोला। म तपाईंको मुद्दा लड्न सक्दिनँ। किनभने न्यायपीठको सामु वकालत गर्दाखेरि यस विचारले मलाई सधैं सताइरहनेथियोः 'हे लिण्कल्न, तँ झूट बोल्छस्!' अनि यो पनि सम्भव हुनेथियो, कि बेहोश भएको क्षणमा मैले त्यो वाक्य सुन्ने गरी भन्नेथिएँ कि कसो हो?"

यसकारण बुझ्नुहोस्ः झूट बोल्नु र हर प्रकारको बेइमानीले परमेश्वरको हृदय चोट पार्छ, दुःखित पार्छ। अनि कुनै ख्रीष्टविश्वासीले झूट बोल्नुहुँदैन र छल गर्नुहुँदैन, उसको निम्ति यसको नतिजा जेसुकै किन नहोस्। झूट बोल्ने इसाई, अँ, छल गर्ने कुनै इसाईले पनि परमेश्वरको सम्बन्धमा प्रगति गर्नै सक्दैन।' 17)

**हितोपदेश १३ः६ः** धार्मिक जीवन सुरक्षित जीवन हो। जसको चाल निर्दोष हुन्छ, उसकै

रखवाली परमेश्वर स्वयम्ले गर्नुहुन्छ। तर हाय पापी मानिसलाई; किनभने त्यसको चाल जोखिमै-जोखिमले पूर्ण छ। आफ्नै दुष्टताले पापी मानिसलाई छिटो-ढिलो पल्टाइदिन्छ।

**हितोपदेश १३ः७ः** यस उखानमा अर्थ लगाउन दुईवटा दृष्टिकोणहरू अपनाउन सकिन्छ। एक, यहाँ एकजना मानिस छ, जससँग भौतिक हिसाबले कुनै खास धन-सम्पत्ति नै छैन, तर त्यसले धनी हुने स्वाङ देखाउन खोज्छ। अनि अर्को मानिस छ, जो धनवान् छ, तर जसले गरिब हुने भेष लिन्छ।

दोस्रो धारणा यस प्रकारको छः उता भक्तिहीन करोड़पति छन्, जो आत्मिक हिसाबले कङ्गाल भिखारी हुन्छन् भने, यता एकजना साधारण ख्रीष्ट-विश्वासी छ, जो आर्थिक हिसाबले गरिब छ, तर परमेश्वरको राज्यको हकदार र ख्रीष्ट येशूसित साझा-हकदार भएको छ। श्री जी. च्याम्पबेल मोर्गनले यसको निम्ति निम्न उदाहरण पेश गरेका छन्ः

‘हाम्रो वर्तमान युग ती थुप्रै मानिसहरूद्वारा चिनिन्छ, जसले आफूलाई धनी तुल्याएका छन्, तर जो वास्तविक गरिब भए-रहे। किनकि तिनीहरूले धेरैभन्दा धेरै धन कमाए, तर जीवनमा महत्त्वपूर्ण हुने कुराहरूको हिसाबले तिनीहरूसँग यी सर्वोत्तम कुराहरू प्राप्त गर्ने शक्ति नै छैन। किनभने तिनीहरूको धनले स्वास्थ्य किन्न सक्दैन, तिनीहरूलाई सुखी र खुशी तुल्याउन सक्दैन। तिनीहरूको धनचाहिँ तिनीहरूको शान्ति भङ्ग गर्ने चीज पो हो। तर यस्ता मानिसहरू पनि छन्, जसले आफूलाई गरिब तुल्याएका छन् र यसो गरेर तिनीहरू धनवान् भएका छन्, यस शब्दको सही अर्थमा। यसको स्पष्टीकरण यस प्रकारको छः हामीले यस हितोपदेशमा यी विरोधाभास दिने दुईवटा उक्तिमा “आफू” भन्ने शब्दमाथि ध्यान दिनुपर्छ। कुञ्जी खोल्ने चाबी यो रहेछ। आफूलाई धनवान् तुल्याउनु भनेको आफूमा जीवन उपभोग गर्ने क्षमता नष्ट गर्नु हो। अनि अरूलाई धनवान् तुल्याएर आफूलाई गरिब पार्नु भनेको खास जीवन पाउनु र वास्तविक रूपले जिउनु हो। यस नीतिवचनमा प्रकट भएको हिब्रूहरूको बुद्धिमाथि आफ्नो विचार पुऱ्याएर हामी देहदारी हुनुभएको ख्रीष्ट येशूरूपी बुद्धिको विषयमा नसोची सक्दै सक्दैनौं।’ 18)

**हितोपदेश १३ः८ः** धनी मानिसले तिनको धन लिन खोज्नेहरूबाट घरिघरि धम्की पाउँछ। त्यो लुट र भयादोहनको शिकार हुन्छ। फिरौतीको निम्ति त्यसको अपहरण हुने डर छ। त्यसले आफ्नो प्राणको रक्षाको निम्ति केही न केही प्रबन्ध गर्नुपर्छ, कि त लुटाहालाई ठूलो छुटकाराको दाम तिर्नुपर्छ। तर गरिब मानिसले कहिल्यै यस प्रकारको धम्कीमाथि ध्यान दिँदैन।

**हितोपदेश १३ः९ः** धर्मी जनको जीवन-गवाही ज्योतिजस्तै छ, जुन ज्योतिको चमकचाहिँ उज्ज्वल र तेजिलो हुन्छ। तर दुष्ट मानिसहरूको जीवन र तिनीहरूका आकङ्क्षाहरू एउटा बत्ती हुन्, जुन बत्तीचाहिँ एकदिन निभ्नेछ।

**हितोपदेश १३ः१०ः** यस उखानको पहिलो भागमा दुईवटा कुराहरू छन्। एक, जहाँ झगड़ारगड़ाहरू मच्चिन्छन्, त्यहाँ घमण्ड यसको मूलकारण हुनुपर्छ; यसमा शङ्का छैन। अनि दुई, ‘घमण्डबाट झगड़ा उत्पन्न हुन्छ,’ जसरी श्री जोह्न नेल्सन डार्बीले यस वाक्यको अनुवाद गरेका छन्। अर्थात् घमण्डबाट कहिल्यै कुनै असल नतिजा हुनेछैन; केवल तीतो कलह र भनावैरी निस्कन्छ। यस सम्बन्धमा श्री सी. एस. लूविसले यसो लेखेका छन्ः

‘संसारको उत्पत्तिदेखि यता हरेक जातिमा र हरेक परिवारमा एउटा मूल समस्याले मानिस-हरूलाई पिरोलिरहेको छः घमण्ड। अरू दुर्भावनाहरूले कहिलेकाहीं मानिसहरूलाई एक तुल्याउन सक्लान्, जस्तैः मतवालाहरूको

बीचमा मीठो सङ्गति, ठट्टादिल्लगी र मित्रता पाइएला। तर घमण्ड सदैव दुश्मनी गर्छ; घमण्डचाहिँ अरूसँग वैरभाव राख्छ-राख्छ। अनि त्यो शत्रुता, त्यो दुश्मनी मानिस-मानिसको बीचमा मात्र सीमित रहँदैन, तर घमण्डले चाहिँ परमेश्वरसित दुश्मनी सृजना गरेकै हो।' 19)

जो-जो असल सल्लाह लिन इच्छुक छन्, तिनीहरू बुद्धिमान् ठहरिन्छन्। तिनीहरू घमण्डदेखि जोगिन्छन् र घमण्डको साथमा मानिस-मानिसको बीचमा मच्चिने झगड़ा-हरूबाट पनि बाँच्छन्।

**हितोपदेश १३ः११ः** छल गरेर पाएको धन छिटो पाइन्छ, परिश्रम नगरी पाइन्छ, जस्तै जुवा, घोड़दौड़को जुवा र शेयर बाजारको लगानी आदि अनुचित तरिकाद्वारा प्राप्त धन बुझिन्छ। यस प्रकारको धन हिउँजस्तै पग्लिन्छ।

तर जुन धनसम्पत्ति इमानदार परिश्रमको फल हो, त्यो धन घटेर जानुको सट्टामा बरु बढ़िरहन्छ।

**हितोपदेश १३ः१२ः** आफ्ना आकङ्क्षाहरू घरिघरि स्थगित हुँदा मानिस निराश हुन्छ। तर जब अन्तमा उसले तीव्र चाहना र आशा गरेको कुरा प्राप्त गर्छ, तब त्यसबाट उसलाई ठूलो सन्तुष्टि मिल्नेछ। तब प्रभु येशूको दोस्रो आगमनको सम्बन्धमा हाम्रो विषयमा कुरा कस्तो छ?

**हितोपदेश १३ः१३ः** यस पदमा 'वचन' भन्नाले परमेश्वरको वचन बुझ्नुपर्छ। परमेश्वरको वचनप्रति हाम्रो मनको भावना कस्तो छ? यसमा त जीवन र मृत्युको सवाल पो छ। जस-जसले परमेश्वरको वचन तुच्छ ठान्छन्, तिनीहरू आत्मघाती हुन्। तर हरेक मानिस जसले परमेश्वरको वचनरूपी आज्ञा मान्छ र पालन गर्छ, उसको इनाम प्रशस्त हुनेछ।

**हितोपदेश १३ः१४ः** बुद्धिमान् मानिसको सल्लाह र शिक्षाचाहिँ जीवनको मुहान हो। यसमा ध्यान दिने मानिस ताजा हुनेछ। जीवनको बाटोमा घातक पासाहरू हुन्छन्, अनि सल्लाह र शिक्षा ग्रहण गर्ने मानिस यी पासाहरूबाट उम्कनेछ।

**हितोपदेश १३ः१५ः** असल समझले हामीलाई परमेश्वरको निगाह र मानिसहरू-बाट कृपादृष्टि पाउने तुल्याउँछ। यो पद लिविङ बाइबलको भाव-अनुवादअनुसार यस प्रकारको छः 'असल समझ भएको मानिसको गुण गाइन्छ।'

यस हितोपदेशको दोस्रो भागमा जुन शब्द 'कठिन' भनेर अनुवाद गरिएको छ, त्यस शब्दको अर्थ 'चिरस्थायी' हो। तर कठिन, खाल्टाखुल्टी वा खतरनाक भन्ने अर्थ यस सन्दर्भमा बढ़ी मिल्छ। यसकारण कुरा स्पष्ट छः अपराधीहरूको बाटो चिरस्थायी होइन, तर अप्ठ्यारो, खतरनाक र कठिन हुन्छ। यसरी परम्परागत अनुवादले यो शब्द अनुवाद गरेको छ, र यस अनुवादले सठीक अर्थ दिन्छ। किनभने दैनिक समाचार पत्रिकाहरू पढ्नुहोस्, र तपाईंले यस तथ्यको निम्ति प्रशस्त उदाहरणहरू पाउनुहुनेछ।

**हितोपदेश १३ः१६ः** हरेक मानिसले आफ्नो व्यवहारद्वारा आफ्नो चरित्र प्रकट गर्छ। समझदार मानिसले दक्षताको साथ काम गर्छ। अनि मूर्ख मानिसले सबैले देख्ने गरी आफ्नो मूर्खताको प्रदर्शन गर्छ।

**हितोपदेश १३ः१७ः** भारपर्दो नभएको दूतले सबै सम्बन्धित व्यक्तिहरूको निम्ति समस्या सृजना गर्छ। यसो हो भने, हामीले विश्वासयोग्य सन्देशवाहक पठाउनुपर्छ; किनकि उसले आफ्नो कार्यभार असल प्रकारले पूरा गर्छ; अनि सबैजनाले उसको कामबाट सन्तुष्टि पाउनेछन्।

*'यसकारण अब हामी ख्रीष्टका राजदूतहरू हौं'* (२ कोरिन्थी ५ः२०)।

**हितोपदेश १३ः१८ः** सुधार्ने किसिमको हप्की र अनुशासन अस्वीकार गर्ने मानिसले

आफ्नो हठीपनबाट गरिबी र शर्म कमाउँछ। तर हप्की सुन्ने मानिसको आदर हुनेछ।

**हितोपदेश १३ः१९ः** असल मानिसहरू आफ्ना लक्ष्यहरू पूरा भए रमाउँछन्, प्रसन्न हुन्छन्। तर मूर्ख मानिसहरूले आफ्नो पाप छोड्न मन पराउँदैनन्। आकाश-पातालको भिन्नता यसैमा छः असल मानिसहरूले योग्य उद्देश्यहरू प्राप्त गर्ने कोशिश गर्छन् भने, पापी मानिसहरूले खराबीबाट हट्न मान्दैनन्।

**हितोपदेश १३ः२०ः** बुद्धिमान् मानिसहरू हाम्रा साथीसँगी हुनुपर्छ; किनभने तिनीहरूको प्रभावमा हाम्रो उत्थान हुनेछ। *'कुसङ्‍गतहरूले असल चरित्र बिगारिदिन्छन्'* (१ कोरिन्थी १५ः३३)। मानिसलाई त्यसले कससँग सङ्‍गत गरेकोबाट चिनिन्छ। जसले मूर्ख मानिसहरूसित सङ्‍गत गर्छ, त्यो नष्ट हुनेछ।

**हितोपदेश १३ः२१ः** शिकारी कुकुरहरूले खेदेझैं अशुभ घटनाहरूले पापी मानिसहरूलाई कहिल्यै छोड्दैनन्, जस्तै स्वास्थ्यमा हानि, मानहानि, कुख्याति, सम्पत्तिको क्षति आदि। तर धर्मी जनहरूको सुनाम चल्छ, उनीहरूको जीवन सुखी हुन्छ र उनीहरूको इनाम पनि असल हुनेछ।

**हितोपदेश १३ः२२ः** असल मानिसले आफ्ना छोराछोरीहरूको निम्ति मात्र होइन, तर आफ्ना नातिपनातिहरूको निम्ति पनि अधिकारको भाग छोड्नेछ। पुरानो नियमको समयमा यसको अर्थ भौतिक धनसम्पत्ति थियो, जुनचाहिँ तिनीहरूको निम्ति छोड़िन्थ्यो। तर वर्तमान समयमा जिउने ख्रीष्ट-विश्वासीले आफ्ना सन्तान-दरसन्तानहरूको निम्ति आत्मिक सम्पत्ति छोड्नुपर्छ, जुनचाहिँ सबैभन्दा असल पैतृक सम्पत्ति मानिन्छ।

*'अनि पापी मानिसको सम्पत्तिचाहिँ धर्मी जनको निम्ति राखिन्छ।'* बेइमानीसाथ प्राप्त भएको धन कुनै न कुनै तरिकाले असल व्यक्तिको हातमा पुग्छ।

**हितोपदेश १३ः२३ः** गरिब मानिसहरूले मेहनतको साथ आफ्नो जमिन खनजोत गर्छन्, र तिनीहरूको थोरै जमिनले धेरै उब्जनी दिन्छ। तिनीहरूले आफूसँग भएको जग्गा-जमिनबाट सकेसम्म बढ़ी लाभ उठाउने कोशिश गर्छन्।

अनि यस पदको दोस्रो खण्डको अर्थ यस प्रकारको छः **क)** कि त धनी मानिसहरूसँग धेरै जमिन हुन्छ, तर तिनीहरूको अन्यायले गर्दा तिनीहरूले आफ्नो सम्पत्ति बर्बाद गर्छन्। **ख)** कि त अन्यायले गरिबहरूको जोताइ उड़ाइदिन्छ।

**हितोपदेश १३ः२४ः** पवित्र बाइबलको शिक्षा स्पष्ट छः हामीले आफ्ना छोराछोरीहरूलाई शारीरिक सजाय दिनैपर्छ, यस विषयमा आधुनिक विशेषज्ञहरूको राय जेसुकै होस्। जुन बालकले छड़ी खाने लायकको काम गरेको छ, तर जसलाई शारीरिक सजाय दिइँदैन, त्यस बालकले पाप गर्ने हिम्मत पाउँछ, र यस कुराले उसको विनाशमा मद्दत गर्छ। जुन बुबाले आफ्नो छड़ी चलाउँदैन, त्यस बुबालाई आफ्नो छोरालाई माया गरेको लाग्ला, तर परमेश्वरको वचनअनुसार उसले आफ्नो छोरालाई घृणा पो गरेको छ।

बाल-चिकित्सक श्री बेन्जमिन स्पोखले धेरै वर्षहरूसम्म बुबाआमाहरूलाई यस विषयमा खुकुलो र स्वतन्त्र विचार अपनाउन सिकाउँथे। तर एक पुस्ता बितिगएपछि तिनले यसमा गल्ती गरेको मानिलिए; किनभने तिनले यस अवधिभित्र मूर्ख, कष्टप्रद केटा-केटीहरूलाई हुर्केर आएका देखे। तिनले स्वीकार गरेर भनेः 'मेरो विचारमा, वर्तमान युगमा अमेरिकाका बुबाआमाहरूको बीचमा सबैभन्दा व्यापक समस्या के हो भने, तिनीहरू कड़ा हुन नसक्ने अशक्तता हो।'

तिनले केही मात्रामा यसको दोष विषेशज्ञहरूमा देखे, 'जस्तैः बाल-मनोचिकित्सकहरू, मनोचिकित्सकहरू, स्कूलका

शिक्षक-शिक्षिकाहरू, समाज-सेवक-सेविका-हरू र मजस्तै बाल-चिकित्सकहरू।' [20)]

जुन बुबाले आफ्नो छोराछोरीलाई प्रेम गर्छ, त्यस बुबाले आफ्नो छोराछोरीको बदमासी सहन सक्दैन, तर उसले आफ्नो छोराछोरीलाई तत्कालै ताड़ना दिन्छ।

**हितोपदेश १३:२५:** धर्मी जनका आवश्यकताहरू पूरा गरिनेछन् भन्ने कुरा परमेश्वर सुनिश्चित गर्नुहुन्छ। तर दुष्ट मानिसहरूको पेट खाली रहनेछ भन्ने कुरा पनि सुनिश्चित छ।

**हितोपदेश १४:१:** बुद्धिमती गृहिणीले आफ्नो घरपरिवारमाथि ध्यान दिन्छिन्। तर मूर्ख स्त्री यता-उता घुमिहिँड़ेकी, तास खेल्ने अड्डा, बिङ्गो खेल्ने टोली, फेशन शो र अन्य व्यर्थ मनोरञ्जनहरूमा भेटिन्छे। त्यसले आफ्नो पति र छोराछोरीहरूलाई स्याहारसुसार गर्न भुल्छे; तब त्यसको परिवार किन नबिग्रिने? यसमा अचम्म लाग्ने केही पनि छैन।

अनि कुनै बहिनीले बढ़ी धार्मिक क्रिया-कलापहरूद्वारा आफ्नो घरपरिवारलाई भत्काउन सक्छिन्; यो पनि सम्भव छ।

**हितोपदेश १४:२:** मानिसको चालले परमप्रभुप्रति उसको मनको भावना के हो, सो ऐनाले गरेजस्तै प्रकट गर्छ। परमेश्वरलाई कसरी खुशी पारूँ भन्ने भावना धर्मी जनको प्रेरणा हो, जुन भावनाले उसलाई उसको व्यवहारमा निर्देशन गर्छ। तर टेढ़ा चाल भएको मानिसको निम्ति परमेश्वरको विचारमा के मतलब, के परबाह? अनि यसरी नै त्यस मानिसले परमेश्वरलाई अपमान गरेको कुरा प्रकट गर्छ। यस सिलसिलामा श्री डेरेक किड्नरले यसो लेखेका छन्:

'परमेश्वरको बाटो छोड्ने मानिसले परमेश्वरको इच्छा होइन, तर आफ्नै इच्छा अगाड़ि राखेर त्यो नै पूरा गर्न बल गर्छ, र उहाँको रायमा होइन, तर आफ्नै रायमा जिद्दी गरेर केवल यसमा मतलब राख्छ। तर यस प्रकारको अपमान पागलपनसरहको कुरा हो। तब "हे प्रभु, क्षमा गर्नुहोस्, मैले ठूलो गल्ती गरें" भन्ने कुरा त्यसले कहाँ मानिलिन्छ र?' [21)]

**हितोपदेश १४:३:** 'मूर्खको मुखमा घमण्डको छड़ी हुन्छ।' त्यसले आफ्नो अहङ्कारी बोलीको निम्ति पिटाइ खानुपर्छ। तर बुद्धिमान् मानिसहरूको बोलीवचनले उनीहरूलाई बचाउँछ; उनीहरूले यस प्रकारको सजाय भोग्नुपर्नेछैन।

**हितोपदेश १४:४:** गोरुहरू नपालेर गाईगोठ सफा राख्न सकिन्छ। तर गोरुहरू काममा लगाएर फसल प्रशस्त हुनेछ। तब गोरुहरू पालेर केही धूलो-मैला सहन उचित देखिन्छ। यसो हो भने, परिश्रमबाट आउने फाइदाहरू धेरै हुन्छन् भने, के यी लाभहरू मन नपरेका लन्ठाको निम्ति पूर्ति गर्दैनन् र? यस नीतिवचनबाट कसैले आफ्नो घर र मण्डली-भवन मैला राख्ने हौसला नपाओस्! त्यहाँ तुफान आएको जस्तै कसैलाई नलागोस्। तर सफाइको निम्ति हाम्रो सोखले र धूलोमैला देख्न नसक्ने हाम्रो अभिरुचिले हामीलाई प्रगति गर्न र उद्योगी हुनदेखि रोक्नुहुँदैन भनेर यस नीतिवचनले हामीलाई उत्साह दिन खोजेको हो।

**हितोपदेश १४:५:** श्री सी. एच. म्याकिन्तोशले यसो भनेका छन्:

'यस पृथ्वीमा खराब विवेकले सताइएको भड़्किहिँड़्नुभन्दा असल विवेक लिएर स्वर्ग जानु निको छ।'

यसकारण हामी हरेक परिस्थितिमा र हर समयमा इमानदार, अँ, बिलकुल इमानदार रहनुपरेको छ।

**हितोपदेश १४:६:** गिल्ला गर्ने मानिसको नसुन्ने बानीले त्यसलाई बहिरा तुल्याउँछ। त्यसले सुन्न छोड्छ। जसले प्रभु येशूलाई इन्कार गर्छ, त्यसले साँचो बुद्धि कहिल्यै भेट्टाउँदैन।

समझदार मानिस असल कुरा बुझ्नमा छिटो हुन्छ। *'किनभने जोसँग छ, त्यसलाई दिइनेछ र त्योसँग झन् प्रशस्त हुनेछ'* (मत्ती १३:१२)।

**हितोपदेश १४:७:** मूर्ख मानिसको मित्रता कुसङ्गत मानिन्छ; यसो नगर्नुहोस्! 'किनकि त्यहाँ तिमी ज्ञानका शब्दहरू पाउँदै-पाउँदैनौ' (आर.एस.वी-अनुवादअनुसार)। अथवा मोफ्फतअनुसार 'त्यसमा तिम्रो निम्ति समझको एउटै शब्द छँदैछैन।'

**हितोपदेश १४:८:** समझदार मानिसको निम्ति बुद्धि भनेको आफू कसरी इमानदार हुनुपर्छ, विवेकशील हुनुपर्छ र आज्ञाकारी हुनुपर्छ, सो जान्नु हो। तर जुन कुरा मूर्ख मानिसले बुद्धि ठान्छ, त्यो कुरा वास्तवमा मूर्खता हो। अनि त्यसको मूर्खतामा अरूलाई छल गर्ने क्षमता छ। अरूलाई छल गर्दै-गर्दा त्यसले आफूलाई पनि ठग्छ; यो छल त्यसमाथि आइपर्नेछ।

**हितोपदेश १४:९:** हिब्रूमा यस पदको अर्थ अस्पष्ट छ। तर के.जे.वी. र एन.के.-जे.वी-बाइबलले यस पदको अनुवाद गरेको अर्थ राम्रो छ।

> मूर्ख मानिसहरूले पापसित ठट्टा गर्छन्, र विश्वासै गर्दैनन्, कि पापको बाहुलामा डरलाग्दो चुपी लुकिएको छ। तिनीहरूको विचारमा, योजस्तै सुन्दर, योजस्तै मीठो कुरामा खील, बिझ्ने काँड़ा कसरी हुने?
>
> तिनीहरूलाई हाँस्दै-हाँस्दै नरकमा जाने तुल्याउन पापको मोहित पार्ने शक्ति छ भन्ने तिनीहरूलाई के थाहा? यसकारण भाइ-बहिनीहो, आफ्नो विषयमा होशियार होऊ! पापसित खेल्न छोड़! नत्र ता तिमीलाई बचाउन सक्नुहुने मुक्तिदाताले, तिमी ढोकाबाट भित्र पस्नुभन्दा अघि तिम्रो निम्ति मुक्तिको ढोका बन्द गर्नुहोला।
>
> श्री जोह्न बन्यन

सीधा चाल चल्नेहरूले प्रभुको अनुग्रह उपभोग गर्दछन्। उनीहरू पापको दण्डको आज्ञा सुन्ने डर र पापको दोषबाट मुक्त भएर जिउन पाउँछन्।

**हितोपदेश १४:१०:** मानिसको हृदयमा कति शोकचिन्ताहरू छन्, जसको बोझ कसैले बोक्न साथ दिन, त्यो हल्का पार्न र उससित सहानुभूति देखाउन सक्दैन। तर प्रभुले सहानुभूति देखाउन सक्नुहुन्छ र देखाउनुहुन्छ पनि। अनि आनन्दको विषयमा कुरा उस्तै छ। मानिसले आफ्नो आनन्द आफैले मात्र उपभोग गर्न सक्छन्।

**हितोपदेश १४:११:** यस पदमा घर र तम्बूको कुरा गरिएको छ। यसको भिन्नता याद गर्नुहोस्! किनभने घर स्थायी वासस्थान हो भने, तम्बूचाहिँ अस्थायी, अल्पकालिक डेरा सम्झिन्छ। तर अचम्म! सीधा चाल चल्ने प्रवासीको तम्बू रहिरहन्छ, तर संसारका दुष्ट बासिन्दाहरूको घर भत्किन्छ।

**हितोपदेश १४:१२:** मानिसहरूको आँखामा ठीक देखा पर्ने बाटो भनेको त्यो नकली मुक्तिमार्ग बुझिन्छ, जसको शिक्षा-अनुसार मुक्तिचाहिँ धर्मकर्महरू वा असल चरित्रले कमाएको पुण्यफल गनिन्छ। नरकमा धेरै यस्ता मानिसहरू हुनेछन्, जसको भूल-धारणा यस प्रकारको हुन्थ्यो (हितोपदेश १६:२५)।

तर यस पदको व्याख्या फराकिलो अर्थमा भन्नु हो भने मानिसलाई आफ्नै बाटो सठीक बाटो लाग्छ। आफ्नो हठमा चल्ने स्वेच्छाचारीले ईश्वरीय अगुवाइ र मानिसको सरसल्लाह तुच्छ सम्झन्छ। तर यस प्रकारको मूर्ख व्यवहार केवल विपत्तिमा र आत्मिक मृत्युमा टुङ्गिन्छ।

**हितोपदेश १४:१३:** यस धरतीमा केवल आनन्दैआनन्द र हर्षैहर्ष भएको परिस्थिति पाइँदैन। किनकि धेरथोर शोकचिन्ता सधैं हाम्रो आनन्दमा मिसिएको हुन्छ। श्री नोक्सले

यसो भनेका छन्: 'आनन्द शोकसित मिसिएको हुन्छ र हँसाइको तालमेल आँसुको साथमा हुन्छ।'

**हितोपदेश १४:१४:** *'पछि हट्ने हृदय भएको मानिसले आफ्नै चालहरूको फल भोग्नेछ; तर असल मानिस माथिबाट सन्तुष्ट हुनेछ।'* प्रभुबाट भड्किएर जाने मानिसले आफ्नो मनपरी र जिद्दी गरेको फल भोग्नेछ। यसकारण नाओमीले यसो स्वीकार गर्नुपरेको थियो: *'सर्वशक्तिमान्ले मसँग अति तिक्त व्यवहार गर्नुभएको छ; किनकि भरपूर भएर म निस्केर गएकी थिएँ, तर परमप्रभुले मलाई रित्तै फर्काएर ल्याउनुभएको छ'* (रूथ १:२०-२१)। अनि उड़न्ता पुत्रले मानिलियो: *'मेरा बुबाका ज्यालादार नोकरहरूले उब्रोपाब्रो हुने गरी रोटी पाउँछन्, तर मचाहिँ यहाँ भोकले नाश भइरहेछु!'* (लूका १५:१७)।

सीधा चाल चल्ने मानिसले आफ्ना चालको फल खानेछ, र तृप्त हुनेछ; किनकि उसका चालहरू प्रभुका मार्गहरू हुन्। राजा दाऊदले भन्न सके: *'मेरो कचौरा भरिएर पोखिन्छ'* (भजन २३:५)। सीधा चाल चल्ने मानिसले पनि यसो भन्न सक्छ। प्रेरित पावलले घोषणा गरेर भन्न सके: *'मैले असल लड़ाइँ लड़ेको छु, मैले आफ्नो दौड़ पूरा गरेको छु, मैले विश्वासको रखवाली गरेको छु'* (२ तिमोथी ४:७)। सीधा चाल चल्ने मानिसले पनि यसो भन्न सक्छ।

**हितोपदेश १४:१५:** बोधो मानिस साह्रै सोझो मानिस हुँदो रहेछ; किनभने त्यसले हरेक कुरा विश्वास गर्छ, त्यो हरेक तरङ्गमाथि तैरन्छ। तर समझदार मानिसले आफ्नो चाल विचार गर्छ र पुनर्विचार गर्छ, र यसैले उसका पाइलाहरू चुक्दैनन्, गलततिर लाग्दैनन्। विश्वासले पक्का प्रमाणको माग गर्छ, अनि परमेश्वरको वचन त्यो पक्का प्रमाण हो, जुन प्रमाण विश्वासले खोजेको छ। सोझो भोला मानिसले जुनसुकै गुजार्ने वैज्ञानिकले भनेको, जुनसुकै दर्शनशास्त्रीले भनेको, अँ, जुनसुकै मनोविज्ञानीले भनेको कुरा मानिहाल्छ।

**हितोपदेश १४:१६:** *'बुद्धिमान् मानिस डराउँछ'*; यसर्थ ऊ होशियार बस्छ र सतर्क रहन्छ। हो, निश्चय उसले परमेश्वरको डर पनि मानिरहेको छ। यसमा शङ्का छैन।

तर मूर्ख मानिस अहङ्कारी हुन्छ, पूरा निश्चिन्तित हुन्छ। त्यसले संयमी हुन छोड़ेको छ र आत्मविश्वास गरेको छ।

**हितोपदेश १४:१७:** *'झड़ङ्ग रिसाउने मानिसले मूर्ख काम गर्छ।'* रिसको झोकमा त्यसले कति कामहरू बिगार्छ, यसको साध्य छैन; किनभने त्यसले आफ्नो रिसका नतिजाहरू के हुनेछन्, सो विचारै गर्दैन। त्यसले ढोका जोरले बन्द गर्छ; त्यसले आफ्नो हातमा भएको थोक मिल्काउँछ; त्यो उच्च सोरले कराउँछ; त्यसले अरूलाई सराप्छ र तिनीहरूको घोर निन्दा गर्छ; त्यसले चल-सामग्रीहरू भाँचिदिन्छ र टुक्राटुक्रा पार्छ। झोकको आवेगमा त्यो घरबाट निस्कन्छ। तर दुईवटा खराबीहरूको बीचमा हामीले छान्नुपरेको छ भने, हामीले बरु रिसाहालाई सहन सक्छौं, तर दुष्ट युक्ति रच्ने मानिसलाई एकै क्षण पनि सहनै सक्दैनौं। हरेक मानिसले त्यस्तोलाई त्यसको निर्दयी व्यवहार र विश्वासघातको निम्ति घृणा गर्छ।

**हितोपदेश १४:१८:** *'बोधाहरू मूर्खताका हकदार हुन्छन्।'* तिनीहरूले असल शिक्षा-माथि ध्यान लगाउँदैनन् भने, तिनीहरूको अरू उपाय के पो छ र? तिनीहरू जड़मूर्ख हुनुपर्छ।

समझदार मानिसहरूको आदर र सम्मान र तिनीहरूको इनाम तिनीहरूको थेरथोर ज्ञान-अनुसार हुनेछ।

**हितोपदेश १४:१९:** यस नीतिवचनले अन्तमा खराबीमाथि भलाइको जीत हुनेछ भन्ने झलक दिन्छ। परमेश्वरले धर्मी जनहरूलाई निर्दोष ठहऱ्याउनुहुनेछ। हामानको जीवनमा

त्यो दिन आयो, जुन दिनमा तिनले मोर्दकैलाई ढोग्नुपरेको थियो। अनि त्यो दिन आउने नै छ, जब यस विश्वभरिको सबै प्राणीहरूले येशू ख्रीष्टको सामु घुँडा टेक्नैपर्छ र उहाँलाई राजाहरूको महाराज र प्रभुहरूको परमप्रभुको रूपमा स्वीकार गर्नेछन्।

**हितोपदेश १४:२०:** गरिब मानिसको छिमेकीले पनि उसलाई घृणा गर्छ। यसो हुनुहुँदैन; तर के गर्ने? यस्तो हुँदो रहेछ। धेरै मानिसहरूले आफ्नो फाइदाको निम्ति अरूसँग मित्रता गाँस्छन्। तिनीहरूले गरिबहरूलाई एकातिर छोड़िदिन्छन् र आफ्नो स्वार्थ-सिद्धिको निम्ति धनी मानिसहरूको सङ्गत गर्छन्। अनि हामीचाहिँ? हामीले मानिस-हरूबाट केही पाउने होइन, तर तिनीहरूको सेवा गर्ने हिसाबले तिनीहरूमा इमानदार चासो राख्नु-पर्छ।

*'तर धनीका धेरै साथीहरू हुन्छन्।'* एक प्रकारले यो कुरा सत्य हो, तर अर्को प्रकारले धनी मानिसले आफूसँग साँचो मित्रहरू कतिजना छन्, सो कहिल्यै जान्दैन। किनभने साँचो साथीले उसैलाई प्रेम गर्छ; उसलाई प्रेम गर्ने कारण उसैमा छ, उसको धनसम्पत्तिमा होइन।

**हितोपदेश १४:२१:** यस पदको सम्बन्ध अगाड़िको पदसित जोड़ेर ठीक हुन्छ। गरिब मानिसलाई तुच्छ ठान्नु पाप हो। किनभने परमेश्वरले धेरै गरिबहरूलाई आफ्नो राज्यको हकदारको रूपमा छान्नुभएको छ (याकूब २:५)। अनि जुन मानिसले गरिबहरूमाथि दया देखाउँछ, त्यो मानिस धन्यको हो, किनभने यस दयाको कामले गर्दा ऊ आशिषित भएको छ।

प्रभु येशू यस संसारमा गरिब मानिस भएर आउनुभएको कुरा हामीले कहिल्यै बिर्सनु-हुँदैन। एकजना भाइले भनेको कुरा सुनौं, जसले प्रभु येशूको विषयमा यसो भनेका छन्: 'नासरतको येशू मेरा पैसाहीन मित्र हुनुहुन्छ।'

**हितोपदेश १४:२२:** खराब युक्ति रच्नेहरू र बुराइ चिताउनेहरू भड्किनु र पथभ्रष्ट हुनैपर्छ। तर अरूको भलाइ चिताउनेहरूको इनाम कृपा र सत्यता हो। यसर्थ परमेश्वरले उनीहरूलाई कृपा देखाउनुहुन्छ र उनी-हरूसित आफ्ना प्रतिज्ञाहरूको विषयमा सत्-व्यवहार गर्नुहुन्छ; उहाँको सुरक्षा र उहाँको इनाम उनीहरूको निम्ति सुनिश्चित हुनेछ। अनि यो पनि हो, कि अरू मानिसहरूले उनीहरूलाई उनीहरूको निष्ठापूर्ण आचारण र विश्वासयोग्यताको खातिर प्रतिफल दिनेछन्।

**हितोपदेश १४:२३:** *'सबै परिश्रमबाट लाभ हुन्छ।'* यसकारण इमानदार काम गर्नुहोस् र लाभ उठाउनुहोस्! व्यर्थको बकवाद र गफ मात्र गरिब तुल्याउँछ। हामी सबैले यस्ता मानिसहरूलाई चिन्छौं, जसले आफ्ना समस्याहरूको विषयमा घण्टै कुरा गर्न सक्छन्, तर सानो औंलाले सार्न चाहँदैनन्। तिनीहरूले पूरा उत्सुकताको साथ विश्वव्यापी सुसमाचार धावाको कुरा त गर्छन्, तर तिनीहरू आफ्नो छिमेकीलाई सुसमाचार सुनाउन आफ्नो आराम गर्ने झोलुङ्गे कुर्सीबाट उठ्दैनन्। एकै सासमा तिनीहरूले आफ्नै भविष्यको योजनाको बेलीबिस्तार गर्न सक्छन्; तर फिक्री नगर्नुहोस्, तिनीहरूको यो भावी योजना कहिल्यै पूरा हुनेछैन।

**हितोपदेश १४:२४:** बुद्धिमान् मानिस-हरूको धनसम्पत्ति उनीहरूको महिमाको मुकुट हुँदो रहेछ। किनभने उनीहरूलाई आफ्नो बुद्धि देखाउन केही माध्यम चाहिन्छ। उनीहरूको धन कि त आत्मिक, कि त भौतिक हुन्छ। तर मूर्ख मानिसहरूसँग देखाउन केही पनि छैन, किनकि यिनीहरूसँग केवल मूर्खता छ, जुन मूर्खता यिनीहरूले आफ्नो जीवन र कामबाट प्रस्तुत गर्छन्।

**हितोपदेश १४ः२५ः** कचहरीमा साँचो साक्षीले निर्दोष मानिसहरूलाई झूटा आरोपहरूदेखि बचाउन सक्छ। तर हाय, त्यस धोका दिने साक्षीको खातिर, जसले भएको-नभएको कुरा टेढ़ामेढ़ा पारेर पेश गर्छ। यस प्रकारको छलबाट आउने नतिजा डरलाग्दो हुन सक्छ, यसरी कसैको जीवन बरबाद गर्न सकिन्छ।

अनि सुसमाचार-प्रचारकको विषयमा कसो हो ? तिनी साँचो गवाही हुन् भने, तिनले अमूल्य आत्माहरूलाई अनन्त विनाशबाट बचाउँछन्। तर उदारवादीहरू र कुपन्थकाहरूलाई हामी छली गवाहीहरू भन्नुपर्छ; किनभने तिनीहरूले झूट बोल्छन् र मानिसहरूलाई भड्काएर पथभ्रष्ट पारिदिन्छन्।

**हितोपदेश १४ः२६ः** परमप्रभुको भय मान्ने मानिससँग बलियो आड़भरोसा हुन्छ; किनभने परमेश्वर उसको पक्षमा हुनुहुन्छ भने उसको विरोधमा को उठ्न सक्छ र, कसको युक्ति सफल होला त ? (रोमी ८ः३१)। त्यस मानिसका छोराछोरीहरूले परमेश्वरमा शरणस्थान पाउनेछन्; उहाँका पखेटाहरूमनि यिनीहरू दुष्टका हमलाहरूबाट सुरक्षित हुनेछन्।

**हितोपदेश १४ः२७ः** परमेश्वरमाथि राखिएको भरोसाचाहिँ मानिसको निम्ति आत्मिक जीवनको शक्तिको स्रोत हुन्छ। मृत्युका पासाहरूबाट उम्कनलाई यस प्रकारको भरोसा अनिवार्य हुन्छ।

**हितोपदेश १४ः२८ः** जनताको सङ्ख्यामाथि, तिनीहरूको सन्तुष्टिमाथि र राजनिष्ठामाथि राजाको सम्मान निर्भर गर्छ। महामहिम, महासुफ भन्ने नाममा केही फाइदा नहोला, जब यी महाजनसँग कुनै प्रजा छैन, जसमाथि यिनले शासन गर्न सक्छन्।

**हितोपदेश १४ः२९ः** रिसाउनमा ढिलो गर्ने मानिसमा ठूलो समझशक्ति भएको हुनुपर्छ; किनभने उसको रिस उठ्न खोजिरहेको बेलामा ऊ रिसाउँदैन। तर झड़ङ्ग रिसाउने मानिसले मूर्खता बढ़ाउँछ र खुल्लमखुल्ला प्रदर्शन गर्छ र उच्च पार्छ।

**हितोपदेश १४ः३०ः** यहाँ स्वस्थ, निरोगी हृदय भन्नाले सन्तुष्ट मन बुझिन्छ। यसकारण श्री नोक्सले यो पद यस प्रकारले अनुवाद गरेका छन्ः 'मनको शान्ति शरीरको सुस्वास्थ्य हो।'

डाहा र क्रोध मानिसको स्वास्थ्यको निम्ति हानिकारक छन्। श्री डाक्टर पोल अडोल्फले यसको पुष्टि यसरी गरेका छन्ः

> 'मनोविज्ञानीहरूले के पत्ता लगाए भने, तन्त्रिका सम्बन्धी रोगहरूका मूल कारणहरू यस प्रकारका छन्, जस्तैः दोष्याउने खराब विवेक, आत्मग्लानि, क्षमा नदिने मन, डर, निराशा, दोधार, शङ्का, डाहा, स्वार्थ र साह्रै अल्छी लाग्ने जाँगरमरुवा आदि। तर दुःखलाग्दो कुरा के हो भने, यी मनोविज्ञानीहरूमध्ये धेरैजना छन्, जो मानिसको मनलाई खलबल पार्ने रोगहरूका मूलकारणहरू पत्ता लगाउन पूरा सक्षम भए, तर जसले यी रोगहरूको इलाज गर्नमा फेल खाए; किनभने तिनीहरूले परमेश्वरमाथिको विश्वासलाई आफ्नो दृष्टिकोण र आफ्नो इलाजमा कुनै भूमिका खेल्न दिएनन्।' [22)]

**हितोपदेश १४ः३१ः** जसले गरिबहरूबाट अनुचित फाइदा उठाउँछ, त्यसले तिनीहरूको सृष्टिकर्ताको अपमान गर्छ। यस विषयमा श्री चोर्च हेर्बर्टले यसो भनेका छन्ः

> 'मानिस परमेश्वरको प्रतिरूप हो, तर गरिब मानिस ख्रीष्ट येशूको रूप र छाप हो।'

यस पदको दोस्रो भागको अर्थ यस प्रकारको छः जसले अभावग्रस्त मानिसहरूलाई दया देखाउँछ, उसैले परमेश्वरको आदर गरेको हुन्छ।

**हितोपदेश १४ः३२ः** 'जब दुष्ट मानिसले आफ्नो दुष्टताको सट्टामा दुष्टताको कटनी गर्छ, तब त्यसको अन्त हुनेछ; तर धर्मी जनको निम्ति मृत्युको मुखमा पुगेको बेलामा पनि

आशा छ।' (नोक्सको भाव-अनुवाद-अनुसार)। यहूदा इस्करयोतीको दुःखद अन्त यस पदको पहिलो खण्डको उदाहरण हो भने, प्रेरित पावल यस पदको दोस्रो खण्डको उदाहरण हुन्।

**हितोपदेश १४:३३:** *'समझदार मानिसको हृदयमा बुद्धिले वास गर्छ।'* यस वाक्यको अर्थ कि त **क)** उसको हृदय बुद्धिको घर बनेको छ; कि त **ख)** समझदार मानिसले आफूले जानेको जति विना उचित कारण प्रस्तुत गर्दैन, तर मनमा राख्छ।

यस पदको दोस्रो खण्डमा अर्थ लगाउन गाह्रो छ। यसको सम्भवतः अर्थ यस प्रकारको छः **क)** मूर्ख मानिसहरूको मनमा जे छ, त्यो सबै तत्कालै प्रकट हुन्छ। **ख)** मूर्ख मानिसहरूको हृदयमा बुद्धि के हो, सो विदितै हुँदैन (आर.एस.वी.को अनुवाद-अनुसार)। **ग)** बुद्धिले निक्कै हल्ला गर्नुपर्छ, नत्र ता मूर्ख मानिसहरूले यो चालै पाउँदैनन् (बेक्र्ली)।

**हितोपदेश १४:३४:** देशले उन्नति गर्नु हो भने, यसका राजनेताहरू इमानदार र चरित्रवान् हुनुपर्छ। तिनीहरूको धार्मिकताको निम्ति तिनीहरूको नाम चल्नुपर्छ। भ्रष्टाचार, घूसखोरी, भाइभतिजावाद, फोहोर चालहरू, काण्डहरू र सबै प्रकारका अधर्महरू देशको निम्नि कलङ्क हुन्।

**हितोपदेश १४:३५:** शासकले बुद्धिमानीसाथ काम गर्ने कर्मचारीमाथि कृपाको नजर लगाउँछन्, जस्तै यूसुफ, मोर्दकै र दानियल। तर शर्ममा पार्ने कर्मचारीको विरोधमा तिनको क्रोध दन्किन्छ। 'राजाले सक्षम मन्त्रीलाई निगाह देखाउँछन्; तिनको रिस अयोग्य हुनेहरूको निम्ति हो' (मोफ्फत)।

**हितोपदेश १५:१:** यस अध्यायका धेरै हितोपदेशहरू हाम्रो बोलीवचनको विषयमा छन्। नरम जवाफचाहिँ शान्त जवाफ, मिल्न चाहने जवाफ हो, अनि यस्तो विनम्र जवाफले क्रोधलाई बम्कनदेखि रोक्छ, र क्रोधको आगोमाथि पानी हाल्छ। तर जसको जवाफ रूखो हुन्छ, त्यसले अर्को व्यक्तिमा उसको शारीरिक स्वभाव उत्तेजित पार्छ, र नभन्दै एउटा ठूलो तिक्त झैझगड़ा मच्चिन्छ। यस सिलसिलामा श्री चार्लस एच. स्पर्चनले निम्न रमाइलो उदाहरण पेश गरेका छन्ः

> 'बितेको समयमा जुन ठाउँमा म बसें, त्यहाँ मेरो घर र मेरो छिमेकीको जमिनको बीचमा एउटा थोत्रो बार थियो। अनि त्यस छिमेकीको एउटा कुकुर थियो, जुन कुकुर आफ्ना खुट्टाले मेरो बारी बेसरी खनजोत गर्थे र मेरा फूल र सब्जीका कलिला बिरुवाहरू बिगार्थ्यो। अब एक साँझमा, म घरतिर आइरहेको थिएँ र मैले त्यस कुकुरलाई मेरो बारीमा उत्ताउलो गरिरहेको देखें। म त्यहाँदेखि अझ केही टाढ़ो थिएँ, यसैले मैले एउटा हाँगाको टुक्रा उठाएर त्योतिर फ्याँकें र त्यसलाई गाली गरेर "घर जा" भन्ने कड़ा आदेश दिएँ। तर त्यो कुकुर घर कहाँ गयो र, त्यसले त यो काठको टुक्रा भुइँबाट टिप्यो र मुखमा लिएर त्यो सीधा मकहाँ आयो, र आफ्नो पुच्छर हल्लाउँदै त्यसले यो काठको टुक्रा मेरा पाउनेर राख्यो र एकदम खुशी भई आफ्नो अनुहार मतिर उठायो। तब मैले त्यसलाई गाली गर्न सकिनँ, किनभने म त्यसको मायासित हारें। तर त्यसलाई थप्काथप्की दिएर मैले त्यसलाई "स्याबास, कालु!" भन्दै त्यसलाई अघि गाली गरेकोमा पछुतो गरें।' 23)

**हितोपदेश १५:२:** बुद्धिमान् मानिसको मुख हामीलाई निरन्तर उपकारी जानकारीहरू दिँदै गर्ने एउटा मुहान हो; किनभने उसले कहिले र कहाँ के र कसरी भन्नुपर्छ, सो जान्दछ। तर आम्मै हो, मूर्ख मानिसहरूको मुखबाट फोहोर बाढ़झैं मूर्खता उकेलिन्छ।

**हितोपदेश १५:३:** परमेश्वर सर्वज्ञ हुनुहुन्छ; उहाँ सबै कुराहरू जान्नुहुन्छ। उहाँका आँखाहरू हरेक ठाउँमा छन्। उहाँको सामु कुनै कुरा लुक्नै सक्दैन। खराब र असल

मानिसहरूले बोलेको हरेक शब्द, तिनीहरूले गरेको हरेक काम, तिनीहरूले सोचेको हरेक विचार र तिनीहरूको मनको हरेक अभिप्रायको जानकारी उहाँसँग छ; किनभने उहाँले सबै मानिसहरूलाई निरन्तर निहार्दै हुनुहुन्छ। यही कारणले राजा दाऊदले यसो भन्दै उद्घोषणा गरेः *'यस्तो ज्ञान मेरो लागि अति अचम्मको छ, यो अति उच्च छ; म त्यहाँसम्म पुग्नै सक्दिनँ'* (भजन १३९ः६)।

**हितोपदेश १५ः४ः** स्वास्थ्यकर, दयालु, विनीत बोलीवचनले ताजा तुल्याउँछ, मलमपट्टि गर्छ, शान्ति दिन्छ र जागृत गराउँछ। तर हाय ! टेढ़ामेढ़ा, अमङ्गलकारी, हानिकर बोलीले चोट मात्र पार्नु त के, आत्मालाई पो तोड़िदिन्छ।

**हितोपदेश १५ः५ः** यस मूर्खको विषयमा हामीले अघि पढ़िसक्यौं। त्यसले आफ्नो बुबालाई कालग्रस्त, तिनको विचार पुरानो जमानाको सम्झन्छ र तिनको शिक्षा व्यर्थ ठान्छ। तर बुद्धिमान् छोराले बुबाको हप्की ग्रहण गर्छ र यसबाट लाभ उठाउँछ। ऊ समझदार छोरा हो, अनि अझ समझदारी हुँदै जान्छ।

**हितोपदेश १५ः६ः** *'धर्मी जनको घरमा प्रशस्त धन हुन्छ।'* जस-जसले भक्त जनको परिवारमा हुर्कन पाएका छन्, उनीहरू यस वाक्यमा प्रस्तुत गरिएको सत्यताको निम्ति साक्षी बस्न सक्छन्। उनीहरूका बुबा-आमाहरू भौतिक हिसाबले धनी थिएनन् होलान्, तर छोराछोरीहरूले तिनीहरूबाट प्राप्त गरेको आत्मिक पैतृक सम्पत्तिको मूल्य ज्यादा हुन्छ।

अनैतिक प्रकारले र बेइमानीसाथ प्राप्त भएको धनको साथ त्यस नकच्चरो मानिस र त्यसको परिवारमाथि समस्या र कष्ट आउँछ। यसको उदाहरण आकान हो (यहोशू ७)।

**हितोपदेश १५ः७ः** बुद्धिमान् मानिसको बातचितमा प्रशस्त हितकारी ज्ञान र जानकारीहरू पाइन्छ। तर मूर्ख मानिसले कसैको उन्नति गर्दैन, किनकि त्यसको मन-मस्तिष्क रित्तो हुन्छ।

**हितोपदेश १५ः८ः** *'दुष्टहरूको बलिदान परमप्रभुको निम्ति घृणित हो।'* सच्चाइविना जुनसुकै धार्मिक संस्कार र धार्मिक क्रिया व्यर्थ हो भन्ने कुरा यस वाक्यले सिकाउँछ। दुष्ट मानिसले प्रभुको निम्ति महङ्गा-महङ्गा बलिहरू चढ़ाउन सक्छ; तर परमेश्वर यी बलिहरूमा खुशी हुनुहुन्न। सर्वप्रथम मानिसको जीवन शुद्ध भएको उहाँको चाहना हो। *'आज्ञापालनचाहिँ बलिदानभन्दा उत्तम हो'* (१ शमूएल १५ः२२)। इमानदार मानिसको विनम्र प्रार्थनामा परमेश्वर प्रसन्न हुनुहुन्छ। *'टुटेको आत्मा नै परमेश्वरका बलिदानहरू हुन्; हे परमेश्वर, तपाईं टुटेको र पश्चात्तापले चूर्ण हृदयलाई तुच्छ ठान्नुहुन्न'* (भजन ५१ः१७)।

**हितोपदेश १५ः९ः** दुष्ट मानिसको चाल परमप्रभुको निम्ति अति घृणित कुरा हो। उहाँले त्यस मानिसलाई प्रेम गर्नुहुन्छ, जो उहाँको वचनअनुसार आज्ञाकारी जीवन जिउँछ।

**हितोपदेश १५ः१०ः** यो नीतिवचन दुई प्रकारले बुझ्न सकिन्छ। एक, यसले दुईजना मानिसहरूलाई बयान गरेको हुन सक्छः एक मानिस छ, जसले सठीक बाटो छोड़ेर पथभ्रष्ट भएको छ; अर्को मानिस छ, जसले हप्की घृणा गर्छ। पहिलो व्यक्तिको सजाय कड़ा अनुशासन हो भने, दोस्रो व्यक्तिको दण्ड मृत्यु हो। कि त यस पदले एकै मानिसको विषयमा कुरा गरेको पनि बुझ्न सकिन्छ। पहिले त्यसले ठीक बाटो छोड़ेकोले त्यो कड़ा अनुशासनमा पर्छ; तर अनुशासनबाट केही शिक्षालाभ नगरेको हुनाले त्यो मर्छ। अनि

दोस्रो व्याख्या हिब्रू कविताको रचनाको समरूपताको नियमको माग हो ।

**हितोपदेश १५ः११ः** अधोलोक र विनाशचाहिँ मृत्युपारको परलोकको निम्ति सङ्केतात्मक नाम हुन् । कसैको मृत्यु हुँदा र त्यसपछि के हुने हो, सो कुरा परमेश्वर जान्नुहुन्छ भने, त उहाँले यस पृथ्वीमाथि जिउने मानिसहरूका हृदयभित्र गुप्त राखिएका कुराहरू किन नजान्ने ? उहाँले यो कुरा झन् बढ़ी जान्नुहुन्छ । *'उहाँको सामु, जसलाई हामीले हिसाब बुझाउनु छ, सबै थोकहरू नाङ्गा र खुला हुन्छन्'* (हिब्रू ४ः१३) ।

**हितोपदेश १५ः१२ः** गिल्ला गर्नेले सुधार अन्यथा लिन्छ, र रिसाउँछ । अनि त्यो सल्लाह लिन बुद्धिमान् मानिसकहाँ जाँदैन; त्यो बरु त्यस मानिसकहाँ जाला, जसको सल्लाह त्यसले सोचेको र सुन्न चाहेको जस्तो हुन्छ । तर यस प्रकारको नीतिमा हारैहार छ । यस व्यवहारले त्यो त हठधर्मी हो भन्ने कुरा झन् पुष्टि गर्छ; त्यसको निम्ति यो प्रगतिको चिहान हो ।

**हितोपदेश १५ः१३ः** उज्यालो अनुहारले आनन्दित हृदय प्रतिबिम्ब गर्छ, तर टुटेको हृदयको नराम्रो असर गहन हो । निराशा, उदास र अवसाद यसको खराब नतिजा हुन्छ ।

**हितोपदेश १५ः१४ः** ज्ञानले पूर्ण सुविज्ञ मानिसहरू ज्ञानको खोजीमा लागिपरेका व्यक्ति हुन्, जसले सिक्न कहिल्यै छोड्दैनन् । तर मूर्खहरूको मुख सुस्त पाराले मूर्खता चपाउँछ र मूर्खता नै चुस्छ । यसरी बुद्धिमान् मानिसहरूले अझ बुद्धिमान् हुनेछन् र मूर्ख मानिसहरू झन् मूर्ख, अँ, परममूर्ख हुन जानेछन् ।

**हितोपदेश १५ः१५ः** यस पदमा निराशवादी र आशावादी आपसमा तुलना गरिन्छन् । निराशवादी सधैं अधोमुखी, घोसेमुन्टे हुन्छ; त्यो मानिस खिन्न, डराउने र नकारात्मक हुन्छ । तर आशावादीचाहिँ कहिल्यै नडुब्ने मस्तराम हुन्छ । उसले जीवनबाट पूरा आनन्द लिन्छ ।

**हितोपदेश १५ः१६ः** गरिब ख्रीष्ट-विश्वासीचाहिँ चिन्ताले ग्रस्त धनवान्भन्दा उत्तम हो । धनसम्पत्तिमा समस्याको अङ्कुसे लगाइएको हुन्छ । तर विश्वासको जीवनचाहिँ निष्फिक्रीको जीवन हो ।

**हितोपदेश १५ः१७ः** प्रेमको वातावरणमा सादा दालभात मीठो हुन्छ भने, झगड़ाको परिवेषमा मासुभात वा घिउभात खाएकोमा के लाभ हुन्थ्यो, के आनन्द आउँथ्यो र? मोफ्फतको अनुवादमा यस पदको बोल यस प्रकारको छः 'वैरभावको साथ टक्राइएको खसीभातभन्दा दालभात मीठो हुन्छ ।'

पोसाएको खसीचाहिँ खोरमा हुर्किएको र सदैव दाना खाएको हुनाले त्यसको मासु सबैभन्दा मीठो, नरम, चपाउन सजिलो हुन्छ ।

लेखक श्री जोसेफ आर. सिजूले यसो भनेका छन्ः

> 'एक समयमा म आफ्नो छिमेकी शहरमा पुगें, र मैले अमेरिकाभरि अघि कहिल्यै नदेखेको सबैभन्दा दामी भवनमा बस्न पाएँ । त्यस भव्य महलमा इटालीको अगेनु थियो, बेल्जमका बुट्टादार पर्दाहरू, पर्सियाका गलैंचाहरू र मूल्यवान् तस्वीरहरू थिए । तब मैले मलाई त्यहाँ ल्याउने साथीलाई भनेंः "अहो, यस भवनमा जिउन पाउने मानिसहरू कति सुखी भएको हुनुपर्छ !" "तिनीहरू अलिकति पनि सुखी थिएनन्" भनेर तिनले मलाई जवाफ दिए । "तिनीहरू करोड़पति त थिए, तर पतिपत्नीको बीचमा बोलचाल थिएन । यहाँ सधैं घृणाको अड्डा हुन्थ्यो; किनभने तिनीहरूमा परमेश्वरको निम्ति र एक-अर्काको निम्ति प्रेमै थिएन ।"
>
> Our Daily Bread-बाट उद्धृत गरिएको

**हितोपदेश १५ः१८ः** रिसाहा मानिसले अवश्य झगड़ा मच्च्याउँछ-मच्च्याउँछ; यसमा शङ्का छैन । तब हामी बुद्धिमान्

हुनुपर्छ; हामी झगड़ाबाट उम्कन जान्नुपर्छ र झगड़ा शान्त पार्न सक्षम हुनुपर्छ।

**हितोपदेश १५ः१९ः** अल्छी मानिसको बाटोमा हर प्रकारका अल्झोहरू हुँदा रहेछन्, जुनचाहिँ त्यसले केही नगरेका बहाना र निहुँ हुन्। तर इमानदार मानिसको बाटो सम्मा हुन्छ, राजमार्गजस्तै।

**हितोपदेश १५ः२०ः** चरित्रवान् छोरा आफ्ना बुबाको निम्ति ठूलो आनन्दको कारण हुन्छ। तर हठी छोराले आफ्नी आमालाई पिरोल्छ; किनभने त्यसले तिनको अपमान गर्छ, तिनको आज्ञा भङ्ग गर्छ र तिनका आँसुहरू बेवास्ता गर्छ।

**हितोपदेश १५ः२१ः** बुद्धिहीन मानिसले आफ्नो मूर्खताबाट आनन्द लिन्छ। त्यसको निम्ति योजस्तो राम्रो कुरा अरू के छ र? तर बुद्धिमान् मानिसको आनन्द संयमी जीवनको नैतिकताबाट पाउँछ। भुनी आहालमा खेली-बुड़ी गरेकोबाट आनन्द पाउँछ भने, भेड़ा हरियो खर्कमा रमाउँछ।

**हितोपदेश १५ः२२ः** कसैको सल्लाह नलिईकन काम गर्ने मानिसहरूका योजनाहरू फेल खान र खेर जान प्रायः केही बेर लाग्दैन। यसो हो भने, बढ़ी जानकारी र परामर्श पाउनु समुचित छ। किनभने अनुभावी मानिसहरूले हामीलाई खतरा र समस्याहरूबाट होशियार तुल्याउन सक्छन् र हामीलाई कुनै काम विशेषको निम्ति अपनाउनुपर्ने सबैभन्दा असल तरिका बताउन सक्छन्।

**हितोपदेश १५ः२३ः** इमानदारीसाथ लाभदायक जवाफ दिन पाएकोमा ठूलो आनन्द हुन्छ। अनि समयअनुकुल शब्द बोलेको कति राम्रो, कति बढ़िया!! समयअनुकुल बोल्नु भनेको कुनै विशेष समस्या समाधान गर्न चाहिएको, ठीक समयमा बोलिएको वचन बुझिन्छ। यस सन्दर्भमा यशैया ५०ः४ पद पढ़्नुहोस्, जहाँ यसो लेखिएको छः *'थकितलाई मैले कसरी ठीक समयमा वचन बोलेर सहायता दिनु हो, सो जान्न परमप्रभुले मलाई शिष्यहरूको जिब्रो दिनुभएको छ।'* प्रभु येशूले यस प्रकारले बोल्नुभयो र समय-अनुकुल र आवश्यकताअनुसार बोल्न जान्नुहुन्छ। अनि हामीचाहिँ?

**हितोपदेश १५ः२४ः** बुद्धिमान् मानिसको बाटो उँभो-उँभो जान्छ, र जीवनमा पुऱ्याउँछ। उँधो मृत्यु र विनाश, अँ, नरकमा पुऱ्याउने बाटो पनि छ, जुन बाटोबाट हामी जुनै हालतमा पनि उम्कनुपर्छ। याद रहोस्ः मानिस-जातिको निम्ति दुईवटा बाटोहरू मात्र छन्ः जीवनमा पुऱ्याउने साँघुरो बाटो र अनन्त विनाशमा पुऱ्याउने फराकिलो मार्ग। दुईवटा लक्ष्यहरू मात्र छन्।

**हितोपदेश १५ः२५ः** परमप्रभु स्वयम्ले घमण्डी र अहङ्कारीको घर नष्ट गर्नुहुनेछ; तर उहाँले विधवाको सिमाना सुरक्षित राख्नुहुनेछ। तब उसको थोरै जमिन लुट्न खोज्नेलाई, उसको थिचोमिचो गर्नेलाई हाय!

**हितोपदेश १५ः२६ः** दुःसाहसी, सरम पचेका मानिसहरूका दुष्ट योजनाहरूबाट परमप्रभुलाई पूरा अमन हुन्छ; तर शुद्ध मानिसहरूका शब्दहरूमा उहाँ प्रसन्न हुनुहुन्छ।

**हितोपदेश १५ः२७ः** यस पदको सन्दर्भ ती न्यायकर्ता वा सरकारी कर्मचारी होलान्, जसले आफ्नो खातामा घूसको रास लाएका छन्। यसरी न्याय बिगारिन्छ र तिनको चरित्र नष्टभ्रष्ट हुन्छ। हो, तिनले आफ्नो घर-परिवारलाई असंख्य कष्ट दिन्छन्। घूसबाट पूरा अलग बस्नुहोस् र सामान्य जीवनको आनन्द उपभोग गर्नुहोस्!

**हितोपदेश १५ः२८ः** ज्ञानी मानिस त्यो हो, जसले बोल्नुभन्दा अघि विचार गर्छ। ठीक जवाफ दिन उसले पहिले मनमनमा विचार गर्छ। भक्तिहीन मानिसले जब आफ्नो मुख खोल्छ, तब त्यसबाट निन्दा, गाली, फोहोर र नीच, निकम्मा बोलीको बाढ़ निस्कन्छ।

**हितोपदेश १५ः२९ः** *'परमप्रभु दुष्टहरूबाट टाढ़ा रहनुहुन्छ।'* कसरी ? उहाँ तिनीहरूसित सङ्गत गर्नुहुन्न, र तिनीहरूको प्रार्थना सुन्नुहुन्न। हुन त, सायद तिनीहरूले उहाँलाई पुकार गर्दै-गर्दैनन् होलान्। तर ख्रीष्ट-विश्वासीहरूको कुरा अर्को छः उनीहरूले सृष्टिको मालिक सर्वशक्तिमान् परमेश्वरको उपस्थितिमा प्रवेश पाउँछन्, र अनुग्रहको सिंहासनको सामु उनीहरूको प्रार्थनाको सुनाइ हुन्छ। *'हामीलाई थाहै छ, कि परमेश्वरले पापी मानिसहरूको प्रार्थना सुन्नुहुन्न; तर कसैले परमेश्वरको डर मान्छ र उहाँको इच्छा पालन गर्छ भने, उहाँले उसको प्रार्थना सुन्नुहुन्छ'* (यूहन्ना ९ः३१)।

**हितोपदेश १५ः३०ः** जसको अनुहार चम्कन्छ, उसको आनन्द अरूमा सर्छ। उससँग जस-जसको भेटघाट हुन्छ, तिनीहरू सबै खुशी हुन्छन्। अनि अर्कोतिर, असल समाचारले समाचार सुन्ने मानिसको सम्पूर्ण हाल र चाल सुअसर गर्छ।

**हितोपदेश १५ः३१ः** जुन मानिसले साँचो जीवन-मार्गको विषयमा दिइएको सल्लाह ध्यानसित सुन्छ, त्यस मानिसले बुद्धिमान् मानिसहरूको बीचमा आफ्नो स्थान ओगट्नेछ। पवित्र बाइबलको शिक्षा र विशेष गरी सुसमाचारको शिक्षाचाहिँ ईश्वरीय जीवनदायक सल्लाह र हाम्रो निम्ति उहाँको परामर्श हुन्।

**हितोपदेश १५ः३२ः** तर यस्तो मानिस पनि छ, जसले ईश्वरीय शिक्षा ग्रहण गर्दैन; त्यस मानिसले आफूलाई तुच्छ ठानेको छ, र आफ्नो आत्माको मूल्य जानेको छैन। यो त झर्ना वा भिरपहराबाट हाम फालेर नाश हुनु हो। जसले हप्की ध्यानसित सुन्छ, उसले आफ्नो आत्माको ख्याल गर्छ र आफ्नो हित खोज्छ। योचाहिँ उसले गर्न सक्ने सबैभन्दा असल कुरा हो।

**हितोपदेश १५ः३३ः** परमप्रभुको डर मान्ने अभ्यास बुद्धि प्राप्त गर्ने तरिका हो। अनि नम्रताको पाठ सिक्नुचाहिँ आदर प्राप्त गर्ने माध्यम हो।

### ख) हितोपदेश १६ः१-२२ः१६ः धर्मी जनको जीवनशैलीले प्राप्त गरेको सहराना

**हितोपदेश १६ः१ः** यस अध्यायका पहिला एघारवटा पदहरूमा 'परमप्रभु' भन्ने शब्द नौ पल्ट लेखिएको पाइन्छ। मानिसले अघिबाट आफ्नो दिमागमा आफ्ना जुनसुकै अभिप्राय र जेजस्ता आकङ्क्षाहरू तयार गरोस्; यसमा केही पर्बाह छैन; किनभने परमप्रभु सर्वाधिकारी हुनुहुन्छ र आफ्ना उद्देश्यहरू पूरा गर्न मानिसहरूका योजना र शब्दहरूमाथि हस्तक्षेप गरेर तिनलाई पल्टाइदिनुहुन्छ। मानिसले योजना बनाउँछ, तर परमेश्वरको इच्छा पूरा हुनेछ।

बालाम यसको उदाहरण हुन्। तिनले इस्राएली जातिलाई सराप्न खोजे, तर तिनले करकापमा परेर आफ्ना वाणीहरू तिनी-हरूलाई आशिष पो दिए (गन्ती २२ः३८ र २३ः७-१०)।

अथवा प्रधान पूजाहारी कायफाको कुरा गरौं, जसले आफ्नो बुद्धिअनुसार नगरी एउटा दिव्य वाणी पो बोले (यूहन्ना ११ः४९-५२)। अनि हेरोद र पिलातसले प्रभु येशूको विषयमा जुन षड्यन्त्र रचेर पूरा गरे, त्यो षड्यन्त्र त परमेश्वरले अघिबाट ठहऱ्याउनुभएको उहाँको पूर्वयोजना पो थियो (प्रेरित ४ः२७-२८)।

सायद यस पदको अर्थमा निम्न कुरा समावेश गरे ठीक होलाः सतावटमा परेका परमेश्वरका जनहरूले अदालतमा के-के भन्छु भनेर अघिबाट धेरै प्रकारको तयारी गर्लान्, तर परमेश्वरले उनीहरूलाई चाहिएको बेलामा बोल्नुपर्ने सठीक शब्दहरू दिनुहुन्छ (मत्ती १०ः१९)।

**हितोपदेश १६ः२ः** मानिसका चालहरू उसका देख्न सकिने कामहरू हुन्; आफ्ना

कामहरूअनुसार उसले आफ्नो जाँच गर्छ र आफूलाई 'म ठीक छु' भनेर निर्दोष ठहऱ्याउँछ। तर परमेश्वरले उसका यी कामहरू कुन प्रेरणा र मनसायले गरिएका थिए, सो देख्नुभएको छ। *'आफ्ना भूल-चूकहरू कसले बुझ्न सक्छ र? मलाई गुप्त पापहरूबाट शुद्ध पार्नुहोस्!'* (भजन १९:१२)।

**हितोपदेश १६:३:** *'आफ्ना कामहरू परमप्रभुलाई सुम्पिदेऊ!'* हाम्रा आकङ्क्षा र लक्ष्यहरू के गरेर पक्का सफल हुनेछन्? सबैभन्दा असल तरिका यस प्रकारको छः हामीले आफ्ना कामहरू परमप्रभुकहाँ सुम्पनुपर्छ। हाम्रो सफलता यसैमा छ। श्री जे. एल्लन ब्लयरले हामीलाई निम्न सल्लाह दिएका छन्ः

'कतिपल्ट हाम्रो मनमा अशान्ति छ, र हामी निराश हुन्छौं; हो, प्रभुको सेवा गर्दाखेरि पनि हामीलाई यस्तो लाग्न सकिन्छ। तर के परमेश्वरले चाहनुभएको यो हो र? होइन, तर बुझ्नुहोस्ः परमेश्वरले शोकचिन्ताग्रसित हृदयद्वारा काम गर्न सक्नुहुन्न। यसकारण प्रिय ख्रीष्ट-विश्वासीहो, के तपाईंको अवस्था यस्तै छ? तब तुरुन्तै आफ्नो काम रोक्नुहोस्, विचार गर्नुहोस् र आफूलाई यो प्रश्न गर्नुहोस्ः "यो काम कसको काम हो?" तपाईंले गर्नुभएको काम परमेश्वरको हो भने यसको चिन्ता नलिनुहोस्! अँ, कहिल्यै नबिर्सनुहोस्, कि उहाँको कामको जिम्मेवारी उहाँकै हो। यस सम्बन्धमा महत्त्वपूर्ण व्यक्ति ख्रीष्ट येशू हुनुहुन्छ, तपाईं होइन। उहाँ हामीद्वारा काम गर्दै हुनुहुन्छ। जब हाम्रा कामहरू हामीले सोचेको जस्तै चल्दैनन्, तब हामीले कसो गरे ठीक होला त? आउनुहोस्, हामी उहाँकहाँ जाऔं र उहाँलाई बताऔं! हामी यसमा चुक्यौं भने यो निश्चय हाम्रो अनाज्ञाकारिता ठहरिन्छ।' **24)**

यस विषयमा यस प्रकारको प्रार्थना चढ़ाउन उचित छः

'हे प्रभु, मलाई यस्ता आँखाहरू दिनुहोस्, जुन आँखाहरूले हरेक कुरामा तपाईंको हात देख्न सकून्! मलाई यस्ता हातहरू दिनुहोस्, जसले निरन्तर तपाईंको सेवा गरून्, हरेक कुरामा तपाईंको मात्र सेवा गरून्! मलाई यस्तो एउटा हृदय दिनुहोस्, जसले तपाईंलाई सधैं सबै कुराहरूको निम्ति धन्यवाद चढ़ाओस् र तपाईंको गुणानुवाद गरोस्!'

Daily Notes-बाट उद्धृत गरिएको

**हितोपदेश १६:४:** यस पदमा गलत अर्थ नलगाऔं! परमेश्वरले कुनै मानिसलाई नाश हुनलाई सृष्टि गर्नुभएको होइन। पवित्र बाइबलले कहीं 'कति मानिसहरू परमेश्वर-बाट पूरा त्याग गरिएको' शिक्षा सिकाउँदैन। होइन, मानिसहरू नष्ट हुनु हो भने, यो तिनीहरूको रोजाइ हो, परमेश्वरको इच्छा र आज्ञा होइन।

यस पदले भन्न खोजेको कुरा यस प्रकारको छः हरेक कुरामा परमेश्वरको योजना, लक्ष्य र उद्देश्य हुन्छ। हरेक कार्यको निम्ति कुनै कारण हुन्छ; अनि हरेक कामको सुनिश्चित नतिजा वा सजाय हुन्छ-हुन्छ। यसकारण परमेश्वरको पूर्वठहरअनुसार दुष्टको निम्ति कुदिन आउँदैछ, जसरी परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूको निम्ति स्वर्ग निर्धारित गर्नुभयो। 'परमप्रभुले बनाउनुभएको हरेक कुरामा कुनै न कुनै निर्धारित गन्तव्य राखिएको छ; अनि दुष्ट मानिसको निम्ति अन्तिम गन्तव्य विनाश हो' (टी.ई.वी.)।

**हितोपदेश १६:५:** मानिसको घमण्डबाट परमप्रभुलाई पूरा घिन लाग्छ। 'निश्चय नै त्यो दण्ड नपाई छोड़िनेछैन।' निश्चय नै भन्ने शब्दको अक्षरशः अनुवाद 'हातमा हात मिलाए ता पनि' हो। सन्दर्भअनुसार यस वाक्यांशको अर्थ निश्चय नै हुनुपर्ला। यसर्थ घमण्डी मानिसले दण्ड पाउनैपर्छ; त्यो त्यसै छोड़िदैन।

**हितोपदेश १६ः६ः** *'कृपा र सत्यताद्वारा अधर्म ढाकिनेछ।'* यस पदको शिक्षा हामीले पवित्र धर्मशास्त्र बाइबलमा अन्य ठाउँहरूमा यस विषयमा दिइएको शिक्षासित मिलाउनुपर्छ। मानिस कृपावान् र सत्यनिष्ठ हो भने उसले मुक्ति पाउँदैन। किनभने मुक्ति प्रभु येशूमाथि राखिएको विश्वासको फल, परमेश्वरको अनुग्रहको फल हो। तब कृपा र सत्यता मुक्ति पाएको मानिसमा देखा परे भने, यी सद्‌गुणहरू उससँग मुक्ति दिलाउने विश्वास छ भन्ने चिन्हहरूको रूपमा लिन सकिन्छ। कसैको अधर्म ढाकिनु हो भने, उसमा प्रभु येशूमाथि राखिएको विश्वास अनिवार्य रूपले हुनैपर्छ।

यस पदको दोस्रो भागले यो कुरा सुस्पष्ट पार्छ। किनभने परमप्रभुमाथि भरोसा गर्ने मानिसहरू विपत्ति र अरू अन्य खराबीहरूबाट उम्कनेछन्।

**हितोपदेश १६ः७ः** योजस्तै धेरै नीतिवचनहरू छन्, जसका शब्दहरू सामान्य नियमको रूपमा लिन सकिन्छ, तर अपवादहीन नियमको रूपमा होइन। धार्मिक जीवनले शत्रुतालाई हतियाररहित पारिदिन्छ। अथवा श्री अल्बर्ट बार्नसले भनेझैं 'भलाइको आकर्षण गर्ने शक्ति ठूलो छ; त्यसले आफ्ना शत्रुहरूलाई आफ्नो निम्ति जित्न सक्छ।'

अमेरिकाको सैन्य सचिव श्री एड्‌वीन स्टण्टोनले राष्ट्रपति श्रीमान अब्राहाम लिण्कल्नलाई पूरा अपमान गर्थे। तिनले उनलाई 'तुच्छ, धूर्त जोकर' वा 'आदि-गोरिल्ला' भन्ने निन्दापूर्वक नाम दिन्थे। 'गोरिल्ला कब्जा गर्न अफ्रिका जानुपर्दैन, केवल इलिनोइसको स्प्रिङफील्डमा जानुपर्छ' भनेर तिनले भने। तर राष्ट्रपति लिण्कल्नले कहिल्यै कुनै प्रतिशोधै गरेनन्। तर उनले तिनलाई झन् युद्ध मन्त्री पो तुल्याए; किनभने श्री स्टण्टोनको खुबी उनले जान्दथिए। तिनी यस कामको निम्ति पूरा सक्षम थिए।

निक्कै वर्ष बितेपछि अर्थात् इस्वी संवत् १८६५ सालमा राष्ट्रपति लिण्कल्नलाई हत्याराको गोली लाग्यो, र उनी मरे। राष्ट्रपति लिण्कल्नको मृत्‌शरीरको सामु उभिँदा श्री स्टण्टोनको अनुहारको मुद्रा झर्‍यो र तिनले आँसुको साथ स्वीकार गरेः 'हाय, संसारका सबैभन्दा महान् शासकको मृत्यु भएछ!'

**हितोपदेश १६ः८ः** इमानदारपूर्वक कमाएको साधारण आम्दानी ठीक छ; अधर्मको साथ वा छल गरेर प्राप्त गरिएको ठूलो कमाइमा के लाभ? यी दुईमा कुनचाहिँ उत्तम हो, सो आफूले भन्नुहोस्!

**हितोपदेश १६ः९ः** हामीले एक पदमा देखिसक्यौं, कि मानिसले आफ्नो जीवनवृत्तिको निम्ति धेरै प्रयास गर्छ र ठूला-ठूला योजनाहरू बनाउँछ। तर हाम्रा यी योजनाहरू सफल हुन दिनु-नदिनुमा परमप्रभुको हात छ। उहाँले यो निर्धारण गर्नुहुन्छ। टार्ससको शाउलले दमस्कसमा बस्ने ख्रीष्ट-विश्वासीहरूलाई सताउने योजना गरे; तर अन्तमा तिनी आफै इसाई बने। ओनेसिमसले फिलेमोनलाई सधैंको निम्ति छोड्ने विचार गरे, तर परमेश्वरले उसलाई अघिभन्दा असल अवस्थामा तिनीकहाँ फर्काएर ल्याउनुभयो।

**हितोपदेश १६ः१०ः** राजाचाहिँ परमेश्वरको प्रतिनिधि हुन् (रोमी १३ः१); यसकारण तिनले गरेका आदेशहरू र निर्णयहरूमा अधिकार र उहाँको अनुमोदन छ; तिनको न्याय अन्तिम फैसला हो। यसकारण न्याय गर्दा राजाको मुखले अपराध गर्नुहुँदैन।

**हितोपदेश १६ः११ः** परमप्रभुको आइ.-एस.आइ-विभागको सचिव हुनुहुन्छ। उहाँ मानक संस्थानको प्रमुख हुनुहुन्छ। उहाँ ढकहरूको सठीक वजन र तराजुका साँचो मापदण्ड ठहर्‍याउनुहुन्छ। अनि जुन मानिसहरूले उहाँको मानक चलाउँछन्, तिनीहरूले उहाँको अनुमोदन पाउँछन् र उहाँबाट आशिष पाउँछन्।

**हितोपदेश १६ः१२ः** जुनसुकै मानिसले गरेको दुष्ट काम घृणित कुरा हो। तर राजाहरूले गरेको दुष्ट काम झन् बढ़ता घृणित कुरा हो; किनभने राजाहरू तिनीहरूको ठहर र ओहदाअनुसार परमेश्वरका प्रतिनिधि हुन्। यसकारण तिनीहरूको जिम्मेवारी अरू साधारण मानिसहरूको भन्दा ठूलो हो। तिनीहरूको सिंहासन धार्मिकतामा स्थापित भएको हुनुपर्छ; तब त्यो स्थिर रहन्छ।

यस पदको व्याख्यामा यो विचार पनि थपौंः राजाहरूको दृष्टिमा तिनीहरूको प्रजाबाट पूरा गरिएको जुनसुकै दुष्ट काम घृणित कुरा हो। जुनसुकै सरकार धार्मिकता-माथि बसालिएको हुनुपर्छ, नत्र त्यो कानुनी सरकार भनिँदैन, र सुव्यवस्थित सरकार भएको हुँदैन। किनकि जुन देश र ठाउँमा नैतिक स्तरहरू छोड़िन्छन्, त्यस देश र ठाउँमा अराजकता हुन्छ।

**हितोपदेश १६ः१३ः** सुशील राजाहरूले तिनीहरूलाई चिप्लो घस्नेहरूको चापलूसी र कपटपूर्ण वचनहरू सुन्न मन पराउँदैनन्, सुन्नै सक्दैनन्। भरपर्दो वचन बोल्ने विश्वासी मानिसहरू तिनीहरूको चाहना हो। यसकारण आउनुहोस्, हामी आपसमा खुला मनले सत्य बोलौं! र हाम्रा प्रभुलाई आफ्नो बोलीवचनले खुशी पारौं!

**हितोपदेश १६ः१४ः** राजाको रिस उठ्यो भने तिनले अपराधीहरूलाई प्राणदण्ड दिन केही बेर लाग्दैन। यसकारण जो बुद्धिमान् हो, उसले राजाको रिस विनाकारण उठाउँदैन, तर राजाको रिस शान्त पार्ने कोशिश गर्छ।

**हितोपदेश १६ः१५ः** राजा खुशी हुन् भने, तिनको अनुहारमा उज्यालो चमक देखिन्छ, जुन आनन्द दिलाउने प्रभाव तिनको सारा राज्यभरि पर्दछ। अनि तिनको कृपामा पछिल्लो वर्षा ल्याउने बादलहरूको ताजापन छ।

**हितोपदेश १६ः१६ः** बुद्धि र ज्ञानको तुलनामा भौतिक धन केही पनि होइन; किनभने धनसम्पत्ति एकैरातमा उड़िजान सक्छ, र घरिघरि यस्तो हुन्छ पनि। तर ईश्वरीय बुद्धि अनन्तसम्म रहिरहनेछ।

**हितोपदेश १६ः१७ः** पवित्रताको राज-मार्गमा लागिपरेको धर्मी जन पापको प्रभाव र त्यसको घेराबाट निस्कनुपर्छ। देब्रे-दाहिने कतै नलागेर यस राजमार्गमा लागिपर्नुहोस्, र तपाईंले आफ्नो जीवन र आफ्नो आत्मा हानि र दुर्भाग्यबाट जोगाउनुहुनेछ।

**हितोपदेश १६ः१८ः** अग्लो रूखमा बिजुली हान्छ; यसरी परमेश्वरले तिनी-हरूलाई होच्च्याउन जान्नुहुन्छ, जो अभिमानी हुन्छन्। आफूलाई श्रेष्ठ सम्झनेहरूले प्रायः तिनीहरूलाई विनम्र पार्ने कुनै न कुनै अनुभव गर्नैपर्छ; किनभने तिनीहरूको अहम्‌ले फुलिएको मनबाट हावा निकाल्नुपर्छ। ठूलो बेलुन फुटाउन सानो पिनले काम गर्छ।

लुसिफरको पतन त्यसको घमण्डको कारणले भएको हो। श्री मालोहको शब्दमा भन्नु हो भने, 'महत्त्व-आकङ्क्षा गरेको त्यसको अहङ्कार र अविनयले गर्दा परमेश्वरले त्यसलाई स्वर्गबाट निकाल्नु-भयो।'

**हितोपदेश १६ः१९ः** *'घमण्डीहरूसँग लुटको माल बाँड्नुभन्दा दीन जनहरूको साथमा नम्र मनको भई रहनु उत्तम हो।'* नम्र मनको हुनु र दीन जनहरूको सङ्गत गर्नु उत्तम कुरा हो। तर घमण्डी मानिसहरूसँग हामीलाई लाभ हुने कुराहरू के पो छन् र, जसको निम्ति हामीले तिनीहरूको सङ्गतिको चाह गर्नुपर्ने?

के तपाईं प्रथम हुन चाहनुहुन्छ? तब नम्र भई
अरूको सेवा गर्नुहोस्!
के तपाईं पद-उन्नति गर्न चाहनुहुन्छ? तब
ओरालो लाग्नुहोस्!
तपाईं जति नम्र र दीन हुनुभए पनि सर्वोच्च
तपाईंभन्दा अझै धेरै दीन हुनुभयो।

अनविज्ञको रचना

**हितोपदेश १६ː२०ː** परमेश्वरको वचन-माथि ध्यान दिनुभन्दा बुद्धिमान् कुरा अरू कुनचाहिँ हुन सक्छ? यसकारण उहाँको वचनमाथि ध्यान दिनुहोस्, र तपाईंले असल कुरा पाउनुहुनेछ। अनि *'जसले परमप्रभुमाथि भरोसा राख्छ, ऊ धन्यको हो।'* यसो हो भने, निम्न नीतिवचन सुन्नुहोस्ः 'आफ्नो बाइबल पढ्नुहोस्, पढ़ेको कुरामाथि ध्यान दिनुहोस्, अनि यस दिव्य पुस्तकको लेखकमाथि भरोसा गर्नुहोस्!'

**हितोपदेश १६ː२१ː** बुद्धिमान् मानिसको विवेकशीलता र अन्तर्दृष्टिको खातिर उसको नाम चल्छ। अनि उसको मधुर बोलीले अरूलाई उसको कुरा सुनौं, अझै सुनिरहौं जस्तै पार्दछ। तिनीहरूले यस्तो मानिसबाट सिक्न चाहन्छन्। एन.ए.एस.बी.को अनुवाद अनुसार 'मधुर बोलीको प्रेरणा-शक्ति बढ़ी हुन्छ।'

**हितोपदेश १६ː२२ː** समझचाहिँ जीवनको पानीको मुहानको काम गर्छ, जसले समझ भएको मानिसलाई ताजापन दिलाउँछ। तर मूर्खताचाहिँ मूर्ख मानिसहरूको निम्ति कोर्राको काम गर्छ। तिनीहरूले आफ्नो मूर्खताबाट सजाय भोग्नेछन्। बेक्र्लीको अनुवादअनुसार 'मूर्खताचाहिँ मूर्ख मानिस-हरूको ताड़ना हो।'

**हितोपदेश १६ː२३ː** बुद्धिमान् मानिसको बोलीचाहिँ उसको हृदयमा भएको कुरा प्रकट गर्ने सूचक वा सङ्केत हो। उसको बोलीद्वारा उसको ज्ञान प्रस्तुत गरिन्छ। अनि उसले भनेका कुराहरूमा प्रभाव पार्ने प्रेरणा-शक्ति छ। ऊ अधिकारसित बोल्छ।

**हितोपदेश १६ː२४ː** दयालु वचन र मधुर शब्दहरूमा महको चाकाको गुण छ – यस्ता शब्दहरूले तालुमा मिठास दिन्छन् र हड्डीहरूको स्वास्थ्य बढ़ाउँछन्। श्री डेरेक किड्नरले यस प्रकारले भनेका छन्ः

'हामी हरेकले दयालु, मित्रभावले बोलेको शब्द भन्न सक्छौं; यस प्रकारको शब्दद्वारा हामी अरू व्यक्तिको जीवनमा आशिषको कारण बन्न सक्छौं, उसको मनमा र उसको शरीरमा शुभ लाभ ल्याउन सक्छौं।'

श्री वाच्म्यान नीले यो कथा सुनाएका छन्ः 'एउटी पत्नी थिइन्, जसको पतिले तिनलाई कहिल्यै कुनै प्रशंसा दिँदैनथिए, तिनको गुणगान गर्दैनथिए। यसकारण तिनले पत्नी र आमाको कर्तव्य ठीक प्रकारले पूरा नगरेकी अनुमान गरिन्। पछि तिनलाई क्षयरोग लाग्यो; हुन सक्छ, तिनको मनको चिन्ता र खिन्नताको कारणले यसो भएको थियो होला। अनि तिनको मर्ने बेलामा तिनको पतिले तिनलाई यसो भनेः "तिमी-विना म कसो गरूँ? म त केही गर्न सक्दिनँ; किनकि तिमीले प्रायः सबै कुरा गरेकी; तिमीले कति असल गरेकी, यसको निम्ति शब्द छैन।" तब तिनले सोधिन्ः "तपाईंले मलाई अघि यो किन नभन्नुभएको? मैले सधैं आफूलाई दोष्याउँथें; किनभने मैले तपाईंको मुखबाट कहिल्यै 'स्वाबास तिमी' भन्ने शब्द सुन्न पाउँदिनथिएँ।" ' 25)

**हितोपदेश १६ː२५ː** यहाँ यस ठाउँमा हितोपदेश १४ː१२ पद दोहोरिएको छ। यस कुरामा विशेष जोड़ दिन यसो गरिएको छ। किनकि धर्मकर्म गरेर वा असल चरित्र कायम राखेर मानिसहरू स्वर्ग पुग्न चाहन्छन्। तिनी-हरूको दृष्टिमा यो समुचित र न्यायसँगत देखिन्छ। तर सत्य कुरा के हो भने, स्वर्गचाहिँ प्रभु येशूमाथि विश्वास गरेर अनुग्रहद्वारा मुक्ति पाएका पापी मानिसहरूको निम्ति मात्र हो।

**हितोपदेश १६ː२६ː** *'जसले परिश्रम गर्छ, उसले आफ्नै निम्ति परिश्रम गर्छ; किनकि उसको मुखले उसलाई करमा पार्दछ।'* परिश्रम गर्ने मानिसले जान्दछः 'मैले काम गरिनँ भने, मेरो खल्टी खाली र पेट रित्तो रहन्छ।' पैसाविना कुनै पसलबाट केही

अन्नपात पाइँदैन। यसकारण काम गर्न छोडूँ-छोडूँ लाग्ने बेलामा उसको भोकले उसलाई परिश्रम गर्ने प्रेरणा दिन्छ। यो कुरा आत्मिक क्षेत्रमा पनि लागू हुन्छ। जसले आफ्नो आत्मिक खाँचो बुझेको छ, यस कुराले उसलाई परमेश्वरको वचन पढ्ने र प्रार्थना गर्ने प्रेरणा दिइरहन्छ।

**हितोपदेश १६:२७:** अबको चारवटा पद-हरूको खण्डमा विभिन्न प्रकारले दुष्टताको नक्सा कोरिएको छ (हितोपदेश १६:२७-३०)। पहिले हाम्रो सामु एउटा भक्तिहीन मानिसलाई पेश गरिन्छ, जसले खराबी खनेर निकालेको छ। त्यसका ओठहरू जल्दै गरेको आगोजत्तिकै हुन्छन्, जुनचाहिँ पोल्छ, डढ़ाउँछ, चित्त दुखाउँछ र चोट पार्छ।

**हितोपदेश १६:२८:** टेढ़ामेढ़ा मानिसले साँचो कुरामाथि ओढ्ने लाएर होस् वा ओझेल पारेर होस्, झूट बोलेर जुनै तथ्य बिगारिदिन्छ। झगड़ाको बीउ छरेर त्यसले कलह मच्च्याउँछ। कानेखुसी गर्ने खुसामदीले साथीहरूको बीचमा फाटो ल्याउँछ।

**हितोपदेश १६:२९:** अत्याचारी मानिसले आफ्नो छिमेकीलाई कुबाटोमा लगाउन खोज्छ; किनभने त्यसले आफ्नो अपराधको निम्ति उसलाई साथी बनाउन कोशिश गर्छ (रोमी १:३२)।

**हितोपदेश १६:३०:** अनुहारको मुद्रामा कुनै दुष्ट अर्थ हुन सक्छ। आँखा झिम्काएर कसैले कुनै टेढ़ा कुरा गर्नको निम्ति मौन सहमति दिएको सम्भव छ। दबाएका ओठहरूद्वारा कसैले कुनै काम पूरा गरिछाड्ने आफ्नो दृढ़ संकल्प प्रकट गर्ला।

**हितोपदेश १६:३१:** यस पदमा 'यदि .. भने' थपिएको हुनाले यी शब्दहरू हटाउन बेस हुनेथियो। फुलेको केशचाहिँ दीर्घायुको निम्ति प्रयोग गरिएको परिभाषा हो। लामो आयुचाहिँ धार्मिक जीवनको निम्ति दिइएको इनाम हो; यसैले यहाँ, यस ठाउँमा दीर्घायुले धर्मी जनको महिमाको मुकुट अर्थात् उसको शोभाको रूप लिएको छ। यसो हुनाले हितोपदेश १६:३१ पदले भजन ५५:२३ पदको ठीक विपरीत कुरा व्यक्त गरेको छ, जहाँ यसो लेखिएको छः *'खूनी र छली मानिसहरू आधा आयुसम्म पनि बाँच्नेछैनन्।'*

**हितोपदेश १६:३२:** जुन मानिसले आफ्नो रिस दमन गरेर नियन्त्रण गर्न सक्छ, त्यो मानिस शूरवीर मानिन्छ र युद्ध जित्ने विजेताभन्दा महान् हो। किनभने आफ्नो रिसमाथि विजय पाउन गाह्रो, तर कुनै शहर कब्जा गर्न बरु सजिलो पर्छ। तपाईंले यो कुरा पत्याउनुहुन्न भने, आफ्नो रिस दमन गर्ने कोशिश गर्न थाल्नुहोस्!

> 'रूस देशका सम्राटहरूमा महान् पिटर नामक जार थिए, जो सबैभन्दा पराक्रमी शासक थिए। तर तिनी आफ्नो रिससित हारे; किनभने रिसको झोकमा तिनले आफ्नो मालीलाई हिर्काए, र केही दिनपछि त्यस मालीको देहान्त भयो। तब अफसोस भएका महान् सम्राटले भनेः "हाय मलाई, किनकि मैले अरू राष्ट्रहरू त जिते, तर मैले आफूलाई चाहिँ जित्नै सकिनँ!" ' 26)

**हितोपदेश १६:३३:** पुरानो समयभरि र पेन्टेकोष्टको दिनसम्म पनि चिट्ठा हाल्न पाइन्थ्यो। यो त परमेश्वरको इच्छा जान्ने न्यायसँगत तरिका थियो। यसो हेर्दा चिट्ठा हाल्दाखेरि संयोगको फल निस्कन्छ भन्ने बढ़ी सम्भव भएको देखिन्छ। तर यसो हुँदैनथियो; किनभने त्यस समयमा चिट्ठा हाल्ने काममा परमप्रभु हस्तक्षेप गर्नुहुन्थ्यो र चिट्ठाद्वारा आफ्नो अगुवाइ प्रकट गर्नुहुन्थ्यो।

वर्तमान समयमा पवित्र बाइबलमा परमेश्वरको सम्पूर्ण वचन हामीलाई दिइएको छ, जुन पवित्र बाइलबमा हाम्रो निम्ति रूपरेखाको रूपमा परमेश्वरको इच्छा प्रकट भएको हो। अनि जब हामीलाई विशेष अगुवाइको खाँचो पर्छ, जुन कुराको विषयमा

पवित्र बाइबलमा केही लेखिएको छैन, तब हामीले उहाँको इच्छा जान्नको निम्ति प्रार्थनामा समय बिताउनुपर्छ। तब हामी परमप्रभुबाट सठीक निर्देशन र फैसला पाउनेछौं।

**हितोपदेश १७:१:** रस्क वा आगोमा सेकिएको पाउरोटीको टुक्रामा आशिष छ, जब त्यो रोटी आरामको वातावरणमा खाइन्छ। सुन्दर भवनमा भोजको वातावरणमा भव्य भोजन खानु के काम, जुन अवसरमा झगड़ा र अशान्तिको परिवेश छ।

**हितोपदेश १७:२:** शर्ममा पार्ने छोराभन्दा बरु सक्षम दासको पदोन्नति हुन्छ। यसकारण राजा सुलेमानको कर्मचारी यारोबामचाहिँ इस्राएली जातिका दसवटा कुलहरूमाथि अधिकार जमाउन सके, जब सुलेमानका छोरा रहबामको हातमा केवल दुईवटा कुलहरू रहे।

विश्वासयोग्य सेवकले आफ्ना मालिकका छोराहरूको साथमा तिनीहरूको हिस्सासित बराबर अंश पाउने गर्थ्यो। अब्रामको विषयमा लामो समयसम्म के देखिन्थ्यो भने, तिनको नोकर तिनको एकमात्र उत्तराधिकारी हुनेथियो (उत्पत्ति १५:२-३)।

**हितोपदेश १७:३:** कुन कुरा कुनै घरिया वा भट्टीले पूरा गर्न सक्दैन, त्यो कुरा गर्न परमेश्वर सक्षम हुनुहुन्छ। घरिया र भट्टीले सुन र चाँदी जाँच्छन्, तर परमप्रभुले हृदयको तलाश गर्नुहुन्छ। अनि हाम्रो परीक्षा गर्दा-गर्दै उहाँले हामीलाई खार्नुहुन्छ, हाम्रो जीवनबाट धातुको कस र मैला निकाल्नुहुन्छ र हाम्रो जीवन शुद्ध पार्नुहुन्छ; उहाँले हाम्रो जीवनबाट उहाँको रूपको प्रतिबिम्ब नदेखेसम्म हामीलाई खार्दै रहनुहुन्छ।

> तिमी हिँड्नुपर्ने बाटो आगोको भट्टीबाट भएर जान्छ भने याद राखः मेरो अनुग्रह, त्यो सधैंभरि पर्याप्त अनुग्रह तिमीलाई सम्हाल्ने तिम्रो भरिपूर्ण भण्डार हुनेछ;
>
> आगोको भट्टीको ज्वालाले तिमीलाई डढ़ाउनेछैन, हानि गर्नेछैन; नडराऊ!
>
> किनकि म तिम्रो जीवनबाट धातुको मैला मात्र निकाल्नेछु, तिम्रो सुन विशुद्ध, निखुर सुन तुल्याउनेछु।
>
> श्री जर्च कीथ

**हितोपदेश १७:४:** कुकर्मीले झूट बोल्ने मानिसहरूको कुरामा ध्यान दिन्छ। अचम्म, त्यसले झूट सहर्षसाथ कसरी स्वागत गर्छ?! त्यसले तत्परसाथ आधारहीन अफवाह र होहल्ला ग्रहण गर्छ, कसरी? त्यसले झूटो दोष पत्याउँछ, कसरी? अनि झूट बोल्नेहरूको विषयमा कुरा कस्तो छ? तिनीहरूले काण्ड, निन्दाजस्तै कुरा सुन्न मन पराउँदा रहेछन्; हो, तिनीहरूले द्वेषपूर्ण, हानिकारक जिब्रोतिर कान लगाउँछन्। मानिसको हृदय कस्तो छ, सो कुरा नापजोख गरेर प्रकट गर्ने यन्त्र यो बातचित ठहरिन्छ, जुन बातचित त्यस मानिसको दैनिक आहार हुन्छ।

**हितोपदेश १७:५:** हामीले हितोपदेश १४:३१ पदमा देखिसक्यौं, कि जुन मानिसले गरिबहरूलाई हेप्छ, त्यस मानिसले उसको सृष्टिकर्ताको अपमान गरेको हुन्छ (याकूब ५:१-४)। अनि जुन निर्दयी मानिसले अरूका विपत्तिहरूमा आनन्द लिन्छ, त्यस मानिसलाई प्रभुले निश्चय दण्ड दिनुहुनेछ। किनकि यी विपत्तिहरू मानिसहरूमाथि आइपर्दा तिनीहरू अवश्य गरिब हुन्छन्। ओबद्याहको पुस्तक पढ़ेर हेर्नुहोस्! तिनले एदोममाथि विनाशको घोषणा किन गरे त? किनकि एदोम देशले यरूशलेमको पतनमा आनन्द लिएको थियो।

**हितोपदेश १७:६:** धेरै धार्मिक नाति-पनातिहरूबाट उमेर पाकेका वृद्ध मानिस-हरूलाई आदर हुन्छ (भजन १२७:३-५ र १२८:३)। अनि छोराछोरीहरू आफ्ना भक्त बुबाहरूको निम्ति धन्यवादी हुनुपर्छ। तब एक पुस्ता र अर्को पुस्ताको बीचमा अन्तर हुँदैन, अँ, हुनु पनि पर्दैन।

**हितोपदेश १७ः७ः** के मूर्ख मानिसको अशिष्ट मुखबाट सुवचन सुन्न सकिन्छ र ? यो कति असुहाउँदो कुरा हो। तब शासकको निम्ति झूट बोल्ने ओठहरू अलिकति पनि सुहाउँदैनन्। शासकबाट हामीले त्योभन्दा बढ्ता पाउने आशा गर्छौं। तब संसारका मानिसहरूले हामी परमेश्वरका छोराछोरी-हरूबाट के पाउने आशा गर्न सक्छन् ? के तिनीहरूले हामीलाई आफूलाई भन्दा उच्च मापदण्डले नाप्दैनन् र ?

**हितोपदेश १७ः८ः** घूसचाहिँ शुभ लाभ ल्याउने मोहकले जस्तै जादूको काम गर्छ, घूस दिने घूसखोरीको नजरमा; किनभने जहाँ-जहाँ त्यसले घूस दिन्छ, यस घूसले त त्यसको निम्ति अद्‌भुत काम गर्छ। खुला ढोकाहरू, अचम्मको प्रवेश, मद्दत र सुविधाहरू र समस्याबाट छुटकारा – यी सबै कुराहरू त्यसकै हुँदा रहेछन्। तर हे घूसखोरीहो, होशियार !

**हितोपदेश १७ः९ः** जुन मानिसले आफ्नो विरोधमा गरिएको अपराध बिर्सन खोज्छ, त्यसको प्रेम र मित्रताको चाहना छ। तर जसले घरिघरि बितेका भूलचूकहरूको सम्झना दिलाउँछ, यसो गरेको त्यसको एकमात्र सफलता साथी-साथीको बीचको फूट हो। यस सिलसिलामा श्री जेय एडम्सले यसो लेखेका छन्ः

> 'जब हामी प्रेम गर्न सिक्छौं, तब हामीले ढाकिदिन पनि सिक्छौं र अरूले गरेका अनेक गल्तीहरू नदेखेजस्तै गर्न थाल्छौं।'

एकजना बहिनीले अर्की बहिनीलाई यसो भनेर सोधीः 'के त्यसले तिम्रो विषयमा फैलेको नीच कुरा याद गर्दैनौ ?' तब अर्कीले यस प्रकारको उत्तर दिईः 'होइन, मलाई अलिकति याद छैन; किनभने मैले यस्तो कुरा कहिल्यै याद नगर्ने अठोट गरें।'

श्री जर्च वशिङटोन कार्वरले कुनै कलेजमा भर्ना पाएनन्; किनभने तिनी कालो वर्गको मानिस थिए। धेरै वर्षहरू बितेपछि एकजनाले तिनलाई 'मलाई यस कलेजको नाम बताउनुहोस्' भन्ने विन्ती गर्‍यो। तर तिनले यसो जवाफ दिएः 'यस नामको के पर्बाह ?' प्रेमको जीत भयो।

**हितोपदेश १७ः१०ः** साधारण हप्कीले समझदार मानिसको हृदयमा ठूलो प्रभाव पार्छ; तर मूर्ख मानिसले धेरै पिटाइ खाएर पनि यस कुराले त्यसलाई कुनै असर गर्दैन। अनि भावुक मानिसहरूलाई कड़ा अनुशासन दिनुपर्दैन, यस्तो व्यवहार चाहिँदैन। तर निर्मम र निस्फिक्री मानिसलाई हतौड़ाले हिर्काए-जत्तिको व्यवहार चाहिन्छ। किनभने आफ्नो विचारमा तिनीहरू सठीक छन् र आफूमा कुनै गल्ती देख्न सक्दैनन्।

**हितोपदेश १७ः११ः** विद्रोह मच्च्याउनु-चाहिँ दुष्ट मानिसको एकमात्र चाहना हुँदो रहेछ। त्यसले आफूलाई कसैको अधीनतामा, कानुनी अधिकारको वशमा पनि सुम्पँदैन। त्यस स्वेच्छाचारीले सदैव आफ्नो मनखुशी गर्छ। तर त्यसको विरोधमा निष्ठुर दूत आइरहेको छ। हुन सक्छ, ती निष्ठुर दूत राजाले पठाएको कर्मचारी होलान्, कि त त्योचाहिँ परमेश्वरले पठाउनुभएको मृत्युको दूत होला।

**हितोपदेश १७ः१२ः** बच्चा खोसिएको भालुचाहिँ क्रुद्ध हुन्छ, कुनै हालतमा त्यसलाई शान्त पार्न, त्यसको साधना गर्न सकिँदैन। तर त्यो क्रुद्ध भालुभन्दा ठूलो खतरा त्यो मूर्ख मानिस हो, जो रिसको झोकमा छ। त्यसको दिमागमा जुनसुकै पागल विचार पस्नसाथ त्यसले त्यो गरिछाड्छ; कसैले र कुनै कुराले त्यसलाई रोक्न सक्दैन।

**हितोपदेश १७ः१३ः** भलाइको बदलीमा खराबी गर्ने मानिसको घरमाथि एउटा श्राप रहिरहन्छ। राजा दाऊदले आफ्नो विश्वास-योग्य सैनिक कप्तान उरियाहलाई विश्वास-घात गरेर विनाकारण कुभलो गरे। अनि यही

कुराले दाऊदको घरमाथि विपत्तिमाथि विपत्ति ल्याइदियो (२ शमूएल १२:९-१०)।

**हितोपदेश १७:१४:** बाँधमा छेड़ परेको बेलामा त्यस छेड़बाट पानी निस्कन्छ र त्यसले एकैक्षणमा यस बाँधको ठूलो भाग खोलिदिन्छ। अनि झगड़ासित कुरा पनि यस्तै हुन्छ। एकै क्षणमा सानोतिनो मतभेद वा विवाद ठूलो झैझगड़ा हुँदै जान्छ। यसकारण विवाद सानो हुँदा हामीले त्यो यत्तिमै छोड्नुपर्छ, नत्र ता नभन्दै एउटा ठूलो लड़ाइँ मच्चिरहेको हुन्छ, र हामीचाहिँ त्यसको ठीक बीचमा परिरहेका हुन्छौं।

**हितोपदेश १७:१५:** परमेश्वरले सबै प्रकारको अन्याय घृणा गर्नुहुन्छ। दोषीलाई निर्दोष ठहऱ्याउने र निर्दोषीलाई दोषी ठहऱ्याउने कामदेखि उहाँलाई पूरा घिन र घृणा लाग्छ। तर के गर्ने? हाम्रा अदालतहरूमा दिनदिनै न्याय बिगारिन्छ-बिगारिन्छ। तर यी अन्याय गर्नेहरूले परमेश्वरको सामु आफ्नो जीवनको लेखा दिनैपर्छ। 'हे न्यायकर्ताहो, न्याय, अँ, अरू केही होइन, केवल सठीक न्याय गर्नुको पछि लाग' भन्ने यो उक्ति मानव-इतिहासभरि गुँजिरहेको छ।

**हितोपदेश १७:१६:** त्यो मानिस मूर्ख ठहरिन्छ, जसले शिक्षादीक्षा हासिल गर्न थुप्रै खर्च गर्छ, तर जो यसको विषयमा गम्भीर हुँदैन। असल शिक्षार्थी हुनु हो भने, हामीमा ठूलो प्रेरणा भएको अनिवार्य हो। मोफ्फतको भाव-अनुवादअनुसार 'हामीमा सिक्ने मन हुनुपर्छ।'

यस पदको दोस्रो व्याख्या पनि बढ़ी सम्भव छः मूर्ख मानिसमा बुद्धि प्राप्त गर्ने क्षमता छैन भने, त्यसले विद्या हासिल गर्न आफ्नो पैसा किन खर्च गर्ने? यो त्यसको निम्ति एउटा मतलबहीन प्रयास ठहरिन्छ। यसकारण यस वाक्यको बोल बेर्क्लीको अनुवाद यस प्रकारको छः 'मूर्खको हातमा बुद्धि किन्ने रकम त छ, तर त्यसमा बुद्धि प्राप्त गर्ने क्षमता छैन भने यसमा के मतलब?' त्यसका आँखामा त बुद्धिचाहिँ चामल, पाउरोटीजस्तै किन्ने चीज पो रहेछ। त्यससित बुझ्ने हृदय हुनैपर्छ, त्यसलाई के थाहा?

**हितोपदेश १७:१७:** साँचो मित्रले सधैं प्रेम गर्छ, हाम्रो सफलता र असफलतामा पनि। प्रायः कठिन अवस्थाहरूमा हाम्रो साँचो मित्र को हुँदो रहेछ, सो देखा पर्छ। साँचो मित्र निष्ठावान् मित्र हो। श्री डी. एल. मूडीको बाइबलमा यस्तो मज्जको टिका पढ्न सकिन्छः

> 'साँचो मित्रचाहिँ मारबल्ली नामक लहराजस्तै छ, जुन लहराले हाम्रो विनाश र संहार जति बढ़ी हुन्छ, त्यति नै बढ़ी हामीलाई जेलजाल गर्छ।' 27)

*'अनि एकजना भाइचाहिँ विपत्तिको दिनको निम्ति जन्मन्छ।'* यसर्थ जुन अवस्थामा हामीलाई भाइको सबैभन्दा बढ़ी आवश्यकता पर्छ, त्यस बेलामा भाइ पाउनु एक-अर्कोको भाइबन्दु हुन पाएकोमा हाम्रो महान् सौभाग्य छ। यस पदभित्र प्रभु येशूलाई देख्न कसैको निम्ति गाह्रो नपर्ला।

> यस्तो कुनै घड़ी छैन, जब उहाँ हाम्रो नजिक हुनुहुन्न;
> अहँ, यस्तो कुनै घड़ी नै छैन। अहँ, यस्तो कुनै क्षण नै छैन।
> यस्तो निस्पट्ट कालो अँध्यारो रात नै छैन, जसमा उहाँको प्रेमले हामीलाई उत्साह र साहस दिनै सक्दैन;
> अहँ, यस्तो कुनै रात नै छैन। अहँ, यस्तो कुनै अन्धकार नै छैन।
>
> श्री जोह्नसन ओटम्यान

**हितोपदेश १७:१८:** यस पदले अघिको पदको अर्थ बढ़ाइदिन्छ। किनभने विवेकहीन प्रेम प्रेम नै होइन। किनकि साथी ऋण तिर्ने कुरामा चुकिजाने खण्डमा 'म उसको निम्ति जमानी बस्नेछु' भन्ने प्रण दिनु गलत निर्णय ठहरिन्छ। हरेक मानिस जसको निम्ति हामी

जमानी बस्नुपर्छ, त्यस मानिसबाट त्यसले हामीलाई त्यसको ऋण तिराउने खतरा आउँछ। यसकारण हामीले आफूलाई यस प्रकारको जोखिममा किन हाल्ने ?

**हितोपदेश १७ः१९ः** अपराध मन पराउने मानिसले झगड़ा पनि मन पराउँछ। अनि झगड़ा मन पराउने मानिसलाई अपराध मन पर्छ। अनि जुन मानिसले आफ्नो ढोका अग्लो पार्छ, कि त **क)** त्यसले अहङ्कारी कुरा गर्छ (मोफ्फतअनुसार), कि त **ख)** 'मेरो धन यति हो' भनेर यसको विषयमा बढ़ाइचढ़ाइ गर्छ, कि त **ग)** आफ्नो आर्थिक अवस्थाभन्दा बढ़ी सानदार विलासपूर्ण जीवन जिउँछ। त्यस मानिसले विनाश निम्त्याउँछ।

**हितोपदेश १७ः२०ः** छली हृदयको जीत कहिल्यै हुँदैन, अनि टेढ़ामेढ़ा जिब्रो कहिल्यै सफल हुँदैन। दुवै कुराहरूले विपत्ति निम्त्याउँछन् र सुखी जीवन जिउन बाधा दिन्छन्।

**हितोपदेश १७ः२१ः** बुद्धिहीन उल्लू छोराको बुबाको शोकको अन्त हुँदैन। दिमागहीन, मन्दबुद्धि भएको छोराको बुबाको आनन्द कहिल्यै हुँदैन।

**हितोपदेश १७ः२२ः** मानिसको मानसिक दृष्टिकोणले उसको रोगको चङ्गाइ वा दुर्घटनाग्रस्त अवस्थाबाट उठ्नमा ठूलो भूमिका खेल्छ। आनन्दित मनमा बिरामीलाई निको पार्ने ठूलो शक्ति छ। तर टुटेको निराश मनले मानिसको जीवन-शक्ति सुकाइदिन्छ।

बेक्ली अनुवादमा यस पदअन्तर्गत निम्न टिप्पणी हालिएको छ, जसमा यसो लेखिएको छः 'हेर, कत्रो आधुनिक चिकित्साको इलाज ! योजस्तो राम्रो रोगको उपचार अरू केही पनि हुँदैन।'

'वर्तमान समयमा डाक्टरहरूको सल्लाह के हो भने, हामी हृदयदेखिको हँसाइले हाँस्नुपर्छ; यो एउटा असल अभ्यास हो। तिनीहरूको भनाइअनुसार जब कोही मानिस जोरले हाँस्छ, तब उसको फोक्सो र पेटको बीचमा भएको मांसपेशी तल झर्छ र फोक्सोलाई फुल्न ठाउँ छोड्छ। यसो हुँदा फोक्सोले बढ़ी अक्सिजन तान्छ। यस बेलामा यस मांसपेशीले छेउबाट उठेर मुटुलाई तालबद्ध हल्का मालिश दिन्छ। यसकारण मुटुको धड़कनको गति बढ्छ र त्यसको ढुकढुकी जोरको साथ हुन्छ। यसरी रगतको परिसंचरण बढ्छ, अनि कलेजो, पेट, अग्नयाशय, प्लीहा र पित्ताशयको थैलीले काम गर्ने संदीपन पाउँछन्। यसरी नै सम्पूर्ण शरीरका भित्री अङ्गहरूले तागत दिने उत्थान अनुभव गर्छन्। कुरा यसो हो भने, दुई हजार वर्षभन्दा अघिको उहिलेको ग्रीक ऋषि अरिस्टोटलले हाँस्ने विषयमा भनेको कुरा सही ठहरिएको छ, जसले यसो भनेः "हाँस्नुचाहिँ शरीरको अमूल्य अभ्यास हो, जुन अभ्यासचाहिँ स्वास्थ्यको निम्ति लाभदायक हुन्छ।"' 28)

सबै किसिमको हँसाइ स्वास्थ्यकर हुँदैन। टेनेसीको विश्वविद्यालयका मनोविज्ञानका प्राध्यापक श्री होवार्ड पोल्लिसको एउटा प्रतिवेदनमा यसो लेखिएको छः

'कसैको खिली उड़ाउने वा शर्ममा पार्ने उपहासको रूपमा प्रयोग गरेको हँसाइ र आक्रमणकारी मुस्कानचाहिँ स्वास्थ्यको निम्ति हानिकारक हुन्छ; खास गरी जसको खिली उड़ाइएको छ, उसको निम्ति होइन, तर खिली उड़ाउने व्यक्तिको निम्ति अस्वस्थ हुन्छ।'

*'टुटेको मनले हड्डीहरूलाई सुकाइदिन्छ।'* यस सिलसिलामा श्री ब्लेक क्लार्कले आफ्नो सहमति यस प्रकारले व्यक्त गरेका छन्ः

'मानिसका भावनाहरूले उसलाई बिमारी पार्न सक्छन्। उसको मनका भावनाहरूले उसको केश झार्न सक्छन्, उसको टाउको बेसरी दुखाउन, उसको नाक बन्द गराउन, उसका आँखाहरूबाट आँसु झार्न, दम-रोग वा एलर्जीले गर्दा उसको नाकबाट पानी चुहाउन सक्छन्; हो, तिनीहरूले मानिसको कण्ठशोध, स्वरयन्त्र-शोध गराउन, उसको छालामा चिलाउने डागहरू पैदा गराउन, उसका दाँतहरू

> झार्न सक्छन् । भावनाहरूले मानिसको पेट र उसका आन्द्रहरूमा अल्सर र सूजनहरू उत्पन्न गराउनको साथै स्त्रीहरूमा गर्भपात गराउन र पुरुषहरूमा यौनक्रियाको निम्ति पूरा अक्षम तुल्याउन र अन्य नराम्रा असरहरू ल्याउन सक्छन् । भावनाहरूले मार्न सक्छन् ।' 29)

**हितोपदेश १७ः२३ः** दुष्ट मानिसले गुप्त रूपले दिइएको घूस ग्रहण गर्छ र न्यायको फैसला घूस दिने व्यक्तिको पक्षमा तरफदारी गराउन खोज्छ ।

**हितोपदेश १७ः२४ः** बुद्धि प्राप्त गर्नु समझदार मानिसको लक्ष्य हो; उसले यो लक्ष्य आफ्नो सामु राख्छ र ऊ यस लक्ष्यतिर लम्किन्छ । तर मूर्खको उच्च आकङ्क्षा छँदैछैन । बुद्धिको खोजीमा जुन अनुशासन र आत्मसंयम चाहिन्छ, यो त्ससँग छैन । त्यसका आँखाहरू संसारको अन्ततिर लगाइएका छन्, र त्यसले कल्पनाको लड्डु घिउसँग खाँदैछ ।

**हितोपदेश १७ः२५ः** बुबाआमाको निम्ति शोकचिन्ता र तीतोपन दिलाउने छोराजस्तै ठूलो कष्ट र पीर अरू केही हुँदैन ।

**हितोपदेश १७ः२६ः** धर्मी जनलाई दण्ड दिनु उचित छैन, अनि शासकहरूलाई तिनीहरूको इमानदारीको खातिर पिट्नु असल होइन । तर के गर्ने ? यस प्रकारको अन्याय दिन प्रतिदिन भइरहेको छ ।

**हितोपदेश १७ः२७ः** ज्ञान भएको मानिसका शब्द थोरै हुन्छन् । अनि समझदार मानिसको आत्मा शान्त हुन्छ । यसकारण बुझ्नुहोस्ः हड़बड़िएको बोली र झट्ट रिसाउने बानीबाट हाम्रो फिका चरित्र प्रकट हुन्छ ।

**हितोपदेश १७ः२८ः** मानिसको अनुहार हेरेर ऊ मूर्ख मानिस हो कि होइन, सो कुरा जान्न सकिँदैन; किनभने मूर्ख मानिस बाठै देखा पर्न सम्भव छ । 'मूर्खले आफ्नो मुख खोल्दैन भने, त्यो समझदार गनिन्छ' (मोफ्फत) ।

यस सम्बन्धमा श्री जेम्स जी. सिन्क्लेरले यसो लेखेका छन्ः

> 'यस्ता समयहरू छन्, जब तपाईंले आफ्नो मुख बन्द गरिराख्नुपर्छ ! यो समझदार कुरा ठहरिन्छ । मानिसहरूले तपाईंको विषयमा अड़कल काटून् । आफ्नो मुख खोलेर हामी किन मूर्ख साबित हुने ?'

**हितोपदेश १८ः१ः** *'जसले आफूलाई अलग पार्छ, त्यसले आफ्नै अभिलाषा पूरा गर्न खोज्छ; त्यसले सबै खाँटी बुद्धिको विरोध गर्छ ।'* यस पदका अनुवादहरू र यसैले यसका व्याख्याहरू पनि धेरै छन् । यसकारण मानिसहरूको बुझाइमा यसको अर्थ निक्कै फरक भएकै छ ।

यहाँ हरेक प्रचलित धारणाको विरोधी स्वेच्छाचारी मानिस छ, जसले परखमा उत्तीर्ण भएको ज्ञान र स्वीकृति प्राप्त तरिकाहरूको विरोध गर्छ । त्यस स्वाग्रहीले खाँटी बुद्धिको विपक्ष लिन्छ ।

आर.एस.वी.को अनुवाद निक्कै फरक छ, जस्तैः 'मन नमिल्ने मानिसले सबै प्रकारको खाँटी बुद्धिको विरोध गर्ने निहुँ खोज्छ ।' अर्को शब्दमा भन्नु हो भने, अरूसँग संसर्ग गर्न नचाहने मानिसले अरूसँग मिल्नु नपरोस् भनेर आफ्नो अकलगुम चाल ढाकछोप गर्नको निम्ति किसिम-किसिमका निहुँहरू खोज्दैछ ।

नोक्सले गरेको भाव-अनुवाद उस्तै छ र यसको कुनै स्पष्टीकरण दिनु आवश्यक नहोला । 'त्योजस्तो छिटै आफ्नो साथीसँगको सम्बन्ध टुटाउन बहाना निकाल्ने मानिस नै छैन; यो सरासर त्यसकै गल्ती हो ।'

अब यहूदी टिप्पणीकारहरूको कुरा पनि सुनौं, जसले यस हितोपदेशमा पाप र मूर्खताबाट अलग बसेको जीवनको अर्थ देखेका छन् । किनभने जुन मानिसले पापबाट अलग बस्ने इच्छा गर्छ, त्यस मानिसले उच्च लक्ष्य राखेर यसो गर्छ; अनि यही कारण ऊ सबै साँचो बुद्धिसित भिज्न खोज्दैछ ।

तिनीहरूले भनेको कुरा सत्य हो, तर यो यस पदको खास व्याख्याचाहिँ होइन ।

**हितोपदेश १८ः२ः** मूर्ख मानिसले समझ भएका मानिसहरूको कुरा कहाँ सुन्छ र! त्यसले आफ्नै कुरा मात्र गर्न खोज्छ; त्यो आफूलाई प्रदर्शन गर्ने आत्मप्रदशक हो ।

**हितोपदेश १८ः३ः** जब एउटा दुष्ट मानिस आउँछ, तब त्यसको साथमा अपमान पनि आउँछ र अनादरको साथमा निन्दा आउँछ । यहाँ यस पदमा भन्न खोजेको तात्पर्य यो होः दुष्ट स्वभाव र क्षुद्र चरित्र भएको मानिसले नभन्दै खुल्लमखुल्ला शर्म र निन्दा पाउँछ ।

**हितोपदेश १८ः४ः** सामान्य विचारले हेर्नु हो भने, कुनै मानिसको मुखका शब्दहरूले उसलाई पूरा रूपले प्रकट गर्दैनन् । यी शब्दहरू गहिरो पानीजस्तै हुन्; यी शब्दहरूमा उसका वास्तविक विचार र अभिप्रायहरू लुकेका हुन्छन् ।

तर यसको तुलनामा बुद्धिको धारा छ, जुनचाहिँ बगिरहेको खोलाजस्तै हुन्छ, जसको सन्देश स्वच्छ, निर्मल र परदर्शी हुन्छ ।

मोफ्फतले कुरा यस प्रकारले बुझेका छन्ः बुद्धिमान् मानिसका शब्दहरू गहिरो पानीको तलाउ, बगिरहेको खोला र जीवनको पानीको मुहान हो । यी शब्दहरू फिका-फिका होइनन्, तर गहिरा र अर्थपूर्ण हुन्छन् । यी शब्दहरू बगिरहन्छन्, बासी हुँदैनन् । यी शब्दहरू ताजा तुल्याउँछन्, बेस्वादका हुँदैनन् ।

**हितोपदेश १८ः५ः** परमेश्वरले यहाँ, यस पदमा असललाई खराब र खराबलाई असल पार्ने अन्यायमाथि दोष लगाउनुहुन्छ । दुष्ट मानिसको पक्ष लिनु भनेको त्यसको दुष्टता अदेखा गर्नु हो । अनि धर्मी जनले पाउनुपर्ने न्याय नगर्नुचाहिँ श्री लोवेलको भाषाअनुसार सत्यतालाई फासी दिएर झूटलाई सिंहासन-माथि बसाउनु बराबर हो ।

**हितोपदेश १८ः६ः** नादकारी मूर्खले सधैंभरि झड्गा गर्ने मौका खोज्दैछ र समस्या सृजना गर्छ । पियक्कड् यस कुरामा पूरा सिपालु छ । तर आँखामा नीलो डाम, शरीरभरि घाउ र चोटहरू यसको नमीठो नतिजा हुन्छ । त्यसको सफलता यतिमा सीमित रहन्छ ।

**हितोपदेश १८ः७ः** मूर्खको बोलीचाहिँ त्यसको पतनको मूलकारण हुँदो रहेछ । त्यसका बेहोशी, रूखो र फोहोर शब्दहरूले अन्तमा त्यसको विनाश ल्याउँछन् ।

**हितोपदेश १८ः८ः** कुराबोकुवाका शब्दहरू स्वादिष्ठ खाजाजस्तै छन् । त्यसको कुरा सुन्नेहरूले त्यसका शब्दहरू 'क्या मजा, क्या मजा; मलाई भन्दै गर!' भनेजस्तो ख्वाप्प निलिहाल्छन् ।

**हितोपदेश १८ः९ः** अल्छे कामचोर र विनाशकको बीचमा नाता पर्छ; किनभने यी दुवैजनाले ठूलो बरबादी र विनाश ल्याउँछन् । श्री ग्रिफ्फित्सले हामीलाई चेताउनी दिएर यसो भनेका छन्ः

> 'कार, घर र अन्य निर्माणकार्यहरूको अवगुण र निम्नस्तरको विषयमा हामी सबैलाई थाहै छ, जसबाट प्राण-घातक दुर्घटनाहरू घट्न सक्छन् र घट्छन् पनि । अनि यही कुरा स्थानीय मण्डलीका एल्डर, पास्टर र अन्य अगुवाजन-हरूको विषयमा पनि सत्य ठहरिएको छ । जब तिनीहरूले आफ्नो कर्तव्यको विषयमा लापर-वाही गर्छन्, तब स्थानीय मण्डली टुट्न-फुट्न केही बेर लाग्दैन । यसकारण बुझ्नुहोस्ः कुनै मण्डली भताभुङ्ग हुनु हो भने, यसको कारण शैतानको आक्रमणमा मात्र खोज्नुहुँदैन, किनकि त्यो त हाम्रो लापरवाही र हाम्रो सुस्तीपनको फल पनि हुन सक्छ ।' 30)

**हितोपदेश १८ः१०ः** *'परमप्रभुको नाम एउटा बलियो धरहरा हो ।'* परमप्रभुको नाम भन्नु र परमप्रभु भन्नु एउटा कुरा हो; किनकि प्रभु हाम्रो शरणस्थान र सुरक्षा दिने आड्

हुनुहुन्छ, हामी उहाँको भरोसा गर्नेहरूको निम्ति। जब हामी पापको ठूलो परीक्षामा पर्छौं, तब तत्कालै हामी प्रभुको नाम पुकार्छौं र उहाँको सहायता पाउँछौं; उहाँ हामीलाई पाप गर्नदेखि बचाउनुहुन्छ।

**हितोपदेश १८:११:** धनी मानिसले आफ्नो धनसम्पत्तिमाथि भरोसा गर्छ, त्यसको धनले त्यसलाई रक्षा गर्छ भनेर। अनि त्यसको विचारमा, त्यसको धन एउटा अग्लो पर्खाल हो, जसले त्यसलाई चारैतिर सबै खतरा-हरूबाट बचाइदिन्छ। तर विचरा, त्यसको धनले त्यसलाई त्यस क्षणमा छोड़िदिन्छ, जुन बेलामा त्यसले त्यसको सहायता बढ़ीभन्दा बढ़ी चाहिएको छ।

हितोपदेश १८:१० पदले भनेको कुरा तथ्य हो, तर हितोपदेश १८:११ पदमा बताइएको कुरा धनी मानिसको कल्पना हो। धर्मी जनले तथ्यमाथि भरोसा राख्छ भने, धनी मानिसले आफ्नो कल्पनामाथि आड़भरोसा गर्छ।

**हितोपदेश १८:१२:** अहङ्कारी मानिसले दुईवटा खतरामाथि खुट्टा टेकेको छ; एकपट्टि चिहान छ भने, अर्को पट्टि अचानक चिप्लेर लड्ने डर हुन्छ। तर नम्र व्यक्तिको आदरमा पुर्‍याउने पथ सुरक्षित छ। यस बाटोमाथि सुरक्षासाथ हिँड्दै अगाड़ि बढ्नुहोस्! श्री विलियम लाले अहङ्कार र नम्रताको बीचमा भिन्नता देखाउन निम्न शब्द-चित्र कोरेका छन्:

> 'तपाईंले घमण्ड असुहाउँदो अवगुण मात्र नसम्झनुहोला, अनि नम्रतामा सुयोग्य सद्गुण मात्र नदेख्नुहोला; किनभने घमण्ड शैतानिक र पूरापूर नरकीय हुन्छ भने, नम्रताचाहिँ ईश्वरीय र पूरापूर स्वर्गीय हुन्छ।'

**हितोपदेश १८:१३:** मानिसले आफ्नो राय सुनाउनुभन्दा अघि सम्बन्धित कुराको सबै तथ्य बुझ्नुपर्छ, नत्र ता त्यस कुराका सबै बेलीबिस्तारहरू पेश गरिएपछि ऊ शर्ममा पर्नेछ। चाहे सम्बन्ध-विच्छेद होस्, चाहे झैझगड़ा होस्, हरेक मामिलाको पक्ष र विपक्ष हुन्छ-हुन्छ। यसकारण विपक्ष पेश गर्ने व्यक्तिको कुरा नसुनीकन आफ्नो पक्षमा उभिने मानिससँग सहमत नहुनु न्यायसँगत ठहरिएला।

**हितोपदेश १८:१४:** मानिसले सबै किसिमका शारीरिक दुर्बलताहरू सहन सक्छ; तर टुटेको आत्मा सहन गाह्रो छ। धेरैजसो मानिसका शारीरिक रोगहरूभन्दा उसका मानसिक समस्याहरू ठूला हुन्छन्।

डाक्टर पोल अडोल्फले यस कुरासित सम्बन्धित घटना यसरी बयान गरेका छन्:

> 'अस्पतालमा एउटी बूढ़ी आमाको भाँचिएको कमरको उपचार भइरहेको थियो, र ऊ निको हुनै लागेकी थिई। अस्पतालबाट छुट्टी लिने दिनमा उसकी छोरीले उसलाई यो खबर सुनाई: "आमा, तपाईंको निम्ति फलानो वृद्धागृहमा बन्दोबस्त गरिएको छ।" यो खबर सुनेका केही घण्टाभित्र यी बूढ़ी आमाको स्वास्थ्य बिग्रँदै गयो। अनि एक दिनभित्र उसको देहान्त पनि भयो। उसको मर्ने कारणचाहिँ भाँचिएको कमर होइन, तर टुटेको हृदय पो भएको रहेछ।' **31)**

यस्तो एकजना मानिस पनि थियो, जसले नजरबन्दी-शिविरका भयानक कष्टहरू वीरतासाथ सहेपछि उसको रिहा भयो। तर उसको छुटकारा भएपछि उसलाई थाहा लाग्यो, कि मतियारहरूलाई उसको पोल गरेको व्यक्तिचाहिँ उसको छोरा रहेछ। यस जानकारीले उसलाई यति साह्रै घत लाग्यो, कि ऊ मरिहाल्यो। उसले शत्रुका सबै हमला-हरू सहन सक्यो, तर आफ्नो प्रेम गरेको छोराको यस धूर्त युक्तिले उसलाई मार्‍यो।

**हितोपदेश १८:१५:** बुद्धिमान् मानिसले कहिल्यै सिक्न छोड्दैन; किनकि ऊ सिक्नु नपर्ने अवस्थामा कहिल्यै आइपुग्दैन। उसको मन सधैं शिक्षा हासिल गर्ने तयारीमा बस्छ, र

उसको कान ज्ञानको निम्ति ग्रहणशील रहिरहन्छ।

**हितोपदेश १८:१६:** मानिसको घूस वा उपदानले ती मानिसहरूकहाँ आउने प्रवेश खोलिदिन्छ, जसबाट त्यस मानिसले फाइदा उठाउन खोजेको छ।

अनि यस नीतिवचनको प्रयोग अर्को पनि छः आत्मिक वरदान पाएको व्यक्तिको यही वरदानले उसलाई सेवा गर्ने मौकाहरू प्रदान गर्छ। जुन मानिससँग शिक्षाको वरदान वा सुसमाचार प्रचार गर्ने वरदान छ, उसले आफ्नो वरदान प्रयोग गर्न प्रशस्त अवसरहरू पाउँछ। तर यस पदको खास अर्थ यो होइन।

**हितोपदेश १८:१७:** कुनै मानिसले आफ्नो मामिला पेश गर्दा उसले भनेको कुरा सुन्नेहरूको सामु सठीक लाग्छ। तर जब उसको प्रतिवादी आउँछ र उसलाई केही केरकार गर्ने प्रश्नहरू सोध्छ, तब कुरा अर्को हुन्छ, वास्तविक कुरा उसले भनेको जस्तै छैन।

**हितोपदेश १८:१८:** पुरानो नियमको समयमा जब विश्वासीहरूले चिट्ठा हाल्थे, तब तिनीहरूले यसरी नै परमप्रभुबाट सहायता पाउन खोज्थे; तिनीहरूले निर्णय गर्न नसक्ने कुराहरूको सम्बन्धमा उहाँले सठीक फैसला गरून् र उहाँको इच्छा प्रकट गरून्। चिट्ठाद्वारा शक्तिमा बराबर भएका दुईजना व्यक्तिहरूको बीचमा शान्तिपूर्वक न्यायोचित निर्णय गर्न सम्भव भयो, नत्र ता तिनीहरूले बलमिचाइको सहारा लिने डर हुनेथियो।

अनि हामीचाहिँ? हाम्रो बीचमा कठिन समस्याहरू उठिरहेको बेलामा के हामीले प्रभुलाई अन्तिम फैसला गर्न दिन्छौं कि? हामीले उहाँलाई हाम्रा मामिलाहरूको न्याय गर्न दिनुपर्छ। यसो गर्न हामीले चिट्ठा हाल्नुपर्दैन, तर पवित्र बाइबल पढ़ेर उहाँको वचनको आज्ञापालन गरेर यसो गर्नुपर्छ। हामीले एक-अर्काको सामु आफ्ना भूलचूक, दोष र कसुरहरू मानिलिनुपर्छ। अनि हामीले प्रार्थनाद्वारा र पवित्र आत्माको आन्तरिक साक्षीद्वारा परमेश्‍वरको मनसाय बुझ्ने कोशिश गर्नुपर्छ।

**हितोपदेश १८:१९:** नजिकका नातादार-हरूको बीचमा झगड़ाहरू मिलाउन गाह्रो छ। बरु एउटा पर्खालले घेरिएको शहर कब्जा गर्न सजिलो पर्छ; तर ठेस खाएका दाजुभाइहरूको बीचमा मेलमिलाप गराउनु त्योभन्दा अप्ठ्यारो छ। तिनीहरूका झगड़ारगड़ाहरू किल्लाका आग्लाहरूजस्तै छन्, चिसा, सीधा र अचल छन्। गृहयुद्धहरू सधैं अति तिक्त र धेरै क्रूर हुन्छन्।

**हितोपदेश १८:२०:** यस मानिसले आफ्ना वचनहरू खाओस् भनेर हामी भन्ने गर्छौं। किनभने उसले बोलेका शब्दहरू असल छन् भने, यी शब्दहरूले उसलाई सन्तुष्टि दिन्छन्। अनि खराब शब्दहरूले प्रतिफल के हुने हो, सो खाएर थाहा लाग्छ।

**हितोपदेश १८:२१:** जिब्रोको शक्ति ठूलो छ, असल गर्न या खराब गर्न। जस-जसले बोल्न मन पराउँछन्, तिनीहरूले आफ्नो बोलीवचनको निम्ति जिम्मेवारी लिनुपर्छ र आफूले बोलेका वचनहरूको निम्ति असल-खराब नतिजाहरू भोग्नुपर्छ।

**हितोपदेश १८:२२:** *'जसले एउटी पत्नी पाउँछ, उसले एउटा असल कुरा पाएको छ।'* झन् एउटी गुणवती पत्नीलाई पाउनु एउटा खजाना वा धन भेट्टाउनु बराबर हो। एउटी सहयोगी भक्त पत्नीलाई पाउनुचाहिँ परमप्रभुको कृपा पाएको चिन्ह हो।

**हितोपदेश १८:२३:** गरिब मानिसहरूको बोली नरम हुन्छ; तिनीहरूले प्रायः विनम्रता र विनयपूर्वक बोल्छन्। तर धनी मानिसहरूको बोली रूखो छ, दमनकारी हुन्छ। तर सबै धनी मानिसहरूको चाल यस्तै होइन है।

**हितोपदेश १८:२४:** *'साथीहरू भएको मानिस आफू पनि मिलनसार हुनुपर्छ; अनि*

*एकजना साथी छन्, जो भाइभन्दा पनि बढ़ी नजिकमा टाँसिन्छन् ।'* यस पदको अनुवाद किसिम-किसिमको गरिएको छ । यसकारण यसका व्याख्याहरू पनि धेरै छन् । के.जे.वी. र एन.के.जे.वी. बाइबलअनुसार मिलनसार मानिसले मित्रहरू बनाउँछ; अनि यस्ता मित्रहरू पनि छन्, जो दाजुभाइहरूभन्दा नजिक हुन्छन् ।

तर एन.ए.एस.बी., ए.एस.वी. र जे.-एन.डी.को अनुवाद यस प्रकारको छः 'जसका धेरै साथीहरू हुन्छन्, त्यो नाश हुनेछ; अनि एकजना साथी छन्, जो भाइभन्दा पनि बढ़ी नजिकमा टाँसिन्छन् ।' यस अनुवाद-अनुसार निम्न अर्थ निस्कन्छः हामीलाई भड्काउने धेरै साथीहरू हुनुभन्दा हामीसँग एकजना साँचो मित्र भएको निको छ ।

आर.एस.वी.को अनुवाद यस प्रकारको छः 'यस्ता साथीहरू छन्, जसले साथी हुने बहाना गर्छन्, तर एकजना साथी छन्, जो भाइभन्दा पनि बढ़ी नजिकमा टाँसिन्छन् ।' यस अनुवादअनुसार सुदिनमा हुने साथीहरू र दुःखसुखमा निष्ठावान् रहने साथीहरू छन् ।

*'... अनि एकजना साथी छन्, जो भाइभन्दा पनि बढ़ी नजिकमा टाँसिन्छन् ।'* धन्न, प्रायः सबै बाइबल-अनुवादहरूले यस पदको दोस्रो भाग उस्तै प्रकारले अनुवाद गरे । यस सम्बन्धमा श्री जी. क्याम्पबेल मोर्गनले यसो लेखेका छन्ः

> 'यस महान् पदको विषयमा गरेका सबै विचारहरू एउटै निष्कर्षमा आइपुगेका छन्ः यहाँ एकैजनाको विषयमा कुरा गरिएको छ, जो पापी मानिसहरूको मित्र हुनुहुन्छ । टिप्पणी गर्ने काम यहाँ टुङ्गिन्छ । यसकारण आउनुहोस्, पापीहरूको मित्रमा मग्न हुनुहोस् र उहाँको उपासना गर्नुहोस् !' 32)

**हितोपदेश १९ःः१ः** यहाँ एकजना गरिब मानिस, जो इमानदार हो, एउटा मूर्खसँग तुलना गरिएको छ, जो छली र बाठै हुन्छ, तर सत्यताको विरोधमा पाप गर्छ । हुन सक्छ, त्यो मूर्ख मानिस धनी थियो कि कसो ? मूर्ख मानिसभन्दा त्यो गरिब मानिस धेरै उत्तम हुन्छ ।

**हितोपदेश १९ःः२ः** *'हो, ज्ञानरहित हुनु प्राणको निम्ति असल होइन ।'* यहाँ प्रस्तुत गरिएको मानिसले आफूले गर्न लागेको कुरा के हो, सो जान्दछ, तर त्यो चाहना कसरी पूरा गर्नुपर्छ, सो जान्दैन । यसकारण त्यो मानिस तयार नभई अघि बढ्न पुग्छ ।

तयार नभएको मानिसले हतार गर्दा केवल आफ्नो दुःख बढ़ाउँछ । त्यसले यति साह्रै हतपत गर्छ, कि त्यसलाई सरसल्लाह लिन फुर्सद छैन, त्यसलाई दिइएका निर्देशन-हरूअनुसार गर्न पर जाओस् । यसकारण त्यो पथभ्रष्ट हुन्छ र आफ्ना गल्ती दोहोर्‍याउँदै कुनै प्रगति गर्न सक्दैन ।

**हितोपदेश १९ःः३ः** जुन मानिसहरूले आफ्नो जीवन बरबाद गर्छन्, ती मानिसहरूले प्रायः यसको निम्ति प्रभुलाई दोष लगाउँछन्, जसरी आदमले परमेश्वरलाई निम्न शब्दहरू लिएर दोष लगाउन खोजेः 'जुन स्त्री तपाईंले मलाई दिनुभएको थियो ...' (उत्पत्ति ३ःः१२) ।

धर्मत्यागको मूलकारण हामीले मानिसको नैतिक पतनमा खोज्नुपर्छ । उदाहरणको निम्ति, कुनै मानिसले व्यभिचार गरेको छ, र आफ्नो पाप मानिलिएर छोड्नुको सट्टामा त्यसले बरु आफ्नो इसाई-विश्वास त्याग्छ र त्यो परमप्रभुसित रिसाउँछ । यस सिलसिलामा श्री डब्ल्यू. एफ. अड्नीले टिप्पणी गरेर यसो भनेका छन्ः

> 'जुन कामकुराहरू परमेश्वरले नगर्नू भनेर निषेध गर्नुभयो, यी कामकुराहरू पूरा गरेर कुनै मानिसले यिनको निम्ति प्रतिफलहरू भोग्नुपर्दा त्यसले यसको निम्ति परमेश्वरलाई कसरी दोष्याउन सक्छ ? यो त सरासर गलत हो ।'

**हितोपदेश १९ः४ः** *'धनले धेरै साथीहरू बनाउँछ।'* यस कुराले मानिसको हृदय र उसको जन्मसिद्ध स्वभाव कति स्वार्थी रहेछ, सो पक्का प्रमाण दिन्छ। तब गरिब मानिसको साथीले उसलाई छोड्न केही बेर लाग्दैन; किनभने यस्ता 'साथीहरू'ले मित्रताबाट केवल आफ्नो फाइदा खोजिरहेका छन्।

**हितोपदेश १९ः५ः** *'झूटो साक्षी दण्ड नपाई छोड़िनेछैन; अनि झूट बोल्ने मानिस उम्कनेछैन।'* यसकारण बुझ्नुहोस्ः झूटो साक्षी र झूट बोल्ने मानिसले यसको निम्ति प्रभुबाट सजाय भोग्ने नै छन्। तिनीहरू यस धरतीमा पक्राउ परेको-नपरेकोमा कुनै मतलब छैन।

**हितोपदेश १९ः६ः** भारदारहरूचाहिँ कि त खानदानका, कि त साहूहरू, कि त शक्तिशाली, कि ठूलाठाला मानिसहरू हुनुपर्छ। यस्ताहरूसँग धेरै मानिसहरूले आफ्नो फाइदाको निम्ति मित्रता गाँस्न खोज्छन्। यसो हो भने, अरूको हित गर्ने उपकारी मानिसका साथीहरूको ताँती किन नलाग्ने त?

**हितोपदेश १९ः७ः** गरिब मानिसका आफन्तहरूले उसलाई छोड्छन् भने उसका साथीहरूले झन् बढ़ी यसो गर्छन्। यस विचराले तिनीहरूको सहायता र दयामाया पाउन खोज्दाखेरि तिनीहरूले उसलाई त्याग्छन्।

**हितोपदेश १९ः८ः** बुद्धि र व्यावहारिक ज्ञानको खोजीमा एक प्रकारको प्रबुद्ध, अनुमतिप्राप्त स्वार्थ छ। अनि प्रगति र सफलताको मार्गचाहिँ समझ र अन्तर्दृष्टि-माथि स्थापित गरिएको छ।

**हितोपदेश १९ः९ः** *'झूटो साक्षी दण्ड नपाई छोड़िनेछैन; अनि झूट बोल्ने नाश हुनेछ।'* झूटो साक्षी नदिनू भन्ने कुरा घरिघरि लेखिएकोमा हामीले अचम्म मान्नुहुँदैन। *'तिमीले आफ्नो छिमेकीको विरोधमा झूटो गवाही नदिनू!'* भनेर के दस आज्ञाहरूमा नवौं आज्ञाचाहिँ यस पापको विषयमा दिइएको होइन र? (प्रस्थान २०ः१६)।

**हितोपदेश १९ः१०ः** *'सुख मूर्खलाई सुहाउँदैन।'* किनकि संस्कृति र शिष्टताले आभूषित वातावरणमा कसरी चल्नुपर्छ, सो त्यसले व्यवहार गर्न जान्दैन। तब दासले उच्च पदको स्थानमा कसरी व्यवहार गर्नुपर्छ, सो झन् जान्दैन। किनभने त्यसले आफ्ना भूतपूर्व मालिकहरूसँग अभिमान र बेइज्जतको साथ व्यवहार गर्छ।

**हितोपदेश १९ः११ः** सुझबुझ भएको मानिसले आफ्नो रिस वशमा पार्न जान्दछ। उसले आफूप्रति गरेको अन्यायमाथि ध्यान नदिएर आफ्नो कृपादृष्टिमा त्यो नदेखेजस्तै गर्न जान्दछ। ठीक त्यस्तै दाऊदले राजा शाऊललाई जोगाएर उनीसँग घरिघरि उदार-चित्तको व्यवहार गरे। यस पदको सठीक उदाहरण दाऊदको सुव्यवहारमा स्पष्ट देखिन्छ।

**हितोपदेश १९ः१२ः** *'राजाको क्रोध सिंहको गर्जनजस्तो हो।'* किनकि यस गर्जनले अपराधीहरूलाई तिनीहरूको सामु भएको खतराको पूर्वसूचना दिन्छ। राजाको कृपा आज्ञाकारी प्रजाको निम्ति घाँसमाथि झरेको शीतजस्तो छ, कति कोमल, कति शीतल, कति ताजा!

रोमी १३ः१-७ पदको खण्डमा सरकारको अधिकारी र तिनीप्रति होशियार हुनुपर्ने हाम्रो जिम्मेवारी पेश गरिएको छ। *'यसकारण तिमीहरू क्रोधको खातिर मात्र होइन, तर असल विवेकको खातिर पनि तिनको अधीनतामा बस्नुपर्छ'* (रोमी १३ः५)।

**हितोपदेश १९ः१३ः** परिवारको जीवन पिरोल्ने दुईवटा कारणहरू छन्ः हठी छोरा र झगड़ालु पत्नी। हठी छोराले आफ्ना बुबालाई शोक दिन्छ भने, झगड़ालु पत्नीचाहिँ धातुमा ट्याङ-ट्याङ बजिरहने झिजो लाग्ने आवाज

निकालिदिने पानीको कहिल्यै नटुङ्गिने तपतप हो ।

**हितोपदेश १९:१४:** जग्गाजमिन, घर र धन बुबाबाट अंशको रूपमा पाइने पैतृक सम्पत्ति मानिन्छ । यो ठिक्कै हो । तर गुणवती स्त्री परमेश्वरको विशेष वरदान हो । परमप्रभुले मात्र हामीलाई एउटी बुद्धिमती पत्नी दिन सक्नुहुन्छ ।

यस कुराले हामीलाई इसहाक र रिबेकाको बीचको सुन्दर विवाहको कहानी याद दिलाउँछ, जसको विषयमा चाहिँ *'यो कुरा परमप्रभुबाट हुन आएको हो'* भनेर भनिएको थियो (उत्पत्ति २४:५०) । यसर्थ इसहाक र रिबेकाको बीचको विवाह परमेश्वरले मिलाउनुभएको रहेछ ।

**हितोपदेश १९:१५:** अल्छीपन लागू पदार्थले जस्तै काम गर्छ र गहिरो निद्रामा पार्छ । अल्छी मानिस गरिब हुन्छ-हुन्छ; त्यो भोकै बस्नैपर्छ । अनि यही कुरा बाइबल-अध्ययन र प्रार्थनाको विषयमा अल्छी गर्ने भाइबहिनीको विषयमा पनि सत्य ठहरिन्छ ।

**हितोपदेश १९:१६:** जुन मानिसले परमप्रभुको आज्ञा पालन गर्छ, त्यस मानिसले आफ्नो भलाइ खोजेर यसो गर्छ; किनकि उसले आफ्नो शारीरिक र आत्मिक भलाइको निम्ति यसो गर्छ । तर जुन व्यक्ति निष्फिक्री र लापरवाहीको साथ जिउँछ, त्यो व्यक्ति मर्छ ।

**हितोपदेश १९:१७:** जसले गरिबहरूलाई दान दिन्छ, उसले परमप्रभुलाई सापट दिन्छ । अनि परमेश्वरले सापटी मात्र होइन, सापटी ब्याजसित फर्काउनुहुन्छ । प्रभुको नाममा दिइएको एक कचौरा चिसो पानीको इनाम हुनेछ (मत्ती १०:४२) । श्री हेन्री बोशले यसो भनेर त्यसको निम्ति निम्न उदाहरण दिएका छन्:

'एकजना बुबाले आफ्नो छोरालाई पाँच रुपियाँको सिका दिएर भनेः "हे छोरा, त्यस पैसासित आफ्नो खुशी गर !" केही समयबितेपछि तिनले आफ्नो छोरालाई "यस पैसासित तिमीले के गरेको" भनेर यस रकमको विषयमा सोधे । तब छोराले तिनलाई जवाफ दियोः "मैले यो कसैलाई सापट दिएँ ।" "के तिमीले यसको निम्ति धरौती पायौ ?" भनेर त्यसको बुबाले प्रश्न गरे । "हो, किनभने मैले यो पैसा एउटा भोकाएको भिकारीलाई दिएँ ।" "हत्, तिमीले किन यस्तो मूर्ख काम गरेको हँ ? तिमीले यो पैसा फेरि कहिल्यै देख्नेछैनौ ।" "होइन, बुबा, यसको निम्ति मसँग सबैभन्दा उत्तम धरौती छँदैछ; किनभने पवित्र बाइबलमा लेखिएको छ, कि जसले गरिबलाई दान दिएको छ, उसैले परमप्रभुलाई सापट दिएको छ ।" एकक्षण विचार गरेपछि त्यसको बुबाको चित्त बुझियो; अनि तिनले आफ्नो छोरालाई फेरि अर्को पाँच रुपियाँ दिए । तब तिनको छोराले रमाउँदै ठूलो सोरले भन्योः "अहो, धन्यवाद ! यति छिटो त्यो सापट गरेको रकम फिर्ता पाउँछु भन्ने मैले आशा गरिनँ; तर फिर्ता पाउँछु भन्ने कुरामा म निश्चित थिएँ ।" ' 33)

जुन रकम हामीले आफ्नो निम्ति खर्च गर्छौं,
त्यो रकम हामी गुमाउँछौं ।
तर जेजति हामी हे प्रभु, तपाईंलाई सापट
दिन्छौं, त्यो सबै हाम्रो अनन्त धन हुनेछ ।
किनभने दिने दाता तपाईं हुनुहुन्छ, जसबाट
हामीले सबै थोक पाएका छौं र पाउनेछौं ।

श्री क्रिस्टोफर वोर्डस्वोर्थ

**हितोपदेश १९:१८:** छोरा कलिलो हुँदा हामीले उसलाई तह लाउनुपर्छ, जब ऊ शिक्षणीय हुन्छ । शरीरको ताड़ना समुचित हुनैपर्छ, प्रेमको साथ दिएको हुनैपर्छ; तब त्यसबाट छोरालाई कुनै हानि हुनेछैन, तर उसलाई दिइएको ताड़नाले उसको निम्ति धेरै लाभदायक हुनेछ ।

*'तर उसलाई मार्ने मन तिम्रो नहोस् !'* भन्ने दोस्रो वाक्य छ, जसको अर्थ सुस्पष्ट छः कि त **क)** हामीले छोरालाई दण्ड नदिएको कारणले उसको जीवन बरबाद हुन सक्छ । यसो हो भने, छोरालाई छाड़ा छोड़्नुचाहिँ

निष्ठुर व्यवहार ठहरिन्छ। कि त **ख)** क्रोधको आवेगमा हामीले छोरालाई चाहिएको भन्दा बढ़ी सजाय दिन सक्छौं।

**हितोपदेश १९:१९:** छिटै रिसाउने रिसाहाले यस कुव्यवहारको निम्ति सजाय भोग्नैपर्छ। त्यसले आफ्नो नीच व्यवहारको निम्ति सजाय भोग्नु नपरोस् भन्ने हेतुले हामीले त्यसलाई बचाउन चाहेर पनि यो कुनै सीप लाग्दैन। किनभने त्यो फेरि र फेरि यस्तो अवस्थामा पर्ने नै छ, जसबाट हामीले त्यसलाई घरिघरि बचाउनुपर्नेथियो।

**हितोपदेश १९:२०:** हामीले कलिलो उमेरमा असल सल्लाह सुन्नुपर्छ र असल शिक्षा ग्रहण गर्नुपर्छ; तब हामी पछि बुद्धिमान् बन्नेछौं। एकजना अज्ञात भाइको भनाइ सुनौं, जसले यसो भनेका छन्ः 'बुद्धि-प्राप्ति दीर्घकालिक लगानी हो।'

**हितोपदेश १९:२१:** मानिसको हृदय किसिम-किसिमका विचार र योजनाहरूको खानी हो; तर हाम्रो जीवनमा परमप्रभुको मनसाय पूरा हुनेछ। मानिससँग त्यसको दुष्ट चाल छ होला, तर परमेश्वरसँग आफ्नै काम गर्ने तरिका हुन्छ। आन्तिम आएर मानिसले सत्यताको विरोधमा केही पनि गर्न सक्दैन (२ कोरिन्थी १३:८)।

**हितोपदेश १९:२२:** डार्बीको अनुवादमा यस पदको मूल्यवान् अनुवाद यस प्रकारको छः 'मानिसको आकर्षण-शक्ति उसको दयामा छ; अनि झूट बोल्ने मानिसभन्दा गरिब मानिस उत्तम हो।' किनभने मानिसको दयाले गर्दा ऊ हाम्रो दृष्टिमा प्रिय छ, अनि साथीको रूपमा ग्रहण गर्न हामी उसको चाहना गर्छौं। अनि हामीसित टिठ्याउने गरिब मानिस उत्तम हो, आफ्ना प्रतिज्ञाहरू भङ्ग गर्ने धनी मानिसभन्दा बढ़िया हो।

**हितोपदेश १९:२३:** परमप्रभुको भय मान्दै गर्दा खास जीवन भेट्टाइन्छ; उहाँको डर जीवनमा पुऱ्याउने मार्ग हो। जससँग परमेश्वरको डर हुन्छ, ऊ ढुक्कै हुन सक्छ; किनकि कुनै खराबी उसमाथि आइपर्नेछैन।

**हितोपदेश १९:२४:** *'अल्छे मानिसले आफ्नो हात थालमा त हाल्छ, तर त्यो आफ्नो मुखसम्म फर्काएर ल्याउन चाहँदैन।'* मासु-भातले भरिएको थालमा हात हालेर त्यो आफ्नो मुखमा नपुऱ्याउनु कस्तो अल्छीपन हो!! के खाना यति वजनदार कुरा हो र?

**हितोपदेश १९:२५:** गिल्ला गर्ने मानिसलाई हिर्काउँदा पनि त्यो बदली हुँदैन। तर त्यो कुरा देख्ने कोही प्रभावित दर्शक होला, जसले यस दृश्यबाट आफ्नो पाठ सिक्छ र चेतना पाउँछ। यो कुरा १ तिमोथी ५:२० पदसित मिल्छ, जहाँ यसो लेखिएको छः *'पाप गर्नेहरूलाई सबैजनाको सामु हप्काऊ, कि अरू पनि डराऊन्।'*

कसैले समझदार मानिसलाई हिर्काउनु-पर्दैन; किनकि एउटा हप्कीले उसको जीवनमा काम गरिहाल्छ। उसले आफ्नो गल्ती मानि-लिन्छ, र ऊ अझ बुद्धिमान् बन्नेछ।

**हितोपदेश १९:२६:** जुन छोराले आफ्ना बुबासित खराब व्यवहार गर्छ, तिनको अपमान गर्छ, वा तिनको बदनाम गर्छ (बेक्ली), हो, जुन छोराले आफ्नी आमालाई घरबाट निकालिदिन्छ, त्योजस्तो शर्मलाग्दो र लाजमर्दो अरू छोरा नै छैन। त्यसले आफ्ना उदासी बुबाआमामाथि शर्म र बेइज्जत ल्याउँछ। त्यसका बुबाआमाहरूले त्यसलाई हुर्काएको-बढ़ाएकोमा के त्यसले तिनीहरूको गुण फर्काएको यति हो?

**हितोपदेश १९:२७:** यो नीतिवचन एउटा हीरा हो; किनभने त्यो जतातिर पल्टिन्छ, त्यत्ति नै त्यसले नयाँ चमक दिन्छ। यहाँ हामी यस पदका तीनवटा मुख्य व्याख्याहरू पेश गर्छौं, जस्तैः

**क)** के.जे.वी.-को अनुवादअनुसार यस पदको शब्द यस प्रकारका छन्ः 'हे मेरा छोरा,

शिक्षा सुन्न छोड़िदेऊ, जुन शिक्षाले तिमीलाई ज्ञानका वचनहरूबाट भड्काउनेछ।'

हे जवान भाइबहिनीहरूहो, तिमीहरूको निम्ति यो अति उपयोगी सल्लाह हो – तिमीहरूको निम्ति, जसले यस्ता स्कूल र कलेजहरूमा पढ़िरहेका हुन्छौ, जुन स्कूल र कलेजहरूमा पवित्र बाइबलको शिक्षा सरासर इन्कार गरिन्छ। यस कलेजमा उच्च विद्या हासिल गर्न पाउने मौका बलिदान गर! शङ्का-उपशङ्का र नकाराइको गोलीकाण्डमा किन परिरहने? त्यहाँबाट निस्केको तिमीहरूको निम्ति बेस हो।

**ख)** आर.एस.वी. र बेक्लींको अनुवाद यस प्रकारको छः 'ज्ञानका वचनहरूबाट भड्किएर हिँड्न खोज्ने हे मेरा छोरा, शिक्षा सुन्न छोड़िदेऊ!'

असल शिक्षा हासिल गर्नमा के काम, जब हामीले यस शिक्षाको आज्ञापालन गर्न चाहँदैनौं? यसको निम्ति आफ्नो समय र शिक्षकको समय किन बरबाद गर्ने? शिक्षा सुनिरहने, तर यसको आज्ञापालन नगर्ने मानिसले आफूमाथि दोषमाथि दोष लदाइदिन्छ। परमेश्‍वरको इच्छा जानेर पालन नगर्नुभन्दा उहाँको इच्छा नजान्नु बेस।

**ग)** एन.के.जे.वी.अनुवादः 'हेर मेरा छोरा, शिक्षा सुन्न छोड़िदेऊ, र निस्सन्देह तिमी ज्ञानका वचनहरूबाट भड्किने नै छौं।'

यहाँ हामीलाई चेताउनी दिएको छः असल शिक्षा सुन्न छोड्ने मानिस भड्किन्छ-भड्किन्छ।

**हितोपदेश १९ः२८ः** सत्यनिष्ठ नभएको साक्षीले न्याय ठट्टामा तबसम्म उड़ाउँछ, जबसम्म त्यसको न्यायजाँच हुँदैन। त्यसले कि त अधर्म निल्छ, कि त अधर्म फैलाउँछ। एलिपजले 'अधर्म पानीझैं पिउने मानिस' भनेर यस मानिसको अवगुण सठीक प्रकारले व्यक्त गरे (अय्यूब १५ः१६)।

**हितोपदेश १९ः२९ः** गिल्ला गर्नेहरू र मूर्ख मानिसहरूले इतिहास-मञ्चमा उत्रेर मानिसहरूको वाह-वाह सुन्न पाउलान्, तर तिनीहरूको निम्ति ईश्‍वरीय दण्ड र न्यायको फैसला तयार भइसकेको छ। पर्दा झरेर तिनीहरूको नाटक र तमाशा सकोस्, तब न्यायमा परमेश्‍वरसित तिनीहरूको अनिवार्य भेटघाट सुनिश्‍चित हुनेछ।

**हितोपदेश २०ः१ः** *'दाखमद्य गिज्याउँछ।'* दाखमद्यले मानिसहरूलाई खिसी गर्छ। तर यहाँ, यसको अर्थ 'दाखमद्यले मानिसहरूलाई खिसी र ठट्टा गर्न लाउँछ' हो। अनि मदिराले तिनीहरूलाई उपद्रव र झगड़ा गर्न लगाउँछ।

दाखमद्य अङ्गुरहरूबाट बनिन्छ भने मदिरा अन्नबाट बनिएको हो। दाखमद्य र मदिराले मानिसहरूलाई पथभ्रष्ट पार्छन्। किनभने पहिले मानिस साथीसङ्गतमा मात्र पिउँछ भने, पछिबाट त्यो दिनदिनै पिउँदै जान्छ र अन्तमा त्यो एउटा पियक्कड़ बन्नेछ। त्यसले आफ्नो कुआदत हटाउन खोज्छ, तर त्यो त यसका साङ्लाहरूले बाँधिएको छ। ख्रीष्ट येशूमा यी साङ्लाहरू टुक्राटुक्रा पार्ने शक्ति छ। तर के तपाईं आफ्नो कुलतबाट छुटकारा पाउन चाहनुहुन्छ? यो नभई हुँदैन।

**हितोपदेश २०ः२ः** जब राजा रिसाउँछन्, तब राजभवनमा डरको वातावरण फैलिन्छ। अनि मानिसहरूलाई लागेको यो डर सिंहको गर्जनजस्तै छ; किनभने त्यसले खतरा आइरहेको सङ्केत दिन्छ। यसकारण जसले राजाको रिस उठाउँछ, त्यस मानिसको जीवन खतरामा हालिएको हुन्छ।

यसबाट हामीले सिक्नुपर्ने पाठ रोमी १३ः४ पदमा यसरी व्यक्त गरिएको छः *'किनकि शासक तिम्रो भलाइको निम्ति परमेश्‍वरको सेवक हुन्। तर तिमी खराब काम गर्छौ भने डराऊ; किनकि तिनले व्यर्थमा तरवार भिर्दैनन्; किनकि तिनी त खराब काम*

*गर्नेमाथि क्रोध प्रकट गरी बदला लिने परमेश्‍वरको सेवक हुन् ।'*

**हितोपदेश २०ः३ः** आदरको योग्य मानिसले झगड़ाबाट आफ्नो हात झिक्छ, र त्यसबाट टाढ़ा बस्छ। तर मूर्ख मानिस कसैसँग झगड़ा नगरी खुशी हुँदैन ।

**हितोपदेश २०ः४ः** इस्राएल देशमा मङ्सिर-पुस हलो जोत्ने समय हो। त्यस समयमा उत्तरबाट चिसो हावा बहन्छ। अल्छे मानिसले जाड़ो मौसम आफ्नो सुस्तीपनको निहुँ बनाउँछ। हलो नजोतीकन बीउ छरिँदैन, अनि बीउ नछरी कटनी हुँदैन। फसलको बेलामा त्यसले वाल्ल परेर आफ्ना बाँझो बारी निहार्छ। 'अरे, फसल छैन, कसरी ?' भनेर त्यसलाई ताजुप लाग्छ ।

**हितोपदेश २०ः५ः** मानिसका विचार र अभिप्रायहरू निक्कै गहिरो गरी उसको मनभित्र लुकेका हुन्छन् । उसले प्रायः आफ्ना मनतव्यहरूको विषयमा कुरा गर्दैन। तर समझदार मानिस उसको हृदयमा लुकेको कुरा केही बुद्धिमान् प्रश्‍नहरू सोधेर निकाल्नमा सिपालु हुन्छ। यहाँ हामी यसको उदाहरण दिन्छौंः आत्मिक सल्लाहकारले कुनै मानिस विशेषलाई उसको टेढ़ामेढ़ा सोचाइ देख्न सहायता गर्छन् । तब प्रकाशमा आएको कुराको इलाज सम्भव हुन्छ ।

**हितोपदेश २०ः६ः** विश्‍वासयोग्य भनाउँदा धेरै छन्, तर विश्‍वासी मानिस पाउन गाह्रो छ । यसो हो भने, कुनै व्यक्ति र उसको व्यक्तित्वको बीचमा यत्रो भिन्नता छ भने, मानिसको वास्तविकता र अरूको सामु देखा परेको उसको रूपमा पनि भिन्नता छ होला नि ।

**हितोपदेश २०ः७ः** धर्मी जनचाहिँ आफ्नो इमानदारी र सच्चाइअनुसार चल्छ। निश्‍चय उसका छोराछोरीहरूले उसको उच्च अधिकारको भागमा सहभागी हुनेछन् र उसको जीवन-चरित्र र उसको असल नमुनाबाट लाभ उठाउनेछन् ।

**हितोपदेश २०ः८ः** न्याय-आसनमाथि बस्ने राजाले आफ्ना आँखाहरूले सबै खराबी छानबिन गरेर उड़ाउँछन्। जब ख्रीष्ट येशू आफ्नो न्याय-आसनमाथि बस्नुहुनेछ, तब सबै कुराहरू देख्ने उहाँका आँखाहरूले आगोको ज्वालाले जस्तै सबै कुराहरू जाँच गर्नेछन्, तब तिनीहरूले सबै देखावटी, सबै बहाना, अँ, भएका-नभएका सबका सब छानबिन गर्नेछन् र यथार्थ कुरा पत्ता लगाउनेछन् ।

**हितोपदेश २०ः९ः** आफ्नो कोशिशले कुनै मानिसले आफूलाई पापबाट शुद्ध पार्न सक्दैन । *' "मैले आफ्नो हृदय शुद्ध पारेको छु; म आफ्नो पापबाट शुद्ध भएको छु" भनेर कसले भन्न सक्छ ?'* जुन मानिसले आफूलाई शुद्ध ठान्छ, त्यो मानिस पूरा भ्रममा परेको हुनुपर्छ ।

तर प्रभु येशूको बहुमूल्य रगतद्वारा शुद्ध हुन सम्भव छ; किनकि ख्रीष्ट-विश्‍वासीहरूले परमेश्‍वरको थुमाको रगतमा आफ्ना वस्त्रहरू धोएका छन् र आफ्ना वस्त्र सेता पारेका छन् (प्रकाश ७ः१४) ।

> हाम्रो छुटकारा मोल तिरेर किनिदिएको ख्रीष्टको रगत छँदैछ,
> जुन अमूल्य रगतले हामीलाई हाम्रा सिन्दूरे रङ्गका सबै पापहरू शुद्ध पारेको छ;
> यसकारण हामी पृथ्वी र नरकलाई हाँकेर भन्न सक्छौंः 'हामीलाई यस्तो एउटा पाप देखाइदे,
> जुन पाप ख्रीष्ट येशूको बहुमूल्य रगतले शुद्ध पार्न सक्दैन ।'
>
> श्री अगस्टस एम. टोपलेडी

**हितोपदेश २०ः१०ः** परमेश्‍वरले छली मानापाथी र नापजोख घृणा गर्नुहुन्छ। आफ्नो फाइदाको निम्ति अरूको हानि गर्ने जुनसुकै छलको व्यवहार र धूर्त प्रणाली यस प्रकारको छलमा समावेश हुन्छ। 'हे तरकारी र आलु बेच्ने व्यापारीहो, तराजुबाट आफ्नो औंला हटाऊ ! तराजुलाई आफ्नो सठीक वजन

देखाउन देऊ !' अनि अरू मानिसहरूको जीवन जाँच्नको निम्ति उच्च स्तरहरू लगाइदिने, तर आफ्नो निम्ति खुकुला स्तरहरू अपनाइदिने चाल पनि छली मानापाथीको घेराभित्र पर्छ।

**हितोपदेश २०:११:** मानिसको मूल-स्वभाव उसको बाल्यकालमा देखा पर्छ। कुनै नानीको स्वभाव साह्रै नीच र दुष्ट छ भने, कुनै नानीको स्वभाव मनपर्दो र सुखद हुन्छ। हाम्रो बालकपनमा हामी जेजस्ता थियौं, त्यस कुराले हाम्रो वयस्कलाई आफ्नो रूप दिन्छ। हरेक बालकबालिका आफ्नो स्वभाव लिएर प्रौढ़ हुन्छ, र त्यस अवस्थामा उसको स्वभाव पूरा विकसित हुन्छ, चाहे उसको स्वभाव असल, चाहे खराब।

**हितोपदेश २०:१२:** परमप्रभुले सुन्ने कानहरू र देख्ने आँखाहरू बनाउनुभएको हो। तब यस वाक्यको अर्थ के होला त ? हाम्रा कानहरू र हाम्रा आँखाहरू उहाँको सम्पत्ति हुन्; यसकारण हामीले आफ्ना कान र आँखाहरू उहाँको महिमाको निम्ति प्रयोग गर्नुपर्छ। निश्चय यसको सठीक अर्थ यही हुनुपर्ला, होइन र ?

**हितोपदेश २०:१३:** निद्रा मन पराउने गरिब हुन्छ। हे निदाउने, बिउँझी ! काम गर् ! तब पैसा कमाइन्छ र कोठाको बहाल तिर्ने रकम जम्मा हुन्छ; तेरो पैसा तेरो सौदापात गर्न पुग्छ, अँ, प्रभुको कामको निम्ति दिन पनि यथेस्ट हुन्छ।

**हितोपदेश २०:१४:** यहाँ यस पदमा ग्राहकहरूको पुरानो छली चाल प्रस्तुत गरिएको छ। पुरानो कार किन्ने गाकीले कारको चारैतिर हेर्छ, त्यसपछि त्यसका दागहरू, त्यसका टायर, त्यसको इन्जिन र त्यसको मन नपरेको रङ्गको विषयमा गुनासो गर्न थाल्छ, अनि 'त्यो कार राम्रो छैन, राम्रो छैन' भन्छ। आफ्नो कार बेच्नेले यो कुरा याद गरेको थिएन। 'अहो, मेरो कार यति थोत्रो गाड़ी, मलाई के थाहा' भन्दै उसले सोझै त्यसको बेच्ने दाम घटाइहाल्छ। त्यसपछि त्यस ग्राहकले उसलाई तोकिएको दाम दिन्छ, र खुशी भएर त्यहाँबाट हिँड्छ। आफ्ना साथीहरूलाई यो किनेको कार देखाएर 'त्यो क्या सस्ता पाएँ' भनेर त्यसले गर्व गर्छ।

**हितोपदेश २०:१५:** मानिसले सुनको गहना लगाओस्, हीरामोती लगाओस्, तर उसको सबैभन्दा असल गर-गहनाचाहिँ उसको बुद्धिपूर्ण बोलीवचन हो। के यो तपाईंको शृङ्गार र आभूषण हो ?

**हितोपदेश २०:१६:** 'पराईको निम्ति जमानी बस्नेबाट त्यसको वस्त्र लैजाऊ, र त्यसबाट परस्त्रीको निम्ति धरौटी लिइराख !' पराई मानिसको निम्ति जमानी बस्नु मूर्ख कुरा हो; किनभने नचिनेका मानिसहरूको ऋण तिर्ने प्रण दिनु न्यायसँगत कुरा होइन। अन्जान व्यक्तिसँग व्यवहार गर्नु वा व्यापारको सम्बन्ध राख्नु हो भने, त्यसले आफ्नो प्रतिज्ञा भङ्ग गर्ने परिस्थिति वा त्यसको दिवालिया भएको अवस्थाको निम्ति त्यसबाट त्यसको पर्याप्त सम्पत्ति बन्धकको रूपमा लिनुपर्छ। अनि तपाईंले नचिन्नुभएको त्यो पराई मानिस व्यभिचारी हुन सम्भव छ; तब कसो हो ? तब झन् बढ़ी हामीले परमेश्वरको यो आदेश शिरोपर गर्नुपर्छ।

**हितोपदेश २०:१७:** कसैलाई छलको फल मीठो लाग्ला; तर छलको धनबाट पाउने आनन्द र सन्तुष्टि क्षणिक हुन्छ। अन्तमा हामीलाई मुखभरि गिट्टी भएको जस्तै लाग्छ, त्यस्तै नमीठो र दुःखदायी लाग्छ, थुक्न मन लाग्छ। छली धन्दाचाहिँ वेतन-करको विवरण माथि-तल गर्ने काम, भएको भन्दा बढ़ी व्यय देखाउने काम, सरकारी कर्मचारी, परीक्षक वा निरीक्षकलाई घूस दिने काम, झूटो लेबल लगाउने काम र आफ्नो मालको विज्ञापन गर्दा आफ्नो मालको झूटो प्रशंसा गर्ने काम आदि समावेश हुन्छ।

**हितोपदेश २०:१८:** विभिन्न सर-सल्लाहहरू जम्मा गरेर कुनै योजना बनाउनु उचित र बुद्धिमान् काम ठहरिन्छ। कुनै सेनापति अरू युद्धकला-प्राप्त विशेषज्ञहरूबाट सल्लाह नलिईकन लड़ाइँमा उत्रिँदैनन्।

**हितोपदेश २०:१९:** कुराबोकुवाले गुप्त राख्नुपर्ने कुराहरू खुलस्त पारिदिन्छ। यसकारण हामीले यस्तो बकबकेको सङ्गत गर्नुहुँदैन; किनभने त्यसले तपाईंको सामु अरू मानिसहरूको विरोधमा बोल्छ भने, त्यसले अरूको सामु तपाईंको विरोधमा बोल्छ-बोल्छ; यसमा शङ्का छैन।

**हितोपदेश २०:२०:** मोशाको व्यवस्था-अनुसार जुन छोराले बुबा वा आमालाई सराप्थ्यो, त्यस छोरालाई मृत्युदण्ड दिइन्थ्यो (प्रस्थान २१:१७)। यस कुराले हाम्रा वर्तमान जवान भाइबहिनीहरूलाई गम्भीर तुल्याउनुपर्नेथियो, जसले आफ्ना बुबाआमा-हरूको विद्रोह गर्छन्। तिनीहरूले यस प्रकारको तीतोपन समाधान गर्नैपर्छ; नत्र ता तिनीहरूको क्षमा नगर्ने मन अन्धकारमा डुब्छ र त्यो तिनीहरूको अनन्त विनाशको कारण बन्छ।

**हितोपदेश २०:२१:** उड़न्ता पुत्रले पैतृक सम्पत्तिको आफ्नो भाग हतारसँग पायो र हतारसँग गुमायो पनि। तर यस नीतिवचनले पेश गरेको सत्यताचाहिँ छिटो धनी तुल्याउने जुनसुकै प्रणाली र आयोजनामा लागू हुन्छ। जुन कुरा छिटो आउँछ, त्यो कुरा छिटो जान्छ।

**हितोपदेश २०:२२:** आफ्ना शत्रुहरूबाट बदला लिने कोशिश नगर्नुहोस्! किनकि बदला लिने काम परमप्रभुको काम हो। उहाँले हरेक कामकुराको उचित प्रतिफल दिनुहुन्छ। यसकारण हामीले परमप्रभुको बाटो हेर्नुपर्छ; उहाँले हामीलाई बचाउनुहुनेछ र हामीलाई निर्दोष ठहऱ्याउनुहुनेछ।

**हितोपदेश २०:२३:** श्री एडम क्लार्कले रेशम कपड़ा बेच्ने व्यापारीको निम्ति काम गर्दथिए। तिनको काम गर्ने मालिकले तिनलाई यसो गर्ने आदेश दिए: 'रेशम कपड़ा नाप्दा त्यो अलिक तन्काऊ!' तब एडम क्लार्कले उत्तर दिए: 'तपाईंको रेशम कपड़ा तन्किन्छ, तर मेरो विवेक तन्किँदैन।' अनि परमेश्वरले अडम क्लार्कको आदर-सम्मान गर्नुभयो; किनभने तिनको जीवनका पछाड़ि वर्षहरूमा तिनी पवित्र बाइबलको टिप्पणी-कोश लेख्न सक्षम भए, जुन टिप्पणी-कोश धेरै प्रचलित भयो।

**हितोपदेश २०:२४:** *'मानिसका पाइला-हरू परमप्रभुबाट सुनिश्चित पारिन्छन्; तब मानिसले आफ्नो चाल कसरी बुझ्न सक्छ र?'* परमेश्वरको सर्वाधिकार र मानिसको स्वतन्त्र इच्छा दुवै कुराहरू सत्य छँदै यस पदको जोड़ परमेश्वरको सर्वाधिकारमाथि रहेको छ, मानिसको स्वतन्त्र इच्छामा होइन। यस पदले भन्न चाहेको कुरा यस प्रकारको छ: मानिसको जीवनसित सम्बन्धित सबै काम-कुराहरू परमेश्वरको हातमा छन् र उहाँको नियन्त्रणमा रहन्छन्। अनि उहाँ हाम्रो निम्ति सबैभन्दा उत्तम कुराहरू चाहना गर्नुहुन्छ। यसकारण हामीले उहाँको निर्देशन पाउन उहाँको बाटो हेर्नुपर्छ। हामीले आफ्नो भाग्यको मालिक हुन कोशिश गर्नुहुँदैन। हामीले चलाखी गर्नुहुँदैन; हामी मतलबी हुनुहुँदैन; हामीले आफ्नै इच्छा पूरा गर्ने जिद्दी गर्नुहुँदैन।

**हितोपदेश २०:२५:** *'हतारसँग "यो पवित्र छ" भन्नु र भाकल गरिसकेपछि मात्र सोच-विचार गर्नु मानिसको निम्ति एउटा पासो हो।'* प्रभुको हातमा समर्पण गर्ने कुराको सम्बन्धमा हामी होशियार हुनुपर्छ। कसैले यसको विषयमा पछुतो मान्नु नपरोस्! यसकारण जसले कुनै भाकल गर्छ, उसले आफूसँग पूरा गर्ने औकात छ कि छैन, सो पहिले निश्चित

गर्नुपर्छ; अनि ऊ आफ्नो अभिप्रायमा सुनिश्चित हुनुपर्छ ।

**हितोपदेश २०ः२६ः** *'बुद्धिमान् राजाले दुष्टहरूलाई छरपस्ट पारिदिन्छन् र तिनीहरूमाथि चक्का गुड़ाउँछन् ।'* बुद्धिमान् राजाले दुष्ट मानिसहरूलाई सहन सक्दैनन् । तिनले दाइँ गर्ने चक्का तिनीहरूमाथि गुड़ाइदिन्छन्, अर्थात् तिनले दुष्टहरूलाई धर्मी जनहरूबाट अलग गरेर छुट्ट्याउँछन्, तिनीहरूको न्यायजाँच गर्छन् र तिनीहरूलाई सजाय दिन्छन् ।

**हितोपदेश २०ः२७ः** यस पदमा मानिसको आत्मा भन्नाले सामान्य अर्थमा मानिसको विवेक बुझिन्छ । परमप्रभुले हामीलाई एउटा विवेक दिनुभयो; अनि त्यो विवेक हामीमा बत्तीको काम गर्छ; त्यसले हाम्रा विचारहरू, हाम्रा अभिप्राय र मनसाहरू, हाम्रा भावना र कामहरूमाथि प्रकाश पार्छ । विवेकले हाम्रो मनभित्र लुकेका सबै विचारहरू र अभिप्रायहरू जाँचेर तिनको समर्थन वा दोषारोपण गर्छ (रोमी २ः१४-१५) ।

**हितोपदेश २०ः२८ः** कृपा र सत्यता हरेक राजा र शासकका सद्‌गुण हुनुपर्छ; तब तिनले इज्जत पाउनेछन् र तिनको निम्ति जनताको सहयोग र समर्थन सुनिश्चित हुनेछ । निरङ्कुश तन्त्रद्वारा होइन, कृपाको व्यवहारद्वारा तिनको सत्ता स्थिर रहन्छ ।

**हितोपदेश २०ः२९ः** *'जवान मानिसहरूको गौरव तिनीहरूको बल हो; तर वृद्धहरूको सुन्दरता तिनीहरूको फुलेको केश हो ।'* जवानहरूको निम्ति जुन कुरा तिनीहरूको बल हो, त्यो कुरा वृद्धहरूको निम्ति तिनीहरूको फुलेको केश हुन्छः तिनीहरूको शोभा, गौरव र महिमा । वृद्धहरूको फुलेको केशचाहिँ तिनीहरूको बुद्धि र अनुभवको प्रतीक हो । अनि हरेक स्थानीय मण्डलीमा सेवा गर्ने बलिया जवान भाइहरू र बुद्धिमान् सल्लाहकाररूपी वृद्ध दाजुहरूको खाँचो छ ।

**हितोपदेश २०ः३०ः** *'जसरी चोटका नीला डामहरूले खराबीलाई धोइदिन्छन्, त्यसरी नै कोर्राका चोटहरूले शरीरका भित्री भागहरू धोइपखाल्छन् ।'* यस पदबाट नैतिक खराबी हटाउनको निम्ति शारीरिक ताड़नाको भूमिका र महत्त्व बुझिन्छ । जुन छोरा कसैको चीज वा आमाको पैसा चोरी गर्ने परीक्षामा पर्छ, त्यस छोराले बितेको समयमा खाएको पिटाइको दुःखाइको सम्झना गर्छ र आफ्नो पापी विचार छोड्छ ।

**हितोपदेश २१ः१ः** *'राजाको हृदय परमप्रभुको हातमा छ; पानीका नदीहरूजस्तै, उहाँले जहाँ चाहनुहुन्छ, त्यहाँतिर त्यो फर्काउनुहुन्छ ।'* पानीको नाला वा कुलोले पानी बग्ने निशाना निर्धारित गर्छ, ठीक योजस्तै परमप्रभुले राजा र शासकहरूका विचार, वचन र कामहरू नियन्त्रण गर्नुहुन्छ र हस्तक्षेप गर्नुहुन्छ । हे दमनकारी सरकारको अधीनतामा बस्ने ख्रीष्ट-विश्वासीहरूहो, यस कुराबाट उत्साह पाउनुहोस् ! हे सुसमाचारको सन्देश लिएर ख्रीष्ट-विरोधी देशहरूमा पठाइएका मिशनरी भाइहरूहो, यस कुराबाट हिम्मत पाउनुहोस् !

**हितोपदेश २१ः२ः** कसैले पनि आफ्नो जीवन र सेवकाइ सठीक रूपले मूल्याङ्कन गर्न सक्दैन । किनभने मानिसले बाहिर देखा परेका कुराहरूअनुसार सबै कुराहरू जाँच्छ । तर परमप्रभु हृदयभित्र भएका विचार, प्रेरणा, उद्देश्य र भावनाहरू नापजोख गरेर जाँच्नुहुन्छ ।

**हितोपदेश २१ः३ः** परमप्रभु होमबलिहरू र अन्य बलिदानहरूमा प्रसन्न हुनुहुन्न; किनकि उहाँको आज्ञापालन गर्नु उहाँलाई प्रसन्न तुल्याउने मुख्य कुरा हो (१ शमूएल १५ः२२) । परमेश्वर रीतिवादी हुनुहुन्न । उहाँले हामीबाट आन्तरिक हृदयको सच्चाइ खोज्नुहुन्छ; खास कुरा यही हो ।

**हितोपदेश २१ः४ः** यस नीतिवचनमा परमेश्वरको दृष्टिमा पाप ठहरिएका तीनवटा कुराहरू पेश गरिएका छन्, जस्तैः चढ़ेको आँखा, घमण्डी हृदय र दुष्ट मानिसहरूको जोताइ। चढ़ेको आँखाले बाहिर देखा परेको छलकपटको बाहिरी रूप हो भने, घमण्डी हृदय त्यसको आशय र ट्याङ्की हो। अनि दुष्ट मानिसहरूको जोताइको अर्थ तिनीहरूको परिश्रम, समृद्धि, सुख वा आशा होला।

**हितोपदेश २१ः५ः** यहाँ आफ्नो जीविका चलाउन परिश्रम गर्ने मानिसको तुलना एकै रातमा धनी हुन खोज्ने मानिससित गरिएको छ। परिश्रम गर्नेको भरपूरी र धनी हुन खोज्नेको गरिबी सुनिश्चित छ।

**हितोपदेश २१ः६ः** ठगेर वा झूट बोलेर धनी हुन खोज्नेहरू हावाको पछि लागेका छन्; किनभने जुन कुरा तिनीहरूले पछ्याइरहेका छन्, त्यो कुरा उड़ेर लोप हुँदै जान्छ; अनि तिनीहरूचाहिँ? तिनीहरू आफ्नो छलद्वारा नाश हुनेछन्। तिनीहरू मरुभूमिमा मृग-तृष्णाको पछि लाग्ने यात्री हुन्, जुन मृगतृष्णा तिनीहरूको मृत्युको फन्दा बन्छ।

**हितोपदेश २१ः७ः** *'दुष्टहरूको अत्याचारले तिनीहरूलाई नष्ट पार्छ; किनकि तिनीहरू न्याययुक्त काम गर्न अस्वीकार गर्छन्।'* नैतिकताको जगत्मा एउटा आत्मिक नियमले काम गर्दैछ; यसकारण अत्याचार, दुष्टता र अन्याय गर्नेहरू दण्ड नपाई उम्कने-छैनन्, अहँ, दण्ड नपाई कहिल्यै उम्कने-छैनन्।

**हितोपदेश २१ः८ः** यो पद डार्बीको अनुवाद यस प्रकारको छः 'दोषी मानिसको चाल एकदम टेढ़ा हुन्छ; तर शुद्ध मानिसको काम सीधा हुन्छ।' अपराधले दोषी मानिसलाई आफ्नो दोष छोप्न झूट बोल्न, छद्मवेष लिन, डराउन र छलकपट गर्न लाउँछ। तर जुन मानिसले आफ्ना पापहरू मानिलिन्छ र छोड़्छ, त्यस मानिससँग लुकाइराख्ने कुनै कुरा छैन; किनकि ऊ ज्योतिमा हिँड़्छ।

**हितोपदेश २१ः९ः** बाइबलको समयमा इस्राएल देशमा घरहरूको छत समतल हुन्थ्यो। अनि यस नीतिवचनले के भन्छ भने *'झगड़ालु स्वास्नीसँग एउटा ठूलो घरमा एकसाथ बस्नुभन्दा बरु कौसीको कुनामा बस्नु उत्तम हो।'* किचकिच गर्ने झगड़ालु चुच्ची पत्नीसँग भव्य भवनमा जिउनुभन्दा कौसीको साँघुरो कुनामा बसेर गर्मी, जाड़ो, हावा, पानी, हिउँ र असिना सहनु बढ़िया हुँदो रहेछ। बाहिरबाट आउने आँधीबेह्रीहरू सहन सकिन्छ, तर घरपरिवारभित्र चल्ने तुफान सहन गाह्रो पर्छ।

**हितोपदेश २१ः१०ः** दुष्ट मानिसको मनले घरिघरि नयाँ र फेरि नयाँ खराबीको रचना गर्छ। त्यसको छिमेकीको निम्ति त्यसको मनमा कुनै दयामाया छैन। त्यसले जानी-जानी पाप गर्छ र त्यसको पाप निर्दयी हुन्छ। आधुनिक समाजशास्त्रीय विचारधारणाहरूले अपराधको निम्ति सास्ता, निकम्मा बहानाहरू निकालेका छन्, जुनचाहिँ मतलबहीन र बित्थाका हुन्छन्।

**हितोपदेश २१ः११ः** गिल्ला गर्नेले आफूले भोगेको सजायबाट केही नसिक्ला, तर बोधो मानिस यो देखेर चेत्छ। कसैले बुद्धिमान् मानिसलाई सजाय दिनुपर्दैन; किनभने ऊ शिक्षा सुनेर सिक्छ।

**हितोपदेश २१ः१२ः** *'धर्मी जनले बुद्धि लगाएरै दुष्टको घर विचार गर्छ; तर परमेश्वरले दुष्टहरूको दुष्टताको खातिर तिनीहरूलाई पल्टाइदिनुहुन्छ।'* परमेश्वरले होशियारसाथ भक्तिहीन मानिसहरूका सबै कामकुराहरू ख्याल गर्नुहुन्छ। अनि ठीक समयमा उहाँले तिनीहरूको ज्वार भाटामा परिणत गर्नुहुन्छ र तिनीहरूमाथि विनाश ल्याउनुहुन्छ।

**हितोपदेश २१ः१३ः** लूका १६ः१९-३१ पदको खण्डमा प्रस्तुत गरिएको धनी मानिसलाई आफ्नो घरको ढोकामा बसिरहेको गरिब भिखारीको अति आवश्यक खाँचो के परबाह? परलोक पुगेपछि ऊ साह्रै कष्टमा तड्पिरहेको थियो, तर उसको पुकार कसैले सुनेन, कसैले ध्यान दिएन।

**हितोपदेश २१ः१४ः** पवित्र बाइबलमा कति तथ्यहरू पेश गरिएका छन्, तर यसो गरेर ती कुराहरूको अनुमोदन भएको छैन। यसको जानकारीमा आएको कुरा होः त्यहाँ एकजना रिसाएको मानिस थियो, जसको रिस एउटा उपहारले शान्त पार्‍यो। अनि अर्को एकजना मानिस थियो, जो साह्रै क्रोधित भएको थियो, अनि त्यसलाई पनि गोजीबाट निकालिएको घूसले शान्त पार्‍यो।

**हितोपदेश २१ः१५ः** *'न्यायप्रेमीलाई न्यायको काम गर्न आनन्द लाग्छ; तर कुकर्म गर्नेहरूमाथि विनाश आइपर्नेछ।'* यस पदले ख्रीष्ट येशूको दोस्रो आगमनमा भइरहेको कुराको पूर्वचित्रण गर्छ। किनभने उहाँको आगमन मुक्ति पाएकाहरूको निम्ति परम हर्षको दिन हुनेछ, तर अरू सबै मानिसहरूको निम्ति डरत्रासको दिन हुनेछ (२ थेस्सलोनिकी १ः६-९)।

**हितोपदेश २१ः१६ः** हितोपदेशको पुस्तकमा सबै किसिमका मानिसहरूको विषयमा लेखिएको छ। यहाँ प्रस्तुत गरिएको मानिस पापको मरुभूमिमा फिरन्ते डुलुवा रहेछ। त्यसको अन्तिम झलक लिनुहोस्ः त्यसले अन्तमा मरेकाहरूका आत्माहरूको सभामा विश्राम पाएको रहेछ।

**हितोपदेश २१ः१७ः** दाखमद्य र तेलचाहिँ शानदार र सुखभोगी जीवनका प्रतीक हुन्। तर यस प्रकारको जीवनले सन्तुष्टि र तृप्त के दिन सक्छ र? यी लोभ्याउने सुखदायक चीजहरूले बरु हामीलाई गरिब पो तुल्याउँछन्। किनकि यस प्रकारको विलासी जीवनले आर्थिक स्रोत सुकाउँछ र सुखभोगी मानिसलाई आत्मिक गरिबीमा पुर्‍याएर छोड्छ।

**हितोपदेश २१ः१८ः** यशैया ४३ः३ पदमा परमेश्वरले भन्नुभयो, कि उहाँले मिस्र देश इस्राएली जातिको छुटकाराको दाम ठहर्‍याएर तिनीहरूको निम्ति दिइहाल्नुभयो। परमप्रभुले राजा कोरेसलाई तिनले यहूदीहरूलाई बन्दीबाट छुटकारा दिएको खातिर मिस्र देश र आसपासका राज्यहरू कब्जा गर्न दिनुभयो।

यस पदको अर्थ यसमा सीमित किन राख्ने? यहाँ, यस पदमा धर्मी जनहरूको छुटकाराको निम्ति दुष्टहरूले दण्ड पाउँछन् भन्ने सामान्य शिक्षा पेश गरिएको छ।

**हितोपदेश २१ः१९ः** *'झगड़ालु र रिसाहा स्वास्नीसँग बस्नुभन्दा त बरु उजाड़स्थानमा बस्नु उत्तम हो।'* यस पदमा रचनाकारले विशुद्ध हास्य हालेका छन्। हितोपदेशका लेखकले झगड़ा गर्ने सधैं बेखुशी भएकी नाराज पत्नीसित बस्नुभन्दा बरु उजाड़स्थानको एकलैपन, त्यस दुर्गम ठाउँका असुविधाहरू सहन रुचाउँथे।

**हितोपदेश २१ः२०ः** यस पदमा बुद्धिमान् मानिसको चितिक्क घरको तुलना मूर्ख मानिसको घरसित गरिएको छ। बुद्धिमान् मानिसको घरमा सबै असल कुराहरूको भरपूरी छ भने, मूर्ख मानिसको घरमा पाप छ, फिजुलखर्च र बरबाद छ; यसकारण त्यसको घरमा अपुग हुन्छ-हुन्छ।

यस कुराले मलाई त्यस मतवालाको सम्झना दिलायो, जसले रक्सी किन्न घरका कुर्सी-टेबल आदि सामग्रीहरू बेच्थ्यो। पछि त्यो मानिस ख्रीष्ट येशूकहाँ आयो; त्यसले मुक्ति पायो। त्यस भाइको जीवन परिवर्तन भएको केही समयपछि एकजनाले त्यसलाई सोधेछः 'येशूले पानी दाखमद्यमा परिवर्तन भएको कथा के तिमीले विश्वास गर्छौ?' त्यस भाइको उत्तर यस प्रकारको थियोः

'पानी दाखमद्य बनेको विषयमा म अनजान छु; तर प्रभु येशूले मेरो घरमा रक्सी फर्नीचर तुल्याउनुभएको मलाई पूरै थाहा छ।'

**हितोपदेश २१:२१:** यस पदमा भन्न चाहेको तात्पर्य यस प्रकारको छः जुन मानिस धार्मिकता र कृपाको पछि लागिपर्छ, त्यस मानिसले खोजेको भन्दा धेरै पाउँछ। किनभने उसले धार्मिकता मात्र होइन, तर जीवन, धार्मिकता र आदर पाउँछ।

**हितोपदेश २१:२२:** बुद्धिमान् ख्रीष्ट-विश्वासीले शत्रुको गढ़ ढालिदिन्छ; यसो गर्न उसले तोप र बमहरू प्रयोग गर्दैन, तर विश्वास, प्रार्थना र परमेश्वरको वचन सदुपयोग गर्छ (२ कोरिन्थी १०:४)। जुन कुरा आत्मिक संघर्षमा शस्त्र-बलले पूरा गर्न सकिँदैन, त्यो कुरा आत्मिक बुद्धि लगाएरै पूरा हुन्छ।

**हितोपदेश २१:२३:** जसले आफ्नो मुखमा लगाम लगाउँछ, उसले आफूलाई थुप्रै समस्याहरूबाट बचाउँछ। *'यही प्रकारले जिब्रो पनि एउटा सानो अङ्ग हो, जसले ठूला-ठूला कुराहरूको विषयमा घमण्ड गर्छ। हेर, एउटा सानो आगोले कति ठूलो वनमा आगो लगाइदिन्छ! ठीक त्यस्तै जिब्रो एउटा आगो हो, अधर्मको एउटा संसारै हो। जिब्रो हाम्रा अङ्गहरूमध्ये यसरी राखिएको छ, कि त्यसले सारा शरीरलाई अशुद्ध पार्छ र प्रकृतिको चक्रमा आगो लगाइदिन्छ; अनि त्यसमा नरकद्वारा आगो सल्केको छ'* (याकूब ३:५-६)।

**हितोपदेश २१:२४:** जब तपाईंले एउटा घमण्डी, हठधर्मी मानिसलाई भेट्नुहुन्छ, तब तपाईंले त्यस मानिसको नाम 'गिल्ल्याहा' राख्न सक्नुहुन्छ; किनकि त्यसको खास नाम यही हो। अनि त्यसको नामले त्यसको व्यक्तित्व बताउँछ; *'किनकि जस्तो उसको नाम छ, ऊ त्यस्तै हुन्छ'* (१ शमूएल २५:२५)।

**हितोपदेश २१:२५-२६:** अल्छी मानिस ठूलो चपेतामा परेको छ; किनकि एक त त्यसले सम्पत्तिको लोभलालच गर्छ; अनि दुई, त्यसले काम गर्न मान्दै-मान्दैन। त्यसको दोधारले त्यसलाई मार्छ। त्यसले मनको तरङ्गमा तैरिएर आफ्नो समय बरबाद गर्छ; त्यसका आकङ्क्षाहरू त्यसलाई हतोत्साहित पार्ने निराशा हुन्। तर धर्मी जनले परिश्रम गर्छ र पैसा कमाउँछ; त्यसले उदारचित्तले असल कल्याण-कार्यहरूको निम्ति दान दिन्छ।

**हितोपदेश २१:२७:** मुक्ति नपाएका पापी मानिसहरूले दिएका अनुदानहरूबाट परमेश्वरले कुनै चासो राख्नुहुन्न, तर घृणाले आफ्नो मुख फर्काउनुहुन्छ। उहाँलाई किन्न खोजेको मनसाले चढ़ाइएको दानले उहाँमा घिन र अमन पैदा गर्छ। के उहाँले कुनै दुष्ट युक्ति माफ दिनुहुन्छ, मन्जुर गर्नुहुन्छ वा त्यसलाई आशिष दिनुहुन्छ?

**हितोपदेश २१:२८:** यस पदको आर.एस.वी.-अनुवाद यस प्रकारको छः 'झूटो साक्षी नाश हुनेछ; तर ध्यानसित सुन्ने मानिसको वचन सधैं रहिरहनेछ।' झूटो गवाहीले 'म सत्य, केवल सत्य बोल्छु' भनेर परमेश्वरको उपस्थितिमा शपथ खान्छ; तर त्यसपिछ त्यसले त्यो झूटो कसम भङ्ग गरेर जानीबुझी झूट बोल्छ। तर ध्यानसित सुन्ने र इमानदारपूर्वक उत्तर दिने मानिसले दिएको साक्षी हल्लाउन नसक्ने गरी अटल रहन्छ।

**हितोपदेश २१:२९:** दुष्ट मानिसको कठोर अनुहारबाट त्यो आफ्नो अधर्ममा अडिग रहेको थाहा लाग्छ। त्यसको निधार पित्तलको हुन्छ। सीधा चाल चल्ने मानिसको व्यवहार सुव्यवस्थित र सुरक्षित हुन्छ; किनकि ऊ शिक्षणीय रहिरहन्छ।

**हितोपदेश २१:३०:** परमेश्वरको बुद्धि, समझ, कौशलता र दक्षताको सामु मानिसका क्षमताहरू सूक्ष्म हुन्छन्। तब के मानिसले परमप्रभुको विरोधमा रचेका योजनाहरू

विफल हुनुपर्दैन र? 'परमप्रभुको हरेक योजना पूरा हुने नै छ' (यर्मिया ५१:२९)।

**हितोपदेश २१:३१:** लड़ाइँ जित्न मानिसहरूले यसको तयारीमा अनेक योजनाहरू बनाउलान्; तर लड़ाइँको दिनमा विजयचाहिँ परमप्रभुबाट आउँछ; किनभने विजय उहाँबाट मात्र आउँछ। घोड़ाहरूरूपी अणुबमहरूमाथि भरोसा गर्नुभन्दा उहाँमाथि भर पर्नु उत्तम हो (भजन २०:७)।

श्री प्लम्प्टरले हितोपदेश २१:३०-३१ पदको सार यस प्रकारले दिएका छन्:

> 'परमेश्वरको विरोधमा कुनै सीप लाग्दैन भने परमेश्वरविना हाम्रो सीप केही पनि लाग्दैन।'

**हितोपदेश २२:१:** सुनाम भएको मानिसको नाम चलेको छ, समाजमा उसको कीर्ति बढ़ेको छ। सुनामचाहिँ असल चरित्रले कमाएको फल हो। धेरै सम्पत्तिभन्दा यश उत्तम हो, अँ, त्योभन्दा मूल्यवान्, शक्तिशाली र अमर हो। ठीक यही कारणले अनुग्रह र कृपादृष्टि पाउनु पनि सुनचाँदीभन्दा उत्तम हो।

**हितोपदेश २२:२:** समाजमा मानिसहरूका स्तरहरू विभिन्न छन्, तर ती स्तरहरू बनावटी हुन्, किनभने मानव जातिका सबैजनाको सृष्टिकर्ता एकैजना हुनुहुन्छ। अनि मानिसहरूलाई एक-अर्काबाट छुट्ट्याउने यी स्तरहरू मानिसहरूको मृत्यु भएपछि हराइहाल्छन्; तब तिनीहरू सबै बराबर हुनेछन्।

**हितोपदेश २२:३:** *'समझदार मानिसले आइलागेको खराबी अघिबाट देख्छ, र लुक्छ।'* समझदार मानिसले भविष्यको कुरा ख्याल गर्छ र आउन लागेको न्यायबाट लुक्छ। इस्राएलीहरूले निस्तारको रातमा यसो गरे। तिनीहरूले घरका ढोकाहरूमा निस्तारको पाठोको रगत लगाए। अनि हामीचाहिँ? परमेश्वरको न्यायबाट उम्कन हामी ख्रीष्ट येशूमा शरण लिएको हुनुपर्छ।

*'... तर बोधा मानिसहरू अघि बढ्छन् र दण्ड भोग्नेछन्।'* आफ्नो मूर्खतामा अघि बढ्ने मानिसहरूले यसको निम्ति दाम चुकाउनुपर्छ (मोफ्फत)।

**हितोपदेश २२:४:** नम्रता र परमप्रभुको भयचाहिँ मन नलाग्ने सादा, सामान्य कुरा देखिन्छन्। तर के तपाईंले यी सद्गुणहरूबाट आउने फाइदा उठाउनुभयो? के तपाईंले आत्मिक धन, ईश्वरीय सम्मान र भरपूर जीवन पाउनुभयो? पाउनुभएन भने, नम्रता र परमेश्वरको भय अपनाएर तपाईंले यी आशिषहरू पाउने चेष्टा गर्नुहोला।

**हितोपदेश २२:५:** टेढ़ा मानिसको बाटोमा हर प्रकारको समस्या र कष्ट हुन्छन्। अनि जुन मानिसले आफूलाई शुद्ध राख्छ, त्यो मानिस यी समस्या र कष्टहरूबाट बाँच्छ।

**हितोपदेश २२:६:** *'जुन बाटो बालक हिँड्नुपर्छ, त्यही बाटोको तालिम उसलाई देऊ, र वृद्ध हुँदा पनि ऊ त्यसबाट हट्नेछैन।'* यस पदको सर्वमान्य व्याख्या यस प्रकारको छः छोराछोरीलाई दिइएको तालिमले उसलाई उसको जीवनको अन्तसम्म प्रभावित पार्छ। यसकारण आउनुहोस्, हामी आफ्ना छोराछोरीहरूलाई सबैभन्दा असल तालिम दिऔं र प्रभुमा हुर्काऔं! हाम्रा छोराछोरीहरूमध्ये कोही-कोही होलान्, जसले बाटो बिराउलान्; तर यहाँ प्रस्तुत गरिएको नियम प्रायः सत्य ठहरिएको छ। श्री हेन्री वार्ड बीचरले यस प्रकारको टिप्पणी गरेका छन्:

> 'चाहे बोटबिरुवा होस्, चाहे छोराछोरी होस्, त्यो कलिलो हुँदा हुर्काउन, बढ़ाउन र उचित तालिम दिन सजिलो पर्छ; तर पछिबाट तिनीहरूमा बाङ्गा भएका, बिग्रेर गएका कुराहरू सच्च्याउन गाह्रो छ।' 34)

चार्लस र जोह्न वेस्लीकी आमा सुसन्नाहले आफ्ना सत्रजना छोराछोरीहरूलाई हुर्काउन निम्न नियमहरू अपनाएकी थिइन्: **क)**

छोराछोरीको हठ र मनमानी गर्ने इच्छा दमन गर्नुपर्छ; यसमा हामीले परमेश्वरलाई साथ दिनुपर्छ, जसले हाम्रा छोराछोरीहरूलाई बचाउन चाहनुहुन्छ। **ख)** छोराछोरीले बोल्न सिक्नासाथ उसलाई प्रार्थना गर्न सिकाउनुपर्छ। **ग)** उसले जिद्दी गरेर पाउन खोजेको कुनै थोक दिनुहुँदैन; उसले विनम्रसाथ माग्यो भने उसको भलाइ गर्ने कुरा मात्र दिनु हुन्छ। **घ)** छोराछोरीलाई झूट बोल्नुबाट बचाउनको निम्ति उसले स्वतन्त्र इच्छाले मानिलिएको गल्तीको लागि कहिल्यै सजाय दिनुहुँदैन; तर कुनै विद्रोही, पापमय कामकुरा दण्ड नदिई छोड्नुहुँदैन। **ङ)** उसलाई असल व्यवहार देखाएकोमा स्वाबासी र इनाम दिनुपर्छ। **च)** आफूले छोराछोरीलाई गरेका सबै प्रतिज्ञाहरू हामीले होशियारीसाथ पूरा गर्नुपर्छ।

यस पदले भन्न खोजेको कुरा यो पनि हुन सम्भव छः बुबाआमाहरूले आफ्ना छोराछोरीहरूलाई तिनीहरूका स्वाभाविक क्षमताहरूअनुसार हुर्काउन र तालिम दिनुपर्छ; हामीले आफ्ना छोराछोरीहरूलाई तिनीहरूले चाहना नगरेका पेसा वा कामधन्दा अपनाउने करमा पार्नुहुँदैन। यस सिलसिलामा श्री डेरेक किड्नरले यसो भनेका छन्ः

> 'हामीले छोराछोरीको व्यक्तित्व र उसको बोलावटमाथि ख्याल राख्नुपर्छ, तर उसलाई आफ्नो हठमा चल्न दिनुहुँदैन भन्ने कुरा यस पदको शिक्षा हो।'

अनि यस नीतिवचनले हामीलाई यो चेताउनी पनि दिन खोजेको होः आफ्नो छोराछोरीलाई आफ्नो हठमा चल्न दिएर उसलाई छाड़ा छोड़ेमा उसले पछिबाट आफ्नो जीवन बरबाद गर्न र स्वकेन्द्रित जीवन जिउन छोड्दैन। यस सम्बन्धमा श्री जेय एडम्सले यसो लेखेका छन्ः

> 'बुबाआमाहरूले यो पद प्रतिज्ञाको रूपमा होइन, तर चेताउनीको रूपमा लिनुपर्छ; किनभने तिनीहरूले आफ्नो छोराछोरीलाई आफ्नो इच्छाअनुसार चल्न दिन्छन् र उसलाई बढ़ी माया गरेर उसको तालिम दिने कुरा उसको हातमा छोड्छन्। पछि ऊ ठूलो भएपछि उसको व्यवहारमा असल परिवर्तन आउला भन्ने तिनीहरूले आशा नगरे हुन्छ; किनभने छोराछोरीहरू पापी स्वभावसित जन्मिन्छन्; यसकारण तिनीहरूलाई आफ्नो हठमा चल्न छोड़ेमा तिनीहरूमा स्वभावैले पापी प्रतिक्रिया जनाउने बानी विकास गरेर बसालिन्छ। यसकारण यस पदको आधारभूत शिक्षा यस प्रकारको छः छोराछोरीहरूको बाल्यकालमा बसालिएका आदतहरूले तिनीहरूमा गहिरो जरा हाल्दा र बलियो जग बसाल्दा रहेछन्।' [35)]

**हितोपदेश २२ः७ः** पैसामा शक्ति छ, अनि त्यसको शक्ति असल र खराबको निम्ति प्रयोग गर्न सकिन्छ। अनि प्रायः धनी मानिसहरूले पैसाको शक्ति बेप्रयोग गर्छन्। अनि हुन सक्छ, यही कारणले पैसाचाहिँ अधर्मको धन भनिएको छ होला (लूका १६ः९)।

*'अनि ऋण लिने ऋणदाताको दास हुन्छ।'* यसो हो भने, ऋणचाहिँ बन्धनमा पार्ने खालको कुरा हो। किनभने ऋणमाथि अत्यधिक सुद लगाइन्छ। यसकारण ऋणीको उन्नति हुनै सक्दैन; ऋण त्यसको स्वतन्त्रतामा बाधा पार्छ; उसलाई दिइएका मौकाहरू उसले छोप्नै सक्दैन, तीबाट फाइदा उठाउनै सक्दैन।

**हितोपदेश २२ः८ः** जसले अधर्मको बीउ छर्छ, त्यसले यसबाट के लाभ पाउँछ र? अधर्मको निम्ति त्यसको कटनी विनाश पो हुनेछ। अनि अरूलाई वशमा पार्ने त्यसले जुन रिसको दमनकारी नीति अपनायो, त्यो कुनीति विफल हुन्छ-हुन्छ।

**हितोपदेश २२ः९ः** अरू मानिसहरूलाई उपकार गर्ने उदारचित्त मानिस आशिषित हुन्छ। उसले गरिबहरूलाई आफ्नै भोजनबाट

दिन्छ; यस कुराले उसलाई तत्कालै आनन्द दिन्छ भने, भविष्यमा यसले उसलाई इनाम दिलाउनेछ।

**हितोपदेश २२:१०:** शिक्षा, अर्ती र हप्की नसुन्ने गिल्ल्याहालाई अन्तमा निकाल्नुपर्छ। *'गिल्ला गर्नेलाई निकालिदेऊ!'* यो परमेश्वरको आदेश हो। इश्माएललाई घरबाट निकालिएपछि अब्रामको घरमा झगड़ा, अपशब्दको वज्रपात र गाली बन्द भयो (उत्पत्ति २१:९-१०)।

**हितोपदेश २२:११:** *'जुन मानिसले हृदयको चोखोपन प्रेम गर्छ, त्यस मानिसका ओठहरूमा अनुग्रह रहेको हुनाले राजा उसको साथी हुनेछन्।'* जसले हृदयको शुद्धता मन पराउँछ, उसको बोली अनुग्रहले स्वादिलो पारिन्छ; अनि यसले गर्दा उसले राजासित घनिष्ठ सङ्गत पाउँदो रहेछ। परमेश्वर त्यो राजा हुनुभएदेखि उहाँसितको सङ्गति मित्रसँग जस्तो, कस्तो-कस्तो, विचार गर्नुहोस्!

> उपकार गर्ने थोरै शब्दले, सहानुभूति देखाइएको प्रेमको कुनै व्यवहारले, अरूको दुःखमा बगाइएको आँसुले कतिजनाको टुटेको हृदय मलमपट्टि गरेको र निको पारेका छ, र एउटा असल मित्रलाई कमाएको छ।
>
> अज्ञातको रचना

**हितोपदेश २२:१२:** परमप्रभु आफैले सत्यको ज्ञानको रक्षा गर्नुहुन्छ र पुस्ता-पुस्तासम्म स्थिर राख्नुहुन्छ। यसकारण सत्यको ज्ञान यस पृथ्वीबाट कहिल्यै नष्ट हुनेछैन, त्यसको विरोधमा उठिरहेको शैतान र मानिसहरूका दुष्ट युक्तिहरू जेजति किन नहोऊन्। किनभने परमप्रभुले झूटो शिक्षा पल्टाइदिनुहुन्छ र झूटहरूको पर्दाफास गर्नुहुन्छ।

**हितोपदेश २२:१३:** अल्छी मानिसले काम गर्नु नपरोस् भन्ने हेतुले किसिम-किसिमका बहानाहरू निकालिहाल्छ, त्यसको बहाना जति हाँसउठ्दो किन नहोस्। यहाँ त्यसको बहाना यस प्रकारको छः शहरका सड़कहरूहुँदो एउटा गर्जने सिंह हिँड़िरहेको छ रे। शहरको सड़कमा कुनचाहिँ सिंह डुलिहिँड्छ? त्यो त एउटा म्याउँ-म्याउँ गरिरहेको बिरालो पो हुनुपर्ला, होइन र?

**हितोपदेश २२:१४:** व्यभिचारी स्त्रीका मोहक शब्दहरूको फन्दाबाट उम्कन गाह्रो पर्छ। अनि जुन मानिस परमप्रभुबाट पर-पर सरेर जान्छ, त्यो मानिस त्यसको पासोमा पर्छ-पर्छ। सम्झना रहोस्ः जुन मानिसहरूले परमेश्वरको ज्ञान रद्द गरेका छन्, ती मानिस-हरूलाई उहाँले त्यागेर तिनीहरूलाई आफ्ना पापमा छोड्नुहुन्छ (रोमी १:२४, २६ र २८)।

**हितोपदेश २२:१५:** बालबालिकाको हृदयमा दुष्ट्याइँ र हठी स्वभाव उसको जन्मगत अवगुण हो; तर ताड़नाको छड़ीले चाकमा लगाएर उसबाट यी अवगुणहरू निकाल्न सक्छ। यस सिलसिलामा श्री मेथ्यू हेन्रीले निम्न सल्लाह दिएका छन्ः

> 'बुबाआमाहरूले आफ्ना छोराछोरीहरूलाई ताड़ना दिनैपर्छ र अनुशासनमा राख्नैपर्छ। अनि हामीचाहिँ? हामी सबैजनलाई परमेश्वर पिताको अनुशासनको खाँचो पर्छ (हिब्रू १२:६-७)। अनि उहाँको ताड़नाको अधीनतामा बस्दा हामीले आफ्नो मूर्खतालाई प्रहार गर्नुपर्छ र छड़ीलाई चुम्बन गर्नुपर्छ।' [36]

**हितोपदेश २२:१६:** जुन कामको मालिकले आफूलाई धनी तुल्याउन कामदारहरूलाई कमभन्दा कम मजदुरी दिन्छ, त्यसले आफ्नै हानि गर्छ, र त्यो एकदिन खाँचोमा पर्नेछ। ठीक त्यस्तै धनी मानिसलाई दिने व्यक्तिको अपुग हुनेछ; त्यसले धनीको आकर्षण आफूतिर खिच्न यसो गरेको होला। तब हामी कसलाई दान दिएको उचित होला? के उसलाई होइन, जसले हाम्रो गुण फर्काउन सक्दैन? अवश्य हामी यस्ताहरूलाई दान दिनुपर्छ।

# खण्ड ४

# हितोपदेश २२:१७-२४:३४:

## अरू बुद्धिमान् मानिसहरूले बोलेका उखानहरू

### क) हितोपदेश २२:१७-२४:२२: बुद्धिमान् मानिसहरूले रचेका नीतिवचनहरू

**हितोपदेश २२:१७:** यस पदबाट यस पुस्तकको नयाँ खण्ड शुरु हुन्छ। हितोपदेश २२:१७-२१ पदहरूले यस नयाँ खण्डको परिचय दिन्छन् (हितोपदेश २२:२२-२४:२२); किनभने यहाँ हामीलाई बुद्धिमान्-हरूका वचनहरूमा आफ्ना कान लगाएर ध्यानसित सुन्ने आह्वान गरिएको छ। हुन सक्छ, राजा सुलेमानले यी नीतिवचनहरूमध्ये कतिवटा अरू मानिसहरूबाट लिएर संग्रह गरे होलान्। तर यस पदको दोस्रो खण्डबाट के बुझिन्छ भने, यी नीतिवचनहरू पनि प्रायः तिनको रचना हुँदा रहेछन्।

**हितोपदेश २२:१८:** मानिसले ती हितोपदेशहरू आफ्नो मनमा राख्नुपर्छ, अर्थात् ती नीतिवचनहरूको सम्झना गर्नुपर्छ र तिनको आज्ञापालन गर्नुपर्छ। उसले ती वचनहरू आफ्ना ओठहरूमा लगाउनुपर्छ, अर्थात् ती वचनहरू अरूलाई सुनाउनुपर्छ।

**हितोपदेश २२:१९:** राजा सुलेमानले यी नीतिवचनहरू किन रचे त? श्रोताहरूले परमप्रभुमाथि भरोसा राख्न सिकून् भनेर नै तिनले यी वचनहरू रचे।

**हितोपदेश २२:२०:** यो पद आर.एस.वी-अनुवादअनुसार यस प्रकारको छः 'के मैले तिमीलाई सरसल्लाहहरू र शिक्षाको रूपमा तीसवटा उक्तिहरू उल्लेख गरेको छैनँ र?' यसकारण कति विद्वान्हरू छन्, जसले २२:२२-२४:२२ पदहरूको खण्ड तीसवटा ससाना खण्डहरूमा भाग लाउँछन्, जस्तैः

१) हितोपदेश २२:२२-२३
२) हितोपदेश २२:२४-२५
३) हितोपदेश २२:२६-२७
४) हितोपदेश २२:२८
५) हितोपदेश २२:२९
६) हितोपदेश २३:१-३
७) हितोपदेश २३:४-५
८) हितोपदेश २३:६-८
९) हितोपदेश २३:९
१०) हितोपदेश २३:१०-११
११) हितोपदेश २३:१२
१२) हितोपदेश २३:१३-१४
१३) हितोपदेश २३:१५-१६
१४) हितोपदेश २३:१७-१८
१५) हितोपदेश २३:१९-२१
१६) हितोपदेश २३:२२-२५
१७) हितोपदेश २३:२६-२८
१८) हितोपदेश २३:२९-३५
१९) हितोपदेश २४:१-२
२०) हितोपदेश २४:३-४
२१) हितोपदेश २४:५-६
२२) हितोपदेश २४:७
२३) हितोपदेश २४:८-९
२४) हितोपदेश २४:१०
२५) हितोपदेश २४:११-१२
२६) हितोपदेश २४:१३-१४
२७) हितोपदेश २४:१५-१६
२८) हितोपदेश २४:१७-१८
२९) हितोपदेश २४:१९-२०
३०) हितोपदेश २४:२१-२२

अनि बेक्लीको अनुवादअनुसार यस पदको अनुवाद यस प्रकारको छः 'के मैले तिमीलाई अघिबाट सरसल्लाह र ज्ञानको कुरा लेखिनँ र ?' हितोपदेश २२ः१९ पदमा 'आज' लेखिएको समयभन्दा अघिको समय बुझिन्छ ।

**हितोपदेश २२ः२१ः** हितोपदेशका लेखकले यहाँ यी सत्यताका वचनहरू किन पेश गरेको, सो कारण बताउँछन् । तिनका विद्यार्थीहरूले अरूलाई सिकाउन सकून्, जसले तिनीहरूबाट सल्लाह पाउने खोज्छन् । अथवा तिनीहरूलाई तालिममा पठाएका व्यक्तिहरूको चित्त बुझेको होस् भन्ने मनसाले यी सत्यका वचनहरू तिनीहरूको जिम्मामा सुम्पिइएका छन् ।

**हितोपदेश २२ः२२-२३ः** यस पदबाट हितोपदेश २४ः२२ पदसम्मको खण्ड शुरु हुन्छ । कसैले पनि असहाय गरिबबाट फाइदा उठाउनुहुँदैन । कसैले पनि दुःखमा परेकोलाई मूलढोकामा अन्याय गर्नुहुँदैन । मूलढोका भन्नाले त्यस जमानाको कचहरी बुझिन्छ । किनभने परमेश्‍वर गरिबको मामिला लड्नुहुन्छ; उहाँले धनी अत्याचारीलाई र अन्याय गर्ने न्यायकर्तालाई सजाय दिनुहुनेछ ।

**हितोपदेश २२ः२४-२५ः** रिसाहा मानिसको साथी रिसाहा बन्छ; क्रोधी मानिसको कुसङ्गतको प्रभाव यति नराम्रो हुन्छ । कुसङ्गतले असल चालचलन बिगारिदिन्छ । अनि मानिसको चरित्र सङ्गतको फल हुँदो रहेछ । तब यस पासोमा किन पर्ने ? किनभने रिसको एकै झोकमा हाम्रो जीवन र साक्षी बिग्रिन सक्छ ।

**हितोपदेश २२ः२६-२७ः** हातमा हात ठोक्नेहरू भन्नाले जमानी बस्दा अरू कसैको ऋणको निम्ति बन्धक हुनेहरू बुझिन्छ । यसो गर्नु मूर्ख कुरा हो । के तपाईंसँग त्यसको ऋण तिर्ने औकात छ ? छैन भने, आफ्नो फर्नीचर तपाईंको घरबाट लैजाने खतरा तपाईं किन उठाउनुहुन्छ त ? तपाईंले यस प्रकारको असुविधा किन सहनुहुन्छ र आफूलाई यस प्रकारको शर्ममा किन पार्नुहुन्छ ?

**हितोपदेश २२ः२८ः** पुरानो साँध-सिमानाचाहिँ ढुङ्गाहरू थिए, जुन ढुङ्गाहरू कसैको जग्गाजमिनको सिमानामा लगाएर ती सिमाना-ढुङ्गाहरूले खुटीको काम गर्थे । बेइमानदारी मानिसहरूले राति आएर यी ढुङ्गाहरू सार्ने गर्थे र अरूको जमिन मिच्थे ।

आत्मिक हिसाबले पुराना साँधसिमाना-हरूको अर्थचाहिँ पवित्र जनहरूलाई एकैचोटि सदाको निम्ति सुम्पिएको विश्‍वास बुझ्नुपर्छ (यहूदा १ः३) । इसाई मतका आधारभूत शिक्षा-समूहमा कसैले पनि हस्तक्षेप गर्न पाउँदैन ।

**हितोपदेश २२ः२९ः** *'के तिमीले आफ्नो कामधन्दामा मेहनत गरेको मानिसलाई देखेका छौ ?'* तब तपाईं यस कुरामा सुनिश्‍चित हुन सक्नुहुन्छ, कि यस्तो सक्षम मानिस आदरको स्थानमा उठाइन्छ । उसले साधारण, नगण्य मानिसहरूको सेवा गर्नुपर्दैन । हामीले यो कुरा यूसुफ, मोशा, दानियल र नहेम्याहको जीवनमा देख्छौं । किनभने तर दूधमाथि तैरिन्छ ।

> 'महान् व्यक्तिहरूको उत्थान र तिनीहरूले पछिसम्म सम्हालिरहेका उच्च ओहोदाहरू एकै उड़ानले प्राप्त गरेको संयोगको फल थिएन । तर जब तिनीहरूका साथीहरू रातको निद्रामा मस्त हुन्थे, तब तिनीहरूले रातभरि उँभो पुग्न परिश्रम गर्थे ।'
>
> श्री हेन्री डब्ल्यू. लोङफेलो

**हितोपदेश २३ः१-३ः** यी पदहरूमा घिजुवा हुने र अतिभोजन गर्ने कुलतको विरोधमा चेताउनी दिइएको छ । जब हामी इज्जतवान् मानिसको साथमा एकै टेबलमा खाना बस्छौं, तब हामीले हाम्रो सामु भएका व्यक्ति को हुन्, सो राम्ररी विचार गर्नुपर्छ । हामीले आफ्नो घिच्रोमा छुरी लगाउनुपर्छ

अर्थात् हाम्रो खाने र पिउने बानीमा लगाम लगाउनुपर्छ ।

हितोपदेश २३ः३ पदले के सुझाउ दिन्छ भने, हामीलाई आफ्नो साथमा भोजन गर्ने निम्तो दिने मानिसको अभिप्राय शुद्ध नभएको हुन सक्छ; त्यसले यसरी हामीलाई प्रभावित पार्न वा किन्न खोज्ला । यो त त्यसको निस्वार्थी अतिथिसत्कार नहुनु पनि सम्भव छ । त्यसले हामीलाई आफ्नो जटिल उद्देश्यको निम्ति बेप्रयोग गर्न चाहला ।

**हितोपदेश २३ः४-५ः** *'धनी हुन परिश्रम नगर !'* यस प्रकारको 'बुद्धि'बाट हामी अलग बस्नु र जोगिनुपर्छ । किनभने धनी हुन खोज्ने मानिसको जीवन-लक्ष्य ठीक छैन, त्यसको मूल्याङ्कन बेठीक छ । जुन कुरा अमर हुँदैन, त्यस कुरामाथि हामी किन भर परौं ? यो सुनिश्चित छः धनबाट पखेटाहरू उम्रिन्छन्; किनकि हाम्रो धन उड़िजाने कुरा हो ।

**हितोपदेश २३ः६-८ः** अर्को एउटा सामाजिक समस्या छ, जसबाट हामी जोगिनुपर्छः खराब आँखा भएको मानिसको पाहुना नहुनुहोस् ! किनभने कन्जुस मानिसले हामीले खाएको हरेक गाँस डाहा गर्छ । त्यसले भनेको कुरा नपत्याउनुहोस् ! किनभने त्यसले आफ्नो मनमा जस्तो सोच्छ, त्यो त्यस्तै हुन्छ । मुखले त्यसले 'के म अझ खाना पस्काऊँ ? खाना मीठो छैन होला, तर मीठो मानेर बिस्तारै खानुहोस् र पिउनुहोस्' भनेर भन्ला, तर त्यसले हामीले खाएको हरेक गाँसको हिसाब लिन्छ ।

लिविङ बाइबलअनुसार यी पदहरूको भाव-अनुवाद यस प्रकारको छः 'खराब मानिसहरूसित सङ्गत नगर ! तिनीहरूका उपकार र कोसेलीहरूको चाह नगर ! तिनीहरूले देखाएको दया छल र फन्दा हो । होशियार, तिनीहरूले तिमीलाई आफ्नो चम्चा बनाउन खोज्दैछन् । तिनीहरूले तिमीलाई खुवाएका मीठा-मीठा खानेकुराहरू तिम्रो पेटमा तीता हुन जान्छन् र पच्दैनन् । तिनीहरूको भलाइ सम्झेको भोजनको निम्ति गुण फर्काएर तिमीले 'धन्यवाद, हजुरको खाना एकदम मीठो थियो' भनेर भनेका शब्दहरू खेर गए ।'

**हितोपदेश २३ः९ः** तपाईंले बोधो मूर्ख मानिसलाई सिकाउने कोशिश नगर्नुहोला । यसमा तपाईंको समय किन बरबाद गर्ने ? त्यसले अवश्य तपाईंका वचनहरू र तिनको बुद्धि तुच्छ ठान्नेछ ।

**हितोपदेश २३ः१०-११ः** उहिलेका सिमानाढुङ्गाहरू सारेर कसैको जमिन मिच्नु-हुँदैन । असहायहरूका जग्गाजमिनहरू हातमा पार्न तिनीहरूबाट नीच फाइदा उठाउनुहुँदैन । किनभने तिनीहरूको अन्यायको बदला लिनुहुने शक्तिशाली हुनुहुन्छ । के उहाँको सामु हामीले आफ्नो लेखा दिनुपर्दैन र ? निश्चय उहाँले तिनीहरूको पक्ष लिएर हाम्रो विरोधमा मुद्दा लड्नुहुनेछ ।

**हितोपदेश २३ः१२ः** शिक्षा प्राप्त गर्न कुनै चोरबाटो छैन । यसमा आत्मसंयम, अनुशासन र लगनशीलता चाहिन्छ, साथै यसको साथमा जीवनमा उतार्ने व्यावहारिकता पनि हुनुपर्छ । 'फलाना कुरा सिक्ने तीनवटा सरल पाठहरू' भन्ने झूटो आश्वासन दिने विज्ञापनहरू हामीले सरासर इन्कार गर्नुपर्छ ।

**हितोपदेश २३ः१३-१४ः** छोराछोरीलाई अनुशासनविना छाड़ा छोड्नु उसलाई माया गरेको कुरा होइन है । पवित्र बाइबलको शिक्षा छोराछोरीहरूलाई बढ़ी स्वतन्त्रता दिने पक्षमा छैन, तर तिनीहरूलाई छड़ी लगाएर तहमा ल्याउने पक्षमा पो छ । परमेश्वरको प्रतिज्ञा छः छड़ी लगाइएका हाम्रा छोराछोरीहरू मर्ने-छैनन् । ताड़नाले हाम्रा छोराछोरीहरूलाई मार्दैन भन्ने अर्थ यस वाक्यमा सम्भव देखिन्छ । तर छड़ी लगाएको हुनाले हाम्रा छोराछोरीहरू लापरवाही गर्नदेखि बाँच्छन् र अकालिक मृत्युमा पर्नेछैनन् भन्ने कुरा यस

वाक्यको सठीक अर्थ हुनुपर्ला। यसरी नै हामीले आफ्ना छोराछोरीहरूको जीवन चिहानबाट बचाउनेछौं, र हुन सक्छ, तिनी-हरूको आत्मा नरकबाट बचाइराख्नेछौं।

इस्राएलीहरूका प्रधान पूजाहारी एलीले आफ्ना दुष्ट छोराहरूलाई अनुशासन गरेनन्। तिनले उनीहरूलाई 'तिमीहरूले किन यस प्रकारका कुराहरू गरिरहेका छौ' भनेर हल्का हप्की दिए (१ शमूएल २:२२-२५)। तिनले साह्रै खुकुलो अनुशासनको नीति अपनाएर आफ्नो घरपरिवारको पतन गराए, र तिनले आफ्ना छोराहरूमाथि, आफ्नो पूजाहारी-गिरीमाथि र इस्राएली जातिमाथि विनाश ल्याए।

राजा दाऊद बुबाको असल भूमिका नखेलेर अनुशासनको क्षेत्रमा विफल भए। किनकि उनले अदोनियाहलाई कहिल्यै हप्काएनन्, कहिल्यै बेखुशी तुल्याएनन् (१ राजा १:६)। अदोनियाहले दुईपल्ट षड्यन्त्र रचे र दुईपल्ट सिंहासनमाथि बस्ने कुप्रयास गरे, त्यसपछि सुलेमानले तिनलाई मृत्युदण्ड दिए।

**हितोपदेश २३:१५-१६:** आफ्नो छोरासँग बुद्धिमान् हृदय भएको र सत्य बोल्ने ओठहरू भएकोमा बुबा रमाउँछन्। त्यही आनन्द ती शिक्षकले अनुभव गर्छन्, जसको विद्यार्थीले बुद्धि हासिल गर्छ र त्यो अरूसँग बाँड्न थाल्छ। प्रेरित पावलले उस्तै कुरा भन्न सके: *'किनकि अब, जब तिमीहरू प्रभुमा स्थिर भई उभिन्छौं, हामी जिउँछौं'* (१ थेस्सलोनिकी ३:८)। अनि प्रेरित यूहन्नाले यसो लेखे: *'मेरा छोराछोरीहरूले सत्यतामा हिँड्दै गरेका कुरा सुन्नुभन्दा ठूलो आनन्द मेरो अरू केही पनि छैन'* (३ यूहन्ना १:४)।

**हितोपदेश २३:१७-१८:** दुष्ट मानिस-हरूको प्रगति र सफलता डाहा गर्नुभन्दा परमप्रभुको अटुट सङ्गतिमा जिउन उत्तम हो। दुष्ट मानिसहरूमाथि ध्यान-केन्द्रित जीवन निराशाको जीवन हो; तर प्रभु येशूमाथि केन्द्रित जीवन आनन्द र सन्तुष्टिले पूर्ण जीवन हो। तब यहाँबाट हामीले सिक्नुपर्ने पाठ यस प्रकारको छ: हामीले परमेश्वरसितको सङ्गति हाम्रो जीवनको सर्वोच्च लक्ष्य बनाउनुपर्छ। यहाँ दोस्रो पाठ पनि छ: दुष्टहरूको लेखा दिने दिन र धर्मी जनहरूको इनाम पाउने दिन सुनिश्चित छ, र चाँडै आउने नै छ भन्ने कुरा हामीले याद गर्नुपर्छ। धर्मी जनहरू कहिल्यै शर्ममा पर्नेछैनन्। 'सुनिश्चित भविष्य छ' भन्ने कुराले मृत्युपार, अँ, शरीरको बौरिउठाइपार महिमित स्वर्गको भावी दिन ताकेको छ।

**हितोपदेश २३:१९:** अरूले जेसुकै गरून् वा नगरून्, तर आज्ञाकारी छोराले उसलाई दिइएको शिक्षामाथि ध्यान दिनुपर्छ, बुद्धिमान् हुनुपर्छ र आफ्नो हृदय सठीक मार्गमा अर्थात् परमेश्वरको मार्गमा हिँड़ाउनुपर्छ।

**हितोपदेश २३:२०-२१:** यहाँ दुई प्रकारका मानिसहरू पेश गरिएका छन्: धेरै पिउने पियक्कड़ र धेरै खाने घिचुवा। तपाईंले एउटा असल जीवन जिउन चाहनुभयो भने, यस्ताहरूको सङ्गत नगर्नुहोस्!

असंयमीले यसको निम्ति क्षति भोग्नैपर्छ। पियक्कड़ र घिचुवा गरिब हुनेछन्। अतिभोजनले मानिसलाई होश नभएको सुतुवा तुल्याउँछ र असंयमीलाई थाङ्ना ओढ़ाउनेछ।

**हितोपदेश २३:२२:** जवान मानिसहरूले आफ्ना बुबाको सल्लाह स्वीकार गर्नुपर्छ; तिनीहरूले आफ्ना आमाहरूलाई कहिल्यै तुच्छ ठान्नुहुँदैन। वृद्ध मानिसहरूसँग धेरै वर्षको अनुभव हुन्छ। यसकारण हे जवान भाइबहिनीहरूहो, यस कुरामाथि ख्याल गर्नुहोस्! वृद्ध मानिसहरूको अनुभवबाट सकेसम्म धेरै लाभ उठाउनुहोस्!

**हितोपदेश २३:२३:** सत्यता प्राप्त गर्न हामी ठूलो मूल्य चुकाउन तयार हुनुपर्छ। सत्यता हामीले कुनै हालतमा पनि बेच्नुहुँदैन।

त्यही कुरा बुद्धि, शिक्षा र समझको विषयमा पनि लागू हुन्छ। यी अमूल्य कुराहरू कहिल्यै नबेच्नुहोस्! किनभने हामीचाहिँ सत्यता, बुद्धि, शिक्षा र समझ प्राप्त गर्न जुनसुकै कष्ट उठाउन तयार छौं, र यी अमूल्य थोकहरू यस संसारमा भएको कुनै कुरासित साट्नेछैनौं।

**हितोपदेश २३:२४-२५:** आधुनिक चलन के हो भने, बुबाको मुख हेर्ने दिनमा तिनलाई एउटा खदा वा फूलको माला लगाइन्छ र आमाको मुख हेर्ने दिनमा उनलाई ढोगेर एक बट्टा मिठाइ दिइन्छ। तर जुन छोरा बुद्धिमान् र समझदार हुन्छ, त्यस छोराबाट उनीहरूलाई ठूलो आनन्द मिल्छ। यही कारणले यहाँ 'तिम्रा बुबा र तिम्री आमा आनन्दित होऊन् र तिमीलाई जन्माउने आमा रमाऊन्' भन्ने अर्ती दिइएको छ।

**हितोपदेश २३:२६-२८:** *'हे मेरा छोरा, मलाई तिम्रो हृदय देऊ!'* यो कति गम्भीर विन्ती हो। यो विन्ती व्यभिचार र मद्यपानको विरोधमा गम्भीर चेताउनी दिनुभन्दा अघि दिइएको हो। लेखकले यस विन्तीद्वारा 'छोरा, मेरो कुरा ध्यानसित सुन र मैले तिमीलाई दिएको सल्लाह ग्रहण गर र मान' भन्न खोजेको हो। किनभने वेश्या एउटा गहिरो भड्खालो हो, जुनचाहिँ देखिँदैन; तर त्यो दुष्ट स्त्री बेहोशीहरूको निम्ति एउटा पासो हो। त्यो आइमाई एउटा साँघुरो खाँद हो। त्यस खाँदभित्र खस्न सजिलो छ, तर त्यस खाँदबाट निक्लन गाह्रो पर्छ। त्यो औरत शिकार खेल्दै डाकूजस्तै ढुकेर बस्छे। त्यसलाई पुरुषहरूलाई घृणा गर्ने रोग लागेको छ। त्यसले बल्छीमा चारो हालेर माछालाई पक्रेजस्तै तिनीहरूलाई छलको जालमा फसाएर तिनीहरूबाट कुनचाहिँ कुराको निम्ति बदला लिन चाहन्छे, कुन्नि? त्यसले दिन प्रतिदिन विवाहको बन्धन तोड्नेहरू र आ-आफ्ना परिवार टुटाउने-फुटाउनेहरूको सङ्ख्या बढ़ाइरहेकी छे।

**हितोपदेश २३:२९-३०:** यस अध्यायका बाँकी पदहरूले मतवालालाई कालजयी बयान गर्छ। रक्सीबाजलाई कुनचाहिँ पीड़ा हुँदैन? त्यसलाई कहिल्यै नछोड्ने आलाप-विलाप गर्ने किसिम-किसिमका कारण छन्, र त्यसलाई शोकमाथि शोक हुन्छ। त्यसको जीवन सदैव झगड़ाको नियन्त्रणमा रहन्छ; किनभने त्यसले अरूसँग सधैं झगड़ा गर्ने निहुँ खोज्छ। निरन्तर भुतभुताउने त्यो, लगातार गनगनाउने त्यो। के 'म नै यी समस्याहरूको मूलकारण हुँ' भन्ने होश त्यसलाई कसरी खोल्दैन, अचम्म! त्यसका चोटपटकहरू, त्यसका घाउहरू, त्यसको कालो डाम लागेको आँखाचाहिँ त्यसका बित्थाका झगड़ारगड़ा-हरूको निम्ति साक्षी बसेका छन्। त्यसको धमिलो दृष्टि, त्यसका रक्ते आँखाहरू छन्। त्यसले रक्सीको भट्टीमा रात बिताउँछ र मसला मिलाइएको मरिदाको एक पेयमा अर्को पेय थप्दै धोकिबस्छ।

**हितोपदेश २३:३१-३२:** हे मतवालाहो, परमेश्वरको यो चेताउनी सुन्नुहोस्! विशुद्ध रातो दाखमद्यद्वारा मोहित नहुनुहोस्! त्यसको झिलमिल तेज र गिलासमा फनफन घुमेकोबाट आकर्षित नहुनुहोस्! त्यो मद्य तरररर झर्दा नहेर्नुहोस्! चेताउनी नलिने जोसुकैले यसको निम्ति नमीठा नतिजाहरू उठाउनैपर्छ, भोग्नैपर्छ। सर्पले ठुङ्दा कस्तो लाग्छ? साँभेसाँपले डसेको चोट कस्तो हुन्छ? ठीक त्यस्तै मद्यको विष र पीड़ा हुन्छ।

**हितोपदेश २३:३३-३४:** 'तिम्रा आँखा-हरूले अनौठा कुराहरू देख्नेछन्।' यसको सन्दर्भ मद्य-सेवनबाट पैदा हुने उन्माद, प्रलाप र चित्तविभ्रम र आतङ्कहरू हुन सक्छन्। योचाहिँ लामो समयसम्म र अधिक मद्य-सेवनबाट आएको मानसिक तीव्र असन्तुलन र उग्र गड़बड़ी हो। त्यसको बोली लरबरे, गड़बड़े, हड़बड़े र अति नीच हुन्छ। त्यो

धरमरिन्छ, समुद्रको छालले हुत्तिएको वा मस्तुलको टुप्पामा खूब यता-उता हल्लिएको जस्तै ।

**हितोपदेश २३ः३५ः** कसैले त्यसलाई बेहोश हुने गरी हिर्कायो । जब त्यो होशमा आउँछ, तब त्यसले 'मलाई केही चोट भएको रहेनछ' भन्छ । तिनीहरूले त्यसलाई निक्कै ठटाए, तर त्यसलाई कहीं दुःखेन । अनि त्यो पूरा बिउँझेपछि रक्सीको भट्टीमा अर्को घुटकी लिन जान्छ ।

**हितोपदेश २४ः१-२ः** दुष्ट मानिसहरूको प्रगति र सफलता डाहा गर्नु बुद्धिमान् होइन, तिनीहरूको कुसङ्गत चाहा गर्नु परै जाओस् । तपाईंले तिनीहरूको गँगटोको चालमा ध्यान दिनुहोला; किनभने तिनीहरूले अरूलाई तानेर आफ्नो नीच स्तरमा ल्याउँछन् । अनि तिनी-हरूको नैतिक स्तर कस्तो छ ? तिनीहरूको मनले सधैं अत्याचार रचिरहेको छ भने तिनीहरूको मुखले उपद्रव र अशान्ति मच्चाइरहेको छ ।

**हितोपदेश २४ः३-४ः** यी पदहरूमा घरको अर्थ मानिसको जीवनको अर्थ लिएको देखिन्छ । उच्च स्तरको जीवन दुष्टताद्वारा निर्माण गरिँदैन, तर ईश्वर-भक्तिले पूर्ण बुद्धिद्वारा यसको निर्माण हुन्छ । दुष्टताले हाम्रो जीवन भताभुङ्ग पारिदिन्छ, तर समझ यसको बलियो जग हुन्छ । दुष्टताले हाम्रो जीवन रित्तो पार्छ, तर ज्ञानले सबै मूल्यवान् र मनोहर धन यसमा लगाइदिन्छ, यसलाई सिँगारिदिन्छ ।

**हितोपदेश २४ः५-६ः** बलवान् मानिसको भन्दा बुद्धिमान् मानिसको शक्ति ठूलो हुन्छ । अनि ठूला-ठूला मांसपेशी भएको मानिसको भन्दा ज्ञानवान् मानिसको बल ठूलो हुन्छ । लड़ाइँ बुद्धिको सल्लाहले जितिन्छ र जहाँ धेरै बुद्धिमान् सल्लाहकारहरू छन्, त्यहाँ विजय सुनिश्चित हुन्छ ।

**हितोपदेश २४ः७ः** मूर्ख मानिसको निम्ति बुद्धि सात समुद्र पारको कुरा हो; त्यसले यो कहिल्यै भेट्टाउनै सक्दैन । त्यो कहिल्यै मुख खोलेर अधिकारको साथ बोल्नै सक्दैन, जसरी बूढ़ा प्रधानहरूले शहरको मूलढोकामा बोल्न सक्छन् ।

**हितोपदेश २४ः८-९ः** *'जसले खराब काम गर्ने युक्ति रच्छ, त्यो बदमास भनिनेछ ।'* परमेश्वरले हामीलाई दिनुभएका खूबीहरू लिएर जसले नयाँ-नयाँ खराबी आविष्कार गर्छ, त्यो मानिस युक्तिशास्त्र उतीर्ण भएको पण्डित पो भएछ । तर मूर्खताको विचार पाप हो । अनि अहङ्कारी गिल्ल्याहाले आफ्नो दुष्टताको निम्ति अरू मानिसहरूबाट निन्दा र अपमान भोग्नेछ ।

**हितोपदेश २४ः१०ः** *'विपत्तिको दिनमा तिमी मूर्च्छित भयौ भने तिम्रो बल सानो हुन्छ ।'* चेपमा परेको मानिसले देखाएको व्यवहारबाट मानिसको मूल्य कति हो, सो बुझिन्छ । दवाउले कसीको काम गर्छ । समस्या आइपर्दा जुन भाइबहिनी पछि हट्छ र जसले आफ्नो लक्ष्य छोड्छ, त्यस भाइबहिनीमा सफलता प्राप्त गर्ने गुण नै हुँदैन ।

हे प्यारा प्रभु, मेरा पाइलाहरू लड़खड़ाइरहेका र म पछि हट्न लागेको बेलामा,
मरुभूमिको उराठलाग्दो वातावरणले र मलाई घोचिरहेका काँड़ाहरूले गर्दा मैले गुनासो र गनगन गर्न खोजेको बेलामा,
मलाई तपाईंका पाउहरू देखाइदिनुहोस् !
हे प्रभु येशू, मलाई तपाईंका पाउहरू, तपाईंका रक्तम्मे पाउहरू, तपाईंका कीला ठोकिएका पाउहरू देखाउनुहोस् ! हो, मलाई तपाईंका पाउहरू देखाउनुहोस् !
हे मेरा परमेश्वर, तपाईंलाई मेरा हातखुट्टाहरू देखाउने साहस म कहाँबाट लिऊँ ?

सुश्री एमी करमाइकल

**हितोपदेश २४:११-१२:** जब इमानदार मानिसहरू ग्यास च्याम्बरमा लगिएका छन् र तिनीहरूलाई अन्य प्रकारले मृत्युदण्ड दिइन्छ, तब तिनीहरूलाई हेरिरहनु र बचाउन नखोज्नु हाम्रो पाप ठहरिन्छ। आमाहरूको गर्भपतन-द्वारा तिनीहरूका पेटमा भएका नानीहरूको हत्या गरिएको बेलामा चुप लागिबस्नु हाम्रो अधर्म ठहरिन्छ। हामीलाई थाहै थिएन भन्ने बहाना केही कामको हुँदैन। यस सम्बन्धमा श्री डन्टे अलिघिएरीले यसो भनेका छन्:

> 'नरकका सबैभन्दा ताता जग्गाहरू ती मानिसहरूको निम्ति राखिएका छन्, जुन मानिसहरू नैतिकताको घोर सङ्कट परेको समयमा तटस्थ रहे।'

के यी पदहरूमा हाम्रो निम्ति कुनै सन्देश छैन र? हाम्रो निम्ति, जो ख्रीष्ट-विश्वासी कहलिएका छौं, जसको जिम्मामा मुक्तिको सुसमाचार सुम्पिएको छ? दिन प्रतिदिन हाम्रो वरिपरि ख्रीष्ट येशूबिहीन भएका मानिसहरू मुक्ति नपाई मरिरहेका छन्। प्रभु येशूले भन्नुभयो: *'आफ्ना आँखाहरू उठाओ र खेत-बारीहरूतिर हेर; किनकि ती खेतबारीहरू कटनीको निम्ति पहेंलै भइसकेका छन्!'* (यूहन्ना ४:३५)। तटस्थ रहने दुःसाहस हामीले कहाँबाट लिएका?

> हे भाइबहिनीहो, हेर, हाम्रो वरिपरि छायाहरू बढ़िरहेका छन्,
> चाँड़ै हाम्रो सुदिनको उज्यालो खस्न लाग्ने नै छ;
> तब के हामी हराएका मानिसहरूलाई एकलै छोड्न सक्छौं?
> होइन, हामी तिनीहरूलाई हाम्रो सङ्गतिभित्र आउन बोलाउनैपर्छ;
> किनकि ख्रीष्ट येशू चाँड़ै फेरि आउँदै हुनुहुन्छ।
> श्रीमती अन्ना शिप्टन

**हितोपदेश २४:१३-१४:** मह यहाँ, यी पदहरूमा बुद्धिको प्रतीक हो; किनकि दुवै कुराहरू – मह पनि र बुद्धि पनि – गुलिया र लाभदायक हुन्छन्। *'बुद्धिको ज्ञान पनि तिम्रो मनको निम्ति यस्तै हुन्छ। जब तिमीले यसलाई भेट्टाउँछौ, तब यसैमा तिम्रो प्रत्याशा हुनेछ र तिम्रो आशा टुट्नेछैन।'* अर्को शब्दमा भन्नु हो भने, जुन मानिसले बुद्धि प्राप्त गरेको छ, परमेश्वरको वचनको प्रतिज्ञाअनुसार त्यस मानिसको भविष्य उज्यालो हुने रहेछ र उसले आशा गरेका सबै कुराहरू प्राप्त गर्ने रहेछ।

**हितोपदेश २४:१५-१६:** यहाँ सरम पचेको विवेकहीन मानिसले चेताउनी पाएको छ: 'होशियार! धर्मी जनको घर आफ्नो हातमा पार्ने चेष्टा नराख!' हुन सक्छ, धर्मी जनको घरपरिवारमाथि कुनै कठिनाइ आइ-परेको होला; अनि दुष्ट मानिसले उसको सम्पत्ति हड़प गर्ने मौका छोप्नै लागेको होला।

हो, धर्मी जन सातपल्ट लड्न सम्भव छ; किनकि उसको समस्या र सङ्कष्ट अनेक छन्। तर ऊ फेरि उठ्नेछ र पुनर्स्थापित हुनेछ। तर दुष्ट मानिसको विनाश एकै सङ्कष्टले ल्याउँछ; त्यो एकैपल्ट ठेस खाएर लड्छ।

**हितोपदेश २४:१७-१८:** चरित्रवान् मानिस आफ्नो शत्रुलाई दुःखकष्टमा परेको देखेर रमाउनुहुँदैन। हाम्रो शत्रु ठेस खाएर लड़ेकोबाट आनन्द लिनुहुँदैन। परमप्रभु सबै कुरा देख्नुहुन्छ र सबै कुरा जान्नुहुन्छ। हामीमा अरूको दुःखमा आनन्द लिने प्रतिशोधी मन छ भने उहाँले यो पनि जान्नुहुन्छ। हाम्रो शत्रुको गल्तीभन्दा हाम्रो मनको भावना बढ़ी दण्डको योग्य हुन्छ, सो जानेर उहाँले आफ्नो सजाय दिने निर्णय पुनर्विचार गर्नुहुन्छ।

**हितोपदेश २४:१९-२०:** कुकर्मीहरूको सफलता जेसुकै होस्, हामी यसमा उदास हुनुहुँदैन, हामीले दुष्टहरूलाई डाहा गर्नुहुँदैन। घरिघरि हामीले एउटै कुरा सुन्नुपर्छ र यसको विषयमा चेताउनी पाउनुपर्छ, किन होला? यसपालिको स्पष्टीकारण सुन्नुहोस्: भक्तिहीन मानिसहरूको भाग्य साह्रै नराम्रो हुनेछ।

तिनीहरूले कुनै असल कुरा पाउने आशा गर्न सक्दैनन्। तिनीहरूको जीवनरूपी बत्ती निभ्नेछ।

**हितोपदेश २४:२१-२२:** यस नीति-वचनको सम्झना दिलाउने जोड़ परमप्रभुको भक्तिभयमा छ, साथै राजा उहाँको प्रति-निधिको भयमा छ। उहाँ हाम्रो श्रद्धाभक्ति र आदर पाउन योग्य हुनुहुन्छ। ठीक त्यस्तै राजा हाम्रो सम्मानको योग्य हुन्छन्।

*'अनि हेरफेर हुने मानिसहरूको सङ्गत नगर!'* परमेश्वरले स्थापित गर्नुभएका विधि, नियम र संस्थाहरू बदली गर्न खोज्नेहरू वा कुनै सरकार पल्टाउनेहरूहो, होशियार! यो विद्रोह हो, अँ, राजद्रोह हो। अचानक विनाश यस्ताहरूमाथि आइपर्नेछ, यस्तो घोर विनाश, जसको कल्पना हामीले गर्नै सक्दैनौं।

ख्रीष्ट-विश्वासीहरूले पाएको शिक्षा यस प्रकारको छः तिनीहरूले सरकारको अधीनतामा बसेर त्यसको आज्ञापालन गर्नु-पर्छ; तिनीहरू तबसम्म आज्ञाकारी हुनुपर्छ, जबसम्म तिनीहरूले प्रभु येशूप्रतिको भक्ति र निष्ठा कुनै खतरामा हाल्नुपर्दैन, यसको विषयमा कुनै सम्झौता गर्नुपर्दैन। जब कुनै सरकारले तिनीहरूलाई प्रभुको कुनै आज्ञाको विरोधमा जान र उहाँको कुनै आदेश उल्लङ्घन गर्न लाउँछ, तब तिनीहरूले यसो गर्न इन्कार गर्नुपर्छ, र नम्र भई तिनीहरू यसको निम्ति भोग्नुपर्ने नतिजाहरू उठाउन तयार हुनुपर्छ। कुनै हालतमा पनि तिनीहरूले सरकार पल्टाउनेहरूलाई साथ दिनुहुँदैन।

**ख) हितोपदेश २४:२३-३४: बुद्धिमान् मानिसहरूले कहेका थप नीतिवचनहरू**

**हितोपदेश २४:२३-२६:** यस पदबाट अर्को खण्ड शुरु हुन्छ, जुनचाहिँ हितोपदेश २४:३४ पदसम्म जान्छ। यी नीतिवचनहरू पनि बुद्धिमान् मानिसहरूको रचना हुन्।

न्यायमा पक्षपात गर्नु बिलकुल गलत र निन्दनीय कुरा हो। जुन न्यायकर्ताले नैतिक स्तरहरू धमिला पारेर र दोषीलाई निर्दोष ठहऱ्याएर न्याय बिगार्छन्, ती न्यायकर्तालाई मानिसहरूले सराप्छन् र जाति-जातिका मानिसहरूले घृणा गर्छन्। तर जुन न्याय-कर्ताहरूले पापको दोष प्रकट गर्छन् र पाप गर्नेहरूलाई हप्काउँछन्, ती न्यायकर्ताहरूलाई परमेश्वरले इनाम दिनुहुन्छ र मानिसहरूले यिनीहरूलाई धन्यका भन्छन्। जुन न्याय-कर्ताहरूले इमानदार र न्यायसँगत फैसलाहरू गर्छन्, ती न्यायकर्ताहरूले मानिसहरूको अनुमोदन पाउनेछन्।

**हितोपदेश २४:२७:** मानिसले पहिले रूखहरू काटेर एउटा जमिन तयार गर्छ, त्यसपछि त्यो जमिन खनजोत गरेर त्यसमा बीउ लगाउँछ, त्यसपछि घर बनाउँछ। ठीक योजस्तै पारिवारिक जीवन शुरु गर्नुभन्दा पहिले मानिसले आफ्नो जीवन ठीकठाक पारेर सुव्यवास्थित गर्नुपर्छ। यसो हो भने, यस हितोपदेशबाट विवाह गर्न खोज्ने भाइले चेताउनी लिनुपर्छः विवाहित जीवनका सबै जिम्मेवारीहरू उठाउन ऊ आत्मिक, मानसिक र आर्थिक रूपले पूरा तयार हुनुपर्छ।

**हितोपदेश २४:२८-२९:** कसैले कुनै हालतमा पनि आफ्नो छिमेकीको विरोधमा कुनै झूटो साक्षी दिनुहुँदैन। हामीले कसैको विषयमा कुनै झूटो खबर फैलाउनुहुँदैन। मानौं, हाम्रो छिमेकीले कुनै गल्ती गरेको हो; तर यस अवस्थामा पनि हामीले खराबीको बदलामा खराबी गर्नुहुँदैन।

**हितोपदेश २४:३०-३४:** यहाँ यी पदहरूमा हितोपदेशको पुस्तक लेख्ने लेखकले आफ्नो एउटा अनुभव व्यक्त गर्छन्। एकदिन तिनी दाखबारीको छेउबाट भएर हिँड़ेछन्; त्यस जमिनको मालिक अल्छे रहेछ; किनभने काँड़ाहरूले त्यो सारा जमिन ढाके; त्यो त जताततै सुस्नैसुस्नु भएको सिस्नोघारी

भएको रहेछ। अनि यो बारी बार्ने ढुङ्गाको पर्खाल भत्केको रहेछ। एउटा वस्तुगत पाठ यसैबाट पाइन्छ। जसले 'अझै एकक्षणको निद्रा गर्न पाऊँ, अलिकति उङ पाऊँ' भन्छ, त्यसको गरिबी सुनिश्चित ठहराइएको छ, लुटेरा र हतियार भिरेको डाकू आइलगेझैं यो त्यसमाथि आइपर्नेछ।

आत्मिक कुराहरूको सम्बन्धमा पनि हामीलाई अल्छीपन लाग्न सक्छ; हामी सुस्तीपनको शिकार बन्न सक्छौं। तब हाम्रो जीवनरूपी दाखबारी केजस्तै देखिन्छ त ? तब हाम्रो जीवन शरीरका कामहरूरूपी काँड़ाकाड़ै र सिस्नैसुस्नुले भरिएको हुन्छ। तब हामीमा परमेश्वरको महिमाको निम्ति फलै छैन। तब हाम्रो आत्मिक सुरक्षा पनि तोड़िएको, यसको पर्खाल भत्केको हुन्छ। अनि शैतानले हाम्रो जीवनमा आफ्नो खुट्टा राख्ने मौका पाउँछ। हाम्रो मनको चिसोपन र पछि-हटाइले गर्दा हाम्रो आत्मिक गरिबी सुनिश्चित हुन्छ।

## खण्ड ५

# हितोपदेश २५:१-२९:२७:

## राजा हिजेकियाहका कर्मचारीहरूले संकलन गरेका अन्य सुलेमानका हितोपदेशहरू

**हितोपदेश २५:१:** अब यस पुस्तकको त्यो भाग शुरु हुन्छ (हितोपदेश २५-२९), जुन भागमा हालिएका हितोपदेशहरू यहूदाका राजा हिजेकियाहका कर्मचारीहरूले पछि संकलन गरे र उतारे, तर यी हितोपदेशहरूको रचनाकार राजा सुलेमान नै हुन्। यस खण्डमा एक सय चालीसवटा नीतिवचनहरू समावेश छन्। हिब्रूमा हिजेकियाह नामका अक्षरहरूको सङ्ख्यात्मक मूल्य पनि एक सय चालीस हो। यी दुई कुराहरूले आपसमा मेल खाँदा रहेछन्।

**हितोपदेश २५:२:** *'कुनै कुरा गुप्त राख्नुमा परमेश्वरको महिमा हुन्छ।'* परमेश्वरको सृष्टि विचार गर्नुहोस्! त्यसमा लुकिरहेका रहस्य-हरू अनेक हुन्छन्। उहाँको लिखित वचन विचार गर्नुहोस्! यसमा गुप्त रहेका कुराहरू कति छन्, कति! उहाँको पूर्वप्रबन्ध, देखरेख र सञ्चालनको विषयमा नबुझेका कुराहरू अनगिन्ती हुन्छन्। यस सिलसिलामा श्री थोमस कार्टराइटले यसो भनेका छन्:

> 'उहाँका उद्देश्यहरू र उहाँका कामहरू मानिसको क्षमता र मगजदेखि बाहिर नभएका भए उहाँ परमेश्वर हुनुहुन्नथियो।'

*'... तर राजाहरूको महिमा कुरा तलाश गर्नुमा हुन्छ।'* प्रसङ्गबाट उठेको विषयचाहिँ यस प्रकारको छः आफ्नो राज्यभित्र महत्त्व-पूर्ण कुराहरू के-के भइरहेका छन्, सो सम्बन्धमा सबै कुराहरू बुद्धिमान् राजालाई विदितै हुन्छ। अनि सच्चा न्यायका फैसला-हरू गर्न र खाँटी नियमहरू पारित गर्न तिनले पूरा जानकारी प्राप्त गर्न कोशिश गर्छन्।

अनि हाम्रो विषयमा कसो हो? यस खण्डको प्रयोग यस प्रकारको छः पवित्र बाइबलभित्र लुकिरहेको आत्मिक गाड़धन खोजेर भेट्टाउन हामीले सकभर प्रयास गर्नुपर्छ।

**हितोपदेश २५:३:** आकाशको उचाइ असीमित हुन्छ; पृथ्वीको गहिराइ अपार छ। ठीक त्यस्तै उत्तम राजाको हृदय पनि अगम्य हुन्छ। राजाको गूढ़ सोचविचार कसैले पत्ता लगाउनै सक्दैन।

**हितोपदेश २५:४-५:** जब घरिया र भट्टीमा चाँदी पगालिन्छ, तब धातुको कस र

मैला निस्कन्छ, त्यसको कसर दूधको तरजस्तै माथि-माथि तैरिन्छ। अनि जब सुनारले त्यो कस निकालिसक्छ, तब उसले यस निखुर चाँदीबाट एउटा सुन्दर गहना बनाउन सक्छ। अनि यहाँ यस खण्डमा कसचाहिँ राजाको अदालतमा बसिरहने दुष्ट सल्लाहकारहरू हुन्; तिनीहरूलाई हटाएपछि बल्ल राज्य एउटा धार्मिक जगमाथि बसाल्न सकिन्छ।

यस संसारमा फर्कनेबित्तिकै प्रभु येशूले सबैभन्दा पहिले आफ्नो राज्यबाट विद्रोहीहरू, कुकर्मीहरू र अन्य सबै ठेस लाग्ने कारणहरू हटाउनुहुनेछ।

**हितोपदेश २५ः६-७ः** शाही दरबारमा आफूलाई अगाड़ि नराख्नुचाहिँ बुद्धिको नीति मानिन्छ। प्रसिद्ध व्यक्तिहरूको बीचमा नउभिनु हाम्रो निम्ति समुचित देखिन्छ। उच्च स्थान ओगटेर सबै ठूलाठालाहरूको सामु त्यो छोड्नुपर्नु र लज्जित हुनुभन्दा 'माथि प्रतिष्ठित स्थानमा आऊ' भन्ने निम्तो पाउनु उचित छ।

यहाँ दिइएको सल्लाहले यर्मिया ४५ः५ पदमा उल्लेख गरिएको कुरा याद दिलाउँछ, जहाँ यसो लेखिएको छः *'तब के, के तिमी आफ्नो निम्ति ठूला-ठूला कुराहरू खोज्दैछौ? नखोज!'* अनि लूका १४ः८-१० पदहरूमा प्रभु येशूले भन्नुभएका वचनहरूको सम्झना आउँछ।

हुन सक्छ, '... जसलाई तिम्रा आँखाहरूले देखेका छन्' भन्ने वाक्यांश अर्को पदसित जोड्नुपर्ला। यसकारण आर.एस.वी.-अनुवादले यस प्रकारले अनुवाद गरेको छः 'जुन कुरा तिम्रा आँखाहरूले देखेका छन्, त्यो कुरा हतारसँग कचहरीमा पेश नगर!'

**हितोपदेश २५ः८-१०ः** पवित्र बाइबलले हर गुनासोको निम्ति मुद्दा लड़िहाल्ने मन भएको मानिसलाई दोषी ठहऱ्याउँछ। किनभने मानिसले आफूले देखेका सबै कुराहरूको बेलीबिस्तार देला, र पनि छिमेकीको सामु शर्ममा पर्ला, जब आफ्नो प्रतिरक्षाको निम्ति छिमेकीको पालो आउँछ।

हरेक मतभेद र हरेक बहस व्यक्तिगत रूपले मिलाउनु बेस हो (मत्ती १८ः१५)। आफ्नो शिकायत हामी अरूलाई किन सुनाऔं? यसको विषयमा अज्ञात लेखकले निम्न सल्लाह दिएका छन्ः

> 'साथी-साथीको बीचमा एउटा सानो मतभेद उठेको छ र हामी एकलै गएर आफ्नो साथीलाई मनाउने आँट नगर्ने? तर अरूलाई भन्ने सरम छैन हाम्रो? परमेश्वरको वचनमा एउटा नियम पेश गरिएको छ, जुन नियमअनुसार गर्ने हामी भुल्छौं भने हामी गड़बड़ी सृजना गर्छौं। भइरहेको मनमुटावको चर्चा गर्ने असल होइन; यसरी फाटो झन् बढ्छ। हामीले हितोपदेशको यही खण्ड हाम्रो व्यवहारको निम्ति मार्गदर्शिका बनाएर हाम्रो चाल यसको आधारमा सठीक पारेको भए हामीले नाराज भएका धेरै तुच्छ कारणहरू हटाउन सक्नेथियौं र आफूलाई धेरै पल्ट मनको अशान्तिबाट बचाउन सक्नेथियौं।'

अब हितोपदेश २५ः१० पदको कुरा आयोः यो पद तेस्रो व्यक्तिले हामीसित गरेको व्यवहारसित सम्बन्धित छ। यस व्यक्तिले हामीलाई हप्काउँछ; किनभने हामी सीधा दोषीकहाँ गएनौं। हामी बदख्वाइँ गर्ने गफाड़ी भन्ने नाम किन कमाऔं? त्यो नराम्रो नामभन्दा अझै कुनाम के हुन सक्नेथियो?

**हितोपदेश २५ः११ः** *'ठीकसँग बोलिएको शब्दचाहिँ चाँदीको थालमा राखिएका सुनका स्याउहरूजस्तो हो।'* सठीकसँग बोलिएको वचनमा नैतिक शोभा छ, र उपयोगी हुन्छ, जसरी सजाएर ठीकसँग राखिएका मूल्यवान् धातुहरूमा ठूलो आकर्षण हुन्छ।

**हितोपदेश २५ः१२ः** सुनको कुन्डल र निखुर सुनको गहनाले शारीरिक सुन्दरता बढ़ाउँछन्; ठीक त्यस्तै बुद्धिमान् मानिसको

हप्कीले उसको यो हप्की ग्रहण गर्ने मानिसको जीवनको नैतिक सुन्दरता बढ़ाउँछ ।

**हितोपदेश २५ :१३ :** अरू बेलाहरू हुनु हो भने, कटनीको समयमा हिउँ पर्नु सङ्‌क्ष्ट गनिनेथियो । तर यहाँ यसको माने अर्को छ, जस्तैः यसले कटनी गर्ने खेतालालाई पिउन दिइएको गिलासमा भएको पानी चिसो बनाउने काम गर्छ, पानीमा हालिएका बरफका ससाना टुक्राहरूले जस्तै । गर्मी दिनमा चिसो पानीले शीतल पारेझैं विश्‍वासयोग्य सन्देश-वाहकले उसलाई पठाउने मालिकहरूको मन शीतल पार्छ ।

**हितोपदेश २५ :१४ :** जुन मानिसले उपहार दिन्छु भन्ने प्रण त दिन्छ, तर आफ्नो वचन पूरा गर्दैन, त्यो मानिस पानीविनाका बादलहरू र बतासजस्तै हो । पानी पर्ने आशा हुँदाहुँदै बतासले यी बादलहरू लगिदिन्छ ।

यस पदको सन्दर्भ आत्मिक वरदानहरू होइन, ता पनि यो पद यस विषयमा प्रयोग गर्न मिल्छ । यहाँ ती महान् शिक्षक वा प्रचारकको कुरा छ, जसले मानिसहरूलाई निराश पार्छन्, किनभने तिनको जीवन भनेकोजस्तो भएन । अमेरिकाका अधिवासीहरूसँग यसको निम्ति उचित उक्ति थियोः 'रासैरासको बतास, तर पानीझरी छैन ।'

**हितोपदेश २५ :१५ :** आफ्नो ढीठमा चल्ने झर्को बोल्ने मानिसभन्दा बरु विनीत र धीरजी सज्जन मानिस शासकलाई मनाउनमा सफल हुन्छ । किनभने विनम्र, नरम जिब्रोले हड्डी भाँचेर टुक्राउन सक्छ । यसर्थ जुन कुरा शक्तिशाली बङ्गारा र दाँतहरूको चबाइले गर्न सक्दैनन्, त्यो कुरा नरम जिब्रोले पूरा गर्छ ।

**हितोपदेश २५ :१६ :** मह उचित मात्रामा खाए असल हुन्छ; तर असल कुराको अति-सेवनले वकवक र उल्टी गराउँछ । हामीले जिउनको निम्ति खानुपर्छ, तर हामी खानको निम्ति जिउनुहुँदैन । श्री लरी क्रिस्तेनसोनले यसको निम्ति निम्न उदाहरण दिएका छन्ः

'मेरा साथीका आठजना छोराछोरीहरू थिए; अनि तिनीहरू सबैजनाले आइस क्रीम मन पराउँथे । गर्मी ग्रिष्म ऋतुको एक दिनमा यो घटना घटेको थियो । तिनीहरूमध्ये सानी छोरी मेरीले के भनी भने, "एक दिन हामी दिनभरि आइस क्रीम मात्र खाऔं ल !" अरू सबैजना यस कुरामा राजी भए । अनि तिनीहरूका बुबाचाहिँ ? अचम्म ! तिनले तिनीहरूलाई छक्कैछक पारेर भनेः "ठिक्कै छ; भोलि तिमीहरूले जति आइस क्रीम खान चाहन्छौ, त्यति नै पाउँछौ ल ! तर त्यस दिनमा आइस क्रीम छोड़ेर तिमीहरूले अरू केही पनि खान पाउँदैनौ ।" तिनका छोराछोरीहरू हर्षबिभोर भए, खुशीले चिच्च्याए पनि । अनि तिनी-हरूलाई भोलिसम्म पर्खन निक्कै गाह्रो भयो । बिहानको खाजाको समयमा तिनीहरूले चॉक्लेट, स्ट्राबेरी, वनिल्ला इत्यादि आइस क्रीम मगाए, सूपका ठूला कचौराभरि; चमेनाको रूपमा, दिउँसोको खानाको रूपमा र चिया खाने समयमा पनि आइस क्रीम र फेरि आइस क्रीम । तिनीहरूले आफ्नो आइस क्रीम खाइरहेको बेलामा तिनीहरूकी आमाले तन्दुरबाट ससाना केकहरू निकाल्दैथिइन् । सारा घर तिनको सुगन्धले भरियो ।

"हेर, अहो, मलाई मनपर्ने ताजा-ताजा मीठा केकहरू !" भनेर उत्तेजित भएको कान्छा छोराले भन्यो । त्यसपछि ऊ जाम निकाल्न अलमारीतिर अघि बढ्यो, तर आमाले उसलाई रोकिन् । "के तिमीलाई याद छैन ? आज आइस क्रीम-दिवस हो । यसैले कान्छा, तिमीले आइस क्रीमबाहेक अरू केही पनि पाउँदैनौ ल ।" "ओहो !" "के म तिमीलाई एक कचौरा आइस क्रीम दिऊँ त ?" "अहँ, मलाई नदिनुहोस् ! मलाई एउटा सानो केक दिनुहोस् !" यसरी नै आमा-छोराको बीचको यस बातचितको टुङ्गा भयो ।

रात्री भोजनको समयमा छोराछोरीहरूको आइस क्रीम खाने उत्तेजना हराइसकेको थियो । तर के गर्ने ? तिनीहरूको सामु कचौराभरि आइस क्रीम राखियो । तब मेरी बहिनीले,

जसको सुझाउले गर्दा त्यस दिनमा आइस क्रीम-दिवस मनाइयो, आफ्ना बुबातिर हेरेर भनीः "हे बुबा, यो आइस क्रीम म तपाईंको पाउरोटीको टुक्रासित साट्छु, हुन्छ ल ?" ' **37)**

**हितोपदेश २५ः१७ः** मह खाने विषयमा संयमी हुनुहोस् ! तर यति मात्र होइन, घरिघरि आफ्नो छिमेकीकोमा जानुमा पनि लगाम लगाउनुहोस् ! हामीले यस विषयमा फर्केर घरमा पाल्ने समय जान्नुपर्छ। पाहुनाको स्वागत र अतिथि-सत्कारको सीमा नाघेर नजानुहोस् !

यस सम्बन्धमा श्री थोमस कार्टराइटले यसो भनेका छन्ः

'मानिसहरूसितको सँगतभन्दा परमेश्वर-सँगको मित्रता कति उत्तम हुन्छ। किनभने हामी परमेश्वरकहाँ जति बढ़ी जान्छौं, त्यति नै बढ़ी उहाँले हामीलाई न्यानो स्वागत गर्नुहुन्छ।'

**हितोपदेश २५ः१८ः** जुन मानिसले आफ्नो छिमेकीको विरोधमा झूटो साक्षी दिन्छ, त्यस मानिसको निम्ति यहाँ, यस पदमा तीनवटा सठीक प्रतिरूपहरू प्रयोग गरिएका छन्।

**क)** त्यो एउटा मुङ्ग्रो हो, जसले सबै कुरा टुक्रैटुक्रा पार्छ।

**ख)** त्यो एउटा तरवार हो, जुन तरवारका धारहरू अति लाग्ने हुन्छन्।

**ग)** त्यो एउटा तीखो काँड़ हो, जसले वरपर छेड़ पार्छ र चोट पार्छ।

**हितोपदेश २५ः१९ः** भाँचिएको दाँतमाथि टोक्नु आम्मै साह्रै कष्टदायक अनुभव हो; तर के गर्ने ? 'मैले यसो नगरे हुनेथियो' भन्ने होश ढिलो खोलियो। अनि जोड़नीबाट खुस्किएको खुट्टामाथि आफ्नो जीउको पूरा वजनले टेक्दा यस खुट्टाले हाम्रो शरीर थाम्दैन। ठीक त्यस्तै सङ्कष्टको समयमा एउटा विश्वासयोग्य नभएको मानिसमाथि भरोसा पर्नु अति दर्दनाक र निराशजनक अनुभव हो।

**हितोपदेश २५ः२०ः** दुःखी मन भएको मानिसको निम्ति गीत गाएर रिस उठाइन्छ, नाराज तुल्याइन्छ, र यो एकदम नचाहिँदो काम हुन्छ, जाड़ो याममा कसैको लुगा खोसेको जत्तिकै नराम्रो, अथवा सोड़ामाथि सिर्का हाल्दा जत्तिकै उग्र तेजको प्रतिक्रिया पैदा गर्ने काम हो।

यस सिलसिलामा श्री कीथ वेस्टनले निम्न कथा सुनाएका छन्ः

'मेरा जूनियर पास्टरले पहिलो पल्ट अस्पतालमा गएर बिरामीहरूलाई औपचारिक रूपले भेटे; अनि तिनले एउटा गरिब, साह्रै घायल भएको बिरामीलाई आफ्नो ओछ्यानमा पड़िरहेको भेट्टाए, जसले आफ्ना खुट्टाहरू चलाउन सक्दैनथियो; ती खुट्टाहरू डोरीहरूले बाँधिएका र एउटा चक्काको बलले उठाउनु र झार्नुपर्थ्यो। अनि यस बिरामीका दुवै पाखुराहरू प्लास्टरको पट्टीले बेह्रिएका थिए, र एउटामा सिया लगाइएको र बोटलबाट ग्लुकोस-पानी दिइरहेको थियो। अनि पास्टरले ठूलो मुस्कानले मुस्कराउँदै र आफ्नो ठूलो बाइबल निकाल्दै बिरामीलाई सोधेः "हे भाइ, के तपाईं आनन्दित हुनुहुन्छ ?" यस बिरामीले उत्तरमा के भन्यो, सो तिनले मलाई कहिले बताएनन्। तर यस विषयमा यति भन्न सकिन्छ, कि तिनको यो व्यवहार पक्का पनि शिष्ट थिएन।' **38)**

**हितोपदेश २५ः२१-२२ः** प्रेरित पावलले यी दुईवटा पदहरू रोमी १२ः२० पदमा उद्धृत गरे। हामी भलाइ गरेर खराबीलाई जित्न सक्छौं; कसरी ? हामीले हाम्रो विरोधमा गरिएको हरेक अपराध र रूखो व्यवहारको सट्टामा असल व्यवहार देखाएर जुनै खराबीलाई जित्न सक्छौं।

यस विषयमा यो कहानी सुन्नुहोस्ः

'क्रुद्ध छिमेकीले विश्वासमा नयाँ भएकी बहिनीलाई फोन गरिछे र आफ्नो आवेगमा निन्दात्मक गाली र विषाक्त आरोप लगाइहाली।

विश्‍वासी बहिनीकी पाँच वर्षे छोरीले छिमेकीका फूलहरूमाथि टेकेर कुल्चेकी, यसले एउटा झ्यालको ऐना फुटाएकी र अन्य कुराहरू बिगारेकी अरे। दोषमाथि दोषको कत्रो बज्रपात ! जब यो छिमेकी सास लिन एक क्षण चुप लाग्यो, तब विश्‍वासी बहिनीले "हामी फोनमा यसको कुरा नगरौं ! दया गरी मेरो घरमा आउनुहोस्, र हामी यस कुराको छलफल गरौं !" भन्ने विन्ती राख्न पाइन्।

नभन्दै यो छिमेकी यी विश्‍वासी बहिनीको घरमा आइपुगी। भित्र आएपछि उसले टेबल-माथि चिया-बिस्कुट तयार भएको देखेर भनीः "माफ गर्नुहोस्, तपाईंका पाहुनाहरू आउन लागेका मलाई थाहा भएन; म अर्को समयमा आउँछु ल।" तर यी विश्‍वासी बहिनीले उसलाई जवाफ दिइन्ः "दया गरी बसि-दिनुहोस् ! हामी चिया खाँदै कुरा गरौं भन्ने विचारले तपाईंको निम्ति यो तयार गरेकी हुँ।" त्यसपछि यी बहिनीले चियाको निम्ति धन्यवाद चढ़ाइन् र परमेश्‍वरबाट अगुवाइ र बुद्धि मागिन्। अनि जब तिनले प्रार्थना गरिसकेर आफ्नो शिर उठाइन् र आँखा खोलिन्, तब तिनले आफ्नी छिमेकीलाई रुइरहेकी र यसो भन्दै गरेकी भेट्टाइन्ः "यो तपाईंकी छोरीको होइन, यो बिलकुल मेरो गल्ती हो ! मैले बिनसित्ति तपाईंमाथि मेरो रिस पोखाएँ; किनभने मेरो घरपरिवारको समस्या ठूलो छ; अनि यी समस्याहरू सहन मलाई गाह्रो भइरहेको छ।" यो सुन्नेबित्तिकै यी विश्‍वासी बहिनीले आफ्नो छिमेकीलाई आफ्नो जीवन-गवाही सुनाउँदै उसलाई बिस्तारै-बिस्तारै सुसमाचार सुनाउन थालिन्। अनि छ हप्तापछि तिनकी छिमेकीले मात्र होइन, तर उसको पूरा परिवारले प्रभु येशूमाथि विश्‍वास गरे।' [39)]

**हितोपदेश २५ः२३ः** जसरी उत्तरी हावा-बतासले झरी ल्याउँछ, ठीक त्यसरी नै चुक्ली लाउने जिब्रोले रिसाएको अनुहार पैदा गर्छ। यसकारण बुझ्नुहोस्ः रिसाएका अनुहारहरू प्रायः सधैं चुक्ली लाएको प्रतिफल हुन्छन्; पहिले जसको चुक्ली गरियो, उसको अनुहार बिग्रिन्छ, त्यसपछि यो चुक्ली सुन्नेहरूका अनुहारहरू पनि बिग्रिन्छन्। तर हामीले चुक्ली लगाउनेलाई हप्काउनुपर्छ, तब त्यसले आफ्नो कुकर्म छोड्नेछ।

**हितोपदेश २५ः२४ः** *'झगड़ालु स्वास्नी-सँग फराकिलो घरमा एकसाथ बस्नुभन्दा कौसीको एउटा कुनामा बस्नु उत्तम हो।'* यस पदका शब्दहरू र हितोपदेश २१ः९ पदका शब्दहरू एकै हुन्। यो कुरा किन दोहोरिन्छ ? झगड़ालु पत्नीसँग एकसाथ बसेकोबाट कत्रो पीर आउँदो रहेछ, सो कुरामा जोड़ दिन यो यहाँ दोहोरिएको छ।

**हितोपदेश २५ः२५ः** टाढ़ा देशबाट आएको शुभ समाचारचाहिँ स्वर्गको देशबाट आएको परमेश्‍वरको सुसमाचार हो। अनि तिर्खाएको आत्माको निम्ति सुसमाचारको सन्देश ताजा पार्ने र तिर्खा मेटाउने किसिमको हुन्छ, जसरी चिसो पानीले तिर्खाएको मानिसलाई ताजा तुल्याउँछ र उसको तिर्खा मेटाउँछ।

**हितोपदेश २५ः२६ः** जब भलादमी र धर्मी मानिसहरू दुष्ट मानिसहरूको सामु झुक्छन्, जब तिनीहरू सत्यको पक्षमा उभिँदैनन्, जब तिनीहरूले दुष्टताको सामाना गर्दैनन्, तर त्यससित सम्झौता गर्छन्, तब तिनीहरू धमिलो पानी निस्किरहेको मुहान र दूषित धाराजस्ता हुन्छन्। हामीले तिनीहरूमा शुद्धता, स्वच्छता र सफाइ नखोजे पनि हुन्छ, नत्र हामी निराश हुनुपर्ला।

**हितोपदेश २५ः२७ः** हाम्रो निम्ति चाहिएको भन्दा बढ़ी मह खान उचित होइन। यस विषयमा श्री डेरेक किड्नरले यसो भनेका छन्ः

> 'परमेश्‍वरले ठहऱ्याउनुभएको सीमादेखि बाहिर गएकाहरूलाई मज्जा लाग्ने होइन, तर तिनीहरूलाई बान्ता आउँछ।'

यस पदको दोस्रो भाग हिब्रूमा स्पष्ट छैन। यसकारण यसको माने के.जे.वी. र एन.के.-जे.वी.ले अनुवाद गरेको जस्तो हुन सक्छः 'आफ्नो महिमा खोज्नु महिमा नै होइन।' अथवा डार्बीको अनुवादअनुसार हुन सक्छः 'गहाकिला कुराहरूको खोजी गर्नु वजनदार कुरा हो।' कि त यसको अर्थ डार्बीको दोस्रो अनुवादअनुसार पनि हुन सक्छः 'गहाकिला कुराहरूको खोजी गर्नु महिमा हो।' यी तीन-वटा अनुवादहरूको अर्थ मलाई ठीक लाग्छ।

**हितोपदेश २५ः२८ः** जुन मानिसले आफ्नो जीवन अनुशासनमा राख्न सिकेको छैन, त्यो मानिस पर्खाल नभएको शहरजस्तै हो। त्यसको कुनै रक्षा छैन, त्यसलाई जहाँबाट पनि आक्रमण गर्न सकिन्छ; त्यो हरेक किसिमको परीक्षामा पर्छ।

**हितोपदेश २६ः१ः** ग्रीष्म ऋतुमा हिउँ पर्नुचाहिँ पूरा अस्वाभाविक, असामयिक हुन्छ। अनि कटनीको समयमा पानी पर्नु हानिकर हुन्छ। ठीक त्यस्तै असुहाउँदो र हानिकर मूर्ख मानिसहरूलाई गरिएको सम्मान हो। नैतिक हिसाबले यो एकदम हुँदै नहुने कुरा हो। मूर्ख मानिसले आफ्नो मूर्खतामा लागिपर्ने हौसला किन पाओस्?

**हितोपदेश २६ः२ः** भङ्गेरा र गतिशील गौथली आकाशमा यता-उता उड़िरहेका हुन्छन्, तर हामीमा कहिल्यै खुट्टा टेक्दैनन्, अँ, हामीलाई कहिल्यै छुँदैनन्। त्यसरी नै हामीलाई कसैको बेहकको श्राप कहिल्यै लाग्दैन, लाग्नै सक्दैन, यस सम्बन्धमा मानिसहरूको अन्धविश्वासले जेसुकै भनोस्! बालामले इस्राएली जातिलाई सराप्न नखोजेका होइनन्, तर तिनले सकेनन् (गन्ती २३ः८; व्यवस्था २३ः५)।

**हितोपदेश २६ः३ः** घोड़ाको निम्ति चाबूक र गधाको निम्ति लगाम नभई नहुने, अनिवार्य कुरा हुन् भने, मूर्ख मानिसले छड़ीको भाषा र कड़ा हप्की मात्र बुझ्छ। *'तिमीहरू समझ नभएको घोड़ा वा कच्चरजस्ता नहोओ, जसको मुख लगाम र करेलीले रोक्नुपर्छ, नत्रभने ती कुराहरू तिम्रो नजिकमा आउँछन्'* (भजन ३२ः९)।

**हितोपदेश २६ः४-५ः** यहाँका दुईवटा पदहरू पढ्दा एक पदले अर्को पदको कुरा खण्डन गरेको लाग्न सक्छ। पहिलो पदले मूर्ख मानिसलाई त्यसको मूर्खताअनुसार जवाफ नदेऊ भन्छ भने, दोस्रो पदले मूर्ख मानिसलाई त्यसको मूर्खताअनुसार जवाफ देऊ भन्छ। कसरी? यसको स्पष्टीकारण हामी एक-एक पदमा पाउँछन्।

मूर्ख मानिसलाई त्यसको मूर्खताअनुसार जवाफ नदिने कारण के हो भने, यसो गरेर हामी मूर्ख बन्छौं। यसकारण रिसाएर जवाफ नदिनुहोस्! त्योजस्तै रूखो व्यवहार नदेखाउनुहोस्! तर सधैं होशियारसाथ बोल्नु-होस्!

मूर्ख मानिसलाई त्यसको मूर्खताअनुसार जवाफ दिने कारण के हो? हामीले मूर्ख मानिसलाई त्यसको मूर्खतामा राखिछोड्नु-हुँदैन। हामीले त्यसलाई सम्झाउनु, दोष देखाउनु र हप्काउनुपर्छ, जसरी त्यसको मूर्खतासँग व्यवहार सुहाउँदो हुन्छ। तब त्यो आफ्नो दृष्टिमा बुद्धिमान् ठहरिनेछैन।

**हितोपदेश २६ः६ः** जसले एउटा मूर्ख मानिसको हातद्वारा कुनै समाचार पठाउँछ, उसले आफ्नै हानि पो गर्छ। उसले आफ्ना खुट्टाहरू काट्ने, वा विष पिउनेजत्तिको हानिकर काम गर्छ। मूर्ख मानिसले सन्देश सठीक रूपले भन्नै सक्दैन। त्यसले हामीलाई पिरोल्छ। खुट्टाहरू काटिएको मानिस कति असहाय हुन्छ, कति, सो विचार गर्नुहोस्!

**हितोपदेश २६ः७ः** लङ्गड़ा मानिसका खुट्टाहरू लुला हुन्छन्, र काम लाग्दैनन्। मूर्ख मानिसहरूको मुखबाट सुनिने नीतिवचन पनि बेकम्मा हुन्छ। त्यस नीतिवचनले तिनीहरूको भलाइ गर्न सक्दैन; किनभने तिनीहरूले

यसको अर्थ कहिले, कहाँ र कसरी व्यवहारमा लगाउनुपर्छ, सो जान्दै-जान्दैनन् ।

**हितोपदेश २६:८:** घुयेंत्रोमा ढुङ्गा बाँध्नुहुँदैन; किनकि त्यो ढुङ्गा सजिलोसँग छोड़िन सक्नुपर्छ। यसरी नै हामी मूर्ख मानिसको आदर गर्ने काम नगरौं !

यस पदको अर्को व्याख्या पनि सम्भव देखिन्छ। जसरी घुयेंत्रोमा हालिएको ढुङ्गा चाँड़ै टाढ़ै हानिन्छ, त्यसरी नै छिटोभन्दा छिटो मूर्ख मानिस पनि त्यसलाई दिइएको आदरको निम्ति पूरा अयोग्य भएको प्रमाणित हुन्छ ।

**हितोपदेश २६:९:** जुन मतवालाले काँड़ाहरू समात्छ, त्यस मतवालाको निम्ति यो दर्दनाक र खतरनाक हुन्छ, साथै अरू मानिसहरूको निम्ति पनि दुःखदायक र जोखिमपूर्ण हुन जान्छ। मूर्ख मानिसको मुखबाट सुनिने नीतिवचनको दुरुपयोग र अनर्थ खतरनाक हुन्छ । कि त त्यसले आफ्नो मूर्खता ढाकछोप गर्न वा सत्य ठहऱ्याउन यसो गरेको हुन सक्छ, कि त त्यसले अरूको विषयमा आफ्ना गलत विचारहरूको निम्ति आधार बनाएको सम्भव हुन्छ ।

**हितोपदेश २६:१०:** यस पदको अर्थ धमिलो छ, किनभने हिब्रू लेखमा यो पद स्पष्ट छैन। यसकारण विभिन्न अनुवादहरू यसको प्रतिफल हुन्, जस्तैः

डार्बीको अनुवादः 'निपुण कारिगरले मोटामोटी जुनसुकै मानिससित काम गर्न सक्छ; तिनले मूर्खलाई तलबमा राख्छन् र त्यहाँबाट भएर हिँड्नेलाई पनि भाड़ामा लिन्छन् ।'

आर.एस.वी.को अनुवादः 'जसले त्यहाँ-बाट हिँड्दै गरेको मूर्ख वा मतवालालाई भाड़ामा लिन्छ, त्यो यस धनुर्धारीजस्तै हो, जसले हरेकलाई घाइते तुल्याउँछ ।'

नोक्सको अनुवादः 'अन्तिम आएर कानुनले झगड़ाहरूको फैसला गरेर सठीक पार्छ; तर मूर्खलाई चुप पार्नैपर्छ, नत्र झगड़ा कहिल्यै थामिँदैन ।'

बेर्क्लीको अनुवादः 'निपुण कारिगरले जुनै पनि काम पूरा गर्छन्; तर जसले एउटा मूर्खलाई भाड़ामा लिन्छ, त्यसले केवल एउटा दर्शकलाई तलबमा राखेको छ ।'

एन.ए.एस.बी.को अनुवादः 'जसले एउटा मूर्खलाई वा त्यहाँबाट हिँड्दै गरेका मानिस-हरूलाई भाड़ामा लिन्छ, त्यो यस धनुर्धारी-जस्तै हो, जसले हरेकलाई घाइते तुल्याउँछ ।'

टी.इ.वी.को अनुवादः 'जुन कामको मालिकले त्यहाँबाट हिँड्दै गरेको एउटा मूर्खलाई काममा लगाउँछन्, ती मालिकले सबै सम्बन्धित व्यक्तिहरूलाई चोट पुऱ्याउँछन् ।'

के.जे.वी. र एन.के.जी.वी.को अनुवादः 'सबै थोक बनाउनुहुने महान् परमेश्वरले मूर्ख र अपराधीहरू दुवैलाई प्रतिफल दिनुहुन्छ ।'

यसकारण यस पदको सठीक अर्थ निकाल्न गाह्रो छ ।

**हितोपदेश २६:११:** कुकुरलाई आफ्नो छादबाट अमन लाग्दैन; त्यस्तै मूर्ख मानिसलाई पनि आफ्नो मूर्खताबाट अमन लाग्दैन । कुकुर पनि र मूर्ख पनि त्यही कुरामा फर्कन्छन्, जुन कुरा घिनलाग्दो र सिकसिक-लाग्दो हुन्छ । यो पद र २ पत्रुस २:२२ पद यी मानिसहरूमाथि लागू हुन्छ, जुन मानिसहरूले नैतिक सुधारको अनुभव गरेका छन्, तर नयाँ जन्मको अनुभवचाहिँ कहिल्यै गरेका छैनन् । अन्तमा तिनीहरू पूरानो चालमा फर्किन्छन्-फर्किन्छन् ।

**हितोपदेश २६:१२:** स्वाभिमानी मानिसले न सुधार, न शिक्षा, न अर्ती, न हप्की ग्रहण गर्छ। यस्ता कुराहरूले त्यसलाई छुन सक्दैनन् । यसकारण यस्तो मानिसलाई मद्दत गर्न, सुधार गर्न सकिँदैन । केही नजान्ने मूर्ख पिटाइ खाएर चेत्न सक्छ; तर कुनै सल्लाहले स्वाभिमानी मानिसको मन छिर्नै सक्दैन ।

**हितोपदेश २६ः१३-१६ः** यस खण्डमा एउटा अल्छे मानिस र त्यसको काल्पनिक सिंह पेश गरिएको छ, जुन सिंहले त्यसलाई काम गर्न नदिएको, तर त्यसलाई काम गर्नदेखि रोकिरहेको छ। त्यो अल्छे आफ्नो ओछ्यानमा यता-उता पल्टिन्छ, जसरी एउटा ढोका कब्जाहरूमा घुम्छ। एकक्षण त्यो उत्तानो परेर आङमा सुत्छ, अर्को क्षणमा कोल्टो परेर सुत्छ, र फेरि अर्को क्षणमा त्यो आफ्नो पेटमा लेटेर सुत्छ। त्यसले आफ्नो ओछ्याउनमा अघि-पछि पल्टेको-पल्टेको गर्छ, तर उठ्नै मान्दैन। अनि खाना खाने टेबलमा बस्दा त्यसले आफ्नो हात त थालमा पस्केको खानामा लगाउला, तर यो गाँस आफ्नो मुखसम्म पुर्‍याउन त्यसको शक्ति छैन। के खाना खानुजस्तो आनन्ददायक कुराचाहिँ हाम्रो निम्ति यति थकाउने कष्टदायक काम हो र? अल्छे आफ्नो दृष्टिमा तर्कसँगत जवाफ दिन सक्ने सातजना मानिसहरूभन्दा पनि बुद्धिमान् गनिन्छ। सातजना समझदार मानिसहरू त्यस मूर्खको विषयमा आफ्नो रायमा एकमत छन्; तिनीहरूको दृष्टिमा त्यो गलत हो; ता पनि तिनीहरूको बलियो तर्कले त्यसको मनको एक छेउ पनि अलिकति असर गर्दैन।

**हितोपदेश २६ः१७ः** बिनसित्ति अर्को मानिसको झगड़ामा हात हाल्ने मानिसले आफूमाथि समस्याहरू निम्त्याउँछ। यो त कुकुरलाई त्यसका कानहरूमा पक्रेको जतिकै छ। त्यसका कानहरू पक्रिराख्ने साहस हामी कहाँबाट पाऔं, त्यसका कानहरू छोड़ौं कसरी?

**हितोपदेश २६ः१८-१९ः** यता एउटा पागल छ, जसले उन्मत्त भई चारैतिर अगुल्टाहरू र घातक काँड़हरू फ्याँक्छ। उता एउटा मानिस छ, जसले आफ्नो छिमेकीलाई धोका दिएर त्यसको हानि गरेको छ र 'मैले त ठट्टा मात्र गरेको' भन्छ। दुईजना उस्तै-उस्तै छन्। यो त हत्याजस्तै महापाप ठट्टामा उड़ाएको बराबर हो। प्रेममा फसाएर पछि छोड़िदिने र अविश्‍वसनीय मगनीको सम्बन्ध-विच्छेदमाथि यस पदको उचित प्रयोग गर्न सकिन्छ।

**हितोपदेश २६ः२०-२१ः** दाउरा आगोको निम्ति इन्धनरूपी आहारा हो; त्यस्तै चुक्ली-चाहिँ झगड़ाको आहारा हो। कुराबोकुवाका छेड़पेच, चुक्ली र झूटहरू नभए झगड़ा आफैआफ छिटै मर्छ। केही वर्ष अघि अट्लण्टाको समाचार-पत्रिकामा निम्न लेख पढ्न सकियोः

> 'यो गाउँ खाने कथा सुन्नुहोस्ः म तोपको गोलीभन्दा घातक हुँ; कसैलाई नमारीकन म जित्लेछु। घरपरिवारहरूमा फाटो ल्याउने म हुँ; हृदयहरू तोड़्ने मै हुँ; जीवनहरू बिगार्ने र बरबाद गर्ने मै हुँ। म हावाका पखेटाको बलमा यात्रा गर्छु। निष्कपट इमानदारीदेखि मलाई डरै छैन; कुनै प्रकारको शुद्धताले मलाई वशमा ल्याउन सक्दैन। सत्यताको निम्ति मेरो कुनै परबाह छैन। मबाट न्यायले कुनै किसिमको मान पाउँदैन। असहायहरूको निम्ति मेरो दयामाया छैन। मैले आफ्ना शिकार बनाएकाहरू प्रायः निर्दोष छन्, तिनीहरूको सङ्ख्या समुद्रको बालुवाजत्तिकै, अनगिन्ती छ। म कहिल्यै बिर्सन सक्दिनँ, म कसैलाई क्षमा गर्दिनँ। मेरो नाम के हो? – मेरो नाम चुक्ली हो।' 40)

**हितोपदेश २६ः२२ः** *'कुराबोकुवाका शब्दहरू स्वादिष्ठ खानेकुराजस्तै हुन्छन्, जुनचाहिँ पेटका भित्री भागहरूसम्म पुगिहाल्छन्।'* यहाँ हितोपदेश १८ः८ पद दोहोरिएको छ। किनभने पापमा पतित भएको मानिसको स्वभाव यस्तै छः त्यसले चुक्लीका शब्दहरू मीठा-मीठा भोजन सम्झन्छ र ख्वाप्प निलिहाल्छ।

**हितोपदेश २६ः२३-२६ः** *'जलिरहेका ओठहरू र दुष्ट हृदय हुनुचाहिँ चाँदीको जलप*

*लगाइएको माटोको भाँड़ाको खपटाजस्तो हुनु हो।'* माटोको भाँड़ामा टलक्क टल्किने चाँदीको जलप लगाइएको छ भने, यस भाँड़ाको मूल्य र त्यसको फुस्रो रङ त्यस जलपमनि लुकिन्छ। ठीक त्यस्तै प्रेमको बहाना गरेको जल्दाबल्दा ओठहरूमनि प्रायः घृणा गर्ने हृदय लुकिबसेको हुन्छ। प्रभु येशूलाई विश्वासघात गरेको यहूदा इस्करयोतीले बहाना गरेको चुम्बनरूपी मायाचाहिँ यहाँ भन्न खोजेको उचित उदाहरण हो।

घृणा गर्ने रोग लागेको मानिसले आफ्नो वैरभाव मीठा शब्दहरूद्वारा छोप्न खोज्छ; तर त्यसको मनमा छल र कपट छ। त्यसले बोलेका शब्दहरूमा हामी भर पर्न सक्दैनौं; किनभने त्यसको हृदय सातवटा घृणित कुराहरूको अड्डा हो। त्यस मानिसको हृदय खराबी र दुष्टताले पूर्ण हुन्छ। त्यसको घृणा केही समय छलकपटद्वारा लुक्ला, तर एकदिन त्यसको दुष्टता सबैको सामु प्रकट हुनेछ।

**हितोपदेश २६ : २७ :** मानिसको दुष्ट चाल उसमाथि फर्केर आउँछ। लूइस नामक फ्रान्सेली बलवान् लोहार यसको निम्ति साक्षी छ। फ्रान्सका पहिला युद्धहरूको कुरा हो योः उसले सबैभन्दा खतरनाक कैदीहरूको निम्ति बलिया-बलिया साङ्लाहरू बनाउनुपरेको थियो। उसले उच्च स्तरको इस्पात आविष्कार गर्‍यो र यसबाट अति बलिया साङ्लाहरू तयार गरे; यस्ता साङ्लाहरू अघि कसैले पनि बनाउन सकेको थिएन।

पछिबाट लूइस पनि पक्राउ पर्‍यो र राजद्रोहको आरोपमा ऊ झ्यालखानामा हालियो। जेलमा बस्दा उसको सुस्केरा सुनिन्थ्योः 'हाय, मलाई; किनकि यी साङ्लाहरू मैले बनाएका साङ्ला हुन्! एकदिन म आफ्ना साङ्लाले बाँधिनेछु भन्ने कुरा मलाई के थाह? नत्र मैले यति बलिया साङ्लाहरू कहाँ बनाउनेथिएँ र?'

**हितोपदेश २६ : २८ :** यस नीतिवचनले निन्दा गर्नेलाई र चिप्लो घस्नेलाई दोष्याउँछ। निन्दा गर्नेले त्यसबाट हानि उठाउनेहरूलाई घृणा गर्छ भने, चिप्लो घस्नेले आफ्ना शिकार-हरूमाथि विनाश ल्याउँछ।

**हितोपदेश २७ : १ :** भोलि के हुने हो, यसको विषयमा कसैसँग निश्चित ज्ञान छैन। यसकारण भविष्यमा यस्तो-उस्तो गर्नेछु भन्ने घमण्ड हामीमा कहाँबाट आएको? लूका १२:१६-२१ पदको खण्डमा धनी मूर्खले यसो गर्‍यो। अनि याकूब ४:१३-१५ पदमा अरू मानिसहरूले पनि यसो गरे।

**हितोपदेश २७ : २ :** आफ्नो प्रशंसा आफूले गरेको जस्तै खराब स्वाद दिलाउने नमिल्दो कुरा केही पनि छैन होला। आफूले आफूलाई गरेको प्रशंसा साह्रै नमीठोसँग गनाउँछ। सज्जन व्यक्ति त्यो हो, जो आकर्षणको केन्द्र हुनुपर्दैन, तर अरूलाई प्रशंसा गरेर ऊ पछाड़ि बस्न सक्छ। बेर्क्ली-बाइबलको पार्श्वको टिप्पणीमा यसो लेखिएको पाइन्छः 'आत्म-कथाहरूबाट होशियार!'

**हितोपदेश २७ : ३ :** मूर्ख मानिसले गरेका टीकाटिप्पणीरूपी चर्चाले निरन्तर पिरोल्ने र रिस उठाउने काम गर्छ। त्यसको बातचित सहनुभन्दा बरु गह्रौं भारी बोक्न सजिलो पर्छ। ठूला-ठूला कुरा बक्ने मूर्खको बोलीले हामीलाई चिढ़्याइरहनुभन्दा हामीलाई ढुङ्गा-हरू र बालुवाको भारी बोक्न सजिलो लाग्छ।

**हितोपदेश २७ : ४ :** क्रोध र रिसचाहिँ साह्रै निष्ठुर हुन्छन्, अँ, सहन नसकिने हुन्छन्; तर क्रोध र रिसको आगो प्रायः छिट्टै निभ्छ। तर डाहाचाहिँ – त्यस पापले मानिसलाई लगातार सताइरहन्छ र खाइदिन्छ। यसकारण डाहा झन् कष्टदायक र क्षतिकर हुन्छ। यसको सन्दर्भ यो दम्पती पनि हो, जुन लोग्ने-

स्वास्नीको सम्बन्धमा तेस्रो व्यक्तिद्वारा गड़बड़ी आएको छ ।

**हितोपदेश २७ः५ः** निष्कपट, खुला हप्कीबाट हामीलाई फाइदा हुन्छ, तर गुप्त राखिएको प्रेमबाट कसैलाई केही फाइदा हुँदैन । कसैको गल्ती कहिल्यै नदेखाउने प्रेम कस्तो प्रेम होला ? अनि कहिल्यै प्रकट नभएको, कहिल्यै थाह नभएको प्रेमको के काम ?

**हितोपदेश २७ः६ः** धेरजसो मानिसहरूले हामीलाई हाम्रा गल्तीहरू भन्न सक्दैनन्; तिनीहरू यसको विषयमा इमानदार हुनै सक्दैनन् । हामीले तिनीहरूको कुरा काट्छौं, तिनीहरूको विरोधमा उठेर बरु तिनीहरूलाई हाम्रो दोष देखाएको बदलीमा दोष लगाइ-दिन्छौं भन्ने तिनीहरूलाई डर लागेको छ । तर साँचो मित्रले हाम्रो उन्नति र सहायताको निम्ति हाम्रो आलोचना गर्छ । यसो गर्न ऊ आपसी स्नेहको सम्बन्ध पनि खतरामा हाल्न तयार छ ।

शत्रुका चुम्बनहरू छली हुन्छन्, कि त धेरै हुन्छन् (आर.एस.वी.) ।

यहूदा इस्करयोतीले प्रभु येशूलाई पक्राउने भीड़लाई अघिबाट एउटा चिन्ह दियो, जुन चिन्हले गर्दा तिनीहरूले उहाँलाई उहाँका चेलाहरूबाट छुट्ट्याउन सके । अनि यो चिन्ह-चाहिँ चुम्बन थियो । चुम्बनचाहिँ प्रेमको सर्वमान्य चिन्ह मानिन्छ । अनि प्रभु येशूलाई पक्राउनको निम्ति यही प्रेमको चिन्हको सबैभन्दा तुच्छ प्रयोग गरियो, र चुम्बनको अर्थ भ्रष्ट पारियो ।

प्रभु येशूको नजिक आइरहेको बेलामा यहूदाले भन्योः 'गुरुज्यू, सलाम !' त्यसपछि त्यसले उहाँलाई चुम्बन गर्‍यो । मत्ती २६ः४८-४९ पदहरूमा चुम्बन गर्न ग्रीक भाषामा दुईवटा भिन्न शब्दहरू प्रयोग गरिएका छन् । मत्ती २६ः४८ पदमा प्रयोग गरिएको शब्दको सठीक अर्थ चुम्बन गर्नु नै हो । तर मत्ती २७ः४९ पदमा प्रयोग गरिएको शब्दको अर्थ घरिघरि चुम्बन गर्नु वा प्रेमसाथ चुम्बन गर्नु हो ।

**हितोपदेश २७ः७ः** जुन मानिसले पेटभर खाएको छ, त्यस मानिसमा स्वादिष्ठ खानेकुरा, अँ, सबैभन्दा मीठो खानेकुराको निम्ति कुनै चासो र रुचि नै छैन । तर भोक लागेको मानिस अति साधारण खानेकुराको निम्ति आभारी हुन्छ । अनि यही कुरा भौतिक धनसम्पत्तिको विषयमा र आत्मिक धन र सौभाग्यहरूको विषयमा पनि सत्य ठहरिएको छ ।

**हितोपदेश २७ः८ः** आफ्नो घर छोड़ेर हिँड्ने मानिसले यसरी आफू सन्तुष्ट नभएको, तर चञ्चल भएको देखाउँछ । त्यसलाई घुमफिर गर्ने रोग लागेको छ । त्यो त आफ्नो गुँड़ छोड़ेर हिँड्ने चराजस्तो छ; त्यो आफ्ना जिम्मेवारीहरूदेखि भाग्छ । त्यसले कुनै ठोस कुरा गर्दैन; त्यसले कुनै खास काम, कुनै सारगर्भित काम गर्दैन ।

**हितोपदेश २७ः९ः** यहाँ तुलनामा साथी-बाट पाइएको हार्दिक सरसल्लाहचाहिँ सुगन्धित तेल र सुगन्धित अत्तरबाट आउने आनन्दसित बराबर भएको छ । मित्रको सङ्गतिबाट न्यानो स्नेह पाइन्छ; यो साँचो हो ।

**हितोपदेश २७ः१०ः** तर मित्रता विकसित गर्नुपर्छ, पालनपोषण गर्नु र कायम राख्नुपर्छ । पुराना साथीहरू प्रायः सबैभन्दा असल साथी हुन्छन् । यसकारण आउनुहोस्, हामी आफ्ना साथीहरूको सम्पर्कमा रहौं, र परिवारका इष्टमित्रहरूसित माया नमारौं !

*'... र आफ्नो विपत्तिको दिनमा आफ्ना दाजुभाइको घरमा नजाऊ !'* यस पदको सन्दर्भअनुसार त्यस भाइ, त्यस दाजुसित हाम्रो सम्बन्ध टुटेको हुनुपर्ला, कि त त्यो भाइ, त्यो दाजु हामीबाट निक्कै टाढ़ा बसेको हुनुपर्ला । अनि जब हामीमाथि कुनै विपत्ति, कुनै समस्या आउँछ, तब हामीबाट टाढ़ा

बसेको आफ्नो नातेदार वा आफन्तबाट हामी कुनै सहायता पाउन सक्दैनौं; बरु नजिकको विश्वासी छिमेकीबाट हामी सहानुभूति र मद्दत पाउन सक्छौं ।

**हितोपदेश २७ः११ः** छोराको व्यवहारले त्यसको बुबाको शिक्षाको विषयमा हामीलाई सोच्न लगाउँछ । अनि शिष्यले आफ्नो गुरुको आदर वा शर्म गर्छ अथवा तिनलाई आनन्द वा दुःख दिन्छ । बेक्र्ली-बाइबलको बढ़िया टिप्पणीमा यसो लेखिएको छः 'गुरुको एकमात्र प्रतिरक्षा र सिफारिस-पत्र तिनका विद्यार्थीहरूको सफलता हो ।'

**हितोपदेश २७ः१२ः** नूह एक समझदार मानिस थिए; यसकारण तिनी र तिनको परिवार आउन लागेको विपत्तिबाट लुके । तर बाँकी मानिसहरू निष्फिक्री रहन्थे, आफ्नो चालमा अघि बढ़े, र दुःख पाए । (हितोपदेश २२ः३ पदको टिप्पणीमा हेर्नुहोस् !)

**हितोपदेश २७ः१३ः** *'परदेशीको निम्ति जमानी बस्नेबाट त्यसको वस्त्र लिइराख !'* यो वाक्य आधुनिक शैलीमा राख्दा यसो हुनेथियो होलाः 'नचिनेको मानिसको निम्ति जमानी बस्नेले यसको निम्ति आफ्नो शरीरको अन्तिम दौरासम्म दिनैपर्छ ।'

*'... र परस्त्रीको निम्ति जमानी बस्नेबाट धरौटी लिइराख !'* अर्को शब्दमा भन्नु हो भने, ऋण लिने व्यक्तिले ऋण फर्काउन सक्दैन भने, बन्धकको रूपमा राखिएको धरौटी यसको निम्ति तिर्न सक्नुपर्छ । यसकारण यस प्रकारको धरौटी लिन जरुरी हो, झन् नचिनेको व्यक्तिको निम्ति जमानी बस्नेबाट यसो लिनु अति आवश्यक छ, नत्र हामी फस्छौं । (हितोपदेश २०ः१६ पद हेर्नु-होस् !) ।

**हितोपदेश २७ः१४ः** एकाबिहान कसले ठूलो सोरले चढ़ाइएको चिप्लो घसेको अभिवादन सुन्न चाहन्छ ? यस प्रकारको शुभकामनाले निद्रा भङ्ग मात्र गर्दैन, तर हामीमा रिस पो उठाउँछ, होइन र ?

**हितोपदेश २७ः१५-१६ः** एकातिर पानी परेको दिनमा चुहिरहेको छतबाट पानीका थोपाहरू तपतप तप्किन्छन्, र अर्कातिर खिचखिच गरिरहेको झगड़ालु पत्नी छे । यी दुईवटा कुरा एउटै कुरामा समान छन्ः दुवै कुराहरू मानिसलाई क्रुद्ध तुल्याउन सक्षम हुन्छन् ।

'जसले त्यसलाई रोक्न खोज्छ, उसले हावा रोकिराख्न खोजेको र आफ्नो हातले तेल समात्न खोजेको हो ।' झगड़ालु पत्नीलाई जवाफमा जेजस्तो भने पनि त्यो उम्कन्छे, त्यसले कुरा टार्छे, बहाना गर्छे र आफ्नो दोष अरूमाथि सार्छे, अनि खिचखिच गर्दै अघि बढ्छे ।

**हितोपदेश २७ः१७ः** अघिको समयमा प्रायः यसो देखिन्थ्योः भोजको मालिकले टेबलको सामु मासु भाग-भाग गर्ने छुरीको धार एकदम लाग्ने तुल्याउन एउटा इस्पाते डन्डीरूपी हतियारमा रेटे । यसरी फलामले फलामलाई धारिलो पार्थ्यो र पार्छ । ठीक त्यसरी नै मानिस-मानिसको बीचमा विचार-विमर्श साटासाट गरे यस कुराले तिनीहरूको सोचाइ तिख्याउँछ । यसकारण एक-अर्कोसँग आफ्नो विचार र राय बाँड़चुँड़ गरौं ! यस कामले हाम्रो सङ्कीर्ण विचारको चौड़ाइ बढ़ाउन, खुला र फुक्का हुनमा मद्दत गर्छ । अनि जसले प्रश्नहरू सोध्छ, उसले आफ्नो र अरूको अक्कल बढ़ाउँछ । साथी-साथीको बीचको आपसी बातचितले तिनीहरूको व्यक्तित्वमा सान लगाउँछ ।

**हितोपदेश २७ः१८ः** जसले नेभाराको बोट स्याहार गर्छ, उसले त्यसको फल खान पाउँछ । यसकारण आफ्नो काममा तनमन लगाएर मेहनत गर्नुहोस्, तब तपाईंलाई खानेकुराको अभाव हुनेछैन, तपाईंको भण्डार टन्न हुनेछ ।

अनि जसले आफ्ना मालिकको विश्वास-योग्य सेवा गर्छ, उसको आदर गरिनेछ भन्ने कुरा पनि बिलकुल सत्य हो। प्रभु येशूले भन्नुभयोः *'जसले मेरो सेवा गर्छ, उसैलाई मेरा पिताले आदर गर्नुहुनेछ'* (यूहन्ना १२ः२६)।

**हितोपदेश २७ः१९ः** तपाईंले ड्रामभरिको सफा पानीमा हेर्नुभयो भने, तपाईंले पानीमा आफ्नो अनुहारको प्रतिबिम्ब देख्नुहुन्छ। यसकारण अरू मानिसहरू अध्ययन गर्नुहोस्, र तपाईंले आफ्नो विषयमा प्रशस्त ज्ञान पाउनुहुन्छ। किनभने तिनीहरू र हामीमा उस्तै भावनाहरू छन्, तिनीहरू र हामी उस्तै परीक्षामा पर्छन्, तिनीहरू र हाम्रा उस्तै आकङ्क्षा र अभिप्रायहरू हुन्छन्, विचारहरू उस्तै, कमजोरीहरू उस्तै, क्षमताहरू उस्तै। यसकारण जुन मानिसले आफ्नो निम्ति प्रचार गर्छ, त्यस मानिसले अरू धेरैजनाको निम्ति उपयोगी प्रवचन दिन्छ। यसमा अचम्म मान्ने कुरा छैन।

**हितोपदेश २७ः२०ः** *'अधोलोक र विनाश कहिल्यै भरिँदैनन्।'* यस्तो दिन कहिल्यै आउँदैन, जब मृत्यु र चिहानमा कुनै ठाउँ रहँदैन। दिन प्रतिदिन मृत्युले आफ्ना शिकार-हरूलाई लगिँदैछ। त्यस्तै मानिसहरूका आँखाहरू पनि कहिल्यै तृप्त हुँदैनन्। संसारले विज्ञापन गरेका चीजबीजहरूको अन्त हुँदैन। यस विषयमा श्री अर्टर जी. गिशले निम्न उदाहरण पेश गरेका छन्ः

'रूसी लेखक श्री लेओ टोल्स्टोइले एउटा किसानको विषयमा यो कथा सुनाए, जुन किसानलाई अझ बढ़ी जग्गाजमिन किन्ने तीव्र लालचले सताइरहेको थियो। एकदिन उसले दक्षिण यूरालमा अवस्थित भएको बश्किर जातिको देशमा बड़ो सस्तो जमिन किन्न पाइन्छ भन्ने खबर सुन्यो। उसले आफ्नो सबै जग्गा-जमिन बेचेर लामो यात्रा गर्‍यो, र ऊ त्यस ठाउँमा आइपुग्यो। अनि नभन्दै उसले त्यहाँका रैथानेहरूसित जमिन किन्ने लेनदेन मिलायो। यस लेनदेनअनुसार एक हजार रूसी रुपियाँमा उसले एकै दिनमा जति जमिन परिक्रमा गर्न सके उसले पाउनेथियो। भोलिपल्ट उसले आफ्नो परिक्रण शुरु गर्‍यो। ऊ निक्कै टाढ़ा हिँड्यो र त्यहाँदेखि देब्रेतिर लाग्यो। उसले अझ असल, फलाइलो जमिन समावेश गर्न एउटा चक्कर लगाएर अर्को चक्कर पनि लगायो। अन्तमा अहो, दिन त धेरै बितिसकेको उसलाई थाहा लाग्यो। यसैले प्रारम्भ-बिन्दुमा फर्कन ऊ कुद्न थाल्यो; किनभने घाम अस्ताउनुभन्दा अघि ऊ त्यहाँ आइपुर्नुपर्थ्यो। ऊ हतार, झन् हतारसँग दगुर्‍यो, र घाम डुब्न लागेको बेलामा आरम्भस्थलमा आइपग्यो। त्यहाँ ऊ मूर्च्छा परेर मर्‍यो। मानिसहरूले एउटा सानो जग्गामा उसको दफन गरे। अन्तिम आएर उसलाई यति जमिनले पुगिगयो।' **41)**

परमेश्वरलाई धन्यवाद होस्, हाम्रो हृदयका सबै चाहनाहरू ख्रीष्ट येशूमा तृप्त हुनेछन्ः
हेर, सबै आशिषहरूको मुहान, मधु प्रेमको गहिरो इनार ख्रीष्ट येशू हुनुहुन्छ।
यस पृथ्वीमा मैले यस मुहानबाट आशिषका धाराहरू चाखें,
अनि स्वर्गमा पुगेर म झन् बढ़ूता गरी यस मुहानबाट पिउनेछु।
स्वर्गमा आशिषको भरपूरी छ, प्रेमको सागर छ, र उहाँको कृपाको टुङ्गा कहिल्यै हुनेछैन नै। इम्मानुएलको देशमा महिमा, हो, केवल महिमाले वास गर्नेछ।

श्रीमती एन्न रोस कुसन

**हितोपदेश २७ः२१ः** घरियाचाहिँ चाँदी खार्ने भाँड़ा हो भने, सुनको जाँच भट्टीले गर्छ। अनि मानिसको जाँचचाहिँ केले गर्छ? उसको प्रशंसाचाहिँ उसको जाँच गर्ने कसी रहेछ। उसलाई गरिएको प्रशंसाले उसमा कस्तो-कस्तो प्रतिक्रिया पैदा गर्छ? के ऊ घमण्डले फुल्छ? तब प्रशंसाले उसलाई बिगारेको छ। अथवा के उसले यो प्रशंसा शान्ति र

विनम्रसाथ ग्रहण गर्न सक्छ ? उसको जाँच गर्ने कसी यसैमा छ ।

यस भनाइको अर्थ यो पनि हुन सक्छः जुन कुराहरू मानिसले प्रशंसा गर्छ, यी कुराहरूद्वारा उसको जाँच हुन्छ (ए.एस.वी.को अनुवादको अर्थमा) । मानिसको चरित्रचाहिँ उसको मापदण्ड अर्थात् उसको मूल्याङ्कनमा प्रतिबिम्बित हुन्छ ।

अथवा श्री अल्बर्ट बार्नसको सुझाउ यस प्रकारको छः 'मानिस आफ्नो प्रशंसाअनुसार भएको होस् ! अर्थात् उसको पशंसाबाट चिप्लो घस्ने कुरा र नीच, छुद्र हुने हरेक कुरा हटेर जाओस्, यो धातुको मैला हो, जुन मैला मानिसको प्रशंसामा कति सजिलोसँग मिसिएको हुन्छ ।'

**हितोपदेश २७ः२२ः** ओखली र मुस्ली तपाईंले देख्नुभएको छ होला, नत्र यस्ता सामग्रीहरू प्रायः औषधीको पसलमा देखिन्छ । ओखलीचाहिँ कचौरारूपी भाँड़ो हो भने, मुस्लीचाहिँ ओखलीमा कुट्ने हतियार हो, जसको डल्लो परेको टुप्पो छ । कुनै चीज धूलोपीठो बनाउन ओखली र मुस्ली चाहिन्छ ।

तब बुझ्नुहोस्ः मूर्ख मानिसलाई गहुँ वा चामलसित ओखलीमा हालेर कुट्न पाए पनि त्यसबाट त्यसको मूर्खता हट्नेछैन । गहुँ कुटेर त्यसबाट भुस हट्छ, तर मूर्ख मानिसको मूर्खता त्यससित यति साह्है टाँसिबस्छ, कि त्यो छुट्ट्याउनै सकिँदैन । यो पाप त त्यससित पूरा एक भएछ, त्यसकै भाग र गुण पो भएछ ।

**हितोपदेश २७ः२३-२७ः** यस खण्डमा कृषि-जीवनबाट हुने फाइदाहरूको बढ़ाइ गरिएको छ; तर किसानले तनमन लगाएर मेहनत गर्नुपर्छ भन्ने कुरामा जोड़ दिइएको छ; महत्त्व यसैमा छ ।

भेड़ाबाख्राका बगालहरू र गाईवस्तुका बथानहरू चढ़ाउँदा मानिसले नथाकीकन निरन्तर ध्यान, देखरेख र चिन्ता गर्नुपर्छ । भेड़ाबाख्रारूपी धन नित्य परिश्रमको फल हुँदो रहेछ, जुन परिश्रमचाहिँ मानिसले सधैं कायम राख्नैपर्छ । अनि स्थानीय मण्डलीमा गरिने पास्टरीय सेवकाइ र गोठालाको काम पनि यस्तै हुन्छ ।

*'किनकि धनसम्पत्ति सधैंभरि रहँदैन ।'* सम्पत्ति अस्थायी कुरा हो, अनि राजमुकुटसित कुरा पनि यस्तै हुन्छ । जसले आफ्नो जिम्मेवारी, आफ्नो कार्यभारमाथि निरन्तर ध्यान दिन्छ, उसैले मात्र आफ्नो धन वा आफ्नो मानको स्थान कायम राख्न सक्छ ।

खेतबारीहरूमा अन्नबालीहरू हृष्टपुष्ट भएका देखेर र डाँड़ाहरूबाट प्रशस्त घाँसको फसल काटेर भित्र्याउन पाएर कृषकले ठूलो सन्तुष्टि पाउँछ । भेड़ाका पाठाहरूको ऊनबाट लुगा बुनिन्छ भने, बोकाहरू बेचेर जग्गाजमिन किन्ने पैसा मिल्छ । तब उसको परिवार र उसका दासदासीहरूको निम्ति खानेकुराहरू पशस्त हुन्छन् ।

**हितोपदेश २८ः१ः** जब मानिस दोषी छ र उसको विवेक अशुद्ध छ, तब सानो कुराले उसलाई विचलित तुल्याउन सक्दो रहेछ । तर जसको विवेक शुद्ध हुन्छ, ऊ 'कतै पलिसले मलाई पक्रन्छ' भनेर डराउनुपर्दैन । किनकि *'धर्मी जनहरू सिंहझैं निडर हुन्छन् ।'*

**हितोपदेश २८ः२ः** कुनै देशमा हिंसा र अपराध चारैतिर बढ़ेका छन् भने, त्यसको सरकार घरिघरि फेरिन्छ । तर देशको शासक इमानदार र समझदार मानिस हुन् भने, देशको अवस्था स्थिर हुन्छ र स्थिर रहन्छ ।

इस्राएल देशको उत्तरीय भागको राज्यमा दुई सय वर्षभित्र उन्नाइसजना राजाहरू थिए अर्थात् दस-दस वर्षमा औसत सत्ता फेरिन्थ्यो ।

**हितोपदेश २८ः३ः** जुन गरिब मानिस पछि धनी भएको छ वा शासकको स्थानमा उठेको छ, त्यस भूतपूर्व गरिब मानिसले

प्रायः गरिबदुःखीहरूको थिचोमिचो गर्छ, ती मानिसहरूले भन्दा बढ़ी यसो गर्छ, जसको आय स्रोत र स्तर त्योभन्दा माथिको हुन्छ। त्यो त मुसलधार पानीको दर्कनजस्तो हो, जुन पानीको दर्कनले अन्नबालीहरू सोतर पार्छ र फसलको सर्वनाश गर्छ। यो मौलाउने झरी कदापि होइन।

**हितोपदेश २८ः४ः** परमेश्वरको व्यवस्थादेखि आफ्नो पिठ्यूँ फर्काउने र सरकारी ऐनकानुनमा लात हान्नेहरूले दुष्ट मानिसहरूको प्रशंसा गर्छन्। योचाहिँ तिनीहरूले आफूलाई र आफ्नो कारवाही सत्य ठहऱ्याउन खोजेको तिनीहरूको मिथ्या प्रयास हो।

जतिले परमेश्वरको व्यवस्था पालन गर्छन्, उनीहरूले कुकर्मी र अपराधीहरूको सामना गर्छन् र धार्मिकताको पक्षमा बोल्छन्।

**हितोपदेश २८ः५ः** दुष्ट मानिसहरूले न्याय भनेको के हो, सो बुझ्दैनन्। जसले न्यायसँगत काम गर्दैन, त्यसैले न्याय भनेको के हो, सो बुझ्न छोड्छ।

तर जस-जसले परमेश्वरको इच्छाको खोजी गर्छन्, उनीहरूलाई नै सबै कुराहरू खुट्ट्याउने क्षमता दिइन्छ। भजन ११९ः१०० पद पढ्नुहोस् र नैतिकता र समझको बीचको नजिकको, घनिष्ठ सम्बन्ध रहेको कुरा बुझ्नुहोस्!

**हितोपदेश २८ः६ः** टेढ़ामेढ़ा चाल चल्ने धनी मानिसभन्दा इमानदार, निर्दोष र शुद्ध जीवन कायम राख्ने गरिब मानिस उत्तम हो। टेढ़ा चाल चल्नेले एकपट्टि असल जीवन जिउने बहाना गर्छ, तर अर्कोपट्टि त्यसले सधैं छलकपटको व्यवहार गर्छ र विश्वास भङ्ग गर्छ।

**हितोपदेश २८ः७ः** समझदार छोराले व्यवस्था पालन गर्दै यसमा लागिपर्छ। अनि जुन छोराले घिचुवा र मतवालाहरूसँग कुसङ्गत गर्छ, त्यस छोराले आफ्ना बुबालाई शर्ममा पार्छ।

**हितोपदेश २८ः८ः** मोशाको व्यवस्था-अन्तर्गत कुनै यहूदी मानिसले अर्को यहूदीबाट ब्याज लिनुहुँदैनथियो। उसले केवल गैर-यहूदी मानिसहरूबाट ब्याज लिन पाउँथ्यो (व्यवस्था २३ः१९-२०)। अनि आजभोलि ब्याज र सुदखोरको बीचमा छुट्ट्याइन्छ।

जुन मानिसहरू सुदखोरी गरेर वा अन्य नीच कमाइले धनी भएका छन्, ती मानिसहरूले आफ्नो सम्पत्ति गुमाउनेछन्। तिनीहरूको धनसम्पत्ति तिनीहरूबाट लगिनेछ र यस्तो मानिसलाई दिइनेछ, जसले यो धनको सदुपयोग गर्न जान्दछ र गरिबदुःखीहरूको कल्याण-सेवा गर्छ।

**हितोपदेश २८ः९ः** जुन मानिसले परमेश्वरको व्यवस्था सुन्न र पालन गर्न छोड्छ, त्यस मानिसको प्रार्थना परमेश्वर सुन्नुहुन्न। त्यस मानिसको प्रार्थना परमेश्वरको दृष्टिमा घृणित ठहरिन्छ।

> 'जीवित परमेश्वरलाई मुखले मात्र प्रार्थना गरेर ओठको सेवा गर्नु र ढुङ्गाका मूर्तिहरूलाई ढोगेर तिनीहरूको पूजा गर्नु एउटै कुरा हो।'
>
> श्री जोह्न बर्टन

**हितोपदेश २८ः१०ः** सीधा चाल चल्नेलाई पापमा भड्काउने-फसाउने मानिस जोसुकै होस्, त्यो मानिस दण्डरूपी खाड़लमा पर्छ-पर्छ। प्रभु येशूले चेताउनी दिएर भन्नुभयोः *'जसले ममाथि विश्वास गर्ने यी सानाहरूमध्ये एउटालाई ठेस खुवाउँछ, त्यसको घिच्रोमा एउटा जाँतो झुन्ड्याएर त्योचाहिँ समुद्रको गहिराइमा डुबाइएको भए त्यसको निम्ति बढ़िया हुनेथियो'* (मत्ती १८ः६)।

तर असल थोकहरू निर्दोष हुनेहरूको अधिकारको भाग हुनेछन्। निर्दोष हुनेहरू भन्नाले तिनीहरूलाई बुझ्नुपर्छ, जसले

अरूलाई पापको मार्गमा होइन, तर पवित्रताको मार्गमा हिँड्ने प्रोत्साहन दिन्छन्। निर्दोष हुनेहरू ती हुन्, जसले पापका प्रलोभनहरूमा फस्न अस्वीकार गर्छन्।

**हितोपदेश २८ः११ः** जुन धनी मानिसले आफ्नो धनसम्पत्तिको विषयमा गर्व गर्छ, त्यस मानिसले आफूलाई बाठै सम्भन्छ। त्यसले धन कमाउने आफ्नो कुशाग्र बुद्धिको विषयमा घमण्ड गर्छ; त्यो स्वदम्भी हुन्छ। तर त्यसले धनसम्पत्ति र बुद्धिको बीचमा ठूलो गड़बड़ी गरेको छ।

समझदार गरिब मानिसले त्यसको स्वाभिमान देख्न सक्छ। श्री चार्लस ल्यामले एक समयमा यस प्रकारको स्वाङ गर्ने दम्भी मानिसहरूमध्ये एकजनाको परिचय लिएर तिनलाई सोधेछन्ः 'हजुरले मलाई माफ गर्नुहोला ! तर मैले हजुरलाई चिन्न सकिनँ।'

**हितोपदेश २८ः१२ः** जब धर्मी मानिसहरूले राजसत्ता चलाउन पाउँछन्, तब ठूलो रमाहट हुन्छ। तर जब दुष्ट मानिसहरू उठ्छन्, तब डरले मानिसहरू लुक्नुपर्छ।

**हितोपदेश २८ः१३ः** *'जसले आफ्ना पापहरू ढाकछोप गर्छ, त्यो सफल हुँदैन, तर जसले आफ्ना पापहरू मानिलिन्छ र छोड़िदिन्छ, उसले कृपा पाउनेछ।'* पवित्र बाइबलमा दुई प्रकारको पाप-क्षमाको विषयमा कुरा गरिएको छः न्यायिक पाप-क्षमा र पारिवारिक पाप-क्षमा। जुन बेलामा हामीले प्रभु येशू ख्रीष्टमाथि विश्वास गरेर उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्छौं, त्यस बेलामा हामी पापहरूको क्षमा पाएर पापहरूको दण्डबाट मुक्त हुन्छ। अनि जब हामी ख्रीष्ट-विश्वासी भएको अवस्थामा आफ्ना पापहरू स्वीकार गर्छौं, तब हामी पारिवारिक पाप-क्षमा पाउँछौं (१ यूहन्ना १ः९)। यस प्रकारको पाप-क्षमा पाएको हुनाले परमेश्वर पितासँग हाम्रो सङ्गति भइरहन्छ।

आफ्ना पापहरूको ढाकछोप गर्ने मानिसले कहाँ आशिष पाउँछ र? ! किनभने त्यस मानिसले आफ्ना पापहरू ज्योतिमा ल्याउन र परमेश्वरको सामु मानिलिन चाहँदैन; त्यसले जसको गल्ती गरेको छ, उसको सामु आफ्नो गल्ती मानिलिँदैन। तर धन्य त्यो मानिस, जसले आफ्ना पापहरू मानिलिन्छ र छोड़िदिन्छ ! परमेश्वरले उसका पापहरू क्षमा गर्नुको साथसाथै उसका ती पापहरू बिर्सनुहुन्छ (हिब्रू १०ः१७)। यो कुरा सुनिश्चित छ।

**हितोपदेश २८ः१४ः** प्रभुसित कोमल हृदय कायम राख्ने मानिस सुखी हुन्छ। उसको सुखको निम्ति यो सद्गुण अनिवार्य हो। पश्चात्ताप गर्न नचाहेर जसको हृदय कठोर हुँदै जान्छ, त्यो मानिस समस्यामा पर्छ। परमेश्वर घमण्डी र निर्लज्ज हुनेहरूको सामना गर्न जान्नुहुन्छ; तर उहाँ चूर्ण र पश्चात्तापी हृदयको सामना गर्न सक्नुहुन्न।

**हितोपदेश २८ः१५ः** गर्जने सिंह र जाइलाग्ने भालु – गरिब, कमजोर र सहाराहीन मानिसहरूमाथि कठोर शासन जमाउने तानाशाहको निम्ति उपयोगी शब्दहरू हुन्; किनभने तिनको व्यवहार जङ्गली जन्तुको जत्तिकै असभ्य हुन्छ। तिनी साँच्चिकै गर्जने सिंह र जाइलाग्ने भालुजस्तै हुन्।

**हितोपदेश २८ः१६ः** ती समझ नभएको शासक को होलान्? तिनी यी शासक हुन्, जसले जति मूल्य चुकाउनुपरे पनि, जुनै हालतमा पनि धनी हुन चाहन्छन्। यसकारण तिनले अत्याचारको सहारा लिन्छन्। अरूलाई थिचेर होस्, मिचेर होस्, वा शोषण गरेर होस्, तिनी धनी बन्नैपर्छ। तर जुन शासकले लोभ-लालच र शोषणलाई घृणा गर्छ, र जनताको निस्वार्थी सेवा गर्छन्, ती शासकले आफ्नो आयु र शासनकाल बढ़ाइदिन्छन्।

**हितोपदेश २८ः१७ः** रगतको दोष लागेको मानिस भागेर खाड़लमा पर्छ। कसैले पनि त्यसलाई सहायता नगरोस्! जानीबुझी हत्या गरेको मानिस डुलन्ते-फिरन्ते हुनुपर्छ, जो निरन्तर आफ्नो विनाशतिर अघि बढ़िरहेको छ। कसैले पनि बाटो छेकेर ईश्वरीय न्यायलाई बाधा दिनुहुँदैन। किनभने परमेश्वरले यसो भन्नुभएको छः *'हरेक जसले मानिसको रगत बगाउँछ, त्यसको रगत मानिसद्वारा नै बहाइनेछ'* (उत्पत्ति ९ः६)।

**हितोपदेश २८ः१८ः** *'जसको चाल सीधा छ, ऊ बचाइनेछ।'* यस पदको सन्दर्भ अनन्त विनाशबाट बाँच्नु होइन, तर यस जीवनमा हानि-नोक्सानीबाट बाँच्नु हो। किनभने कुनै पनि मानिसले आफ्नो सीधा चालद्वारा आफूलाई बचाउन सक्दैन र अनन्त मुक्ति प्राप्त गर्दैन। किनभने प्रभु येशू ख्रीष्टमाथि विश्वास गरेर मुक्ति पाइन्छ। तर यो पनि भनौंः मुक्ति पाएको मानिसले सीधा चाल देखाएर छोड्छ। रपनि जसको चाल निर्दोष छ, ऊ बचाइनेछ। यस जीवनमा थुप्रै फन्दा र पासोहरू छन्, जसबाट हामी बाँच्नुपरेको छ।

तर जुन मानिस एउटा कुटिलता र धूर्ततादेखि अर्को कुटिलता र धूर्ततामा अघि बढ्छ, त्यो मानिस एकै प्रहारले गिर्छ, लड्छ, डुब्छ, र नाश हुन्छ।

**हितोपदेश २८ः१९ः** यहाँ, यस पदमा प्रशस्त खानेकुरा र प्रशस्त गरिबी आपसमा तुलना गरिएको छ। मेहनत गर्ने किसानसँग प्रशस्त खानेकुरा हुन्छ भने, निकम्मा, व्यर्थका कुराहरूको पछि लाग्ने मानिसको अभाव प्रशस्त हुनेछ।

**हितोपदेश २८ः२०ः** त्यो विश्वासयोग्य मानिस को होला? ऊ त्यो इमानदार मानिस हो, जो ठूलो धनको चाह गर्दैन; ऊचाहिँ आशिषले भरपूर हुनेछ। तर जुन मानिसले अनैतिक तरिकाहरू अपनाएर थोरै समयभित्र धनी हुन खोज्छ, त्यसलाई दण्ड नदिई त्यो छोड़िनेछैन।

**हितोपदेश २८ः२१ः** न्यायकर्ताको निम्ति पक्षपात गर्न घिनलाग्दो अन्याय हो। तर के गर्ने? एक रोटीको टुक्राको निम्ति प्रायः मानिस अपराध गर्न तयार हुन्छ। रोटीको एक टुक्रा भन्नाले त्यो सबैभन्दा क्षुद्र, तुच्छ कुरा बुझिन्छ, जसको निम्ति मानिस अपराध गर्छ।

**हितोपदेश २८ः२२ः** छुचो, कन्जुस मक्खीचुस दौड़ेर धनको पछि लाग्छ। तर 'चाँड़ै गरिबीले मलाई छोप्छ' भन्ने कुरा त्यसलाई के थाहा?

**हितोपदेश २८ः२३ः** साथीले हामीलाई प्रेमको साथ हप्काउँछ भने पनि हामीलाई यो कुरा ग्रहण गर्न गाह्रो छ; किनभने हाम्रो घमण्डलाई चोट लागेको छ। तर पछिबाट हामीले साथीको अभिप्राय बुझ्छौं; किनभने उसले हाम्रो ठूलो वास्ता गरेको हुनुपर्छ, नत्र ता उसले हामीलाई हाम्रा गल्तीहरू देखाउँदैन। तब हामी यस साथीप्रति आभारी हुन्छौं।

चिप्लो घसेको कुरा हामीलाई मीठो लाग्छ; तर अन्तमा त्यसको झूटको भन्डाफोर हुनेछ। अरे, यस चिप्लो घस्ने मानिसले त हामीबाट केवल आफ्नो फाइदा उठाउन खोजेको रहेछ। अनि हुन सक्छ, त्यसले सबैसँग यस प्रकारको चापलुसीको व्यवहार देखाउँछ, कि कसो हो?

**हितोपदेश २८ः२४ः** जुन छोराले आफ्ना बुबाआमालाई लुट्छ, त्यस छोराले निम्न बहाना गरेर यसो गर्लाः **क)** 'यो त मेरो अंशमा पर्ने भाग हो' भन्छ, कि त **ख)** 'मैले यो थोक प्रभुलाई अर्पण गरेको हुँ' भन्छ (मर्कूस ७ः११)। तर परमेश्वरलाई ठग्न सकिँदैन। त्यस छोराको स्तर त डाकू र हत्याराको श्रेणीको पो छ।

**हितोपदेश २८ः२५ः** झगड़ा मच्चाउन हामी घमण्डी हुनुपर्छ, धनको लोभी हुनुपर्छ; किनभने त्यसले धनी हुने, उच्च ओहदामा

पुग्ने र प्रमुख हुन खोज्ने आफ्नो व्यर्थ प्रयासमा धक्का दिएर होस्, वा ठेलेर होस्, अरू सबैलाई पन्साउँछ (याकूब ४:१)। तर परमेश्‍वरको डर राख्ने मानिस शान्ति र सन्तुष्टि पाउनुमा सफल हुन्छ।

**हितोपदेश २८:२६ः** जसले आफ्नो जीवनको यात्रामा आफ्नो बुद्धिमाथि भरोसा गर्छ, त्यो एउटा मूर्ख मानिस हो। के हाम्रो दिमाग हाम्रो जीवनको चालक हुनु उचित छ ? यो त आफ्नो डुङ्गाभित्र लङ्गर अड्याउन खोजेको जत्तिकै हो। यसो गर्ने मानिसको जीवन निरन्तर लक्ष्यहीन पाराले बहन्छ-बहन्छ। तर जुन मानिसले प्रभुबाट मार्गदर्शन र अगुवाइ पाउन खोज्छ, त्यस मानिसको व्यवहार बुद्धिमान् हो (यर्मिया ९:२३-२४)।

**हितोपदेश २८:२७ः** परमेश्‍वरले तिनी-हरूलाई प्रतिफल दिनुहुन्छ, जसले गरिब-दुःखीहरूको कल्याण र भलाइ गर्छन्। अनि जुन मानिसले खाँचो परेकोबाट आफ्ना आँखाहरू बन्द गर्छ, त्यस मानिसका शोक-चिन्ताहरू धेरै हुनेछन्।

**हितोपदेश २८:२८ः** जब दुष्ट मानिस-हरूले शासन गर्छन्, तब जनता डराउनुपर्छ र लुक्नुपर्छ। तर दुष्ट शासकहरूको सत्ता पल्टिन्छ, तब धर्मी जनहरूको वृद्धि हुनेछ।

**हितोपदेश २९:१ः** पापमा लगिपर्ने मानिस अचानक नष्ट हुनेछ; किनकि त्यसले घरिघरि हप्की खाएको थियो। तर त्यसको निम्ति एकदिन सुध्रिनेछ भन्ने आशा छैन। जलप्रलय-भन्दा अघिको समयमा नूहको प्रचार सुन्ने मानिसहरूले सुन्न इन्कार गरे। अचानक जलप्रलय आयो, र तिनीहरू सबै नाश भए।

मेरा चिनारुहरूमध्ये एकजना थिए, जसले सुसमाचारको सन्देश घरिघरि इन्कार गरेका थिए। एकदिन तिनको जम्काभेट एकजना ख्रीष्ट-विश्‍वासी दिदीसँग भयो, जसले तिनको निम्ति लगातार प्रार्थना गरिरहेकी थिइन्। यिनले तिनलाई सोधिन्ः 'तपाईं कस्तो लाग्छ ? के आज तपाईंको निम्ति प्रभु येशूकहाँ फर्कने समय आएको लाग्दैन ?' तब तिनले ठाड़ो उत्तर दिएः 'तेरो प्रभुले मेरो निम्ति के गर्न सक्थ्यो र ?' त्यस हप्ताको अन्तमा रहस्यमय दुर्घटनामा तिनको मृत्यु भयो। दुर्घटनाहरू घटिरहन्छन्, तर तिनी परेको दुर्घटना यति अनौठो थियो, यस प्रकारका दुर्घटना विरलै घट्छन्, तर तिनको जीवनमा घटिहाल्यो।

**हितोपदेश २९:२ः** देशका शासकहरूको चरित्रले जनताको नैतिकता असर पार्छ। जब अधिकारमा बस्ने धर्मी जनहरूको सङ्ख्या र प्रभाव बढ्छ, तब जनता रमाउँछन्। तर दुष्ट शासकले चारैतिर मानिसहरूको बीचमा विलाप उत्पन्न गर्छन्।

**हितोपदेश २९:३ः** बुद्धिलाई प्रेम गर्ने छोराले आफ्ना बुबालाई आनन्द दिलाउँछ; किनकि ऊ पापदेखि अलग भएको समर्पित इसाई जीवन जिउँछ। तर व्यभिचार गर्ने छोराले आफ्ना बुबाको सम्पत्ति बड़बाड़ गर्छ। उड़न्ता पुत्रको सम्झना जारी रहोस्! त्यसले बेकाइदाको साथ विलासी जीवन जिएर आफ्ना बुबाको सम्पत्ति उड़ायो।

**हितोपदेश २९:४ः** न्यायद्वारा राजाले आफ्नो देशको अवस्था बलियो तुल्याउँछन्। तर जुन राजाले घूस खान्छन्, ती राजाले अन्याय र पक्षपात गर्छन्, अनि यसरी नै सरकारको स्थिरता कमजोर पार्छन्।

**हितोपदेश २९:५ः** चिप्लो घस्नेले आफ्नो छिमेकीलाई खरतामा हाल्छ, किनकि त्यसले उसलाई सत्य भन्दैन र उसलाई हुने-नहुने कुराहरूको निम्ति सर्काउँछ। अनि यस कुराले हामीमा घमण्ड पैदा गर्ने काम गर्छ; अनि पतित हुनुभन्दा अघि घमण्ड आउँछ।

**हितोपदेश २९:६ः** दुष्ट मानिस प्रायः जसो आफ्नै पापको पासोमा जेलिन्छ। तर धर्मी जनचाहिँ आनन्दित हुन्छ; किनभने ऊ

अपराधहरूका नराम्रा नतिजाहरूदेखि डराउनुपर्दैन। यसैले ऊ गाउँछ र आनन्दित हुन्छ।

**हितोपदेश २९ः७ः** धर्मी जनहरूहो, गरिबदुःखीहरूको दुःखकष्ट र मामिलामा चासो लिनुहोस्, तिनीहरूको कल्याण गर्न खोज्नुहोस्! किनभने दुष्ट मानिसहरूले तिनीहरूको वास्तै गर्दैनन्।

**हितोपदेश २९ः८ः** गिल्ला गर्ने मानिसहरूले एउटा सिङ्गै शहर उभाड्‌न सक्छन्। तिनीहरू हल्लाखल्लाद्वारा मानिसहरूको रिस र डाहा उठाउन, तिनीहरूको बीचमा गड़बड़ी मच्चाउन र फाटो ल्याउन सक्षम हुन्छन्। तर बुद्धिमान् मानिसहरूले शान्तिको पक्षमा काम गरेर अमेल, फूट र अशान्ति रोक्न खोज्छन्।

**हितोपदेश २९ः९ः** यस नीतिवचनका दुईवटा अर्थ हुन सक्छन्। यी दुईमा निम्न व्याख्या बढ़ी सम्भव भएको देखिन्छः बुद्धिमान् मानिसले मूर्ख मानिससँग तर्क गर्दा मूर्ख मानिस कि त रिसाउँछ, कि त हाँस्छ (एन.के.जे.वी., आर.एस.वी. र बेर्क्लीको अनुवादअनुसार)। त्यसलाई कहिल्यै मनाउन सकिँदैन; यसकारण त्यहाँ कहिल्यै शान्ति हुँदैन।

दोस्रो व्याख्या यस प्रकारको छः बुद्धिमान् मानिसले मूर्ख मानिससँग तर्क गर्दाखेरि चाहे उसले गम्भीरताको, चाहे हास्यको सहारा लिए ता पनि यो कुनै सीपै लाग्दैन, अँ, यसबाट कुनै सकारात्मक नतिजा देखिँदैन।

**हितोपदेश २९ः१०ः** यस पदको विषयमा पनि दुईवटा व्याख्या सम्भव छन्। ए.एस.-वी.ले यस प्रकारले अनुवाद गऱ्योः 'खूनी मानिसहरूले निर्दोष मानिसलाई घृणा गर्छन् र सीधा चाल चल्नेको हत्या गर्न खोज्छन्।' यस अनुवादअनुसार दुवै हमलाहरू खूनी मानिसहरूका हमला हुन्।

तर के.जे.वी., एन.के.जे.वी., डार्बी र बेर्क्लीको अनुवादअनुसार निम्न प्रकारको अर्थ निस्कन्छः रक्तपात गर्नेहरूले निर्दोषीलाई घृणा गरेर उसको हत्या गर्न खोज्दा सीधा चाल चल्नेहरूले उसको प्राण बचाउन चाहन्छन्।

**हितोपदेश २९ः११ः** मूर्ख मानिसले प्याच्च आफ्नो सारा मनको कुरा बताउँछ; तर बुद्धिमान् मानिसले आफ्नो विचारमा लगाम लगाउँछ। यस विषयमा श्री जेय एडम्सले निम्न सल्लाह दिएका छन्ः

> 'रिसले चूर भएर बम्क्नु र आफ्नो मनमा जे आउँछ, त्यो प्याच्च, सोचविचार नगरीकन भनिहाल्ने वा तत्कालै गरिहाल्ने धारणा बिलकुल गलत हो। किनभने हामीले आफ्नो व्यवहारको निम्ति जिम्मेवारी लिनैपर्छ, यसका नतिजाहरू भोग्नैपर्छ। यसकारण रिसाएको बेलामा हामीले मनमनै एकदेखि दससम्म गन्न सक्नुपर्छ, आफ्नो आवेग थामिराख्न सक्नुपर्छ र शान्त हुने प्रयास गर्नुपर्छ। हामीले सम्बन्धित कुराको सम्पूर्ण कहानी सुन्नुपर्छ; नत्र हामीबाट अवश्य एउटा ठूलो गल्ती गरिनेछ।' **42)**

**हितोपदेश २९ः१२ः** *'शासकले झूटा कुराहरूमाथि ध्यान दिन्छन् भने उनका सबै कर्मचारीहरू दुष्ट हुन्छन्।'* यहाँ भन्न खोजेको कुरा यस प्रकारको छः जुन शासकले पुलपुल, चापलुसी र मनोहर कुराहरू मात्र सुन्न मन पराउँछन्, ती शासकले आफ्ना कर्मचारीहरूबाट त्यही कुरा सुन्न पाउँछन्; तिनीहरूले उनीसित झूट बोल्छन् र उनलाई चिप्लो घस्छन्।

**हितोपदेश २९ः१३ः** समाजमा गरिबदुःखी र अत्याचारी मानिसको बीचमा आकाश-पातालको भिन्नता छ होला, तर परमेश्वरको सामु सबै मानिसहरूको स्तर एउटै हो। परमप्रभु ती दुवैजनाका आँखाहरू ज्योति दिनुहुन्छ।

**हितोपदेश २९ः१४ः** परमेश्वरले शासकहरूलाई कुन दृष्टिकोणले हेर्नुहुन्छ, सो यस पदबटा थाहा लाग्छ। के शासकले गरिबहरूसित गरेको व्यवहार विचारशील र पक्षपातरहित हुन्छ? मुख्य कुरा यसैमा छ।

परमेश्वरको प्रतिज्ञाअनुसार राजाको यस प्रकारको विश्वासयोग्य व्यवहारले तिनको सिंहासन सर्वदा स्थिर पार्नेछ। तर हामी केवल यस प्रकारको सत्व्यवहार देखाउनुभएको एकजना राजालाई चिन्छौंः हाम्रा प्रभु येशू।

**हितोपदेश २९ः१५ः** *'छड़ी र हप्कीले बुद्धि दिन्छन्, तर छाड़ा छोड़िएको बालकले आफ्नी आमालाई शर्ममा पार्छ।'* यस पदले भनेको कुराले वर्तमान विशेषज्ञहरूको धारणा काट्छ र नकार्छ, जसको धारणा सबैलाई आ-आफ्नै इच्छाअनुसार गर्न दिने प्रजातन्त्र भनिन्छ। छड़ीचाहिँ शारीरिक ताड़ना दिने साधन हो भने, हप्कीचाहिँ मौखिक सुधार गर्ने उपाय हो। अनि पारिवारिक अनुशासनका यी दुई-वटा माध्यमद्वारा हाम्रा छोराछोरीहरूले बुद्धि प्राप्त गर्छन्। छड़ी र हप्कीले हाम्रा छोराछोरीहरूलाई विकास गर्न कहाँ बाधा दिन्छन् वा तिनीहरूको व्यक्तित्व कहाँ बढ्न दिँदैनन्!! होइन, होइन, यस विषयमा विशेषज्ञहरूको धारणा नै गलत, बिलकुल गलत हो।

**हितोपदेश २९ः१६ः** जब दुष्ट मानिस-हरूको सङ्ख्या र प्रभाव बढ्छ, तब अपराधहरू पनि बढ्छन्। तर धर्मी जनहरूले दुष्टहरूको पतन देख्न पाउनेछन्। यो एक आत्मिक नियम हो, जसमा अपवादहरू छँदैछन्, तर यी अपवादहरूले यो नियम कुनै हालतमा पनि खण्डन गर्दैनन्।

**हितोपदेश २९ः१७ः** ठीक प्रकारको अनुशासन पाएको छोराछोरीले आफ्ना बुबा-आमालाई आनन्द दिलाउँछ र विश्राम दिन्छ। यस्ता बुबाआमाहरूलाई चिन्ता छैन, तिनी-हरूलाई मनको पीर हुँदैन।

**हितोपदेश २९ः१८ः** *'जहाँ दर्शन छैन, त्यहाँ मानिसहरू छाड़ा हुन्छन्; तर जसले व्यवस्था पालन गर्छ, ऊ धन्यको हो।'* यहाँ दर्शनको अर्थ भविष्यवाणीरूपी ईश्वरीय प्रकाश बुझिन्छ, अनि भविष्यवाणीरूपी प्रकाश भन्नाले परमेश्वरको वचन बुझ्नुपर्छ (१ शमूएल ३ः१)। यहाँ, यस पदमा भन्न खोजेको मतलब यही होः जुन मानिसहरूले परमेश्वरको वचन जान्दैनन् र वास्ता गर्दैनन्, ती मानिसहरू छाड़ा हुन्छन्-हुन्छन्। तर जुन मानिसहरूले व्यवस्थारूपी परमेश्वरको वचन पालन गर्छन्, ती मानिसहरू धन्यका हुन्!

**हितोपदेश २९ः१९ः** धेरै नोकरचाकरहरू छन्, जो हठी हुन्छन्, र जसको व्यवहार शिष्ट हुँदैन। बेला-बेलामा तिनीहरूलाई मुखले मात्र आह्वाउन पुग्दैन। तिनीहरूले मालिकका आदेशहरू बुझेर पनि यी आदेशहरूअनुसार गर्दैनन्। तिनीहरू नबोली चुप रहन्छन्, केवल आफ्नो मुख बिगार्छन्, खिन्न देखा पर्छन्। तर प्रभु येशूले यसो भन्नुभयोः *'तिमीहरू मलाई किन "प्रभु, प्रभु" भन्छौ, र मैले भनेका कुराहरूचाहिँ पालन गर्दैनौ?'* (लूका ६ः४६)।

**हितोपदेश २९ः२०ः** हितोपदेशको पुस्तकमा प्रस्तुत गरिएका जेजति विषयहरू छन्, ती विषयहरूमा हाम्रो बोलीचाहिँ सबैभन्दा बढ़ी चर्चित भएको विषयवस्तु हो। यहाँ, यस पदमा हामी के सिक्छौं भने, जुन मानिसले सोचविचार नगरीकन बोल्छ, त्यो मानिस महामूर्ख रहेछ, जसको स्तर आफ्नो दृष्टिमा बुद्धिमान् भएको स्वाभिमानी मानिसको स्तरको बराबर राखिएको छ (हितोपदेश २६ः१२)।

**हितोपदेश २९ः२१ः** जसले आफ्नो नोकरलाई लाड़े प्यार गर्छ, उसले त्यसलाई बिगार्छ; किनभने नोकरले आफ्नो पद के हो, सो बिर्सन्छ र छोरातुल्य व्यवहार पाउने आशा गर्छ। यसकारण बुझ्नुहोस्ः कामको मालिक र कामदारको बीचमा असुहाउँदो घनिष्ठताले प्रायः अपमान पैदा गर्छ।

**हितोपदेश २९ः२२ः** हामी सबैजनाले कता-कतै रिसाहा र क्रोधी मानिसलाई भेटेका छौं। रिसाहाले किसिम-किसिमका समस्या-

हरू मच्चाउँछ भने क्रोधी मानिसले प्रशस्त पाप गर्छ ।

**हितोपदेश २९ः२३ः** घमण्डी मानिस एकदिन अवश्य तल झारिनेछ; किनभने आदरको स्थानमा उचालिनको निम्ति हामी नम्र हुनुपर्छ ।

‘प्रोफेसर एस. बी. स्मिथ ‘व्याइटहर्न’ नामक चुचुरामा पुग्न लागेका थिए। त्यस बेलामा गाइडले तिनलाई अघि जान दिएर तिनलाई टाकुरामा पहिले पुग्ने सुअवसर दियो। सुन्दर दृश्यले मोहित भएका श्री स्मिथले टाकुरामा प्रचाण्ड आँधी चलेको परिस्थिति भुले। तिनी आनन्दले उफ्रेर नभन्दै टाकुरामा खड़ा भए। तर गाइडले तिनलाई तल तानेर भन्योः ‘सर, घुँड़ा टेक्नुहोस्! किनकि यस ठाउँमा घुँड़ामा बस्ने मानिस मात्र सुरक्षित रहन्छ।’ यसकारण बुझ्नुहोस्ः ज्ञान र शिक्षादीक्षाको उच्च टाकुरामा, प्रेम वा सफलताको उच्च टाकुरामा अथवा जीवनको जुनसुकै उच्च टाकुरामा हाम्रा निम्ति प्रशस्त खतरा र जोखिमहरू छन्।’

Choice Gleanings बाट उद्धृत गरिएको

हे परमेश्वरको थुमा, मलाई तपाईंको रक्ताम्मे छातीमा टाँसेर सुरक्षित राखिदिनुहोस्!
किनभने त्यहाँ मेरो निम्ति सुरक्षा र स्थायी शान्ति पाउने एकमात्र स्थान हो।
मेरो वरिपरि शत्रु र पासोहरू छँदैछन्; मेरो मनभित्र अभिलाषा र डरहरू छँदैछन्।
तब जुन ईश्वरीय अनुग्रहले मलाई खोजेर भेट्टायो, केवल तपाईंको त्यही अनुग्रहले मलाई शुद्ध राख्न सक्छ।

श्री जेम्स जी. डेक

**हितोपदेश २९ः२४ः** चोरलाई साथ दिने मानिसले आफूलाई हेला गर्छ। किन? किनभने न्यायकर्ताले त्यसलाई शपथ खान लाउँछन् र त्यसले ‘म सत्य, केवल सत्य बोल्छु’ भनेर भन्छ, तर त्यसले चोरले गरेको अपराध के थियो, सो प्रकट गर्दैन। यो कुरा साक्षी दिएको भनिँदैन, तर झूटो साक्षी भनिन्छ। अनि मोशाको व्यवस्थाअन्तर्गत न्यायकर्ताद्वारा शपथले बाँधिएको जुन मानिसले गवाही दिन मान्दैन भने, त्यो मानिस दोषी ठहरिन्थ्यो र यसको निम्ति सजाय भोग्नुपर्थ्यो (लेवी ५ः१)। त्यस जमानाको कानुनअन्तर्गत न्यायकर्ताको सामु गवाही दिनु नपर्ने कुनै प्रबन्ध गरिएको थिएन।

**हितोपदेश २९ः२५ः** मानिसहरूको डर मानेको फलस्वरूप हामी खराब गर्ने दवाउमा परेको बेलामा वा उचित काम नगर्ने तनाउमा परेको बेलामा परिस्थितिसित हार्छौं। नरकमा धेरै मानिसहरू छन्, जो ‘म ख्रीष्ट येशूमाथि विश्वास गरे साथीहरूले मलाई के भन्लान्’ भनेर आफ्ना साथीहरू र तिनीहरूको प्रतिक्रियादेखि डराए।

परमप्रभुमाथि भरोसा गर्ने मानिस उसको जीवनमाथि जेजस्तो आइपरे पनि सुरक्षित रहन्छ। यस विषयमा श्री विलियम गुर्नलले यसो लेखेका छन्ः

‘हामीमा परमेश्वरको डर नभएको हुनाले हामी मानिसहरूदेखि यति बढ़ी डराउँछौं।’

**हितोपदेश २९ः२६ः** धेरै मानिसहरू छन्, जसले आफ्ना सबै समस्याहरू हल हुनको निम्ति शासकको बाटो हेर्छन्, जब हरेक मानिसको न्याय परमप्रभु परमेश्वरबाट आउँछ।

**हितोपदेश २९ः२७ः** अन्याय गर्ने मानिस र धर्मी जनको बीचमा कुनै खास सम्बन्ध छैन। किनकि धर्मी जनले भक्तिहीन मानिसलाई घृणा गर्छ र दुष्ट मानिसले सीधा चाल चल्ने इमानदार मानिसलाई घृणा गर्छ। जसरी एउटा सीधा लट्ठीले बाङ्गो डन्डी टेढ़ा भएको प्रकट गर्छ, त्यसरी नै शुद्ध, निर्दोष जीवनले दुष्टको जीवन भन्डाफोर गर्छ।

यहाँ राजा सुलेमानका नीतिवचनहरूको अन्त भएको छ।

# खण्ड ६

# हितोपदेश ३०ः

## याकेका छोरा आगूरका वचनहरू

**हितोपदेश ३०ः१ः** आगूर को थिए, सो कुरा हामी यस अध्यायमा थाह पाउँछौं। तिनी याकेको छोरा थिए। जुन शब्द भविष्यवाणी अनुवाद गरिएको छ, त्यसको अर्थ 'बोझ' हो, र 'मस्सा' भन्ने नामको रूपमा पनि अनुवाद गर्न सकिन्छ। यस शब्दको माने 'मस्सा' हो भने, आगूरचाहिँ इश्माएलको वंशको भएको अर्थ सम्भव देखिन्छ (उत्पत्ति २५:१४)।

यस पदको दोस्रो खण्डको अनुवाद ए.एस.वी.को पार्श्वको टिप्पणीअनुसार यस प्रकारको भएको छः 'यी मानिसले मानिलिएर भनेः 'मैले आफूलाई थकाएँ, हे परमेश्वर! मैले आफूलाई थकाएँ, हे परमेश्वर, र म क्लान्त भएँ।' यो प्रसङ्गमाथि निर्भर गरेको कुरा हो; किनभने हितोपदेश ३०ः२ पदसित जोड्दा उक्त वाक्यबाट के माने निस्कन्छ भने, सीमित मानिसले असीमित परमेश्वरलाई बुझ्नमा आफूलाई थकाए। किनभने यो तिनको व्यर्थ प्रयास ठहरियो।

**हितोपदेश ३०ः२ः** यस पदमा ती आगूरले मानिलिएका छन्ः तिनमा समझ प्राप्त गर्ने क्षमता छँदैथिएन। तिनको नम्रता प्रशंसनीय छ; किनभने परमेश्वरका काम र चालहरूको विषयमा ज्ञान पाउन चाहने मानिसको मनसाय र मनोभावना यस्तै हुनुपर्छ।

**हितोपदेश ३०ः३ः** तिनले आफ्नै कोशिशले बुद्धि सिकेनन्; तिनले आफ्नै प्रयत्नले पवित्र परमेश्वरलाई भेट्टाएनन्। तिनमा पवित्र जनको ज्ञान पाउने क्षमता थिएन। तिनको इमानदार स्वीकार यो हो।

**हितोपदेश ३०ः४ः** अब तिनले हाम्रो सामु विभिन्न प्रश्नहरू पेश गर्छन्, जुन प्रश्नहरूद्वारा तिनले परमेश्वरको महानता प्रस्तुत गर्न चाहन्छन्, जुन महानता उहाँ प्रकृतिबाट प्रकट गर्नुहुन्छ।

**क)** ब्रह्माण्डको उचाइ र गहिरामा परमेश्वर सजिलोसँग पुग्नुहुन्छ, जहाँ कुनै मानिस उहाँको पछि आउनै सक्दैन। **ख)** परमेश्वरको मुठीमा हावाबतासको प्रचाण्ड शक्ति छ। **ग)** आकाशका बादलहरूदेखि लिएर समुद्रको गहिराइसम्म सबै पानी उहाँको नियन्त्रणमा छ। **घ)** उहाँले पृथ्वीको निम्ति सिमानाहरू सुनिश्चित ठहऱ्याउनुभयो।

*'उहाँको नाम के हो? र उहाँको छोराको नाम के हो?'* आगूरका शब्दहरूबाट निस्केको निचोड़ यस प्रकारको छः परमेश्वर यति महान् व्यक्ति हुनुहुन्छ; यसकारण कसैले पनि उहाँलाई पूरा रूपले जान्न सक्दैन। उहाँ हाम्रो समझदेखि बाहिरको हुनुहुन्छ; उहाँ अगम्य हुनुहुन्छ। उहाँको शक्ति असीमित र उहाँको उपस्थिति सबै ठाउँमा छ। तर हामी उहाँको नाम जान्दछौंः उहाँको नाम परमप्रभु हो। अनि उहाँको पुत्रको नाम प्रभु येशू ख्रीष्ट हो।

यहूदी श्रोतागणले अचम्म मान्छ होलाः अरे, परमेश्वरको छोरा कहिले हुन्छ र? किनभने तिनीहरूले यस प्रकारको शिक्षा पाएका छैनन्। तर यस पदबाट पुरानो नियमको जमानामा जिउने विश्वासी जनहरूले बुझ्न पाएः हो, परमेश्वरको पुत्र हुनुहुँदो रहेछ।

**हितोपदेश ३०ः५ः** परमेश्वरले प्रकृतिमा आफूलाई प्रकट गर्नुभएको विषय छोड़ेर आगूर अघि बढ्छन् र उहाँले आफूलाई आफ्नो वचनमा प्रकट गर्नुभएको विषय उठाउँछन्। *'परमेश्वरको वचनको एक-एक वचन शुद्ध*

*छ ।'* आगूरको निम्ति पवित्र धर्मशास्त्र बाइबल त्रुटिरहित थियो। त्यसपछि तिनले यसो भन्छन्ः *'उहाँमाथि भरोसा राख्नेहरूको निम्ति उहाँ ढाल हुनुहुन्छ ।'* यसर्थ पवित्र बाइबलको परमेश्‍वरमाथि विश्‍वास गर्नेहरू सबै सुरक्षित छन् ।

**हितोपदेश ३०ः६ः** *'उहाँका वचनहरूमा केही पनि नथप ! नत्र उहाँले तिमीलाई हप्काउनुहुन्छ, र तिमी झूटा ठहरिनेछौ ।'* पवित्र धर्मशास्त्र बाइबल सर्व-पर्याप्त र पूरा यथेष्ट छ। यसकारण कसैले परमेश्‍वरको वचनमा केही थप्ने दुःसाहस नगरोस् ! हामीबाट परमेश्‍वरको वचनमा आफ्नै विचार र आफ्नै अनुमानहरू थप्ने कुकर्म कहिल्यै नभएको होस् ! यस पदले झूटा पन्थहरूलाई दोषी ठहऱ्याएको छ; किनभने तिनीहरूले आफ्ना लेखहरू र आफ्नै रीतिहरूमा पवित्र बाइबलले मात्र पाउनुपर्ने अधिकार दिएका छन् ।

**हितोपदेश ३०ः७-९ः** यस पुस्तकमा उल्लेख गरिएको एकमात्र प्रार्थना यी पदहरूमा पढ्न पाइन्छ। आगूरको प्रार्थना छोटो छ, र विषयबद्ध छ। किनभने यसमा दुईवटा अनुरोधहरू चढ़ाइएका छन्ः पहिलो विन्ती तिनको आत्मिक जीवनको सम्बन्धमा छ भने, अर्को विन्तीको सन्दर्भ तिनको भौतिक जीवन हो ।

आगूरले पहिले के माग गरेका छन् भने, तिनले एउटा व्यर्थ जीवन होइन, तर एउटा अर्थपूर्ण, इमानदार जीवन जिउन चाहन्छन् । तिनले महत्त्वहीन कुराहरूमा लागेर आफ्नो जीवन बड़बाड़ पार्न चाहेनन् । तिनले मामुली कुराहरूमाथि ध्यान दिएर खास कुरा गुमाउन चाहेनन् । तिनले अरूलाई धोका दिन चाहेनन्, तर आफूले धोका खान पनि चाहेनन् ।

भौतिक कुराहरूको सम्बन्धमा तिनको प्रार्थना यस प्रकारको छः तिनी गरिब र धनाढ्य हुनुदेखि बाँच्न चाहन्थे । दुवै कुराहरू तिनको निम्ति सीमादेखि बाहिरका कुराहरू थिए। तिनले आफ्नो निम्ति परमेश्‍वरद्वारा निर्धारित गरिएको भोजन मात्र पाउन चाहन्थे । अर्को शब्दमा भन्नु हो भने, 'आज मलाई मेरो दैनिक भोजन जुटाइदिनुहोस् !' भन्ने विन्ती चढ़ाए (मत्ती ६ः११) ।

तिनले हददेखि गरिब र हददेखि धनी किन हुन चाहँदैनथिए ? तिनले यसको निम्ति कारणहरू बताउँछन्। तिनलाई अघाएर परमप्रभुमाथि भर नपर्ने जीवन जिउने डर थियोः उहाँको दरकार नलागेर तिनले उहाँलाई इन्कार गर्लान् कि ? 'परमप्रभु को हुनुहुन्छ' भन्नेसम्म तिनको मनमा दुःसाहस बढ़ेर आउला कि ? 'परमप्रभु को हो' भनेको 'मेरो खाँचो पूरा हुनको निम्ति मैले परमप्रभुको बाटो हेर्नुपर्ने उहाँ को हुनुहुन्छ ?' भनेजतिकै थियो ।

गरिबीमा पनि तिनको निम्ति खतरा थियो; किनभने तिनी चोरी गर्नेसम्म पुग्न सक्नेथिए । अनि तिनलाई शपथ खान लाउँदा तिनले यस विषयमा झूट बोलेर आफ्नो पाप ढाकछोप गर्नुपर्नेथियो ।

**हितोपदेश ३०ः१०ः** यस पदमा विषय बदली भएको भान लाग्छ । किनकि आगूरले हामीलाई चेताउनी दिएर यसो भन्छन्ः 'नोकरको चुक्ली उसका मालिककहाँ नलाउनू !' यसको निम्ति सजाय एउटा श्रापमनि पर्नु थियो, जुन श्राप नोकरले आफ्नो पोल लगाउने व्यक्तिमाथि हाल्नेथियो । अनि यो श्राप हामीलाई लाग्नेथियो, किनभने परमेश्‍वर थिचोमिचोमा परेकाहरूको मुद्दा लड़्नुहुन्छ ।

नयाँ नियममा *'अर्काको नोकरलाई न्याय गर्ने तिमी को हौ । ऊ आफ्नै मालिकको निम्ति खड़ा हुन्छ कि पतित हुन्छ'* भन्ने चेताउनी हाम्रो निम्ति लेखिएको छ (रोमी १४ः४) ।

**हितोपदेश ३०ः११ः** 'एउटा पुस्ता छ' भन्ने सन्दर्भमा यस खण्डमा जे लेखिएको छ, त्यो

कुरा हाम्रै पुस्तामा, अँ, प्रभुको आगमन हुनुभन्दा अघि अन्तिम दिनहरूमा जिउने पुस्ताको विषयमा सत्य ठहरिएको छ (२ तिमोथी ३:१-७)। यस विषयमा तपाईंले निम्न बुँदाहरू याद गर्नुहोलाः

**क)** *बुबाआमाको निरादरः* तिनीहरूले आ-आफ्ना बुबालाई सराप्छन्, र तिनीहरू आ-आफ्नी आमाप्रति आभारी हुँदैनन्। यसरी नै तिनीहरूले दस आज्ञाको पाँचौं आज्ञा उल्लङ्घन गरेका हुन्छन्। जवान मानिसहरूको बीचमा आफ्ना बुबाआमाप्रति जुन हेला भएको देखिन्छ, त्यो हेला हामीले आफ्नो भ्रष्ट समाजको अवनतिको प्रमुख चिन्ह मान्नुपर्छ।

**हितोपदेश ३०:१२: ख)** *स्वधर्मी, स्वदम्भीः* यी मानिहरू नीच र अशुद्ध छन्; तर तिनीहरूमा अलिकति सरम छैन। बाहिरबाट हेर्दा तिनीहरू चुना लगाइएका चिहानहरूजस्तै छन्, तर भित्रपट्टिचाहिँ तिनीहरू मुर्दाहरूका हड्डीहरू र सबै प्रकारको अशुद्धताले भरिएका हुन्छन् (मत्ती २३:२७)।

**हितोपदेश ३०:१३: ग)** *घमण्ड र अहङ्कारः* तिनीहरू र रब्बी सिमेओन बेन योकाइको बीचमा ठूलो समानता छ, जसले यसो भनेका छन्ः 'यस संसारमा दुईजना धर्मीजन मात्र भए ती दुईजना म र मेरो छोरा हुनुपर्छ; अनि एकजना धर्मीजन मात्र भएदेखि त्यो धर्मीजन मै हुँ।'

**हितोपदेश ३०:१४: घ)** *क्रूर दमनकारीः* यी मानिसहरूमा धनको यत्रो तीव्र लालच छ, जुनचाहिँ कहिल्यै तृप्त हुन सक्दैन। तिनीहरूले गरिबहरूलाई च्यातच्युत गरेर होस्, तोड़ेर होस् वा निलेर होस्, उनीहरूको शोषण गर्छन्-गर्छन्। काम गर्ने मालिकहरूले कामदारहरूलाई लामो समयसम्म काम गर्न लाउँछन्, तर कम्ती मजदुरी दिन्छन् र उनीहरूको निम्ति राम्रो काम गर्ने बन्दोबस्त गर्दैनन्। काम गर्ने जगत्मा र समजमा तिनीहरूका अन्यायहरू अनेक छन्।

**हितोपदेश ३०:१५-१६:** अघिको पदमा अत्याचारीहरूको लोभलालचले कस्तो-कस्तो रूप लिएको छ, सो प्रकट गरियो। अनि अब अरू चाहनाहरू पेश गरिन्छन्, जसको तृप्ति कहिल्यै हुँदैन।

**क)** जुकाका दुईजना छोरीहरू छन्, जसको रगत चुस्ने चाहना अपार छ। त्यसका छोरीहरूका नाम 'देऊ' र 'देऊ' हो।

**ख)** अधोलोक कहिल्यै भरिँदैन। मृत्युको छुट्टी कहिल्यै हुँदैन। चिहानमा मुर्दाहरू दफन गर्न ठाउँ नरहेको स्थिति कहिल्यै हुँदैन।

**ग)** बाँझो गर्भले आफ्नो बाँझोपन कहिल्यै स्वीकार गर्दैन; त्यसको गर्भधारण गर्ने आशा कहिल्यै टुट्दैन।

**ङ)** पानीले तृप्त नभएको जमिनः जति झरीपानी परे पनि त्यसले सुक्खा जमिनलाई तृप्त पार्न सक्दैन। त्यस जमिनले पानी, अझ पानी सोस्छ।

**च)** आगोले 'पुग्यो' कहिल्यै भन्दैन। त्यसले जति पनि दाउरा भस्म गर्न सक्छ।

'तीनवटा कुराहरू छन्, ... अँ, चारवटा कुराहरू छन् ...' भन्ने वाक्यमा साहित्यको एउटा सूत्र प्रयोग गरिएको छ, जुन सूत्रले चरमोत्कर्ष पैदा गर्छ। अनि श्री एफ. डब्ल्यू. ग्रान्टले के सङ्केत गरेका छन् भने, अङ्क चारचाहिँ कि त भौतिक पूर्णताको सङ्ख्या हो, कि त सर्वमान्य कुराको सङ्ख्या हो; किनकि पृथ्वीका चारवटा दिशाहरू छन्, कि त सृष्टि गरिएको थोक आफ्नो सृष्टिकर्ताबाट छुट्ट्याउन प्रयोग गरिने सङ्ख्या हो। [43)]

**हितोपदेश ३०:१७:** यो पद अरू खण्डहरूबाट अलग भएको देखिन्छ, तर यहाँ भनिएको कुरा हितोपदेश ३०:११ पदसित मिल्छ। यस पदको शिक्षा यस प्रकारको छः जुन छोराले आफ्ना बुबाको खिल्ली उड़ाएर तुच्छ ठान्छ र आफ्नी आमाको आज्ञापालन

गर्दैन, त्यस छोराको हिंसात्मक मृत्यु हुनेछ र त्यसको आदरयोग्य दफन-संस्कार हुँदैन। यहूदीहरूको विचारमा, मृतकको लासको दफन नहुनुचाहिँ ठूलो अपमान र शर्म हुन्थ्यो। मनपरी गर्ने हठी छोराको डरलाग्दो अन्तचाहिँ त्यसको लास गिद्धहरूको आहार हुनु हो।

**हितोपदेश ३०:१८-१९:** आगूरको दृष्टिमा चारवटा कुराहरू अद्‌भुत थिए। अनि यी चारवटा कुराहरू के-के हुन्, सो अध्ययन गर्दाखेरि के बुझिन्छ भने, यी चारवटा कुराहरूको आत्मिक अर्थमा केही समानता लुकेको छ भन्ने आभास कताकतै लाग्दैछ। यी चारवटा कुराहरूमा भएको समानता के हो त? धेरैजसो टिप्पणीकारहरूले के भन्छन् भने, यी चारवटा कुराहरूले कुनै देख्न सकिने सङ्केत छोड्दैनन्। अनि यो तिनीहरूको विचार हितोपदेश ३०:२० पदसँग मेल खान्छ; जुन पदमा व्यभिचारी स्त्रीको चाल बेपत्ता हुन्छ। त्यसको पापको दोष कसैले पत्ता लगाउँदैन। यस सिलसिलामा श्री डेरेक किड्नरले यसो भनेका छन्:

> 'आकाश, चट्टान, समुद्र र तरुणीजस्तो व्यवहार गर्ने अप्ठ्यारा तत्त्वहरू अरू केही पनि नहोलान्, तर उपयोगी साधन छ भने, यी अप्ठ्याराभन्दा अप्ठ्यारा तत्त्वहरू अधीन गर्न सकिँदो रहेछ।' **44)**

**क)** आकाशमा चीलको चालः यस महान् चराको अद्‌भुत उड़ानमा अचम्म मान्नु हाम्रो भाग हो। चीलजस्तै कुनचाहिँ चराको उड़ान यति सुन्दर छ? यति गतिशील छ र लोक-प्रसिद्ध छ?

**ख)** चट्टानमाथि सर्पको चालः घस्रेर हिँड्ने सरीसृप जन्तुको अचम्मको चाल हेर्नुहोस्ः त्यसका न खुट्टा, न हात, न पखेटाहरू छन्।

**ग)** समुद्रको बीचमा पानीजहाजको चालः हुन सक्छ, माछाको निम्ति पानीजहाजचाहिँ कविताको भाषा होला, कुन्नि? (भजन १०४:२६ हेर्नुहोस्!)। यसो हो भने, आगूरले यहाँ समुद्री जन्तुहरूमा मार्गदर्शन हुने सीपको विषयमा अचम्म मानेका होलान्।

**घ)** तरुणीसँग पुरुषको चालः यसको सबैभन्दा सरल व्याख्या यस प्रकारको छः यहाँ, यस वाक्यमा पुरुष-स्त्रीको बीचको प्रेमालापको स्वाभाविक सहज प्रवृत्तिको विषयमा कुरा गरिएको होला। अरू टिप्पणी-कारहरू छन्, जसले यस वाक्यमा पुरुषले एउटी कन्यालाई कसरी पापमा फसायो, उसको यो धूर्त चाल देख्न खोजे।

**हितोपदेश ३०:२०:** अनि अचम्म लाग्ने पाँचौं चालचाहिँ व्यभिचारी स्त्रीको चाल रहेछ। यो कुरा बीचमा हाल्न अवश्य कुनै उचित कारण छँदैछ। व्यभिचारिणीले आफ्नो अभिलाषा पूरा गरी, त्यसपछि आफ्नो मुख पुछ्छी र भनीः 'मैले केही नराम्रो काम गरेकी छैनँ; ममा कुनै दोषै छैन।'

**हितोपदेश ३०:२१-२३:** अब चारवटा सहन नसकिने कुराहरू पेश गरिएका छन्। यी चारवटा कुराहरू यस संसारमा खलबल मच्चाउने कुराहरू हुन्, जस्तैः

**क)** राज्य गर्ने दासः यस्तो मानिस उच्च ओहदाले मात्छ; त्यो घमण्डले फुल्छ र दमनकारी हुन्छ।

**ख)** पेटभर खान पाएको मूर्खः त्यसको फलिफापले त्यसलाई अझ मूर्ख र ढीठ हुने प्रेरणा दिन्छ।

**ग)** हेला गरिएकी स्त्रीः अन्तमा यस स्त्रीको विवाह भएको छ। त्यसको नीच स्वभावले गर्दा त्यसको विवाह अघि भएन; किनकि सामान्य हिसाबले त्यो सधैं अविवाहिता रहनेथिई। तर संयोगवश त्यसले एउटा पतिलाई भेट्टाई। तर त्यसको विवाह भएपछि त्यसले रानीको जस्तो व्यवहार देखाउन थाल्छे; त्यो घमण्डी हुन्छे, र त्यसले अरूलाई हेप्छे, जसको विवाह भएको छैन।

**घ)** मालिकनीको हकदार भएकी दासीः दासी कुलीन, सज्जन व्यवहार देखाउन जान्दैन, तर त्यो रूखो, अभद्र र अशिष्ट हुन्छे ।

**हितोपदेश ३०ः२४ः** अबचाहिँ आगूरको ध्यान ती चारवटा जानवरहरूमाथि पर्न जान्छ, जुन जानवरहरू साना छन्, तर बुद्धिमानीसाथ काम गर्छन्, जस्तैः

**हितोपदेश ३०ः२५ः क)** कमिलाः कमिलाहरू सारा सूक्ष्म कीरा हुन्, र यसो हेर्दा असहाय हुन्छन् । तर कमिलाहरू ग्रीष्म ऋतुमा व्यस्त रहन्छन् । तर प्रासङ्गिक शब्दकोष-अनुसार प्रायः कमिलाहरूले हिउँदको निम्ति खानेकुरा जम्मा गर्दैनन्; किनकि तिनीहरू जाड़ो महिनाहरूभरि आफ्नो गोला गुँड़मा डल्लो परेर सुतिबस्छन् । तर एक प्रकारको कमिला रहेछ, जुन कमिलाले ग्रीष्म ऋतुमा खानेकुरा सञ्चय गर्छ, जुन खानेकुरा जाड़ो ऋतुमा त्यसको आहारा हुन्छ । यहाँ सम्बन्धित कमिलाचाहिँ आफ्नो खानेकुराको प्रबन्ध गर्नमा व्यस्त रहेको छ ।

**हितोपदेश ३०ः२६ः ख)** भीर खरायोः भीर खरायाहरू कमजोर छन्, रक्षाहीन हुन्छन् । तर तिनीहरूले बुद्धि लगाएर चट्टान-हरूहुँदो आ-आफ्नो घर बनाउँछन् । भीर खरायोको अर्को नाम 'हाइरक्स' पनि हो । चिरा परेका चट्टानहरूले तिनीहरूलाई सबैभन्दा उत्तम सुरक्षा दिन्छन् । यस सम्बन्धमा एउटा गीत छ, जुन गीतले निम्न आत्मिक प्रयोग गरेको छः 'हे सनातानको चट्टान, जो मेरो निम्ति फोरिनुभएको छ ।'

**हितोपदेश ३०ः२७ः ग)** सलहहरूः सलहहरूको शासक हुँदैन, र पनि अचम्म प्रकारले दल बाँधेर अघि बढ़्छन् ।

**हितोपदेश ३०ः२८ः घ)** माउसुलीः माउसुली हातमा लिन सक्ने सानो जन्तु हो, र पनि राजमहाल र दरबारहरूमा पाइन्छ । माउसुलीको चाल ती ख्रीष्ट-विश्वासीहरूले नकल गरेका छन्, जो कहिल्यै पुग्न नसक्ने महत्त्वपूर्ण स्थानहरूमा पुगिहाले; किनभने परमेश्वरले राजदरबारहरूमा पनि आफ्नो गवाही राख्नुहुँदो रहेछ ।

**हितोपदेश ३०ः२९-३१ः** अबको खण्डमा चारवटा कुराहरूको अन्तिम माला प्रस्तुत गरिन्छ, जसको चाल भव्य, राजसी र सुशोभित हुन्छ, जस्तैः

**क)** सिंहः सिंहचाहिँ जानवरहरूको राजा हो । त्यसको शान्त चाल राजासमान हुन्छ ।

**ख)** शिकारी कुकुरः दोस्रो जानवरको विषयमा निक्कै अमेल छ । एन.आइ.वी.ले 'कुखराको भाले', डार्बीले 'जङ्गी घोड़ा' अनुवाद गरे भने, अन्यबाट 'शिकारी कुकुर' भएर अनुवाद भएछ । यी सबै जानवरहरूको चालको विवरण एउटै कुरामा मिल्छः तिनीहरूको बुलन्द गरिमा । यसो हो भने, मलाई के लाग्छ भने, शिकारी कुकुर भन्ने शब्द यहाँ बढ़ी मिल्छ, जसको हिँड़ाइ अति सुन्दर हुन्छ ।

**ग)** बोकाः बगालको अघि-अघि हिँड़्ने बोका वा साँढ़भेड़ाको चित्र सुन्दर छ; त्यसको चाल कति मनोहर र शानदार छ ।

**घ)** राजाः *'राजा, जसको विरोधमा कुनै विद्रोह छैन'* भन्ने वाक्यको अनुवादको विषयमा पनि दुईमत छन् । आर.एस.वी.को अनुवादअनुसार 'प्रजाको सामु मार्चपासमा हिँड़्ने राजा' वा एन.के.जे.वी.को अनुवाद-अनुसार 'राजा, जसको साथमा तिनको सेना छ ।' जेजस्तो भए पनि यहाँ भन्न खोजेको कुरा सुस्पष्ट छः राजाको हिँड़ाइमा शाही गौरव छ ।

**हितोपदेश ३०ः३२-३३ः** यस अध्यायको अन्तमा दुईवटा पदहरू छन्, जसको सम्बन्ध उक्त खण्डमा नरहेको देखिन्छ । यस विषयमा श्री जर्च विलियम्सले यस प्रकारको भाव-अनुवाद गरेका छन्ः

‘जुन कमजोर मानिसले मूर्ख काम गरेर आफूलाई परमेश्वरको विरोधमा उचालेको छ, अथवा हुन सक्छ, त्यसले उहाँको विषयमा सोच्न नहुने दुर्बोध विचारहरू गरेको छ होला, त्यस मानिसले ध्यानसित बुद्धिको कुरा सुनोस् र आफ्नो मुखमा आफ्नो हात राखोस्, नत्र ता यसको निम्ति त्यसको प्रतिफल सुनिश्चित हुनेछ, जसरी दूधको मन्थनले मक्खन, नाकको बटाराइले रगत र रिसउठाइले झगड़ा उत्पन्न हुने कुरा सुनिश्चित हुन्छ।’ 45)

# खण्ड ७

# हितोपदेश ३१ः१-९ः

## राजा लमुएलकी आमाले तिनलाई सिकाएका वचनहरू

**हितोपदेश ३१ः१ः** राजा लमुएल को थिए, सो कुरा हामी कुनै हालतमा पनि जान्न सक्दैनौं। तिनको नामको अर्थ ‘परमेश्वरको निम्ति समर्पण गरिएको’ वा ‘परमेश्वरको निजी सम्पत्ति’ हो। हाम्रो निम्ति महत्त्वपूर्ण कुरा के हो भने, तिनले हाम्रो निम्ति यो बुद्धिले पूर्ण सल्लाह जोगाएर राखे, जुन सल्लाह तिनकी आमाले तिनलाई दिएकी थिइन्।

**हितोपदेश ३१ः२ः** हामीले यस पदको अर्थ बढ़ाएर यसको परिभाषा यस प्रकारले गर्न सक्छौंः ‘हे परमप्रभुको निम्ति अर्पण गरेको मेरो प्यारो छोरा, म तिमीलाई के भनूँ? र तिमीलाई कुनचाहिँ बुद्धिका रत्नहरू पेश गरूँ?’

**हितोपदेश ३१ः३ः** पहिले तिनलाई चेताउनी दिइन्छ, अनि त्यो यो होः तिनले लम्पट, विलासी, कामुक जीवन जिउनुहुँदैन। ‘प्रवक्ताको टिप्पणी’ नामक पुस्तकमा यसो लेखिएको छः ‘उहिले रनिवासबाट आउने परीक्षाहरूले सताइरहेका थिए, जसको श्राप अहिलेसम्म सबै पूर्वीय राज्यहरूमाथि परेको छ।’

**हितोपदेश ३१ः४-८ः** दोस्रो, तिनलाई दाखमद्य र मदिरा नपिउने आग्रह गरिन्छ। किनकि रक्सीको सेवनले राजाहरूको न्याय गर्ने शक्ति कम गराउँदो रहेछ; तिनीहरूले सठीक निर्णयहरू गर्न सक्दैनन्; तिनीहरूलाई कानुनले माग गरेको सही न्यायका बुँदा र फैसलाहरू बिर्सन कुनै बेर लाग्दैन। यसकारण तिनीहरूले थिचोमिचोमा परेका-हरूका मुद्दाहरू लड्न छोड्छन्। यहाँ दाखमद्य औषधीको रूपमा सेवन गर्ने अनुमति दिइएको छः यो त मर्न लागेकाहरूको शक्ति बढ़ाउने उत्तेजक पदार्थ र हताश भएकाहरूको खिन्नता, निराशा र उदासी हटाउने दवाई पो हो। ठिक्कै छ, यस्ता मानिसहरूले पिएर आफ्नो खाँचो र आफ्नो दुर्दशा बिर्सन सक्छन्।

**हितोपदेश ३१ः९ः** राजा लमुएलचाहिँ आफ्नो प्रतिवाद आफूले गर्न नसक्ने निराश्रय हुनेहरूको पक्षमा बोल्ने वकील हुनुपर्छ। तिनी तिनको मद्दतविना मर्न लागेका सबै असहाय र अनाथहरूको मामिला लड्नुपर्छ। तिनी गरिब र खाँचोमा परेकाहरूको निम्ति मुख खोलेर बोल्न सक्नुपर्छ।

# खण्ड ८

# हितोपदेश ३१:१०-३१:

## आदर्श पत्नी र आमा

हितोपदेशको पुस्तकको अन्तिम खण्डमा आदर्श पत्नीको वर्णन गरिएको छ। यो खण्ड अक्षरबद्ध कविताको रूपमा लेखिएको छ; यसर्थ हिब्रू वर्गमालाको क्रमअनुसार त्यसको एक-एक अक्षरबाट एक-एक पद शुरु गर्छ। श्री नोक्सले अङ्ग्रेजीमा पनि त्यही गर्न खोजे, र अङ्ग्रेजीको वर्गमालाको बाइसवटा अक्षर लिएर यस खण्डको एक-एक पदको अनुवादमा क्रमिक रूपले प्रयोग गरे।

**हितोपदेश ३१:१०-१२:** गुणवती स्त्रीचाहिँ सक्षम हुन्छिन्, हो, परिश्रमी, सुयोग्य र असल हुन्छिन्। तिनको मूल्यको नापजोख बहुमूल्य हीरामोतीहरूले गर्नै सक्दैन। तिनका पतिले तिनीमाथि पूरा भर पर्न सक्छन्। उनलाई शुभ लाभ हुन्छ, अँ, कुनै घटी हुँदैन। तिनले उनको सहायोगिणीको भूमिका राम्रोसँग खेल्छिन्। तिनले उनको भलाइ गर्छिन्; तिनले उनलाई सधैं साथ दिन्छिन् र सदैव उनीसँग मिलेर काम गर्छिन्।

**हितोपदेश ३१:१३-१५:** तिनी सधैं ऊन र सनको खोजीमा रहन्छिन्, र त्यो काढ़ेर दागो बनाउँछिन् र त्यो लिएर लुगा बुन्छिन्। किनमेल गर्दा तिनी पानीजहाजहरूजस्तै छिन्, जुन जहाजहरूले टाढ़ा-टाढ़ाबाट आफ्ना मालहरू बन्दरगाहमा फर्काएर ल्याउँछन्। आजभोलिका दिदीबहिनीहरू सुपरमार्केट, डिपार्टमेन्ट-स्टोरबाट कार्टभरि सौदा फर्काएर ल्याएको दृश्यसित यो परिभाषा खूब मिल्छ। मिरमिर उज्यालो खस्नुभन्दा अघि तिनी सबेरै उठ्छिन् र आफ्नो घरपरिवारको निम्ति खाना तयार गर्छिन्। तिनले आफ्ना दासीहरूलाई आ-आफ्नो भाग र काम गर्ने जिम्मा अह्राउँछिन्।

**हितोपदेश ३१:१६-१८:** छिमेकमा एउटा बारी बेचिन्छ भन्ने खबर सुन्नासाथ तिनी त्यो जग्गा हेर्न जान्छिन् र त्यसको मूल्याङ्कन गर्छिन्। त्यो आफूले चाहेजस्तै बारी भेट्टाएपछि तिनले त्यो जमिन किन्छिन्, र त्यसमा आफूले कमाएको पैसाले एउटा दाखबारी लगाउँछिन्। तिनले आफ्ना कामहरूको निम्ति राम्ररी तयार गर्छिन्, आफ्नो जोश र तागत भ्याएसम्म गर्छिन्। तिनी श्रमको कामबाट डराउँदिनन्। अनि तिनको काम सफल भयो भने, तिनले शान्त, विनीत भई त्यसबाट सन्तुष्टि लिन्छिन्। अरू मानिसहरू सुत्न जाँदा तिनले अझै काम गर्छिन्।

**हितोपदेश ३१:१९-२२:** तिनले चर्खामा हात लगाउँछिन् र कतुवा समात्छिन्। तिनका हातहरू कहिल्यै खाली हुँदैनन्, तर सधैं व्यस्त रहेर तिनले ऊन र सन काढ़ेर दागो बनाउँछिन् — यस भनाइको मतलब यो हो। यसबाहेक तिनले गरिबहरू र खाँचोमा परेकाहरूको निम्ति मुट्ठी खोल्छिन्। निस्वार्थसाथ तिनले अभागीहरूसित आफ्नो सम्पत्तिबाट बाँड़-चुँड़ गर्छिन्। तिनी हिउँदको जाड़ोबाट डराउँदिनन्; किनभने तिनले यस समयको निम्ति अघिबाट न्यानो लुगाहरू तयार गरिराखिन्। आलमारीभरि न्याना-न्याना लुगाहरूको थाक छँदैछ। तिनले आफ्नो निम्ति बुट्टादार ओढ्ने बनाउँछे; तिनका वस्त्रहरू मिहिन मलमल र बैजनीका हुन्छन्।

**हितोपदेश ३१:२३:** तिनका पति समाजमा सम्मानित व्यक्ति मानिएका छन्।

उनी मूलढोकाहरूमा बूढ़ा प्रधानहरूको बीचमा बस्छन् । उनी ढुक्कै भएर सामाजिक कामकुरामा व्यस्त रहन सक्छन्; किनकि उनले घरको फिक्री गर्नुपर्दैन ।

**हितोपदेश ३१ः२४-२७ः** उनकी पत्नीले मलमलको लुगा बुन्छिन् र त्यो बजारमा बेच्छिन् । तिनले व्यापारीहरूलाई पेटीहरू बेचेर पैसा कमाउँछिन् । मेहनत र सम्मान तिनको पहिरन हो; आउँदो दिनको विषयमा तिनको के चिन्ता ? किनकि तिनको भविष्य उज्यालो छ । तिनले आफ्नो परिवारलाई दिने शिक्षा सन्तुलित छ, त्यसमा दुवै बुद्धि र दया छ । तिनी आफ्नो घरपरिवारसित सम्बन्धित कुराहरूमा ध्यानकेन्द्रित रहन्छिन् । तिनले तुच्छ, निकम्मा, फलहीन कामकुरामा आफ्नो समय खेर फाल्दिनन् ।

**हितोपदेश ३१ः२८-२९ः** तिनका छोरा-छोरीहरूले आफ्नी आमालाई तिनी कति अद्वितीय, असाधारण आमा हुन् भनेर जान्दछन्, र तिनको तारिफ गर्छन् । अनि तिनका पतिले पनि परमेश्‍वरले दिनुभएको पत्नी भनेर तिनको प्रशंसा गर्छन् । उनले यसो भन्छन्ः 'यस संसारमा असल पत्नीहरू धेरै छन् होलान्, तर तिमीले चाहिँ ती सबैलाई उछिनेकी छ्यौ ।'

**हितोपदेश ३१ः३०-३१ः** गुणवती पत्नीका पतिले तिनको उक्त प्रशंसामा यस पुस्तकको लेखकले आफ्नो समर्थन दिएर के भन्छन् भने, 'हो, यो सही कुरा हो ।' किनकि कुनै स्त्रीमा आकर्षण होला, तर त्यससँग कुनै दिमाग र विवेक नहोला । ऊ सुन्दर होली, तर व्यावाहरिक नहोली । तर उक्त खण्डमा बयान गरेअनुसारकी परमप्रभुको डर मान्ने स्त्री सबैभन्दा उत्तम हुन् । तिनको परिश्रम प्रशंसनीय छ; तिनको चरित्र महान् छ । शहरका बूढ़ा प्रधानहरू बैठकको निम्ति भेला हुँदा अचम्म, तिनीहरूको चर्चा गुणवती स्त्रीको अद्‌भुत, असाधारण निपुणता हुँदो रहेछ ।

हितोपदेशको पुस्तकको सुहाउँदो अन्त ध्यान दिन योग्य छ; किनभने यहाँ स्त्रीहरूको सद्‌गुणको वर्णन र प्रशंसा गरिएको छ । यस पुस्तकमा तीनवटा स्त्रीहरू प्रमुख छन्ः **क)** बुद्धिको अवतार लिएकी स्त्री, जुन स्त्रीले विद्यार्थीहरूलाई तिनको भोजमा निम्तो दिन्छिन्; **ख)** व्यभिचारी स्त्री वा परस्त्री; अनि **ग)** सद्‌गुणमा वीरता देखाउने गुणवती स्त्री । हितोपदेश ३१ः१० पदमा 'गुणवती स्त्री'को शब्द एन.के.जे.वी.को पार्श्‍वको टिप्पणीमा 'शूरवीर महिला वा पत्नी' भनेर अनुवाद गरिएको छ ।

## ENDNOTES:

1) **Introduction:** Quoted by D. L. Moody in *Notes from My Bible*, p. 81.
2) **Introduction:** William Arnot uses this as the title for his commentary on Proverbs (see Bibliography).
3) **1:8:** Henry Bosch, ed., *Our Daily Bread*.
4) **1:19:** The Hebrew word for wisdom (hokmaµh) is a feminine noun, hence it was natural to personify this virtue as a woman.
5) **1:25:** Donald Grey Barnhouse, *Words Fitly Spoken*, p. 239.
6) **3:2:** Jay Adams, *Competent to Counsel*, p. 125.
7) **5:18:** Michael Griffiths, *Take My Life*, p. 117.
8) **5:22:** Jay Adams, *Competent to Counsel*, p. 145.
9) **6:16:** Derek Kidner, *The Proverbs: An Introduction and Commentary,* p. 73. See similar forms in 30:15, 18.
10) **6:17:** J. Oswald Sanders, *On To Maturity*, p. 63.
11) **6:28:** Michael Griffiths, *Take My Life*, p. 116.
12) **7:2:** *International Standard Bible Encyclopedia*, I:209.
13) **9:18:** The French text is as follows: Plaisir d'amour ne dure qu'une nuit; Chagrin d'amour dure toute la vie.
14) **10:24:** C. S. Lewis, *Weight of Glory*, ed. by Walter Hooper, p. 13.
15) **10:28:** G. S. Bowes, quoted in *Our Daily Bread*.
16) **13:4:** Henry Bosch, ed., *Our Daily Bread*
17) **13:5:** J. Allen Blair, further documentation unavailable.
18) **13:7:** G. Campbell Morgan, *Searchlights from the Word*, p. 203.
19) **13:10:** C. S. Lewis, *Christianity*, pp. 110, 111.
20) **13:24:** Benjamin Spock, taken from *the Tampa Tribune, Tampa*, FL, January 22, 1974.
21) **14:2:** Derek Kidner, *Proverbs*, p. 106.
22) **14:30:** Paul Adolph, *"God in Medical Practice,"* in The Evidence of God in an Expanding Universe by John Clover Monsma, pagination unavailable.
23) **15:1:** Charles Haddon Spurgeon, quoted by A. Naismith in *1200 More Notes, Quotes and Anecdotes*, p. 239.
24) **16:3:** J. Allen Blair, further documentation unavailable.
25) **16:24:** Watchman Nee, *Do All to the Glory of God*, p. 55.
26) **16:32:** Henry Durbanville, *Winsome Christianity*, p. 41.
27) **17:17:** D. L. Moody, *Notes from My Bible*, p. 83.
28) **17:22:** Paul Brock, *Reader's Digest*, September, 1974.
29) **17:22:** Blake Clark, *Reader's Digest*, May, 1972.
30) **18:9:** Michael Griffiths, *Take my Life*, p. 53.
31) **18:14:** Paul Adolph, *"God in Medical Practice,"* pagination unavailable.
32) **18:24:** G. Campbell Morgan, *Searchlights from the Word*, p. 204.
33) **19:17:** Henry Bosch, ed., *Our Daily Bread.*

**34) 22:6:** Henry Ward Beecher, further documentation unavailable.
**35) 22:6:** Jay Adams, *Competent in Counsel*, p. 158.
**36) 22:15:** Matthew Henry, *Matthew Henry's Commentary on the Whole Bible*, III:919.
**37) 25:16:** Larry Christenson, *The Christian Family*, p. 58.
**38) 25:20:** Keith Weston, further documentation unavailable.
**39) 25:21-22:** Sarah Anne Jepson, "*Preparing Tables of Forgiveness*," Good News Broadcaster, June 1975, p. 13.
**40) 26:20-21:** Atlanta Journal, further documentation unavailable.
**41) 27:20:** Arthur G. Gish, *Beyond the Rat Race*, p. 91.
**42) 29:11:** Jay Adams, *Competent in Counsel*, p. 221.
**43) 30:15-16:** F. W. Grant, *The Numerical Bible*, I:15.
**44) 30:18-19:** Derek Kidner, *Proverbs*, p. 180.
**45) 30:32-33:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 437.

## BIBLIOGRAPHY

Arnot, William. *Laws from Heaven for Life on Earth*. London: James Nisbet & Co., n.d.

Bridges, Charles. *A Commentary on Proverbs*. Reprint. Edinburgh: The Banner of Truth Trust, 1983.

Delitzsch, Franz. *"Proverbs." In Biblical Commentary on the Old Testament*. Vols. 16, 17. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Harris, R. Laird. *"Proverbs." In The Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Henry, Matthew. *"Proverbs." In Matthew Henry's Commentary on the Whole Bible*. Vol. 3. McLean, VA: MacDonald Publishing Company, n.d.

Ironside, H. A. *Notes on the Book of Proverbs*. Neptune, N.J.: Loizeaux Brothers, 1964.

Jensen, Irving L. *Proverbs*. *Everyman's Bible Commentary*. Chicago: Moody Press, 1982.

Kidner, Derek. *The Proverbs: An Introduction and Commentary*. Downers Grove, IL: InterVarsity Press, 1964.

MacDonald, William. *Listen, My Son*. Kansas City, KS: Walterick Publishers, 1965.

E. H. Plumptre. *"Proverbs." In Commentary on the Holy Bible* (Speaker's Commentary). London: John Murray, 1873.

Spence, H.D.M., and Joseph S. Exell, eds. *"Proverbs." In The Pulpit Commentary*, Vol. 9. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1909.

Weston, Keith. *Living in the Light*. Bromley, Kent, England: STL Books, 1983.